
अनेरास्ववियु (क्रान्तिकारी) केन्द्रीय समितिको प्रकाशन


# संगीन
# SANGEEN

● वर्ष -२२ ● अंक-१ ● चैत्र ०६२



## उदाउँदो गणतन्त्रलाई रातो सलामी !
## सामन्ती राजतन्त्रका हामी मलामी !!


# विद्यार्थी आन्दोलनको इतिहास चार्टमा



*अनेरास्ववियु (क्रान्तिकारी) केन्द्रीय समितिको प्रकाशन*

# संगीन

❑ बर्ष-२२ ❑ अङ्क-१ ❑ चैत्र ०६२




२१औं शताब्दीको संघारमा माओवादीहरूको नेतृत्वमा विशाल जनतालाई साथ लिएर यो उचाइसम्म आन्दोलन आउने कुरा साम्राज्यवादका लागि पनि एउटा ठूलो टाउको दुखाइ बन्यो। संसारभरिका जनताका मित्रहरूलाई फेरि एउटा ठूलो प्रेरणा पनि बनिराखेको छ- *अध्यक्ष क. प्रचण्ड*


३



## हाम्रो पुस्ता सामन्ती राजतन्त्रको मलामी बन्ने पुस्ता हो

१३

❑ *लेखनाथ न्यौपाने, अध्यक्ष अनेरास्ववियु (क्रान्तिकारी)*



सम्पादकीय

*अब जनयुद्धले हार्दैन/२*

- संगठनात्मक क्षेत्रमा देखापरेका .....- रामदीप आचार्य/१८
- संगठनका योजनाहरुबारे- युवराज चौलागाईं/२०
- षड्यन्त्र निरंकुशताको : चर्चा .....- रमेश मल्ल/२२
- शहरिया आन्दोलन र भूमिगत .... - शरदचन्द्र रसाइली/२४
- जनवादी शिक्षासम्बन्धी मालेमावाद.....- झपट साउद/२७
- सर्वहारा सांस्कृतिक क्रान्तिमा....- विलियम हिण्टन/२९
- के भन्छन् भाइचारा विद्यार्थीहरु ? कुराकानी/३१
- नाङ्गै हिड्ने अपराधी शाही सत्ता/३४
- बैकुण्ठको हत्यामा फुल्चोकीले ....- रत्न ढकाल/३६
- मानव वधशालाको यात्रा- वीरेन्द्र बस्नेत/३८
- शैक्षिक आन्दोलनका एजेण्डाहरु/४०
- चुनवाङ साक्षरता अभियान..../४४
- अखिल (क्रान्तिकारी)का गतिविधिहरु/४७
- केन्द्रीय कार्यालयद्वारा जारी वक्तव्यहरु/६०

**प्रकाशक** : अखिल (क्रान्तिकारी) केन्द्रीय प्रकाशन विभाग, **प्रकाशित संख्याः** २० हजारप्रति,
*कम्प्यूटर सेटिङ्ः नीम बुढाथोकी,* ***इमेल ठेगाना*** *: sangeen_2040@yahoo.co.in*

**सहयोग रू. २०/-**

# अब जनयुद्धले हार्दैन

सर्वहारावर्गको मुख्य दुश्मन एक धुवीय अमेरिकी साम्राज्यवाद हो अथवा अहिलेको विश्वको आधारभूत अन्तर्विरोध भनेको अमेरिकी साम्राज्यवाद र उत्पीडित राष्ट्र एवं जनताबीचको अन्तर्विरोध हो । समाजवादी विश्वशिविरको विघटन र शीतयुद्धको अन्त्य हुनुले एक धुवीय साम्राज्यवादको जन्म हुन पुग्यो । अब २१औं शताब्दीको दुनियाँमाथि हैकम कायम गर्ने अमेरिकी साम्राज्यवाद विरुद्ध लड्ने र जित्ने समाजवादी धुवको कल्पना शायदै धेरैले गरेका छन् होला, तर अब चीज २१औं शताब्दीको विश्लेषणसहित सकारात्मक विजयी दिशातिर जाँदैछ ।

आजको साम्राज्यवादलाई जातीय एवं धार्मिक लडाईंले हैरान पार्न सक्ने त देखियो तर लड्न र हराउन भने सक्दैन भन्ने पनि प्रस्टै देखियो । यसका लागि सर्वहारावर्गीय चेतनाद्वारा नेतृत्व गरिएको अर्को विश्व धुवीकरण जसलाई हामी २१औं शताब्दीको पहिलो समाजवादी धुवको निर्माण भन्छौं- को गठन अनिवार्य बनेको छ । आजको भूमण्डलीकृत साम्राज्यवाद विरुद्ध निर्माण हुने २१औं शताब्दीको कम्युनिस्ट धुव भनेको समाजवादी विश्व फेडरेशन हुनेछ, जसलाई विश्वकम्युनिस्ट पार्टीको स्तरमा अनिवार्य उठाउनु पर्ने दायित्व आजका माओवादी कम्युनिस्टहरुको काँधमा आएको छ । यो दायित्व पूरा गर्नका लागि २१औं शताब्दी अनुकूलको विश्व क्रान्तिको रणनीति र कार्यनीति विकास गर्न सक्ने वर्गसंघर्षबाट खारिएको सर्वहारावर्गको बलियो अन्तर्राष्ट्रिय हेडक्वाटर निर्माण हुन जरुरी छ । जसले विश्वकम्युनिस्ट पार्टी र विश्वक्रान्तिको नेतृत्वको भूमिका निर्वाह गर्न सकोस् । यही सर्वहारा दायित्वबोधका साथ नेपाली जनयुद्ध, जनयुद्धको नेतृत्व गर्ने ने.क.पा.(माओवादी) र माओवादीको पनि नेतृत्व गर्ने अध्यक्ष कमरेड प्रचण्डले १० वर्षे वर्गसंघर्षको दर्बिलो जगमा उभिएर २१औं शताब्दीको कम्युनिस्ट घोषणा-पत्रको प्रस्तावना लेख्ने युगान्तकारी कार्यको शुरुवात गर्नुभएको छ । २०औं शताब्दीको साम्राज्यवादसम्बन्धी विश्लेषण आजको युगको लागि सन्दर्भसामग्री हुनसक्छ भन्ने स्पष्ट बुझाइ र आजकै साम्राज्यवादको नयाँ व्याख्यासहित नेपाली जनयुद्ध र यसले जन्माएको नयाँ विचार र नेतृत्वले आफूलाई योग्य तुल्याउने ऐतिहासिक कार्यको प्रस्थानविन्दुमा आफूलाई हिम्मतका साथ पुऱ्याएको छ ।


अन्तरसाम्राज्यवादी लडाईंको बीचबाट क्रान्ति सम्पन्न हुन्छ भन्ने लेनिनको विश्लेषणलाई आधार मान्दै तेस्रो विश्वको समाजिक अन्तर्विरोधअनुसार क.माओले विकास गर्नुभएको रणनीति र कार्यनीति चीन बाहेकका अरु देशका लागि किन वस्तुवादी बन्न सकेन ? कं.माओ जिउँदै छँदा शुरु भएका कैयौं देशका जनयुद्धहरु माओ जिउँदै हुँदा किन हारमा परिणत भए ? यो गम्भीर प्रश्नको हलले २१औं शताब्दीका धेरै मुक्ति आन्दोलनहरुको भविष्य निर्धारित हुनेवाला छ विचारको विकासद्वारा हल दिन नसक्दा वर्मा, फिलिपिन्स, भारत हुँदै पेरुसम्मका जनयुद्धले जसरी धक्का खान बाध्य भए त्यसरी नै धक्का खाने स्थितिमा २१औं शताब्दीको पहिलो प्रत्याक्रमणको नेतृत्व गर्ने हाम्रो जनयुद्ध पनि पुग्न लागेको थियो । दुनियाँका जनयुद्धले धक्का खानाका कारणहरु नेपाली जनयुद्धले खोज्दै जाँदा २१औं शताब्दीको भूमण्डलीकृत साम्राज्यवादको नयाँ व्याख्या र त्यसका विरुद्ध लड्ने र हराउने नयाँ विचार र विधिको विकाससम्म पुग्यो । यो विचारको नयाँ हतियारलाई दस्तावेजीकरण गरेर देशभित्र र बाहिर, पार्टीभित्र र बाहिरसम्म महान् बहसमा लैजाने योजनामा जनयुद्ध छ । यो नै एक धुवीय साम्राज्यवादलाई परास्त गर्ने आधार र २१औं शताब्दीको समाजवादी निर्माणको प्रस्थान विन्दु हो ।

अमेरिकी साम्राज्यवाद र यसैको नेतृत्वमा चल्ने भारतीय विस्तारवादले ज्ञानेन्द्र शाहीलाई बोकका छन् र ज्ञानेन्द्रको निरंकुश सत्तालाई फौजी सहयोग उपलब्ध नगराएको भए शायद यतिबेला हाम्रो देश मुक्त भइसक्थ्यो । नेपाल, जनगणतन्त्र नेपालमा छलाङ्ग हान्थ्यो तर प्रजातन्त्रको दुहाइ दिने साम्राज्यवादले प्रजातन्त्र र प्रजातन्त्रवादीको हत्या गर्ने हत्यारो शाही सत्तालाई किन प्रत्यक्ष फौजी सहयोग उपलब्ध गराइरहेको छ ? विषय स्पष्ट छ, ज्ञानेन्द्र शाही साम्राज्यवादको दलाल हो । अथवा हालको हाम्रो देशको प्रधानअन्तर्विरोध र अमेरिकी साम्राज्यवादद्वारा पालितपोषित शाही फासीवादी सत्ता हो । अमेरिकी साम्राज्यवाद यति क्रूर छ कि स्वतन्त्र रुपमा यदि कुनै देश बढ्न चाह्यो भने उसले आक्रमण गरिहाल्छ । दोस्रो विश्वयुद्ध पछि अमेरिकी साम्राज्यवादले चीन (१९४५-४६, १९५०-५३) कोरिया (१९५०-५३) ग्वाटेमाला (१९५४, १९६७-६९) इण्डोनेशिया (१९५८), क्यूवा (१९५९-६०), पेरु (१९६५, लाओस (१९६४), भियतनाम (१९६१-७३), कम्बोडिया (१९६९-७०), निकारागुवा (१९८०), बोस्निया (१९९५), युगोस्लाभिया (१९९९), इराक (१९९१, १९९९, २००३) लगायत २० भन्दा बढी देशमा फौजी आक्रमण गऱ्यो । करोडौं जनताको हत्या गऱ्यो । त्यसकारण अमेरिकी साम्राज्यवाद विश्वको एक नम्बरको आतंकवादी हो । ज्ञानेन्द्र शाही उसकै सन्तान हो ।

सामन्ती सत्ताले कयौं पटक प्रजातन्त्रलाई धोका दिएको र लात्ती हानेर मर्लान्त बनाएको संसदीय दलहरुलाई त्यही सत्तासँग साझेदारी गर्दै जुन १० वर्षसम्म प्रयोगमा ल्याइयो त्यो पूर्णतः असफल भयो माओवादीलाई दमन गर्न अमेरिकी साम्राज्यवाद किन लागिपरेको छ ? कारण स्पष्ट छ उसको काल नेपाल र नेपाली जनयुद्धले जन्माउँदैछ । ढाडमा टेकेर टाउकोमा शक्तिशाली धन हान्ने अबको जनयुद्धको फौजी रणनीतिले साम्राज्यवादी फौजी रणनीतिलाई अवश्य धराशायी बनाउनेछ । यसका लागि लोकतन्त्रवादीहरुको मोर्चा बनाउने र ज्ञानेन्द्रलाई एक्ल्याउने राजनीतिक कार्यनीतिको सही परिचालन गर्नु पर्नेछ । यी दुवै मोर्चाको ठीकठीक समायोजन गर्न सक्दा तागत एकीकृत हुन्छ । यही एकीकृत तागतलाई सडक, सहर र मुख्यतः राजधानी एवं राजधानी बचाउने जीवन रेखामा केन्द्रित गर्ने योजनामा जनयुद्ध गतिवान छ । जनयुद्धको यही सुनामीमा जनआन्दोलनको जिम्मेवारी पाएको अखिल (क्रान्तिकारी) ले आफूलाई सम्पूर्ण रुपले हेलिनु पर्नेछ र अरुहरुलाई हेल्याउनु पर्नेछ । त्यसकारण, हामी आह्वान गर्छौं, आउनुहोस् विद्यार्थी साथीहरु नयाँ नेपाल निर्माणमा जुटौं । बाहरुलाई हलो र कोदालो बोक्न भनौं । आमाहरुलाई डाडु र चुलेसी बोक्न भनौं । दिदीहरुलाई लाठी र मशाल बोक्न भनौं । दाजुहरुलाई भाला र बन्दुक बोक्न भनौं र हामी युवा विद्यार्थीहरुले कलम र बारुद बोकौं । आ-आफ्ना हतियारहरु हातमा बोकेर फराकिलो सडकमा प्रतिरोधी भएर ओर्लौं । हाम्रा हलो र कोदालो, डाडु र चुलेसी, लाठी र मशाल, भाला र बन्दुक एवं कलम र बारुदका अगाडि ज्ञानेन्द्र शाहीको त के कुरा बुश मण्डलीको साम्राज्यवादी तागतलाई पनि हार चखाउने शक्ति छ । २१औं शताब्दीको नयाँ कम्युनिस्ट विचार र विधिको यस्तै प्रयोगबाट जनयुद्धले अवश्य जित्नेछ । हामीले निश्चित जित्नेछौं ! ◆

# जनयुद्धको नयाँ रणनीति र कार्यनीति

क.प्रचण्ड, अध्यक्ष- ने.क.पा.(माओवादी)



गत माघमा तपाईंहरूको केन्द्रीय समितिको बैठक भएको थियो र म पनि त्यहाँ उपस्थित थिएँ । त्यहाँदेखि यहाँसम्म आउँदा धेरै उतारचढावहरू, धेरै ठूला आरोह-अवरोहहरूका बीचबाट हामीहरू फेरि भेट भएका छौं । वर्गसंघर्षको दृष्टिकोणबाट, नेपालको समग्र राजनीतिक अवस्था मुख्यतः हाम्रो पार्टीभित्रको अन्तरसंघर्षले यो अवधि निकै संवेदनशील अवधिका रूपमा रह्यो । कमरेडहरूले यो कुरा अनुभूत गरिराख्नु भएको छ भन्ने मलाई लाग्छ । तपाईंहरूको केन्द्रीय समितिको बैठकपछि तपाईंहरूका जस्ता सुझावहरू र स्पिरिटहरू थिए त्यसले निश्चित रूपमा पार्टी हेडक्वार्टरलाई एउटा प्रभाव दिएको थियो, जसको बलमा अन्तरसंघर्षलाई उत्कर्षमा पुऱ्याइयो र अहिले एकखालको वैठान पनि भएको छ । विविध रूप र कोणबाट हाम्रो आन्दोलनलाई नयाँ ठाउँमा पुऱ्याउने प्रयत्नहरू भए । अहिले देशको समग्र स्थिति असाध्यै संवेदनशील छ । साँच्चै देश एउटा ठूलो मोडमा छ । पार्टी केन्द्रीय समितिमा बसेर हामीले जस्तो योजना बनाएका छौं, यो योजनाले यो मोडलाई छिटै एउटा आँधीबेहरीमा लैजानेछ । यथास्थितिमा देश अब धेरै समय रहदैन भन्ने निष्कर्षसहित त्यो आँधीबेहरीमा सर्वहारावर्गको राजनीतिक पार्टीले कसरी भूमिका खेल्ने ? हाम्रा विचारहरू, हाम्रा नीतिहरू, हाम्रा योजनाहरू, हाम्रा रणनीति र कार्यनीतिहरू एवं कार्यक्रमहरूलाई कसरी निश्चित गर्ने ? भन्ने कुरामा नै हाम्रो बैठक बढी केन्द्रित थियो । अब छिटै आउने आँधीबेहरीमा तपाई युवा-विद्यार्थीहरूको कस्तो भूमिका हुन्छ त ? तपाईंहरूको यो जमघट यसैमा केन्द्रित हुनुपर्छ भन्ने लाग्छ । अहिले सबै चिजहरू निरन्तरतामा क्रमभंगको रूपमा छन् । देशको राजनीति एउटा निरन्तरतामा क्रमभंगको स्थितिमा छ । हाम्रो पार्टी पनि एउटा निरन्तरतामा क्रमभंगको स्थितिमा छ । निश्चितै रूपमा युवा विद्यार्थी आन्दोलन पनि एउटा निरन्तरतामा क्रमभंगको स्थितिमा लैजानु पर्छ । यदि हामीले यसरी लैजान सकेनौं भने र एउटा निरन्तरतामा मात्रै सीमित रह्यो भने त्यो आँधीबेहरीमा हामीले आफ्नो भूमिका निश्चित गर्न सक्दैनौं जस्तो लाग्छ ।

धेरै-थोरै हामी सबैलाई अनुभूत भएको होला हाम्रो देशको राजनीति, पार्टीको राजनीति अथवा पार्टीको विचार र अन्तर्राष्ट्रिय राजनीति पनि अब कसरी जाला ? एउटा प्रश्न निश्चितै रूपमा छ । यो प्रश्न तपाईंहरूको दिमागमा पनि कुदिराखेको होला । अलिकति पछाडि फर्केर हेर्दा हाम्रो पार्टी, हाम्रो आन्दोलन मुख्यतः जनयुद्ध विकासको एउटा क्रमबाट गुज्रदै देशभित्र र बाहिर पनि एउटा चुनौतीपूर्ण शक्ति बन्यो र यही ढंगबाट स्थापित पनि भयो । २१औं शताब्दीको संघारमा माओवादीहरूको नेतृत्वमा विशाल जनतालाई साथ लिएर यो उचाइसम्म आन्दोलन आउने कुरा साम्राज्यवादका लागि पनि एउटा ठूलो टाउको दुखाइ बन्यो । संसारभरिका जनताका मित्रहरूलाई फेरि एउटा ठूलो प्रेरणा पनि बनिराखेको छ । १२-१५ हजार जनता, कार्यकर्ता र नेताहरूको बलिदानपछि जनयुद्ध विश्वव्यापी प्रश्नको रूपमा विकसित भयो । मैले भर्खरै धेरै मान्छेहरूलाई भेटें । धेरै बुद्धिजीवी-पत्रकारहरूसँग पनि भेटें । विभिन्न पार्टीका मान्छेहरूलाई पनि भेटियो । त्यहाँ के देखियो भने हाम्रो आन्दोलनको बारेमा ५०औं पुस्तकहरू (ठेली) तयार भएका रहेछन् । यो माओवादी आन्दोलन वा जनयुद्धको बारेमा केही सकारात्मक र केही नकारात्मक कोणबाट तर विश्वव्यापी रूपमा एउटा गम्भीर अध्ययन-अनुसन्धानको विषय बनेको छ । मैले भा.क.पा.(माओवादी)का नेता गणपतिसँग भेटें । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका नेताहरूसँग पनि भेटें । भारतकै कतिपय बुर्जुवा नेताहरूसँग पनि भेट भयो । सबैतिर हेर्दा अलि जनपक्षीय र क्रान्तिकारी शक्तिहरूले हामीबाट गरेको अपेक्षा साँच्चै एउटा द्रवित हुनुपर्ने छ । दुश्मनहरूको स्थिति हेर्दा उनीहरूको निम्ति यो साँच्चै एउटा भयंकर आतंक बनेको छ । यो आतंकको डढेलो सल्कदै दक्षिण एशियामा नजाओस्, यो डढेलो विश्वव्यापी रूपमा नजाओस् भन्ने षड्यन्त्र पनि सतहमै प्रस्टै देखियो । अलि मध्यमवर्गीय शक्ति अथवा यो भूमिकामा रहेका शक्तिहरूले पनि हाम्रो आन्दोलन एउटा गहन अध्ययनको विषय हो भनेका छन् । २१औं शताब्दीमा यस

किसिमको कम्युनिस्ट आन्दोलन यो उँचाइमा पुग्नु निकै सकारात्मक कुरो हो, यसलाई बचाउनु पर्छ भन्ने खालका भावहरू प्रशस्त देखिए । युरोपदेखि अमेरिका हुँदै अफ्रिकासम्म सबैतिर यो खालको स्थिति देखियो ।

यो सबै एउटा सकारात्मक चीज हो तर दुखको कुरा केही वर्षदेखि हाम्रो पार्टीभित्र विभिन्न खालका चिन्तनहरू देखापर्दै आए । हाम्रो पार्टी, हाम्रो आन्दोलन र जनतासँगको हाम्रो सम्बन्ध ठाउँठाउँमा बिग्रदै गयो । ठाउँठाउँमा विस्फोटन जस्तो पनि भयो । पार्टी केन्द्रमा एउटा गम्भीरखालको दुईलाइन संघर्ष देखापऱ्यो । सिंगो पार्टीमा त्यस्ता खालका प्रवृत्तिहरू पनि हुर्कदै गएको देखा पऱ्यो जस्तो अलि बढी नोकरशाही, अलि बढी पदलोलुपता, जनतालाई अलि बढी हेप्ने, अराजकता, संकीर्णता, गुटबन्दी आदि । मानिसहरूले के पनि भन्न थाले भने २ वर्ष अगाडिको माओवादी उभारको ग्राफ ४०-५० प्रतिशत खस्कियो । पहिला माओवादीहरू जुन विकासक्रममा थिए अब त्यो ओरालो लाग्न थाल्यो भन्ने बुद्धिजीवीका टिप्पणीहरू आउन थाले । भित्रबाट हेर्दा पनि पार्टी कताकता सानासाना टुक्रामा विभाजन हुने जस्तो भयो । एउटा जिल्ला अर्को जिल्लासँग नमिल्ने जस्तो । एउटा क्षेत्र अर्को क्षेत्रसँग नमिल्ने जस्तो । एउटा मोर्चा अर्को मोर्चासँग नमिल्ने जस्तो । आपसमा थुप्रै थुप्रै गुटमा लिप्त भएजस्तो स्वरूपहरू देखापरे । केन्द्रमा चलेको अन्तरसंघर्ष बाहिर छताछुल्ल गएपछि संसारभरिका दुश्मनहरूले अब माओवादीलाई सिध्याउन सकिन्छ । यो माथिबाट टुट्छ, टुटिसकेपछि जनतामा ठूलो नकारात्मक मनोवैज्ञानिक असर पर्छ । यसैबेला यिनीहरूको भागदौड सुरु हुन्छ र यही बेला घेरा हालेर सखाप पार्न सकिन्छ भन्ने खालका भोजभतेर, खुशीयाली मनाए । यता जनताको ठूलो हिस्सामा गहिरो पीडा देखियो । हजारौंको बलिदान भएको पार्टी अब टुट्ने भयो, फुट्ने भयो भन्ने पीडा, छटपटी जनताको तहमा देखापऱ्यो । साँच्चै यिनीहरूको नियति पनि भिढिने नै रहेछ भन्ने खालका भावहरू, आँशुहरू पनि धेरै नै बगे । छोरो मर्दा बरु पीर नहुने तर पार्टी भिढिने भयो भन्दा मुटु छियाछिया हुने लाखौं आमा-बाहरू भेटिनुभयो । हिजो मात्रै मैले जनतालाई संबोधन गर्दा यस खालका आमाहरूका भनाइ जुन देशैभरिका आमाहरूका भनाइ हुन्- सुने । नेपालकै मध्यमवर्ग जो परिवर्तनको पक्षमा छन् त्यस्ता बुद्धिजीवीहरू पनि धेरै चिन्तित देखिए । माओवादी टुट्ने भयो । यदि टुट्यो भने ज्ञानेन्द्र शाही अथवा सामन्ती तत्व अरु ५० वर्ष कायम रहन्छ । त्यसैले कुनै हालतमा माओवादी नफुटोस् भन्ने खालका धेरै धेरै कोशिसहरू भए । नेपालका बुद्धिजीवीहरूको मात्रै होइन, भारतका स्वतन्त्र वाम बुद्धिजीवीदेखि अलिकति जनपक्षीय तागतहरू सबैका यस्ता कोशिसहरू देखा परे । युरोप-अमेरिकातिरबाट पनि थुप्रैथुप्रै चिठीपत्रहरू हाम्रो केन्द्रीय कार्यालयमा आए । पार्टी फुट्यो भने विश्वव्यापी मनोवैज्ञानिक असर पर्नेवाला छ भन्ने भयो ।

हामीभित्रै हेर्दा एउटा विषयलाई मात्रै स्पष्ट पारेर नपुग्ने जस्तो भयो । यसरी हामी संकीर्ण हुँदै गएको जस्तो, सबै

> **२१औं शताब्दीको संघारमा माओवादीहरूको नेतृत्वमा विशाल जनतालाई साथ लिएर यो उचाइसम्म आन्दोलन आउने कुरा साम्राज्यवादका लागि पनि एउटा ठूलो टाउको दुखाइ बन्यो । संसारभरिका जनताका मित्रहरूलाई फेरि एउटा ठूलो प्रेरणा पनि बनिराखेको छ ।**

गुटहरूमा विभक्त हुँदै गएजस्तो, सबै इलाकाहरूमा विभक्त हुँदै गएजस्तो भयो । जुन कम्युनिस्ट आदर्शका निम्ति भनेर हामीले जनयुद्धको पहल गऱ्यौं र यहाँसम्म ल्यायौं पनि तर अब त्यो आदर्शबाट कतै च्यूत हुँदै त गइराखेका छैनौं ? मान्छेहरूले जसरी पार्टीलाई बुझ्ने भए, जनतासँग छलफल हुँदै जान थाल्यो, जस्तो व्यवहार हुँदै जान थाल्यो, यसबाट के पनि देखियो भने पार्टी महान् सर्वहारावादी आदर्शको उन्मुखताबाट गम्भीर विचलनतिर जान खोज्यो । मानिसहरू आफैआफैमा असाध्यै आत्मकेन्द्रित, असाध्यै व्यक्तिवादी बन्दै जाने क्रम संस्थागत हुने खतरा देखापऱ्यो । कमरेडहरू, यो प्रक्रिया बढ्दै जाँदा जतिबेला विषय बाहिर पनि छताछुल्ल भयो र राम्रो बनाउन खोज्दा खोज्दै जनतासँगको सम्बन्ध पनि बिग्रदै गएको देखापऱ्यो । अब सवाल नियतको नभएर सवाल परिणामको भयो । परिणाम हेर्दा फेरि उल्टो दिशातिर जबर्जस्त बढिरहेको जस्तो देखियो ।

पहिलो चरणमा जतिबेला विषय छताछुल्ल बाहिर गयो त्यतिबेला कसैले पनि यो पार्टी फेरि जुट्छ र एकताबद्ध हुन्छ भन्ने कुराको कल्पना गरेका थिएनन् । उता वर्गसंघर्षमा पनि ज्ञानेन्द्र शाहीबाट माघ १९ को 'कू' भइसकेपछि राजनीतिक पार्टीहरूसँग नयाँ स्तरबाट छलफल चलाउनु पर्ने र उनीहरूलाई पनि लिएर जानु पर्ने आवश्यकता जन्मियो । युरोपतिर पनि छलफल चलाउनु पर्ने आवश्यकता र राष्ट्रसंघसँग पनि एक ढंगले छलफल चलाउनु पर्ने आवश्यकता बन्यो । यो स्थितिमा हेडक्वार्टरको तर्फबाट पार्टीलाई फुट्नबाट बचाउनका लागि अन्तिम प्रयत्न गरिनु पर्छ र ज्ञानेन्द्र शाहीलाई राजनीतिक अलगावमा पार्नको निम्ति एक पटक भित्री बाहिरी परिचालनमा जानैपर्छ भन्ने हिसाबले एउटा आन्तरिक प्रेरणासहित म प्रवास पुगें । जनताका भावना-आकांक्षा सबै चिजलाई हेर्दा हामीले बलिदान गरेर भए पनि पार्टी फुट्नबाट हरहालतमा बचाउनु पर्छ । यसको मनोवैज्ञानिक असर विश्वव्यापी पर्छ भन्ने मान्यताबाट गइएको थियो र हरहालतमा बचाइएको मात्रै हो । यो एउटा पक्ष भयो । अर्को पक्ष, राजनीतिक पार्टीहरू जस्तै नेपाली कांग्रेसका नेताहरूदेखि एमाले, एकता केन्द्र सबैका नेताहरू, भारतीय पार्टीहरू, भारतीय बुद्धिजीवीहरू, अमेरिकन लगायत धेरैसँग त्यहाँ भेटघाट र छलफल भयो । त्यही बसेर एकतर्फी ३ महिने युद्धविराम गरियो । भावनात्मक रूपले जनता हामीसँग कटेको जस्तो भइरहेको थियो किनकी हाम्रा सत्ताहरूले त्यति राम्रो काम गर्न सकिरहेका थिएनन् । धेरैतिर धेरै किसिमले विसंगतिहरू देखा पर्न थालेको बेला एउटै युद्धविरामले मध्यमवर्गीय तप्का जो हामीबाट टाढिन खोजिरहेको थियो । त्यसलाई वैचारिक र भावनात्मक दुवै रूपले हामीतिर फेरि ढल्कायो । सानो निर्णयले ठूलो असर पऱ्यो र विश्वव्यापी रूपमा पार्टीको छविलाई बढायो । नेपाल र भारतलगायत विभिन्न देशका टिभी च्यानलहरू, पत्रपत्रिकाहरू लगायत अन्य

माध्यमहरूमा जसरी चर्चा भयो, तर त्यो धेरै माथिबाट भयो । ३ महिने युद्धविरामको एउटै घोषणाले भारतीय शासकवर्गलाई करिब २ कित्तामा बाँडेजस्तो भयो । शासकवर्गको एउटा कित्ताले युद्धविरामलाई स्वागत गर्नतिर लाग्यो भने शासकवर्गकै अर्को कित्ताले युद्धविराम भयङकर षड्यन्त्र हो भन्न पुगे । यतिसम्म पनि भन्न पुगे, यो प्रचण्डको भयंकर षड्यन्त्र हो । करेन्स्की बनाएर लेनिन बन्ने षड्यन्त्र हो । युद्धविराम घोषणासँगै राष्ट्रसंघका बधाइपत्रहरू आउन थाले । युरोपबाट बधाइपत्र र उपहार आए । जेनेभाबाट त मलाई एउटा कलम उपहार आयो । (देखाउँदै) अहिले मसँगै छ । यसले राजनीतिक रूपमा माओवादी भनेको अर्कै जात हो भन्ने विषयलाई स्थापित गऱ्यो र ज्ञानेन्द्रलाई नराम्रोसँग एक्लयाउने काम पनि भयो । उपरोक्त कारणहरूले पनि पार्टी एकता भयो ! एकताको सन्देशले जनतालाई एउटा राहतजस्तो भयो । त्यसपछि हामीहरू भित्र आयौं ।

भित्र चिन्ताको विषय के थियो भने हामी सबै धेरैथोरै प्रदूषित भएजस्तो, धेरैथोरै तिचलित भएजस्तो, यो क्रान्तिकारी भाग्य-भविष्य के हुने हो ? भन्ने प्रश्न एवं जनयुद्धकै भाग्य-भविष्य के हुने हो ? भन्ने प्रश्न धेरैतिर धेरै किसिमले उठिराखेको थियो । अब कसरी र कतापट्टि ठोक्दा बन्ने हो भन्ने प्रश्न उठिराखेको थियो । समस्या कहाँ हो अथवा गाँठो परेको कहाँ हो भन्ने बारेमा सबै घोत्लिने तर विद्यमान स्थितिबाट ठ्याक्कै मुक्ति र अग्रगमनका निम्ति यही दिशा हो भन्ने पनि नहुने भइराखेको स्थिति थियो । प्रवृत्तिहरू यस्ता देखिए कि यो जिल्लाले ऊ जिल्लालाई ठोक्ने जस्तो, यताको सेनाले उताको सेनालाई ठोक्ने जस्तो, यो क्षेत्रले ऊ क्षेत्रलाई ठोक्ने जस्तो, बढी निहुँ खोज्यो भने हेडक्वाटरलाई पनि ठोक्ने जस्तो । सबैले सिङ तिखारेर आएजस्तो र को कसले कसलाई चिथोर्ने हो जस्तो पनि स्थिति बन्यो । सीसीको बैठकमा आउनुभन्दा अगाडि सबैले एउटा एउटा पोको बोकेर ल्याएका । त्यसमा बमहरू राखिएको, गोलीहरू राखिएको त्यसलाई पार्टीकै विरुद्ध वा आफ्नै साथीहरू विरुद्ध पड्काउने भनेर आएजस्तो थियो । कतिपय कमरेडहरूले सीसीको बैठकमा पनि भन्नु भएको थियो कि पूरै ध्वस्तै पारेर हान्ने हो भन्ने ढंगले हामी सबैले सिङ तिखारेर आएका थियौं । चित्र यस्तै यस्तै थियो । कमरेडहरू, यो वा त्यो भन्ने मेरो तात्पर्य होइन, त्यसरी तपाईहरूले बुभ्नु हुने छैन तर विषय धेरै गम्भीर थियो । गम्भीर कुन अर्थमा थियो भन्दा-मैले हेडक्वार्टरको हैसियतबाट विचार र अध्ययन गर्दै जाँदा, छलफल र बहस गर्दै जाँदा के निष्कर्षतिर पुग्दै गएँ भने हाम्रो पार्टीको समस्या त विश्वव्यापी समस्याको एउटा अंग पो रहेछ । गएको ५० वर्षदेखि कम्युनिस्ट पार्टीहरू मुख्यतः माओवादी पार्टीहरूले यही नियति भोग्नु परेको छ । हामी पनि भोग्न जाँदै रहेछौं । जनयुद्ध शुरु हुने, एउटा उभारमा जाने, एक चरणसम्म वडा सफलतापूर्वक अगाडि बढ्ने र प्रत्याक्रमणको चरणमा प्रवेश गर्दा नगर्दै धराशाही हुने । टुट्ने, फुट्ने र विचलित हुने । नराम्रोसँग धक्कामा जाने र सिद्धिने । यो उपक्रम हेर्दै जाँदा म कहाँ पुगें भन्दा माओ जीवितै हुँदा वर्मामा युद्ध शुरु भयो, ठूलो उभारमा गयो र रंगुन कब्जा गर्ने नजिकनजिक पुग्यो । माओ जीवित हुँदैमा त्यो सेलाएर ध्वस्तै भयो । माओ जीवित हुँदै फिलिपिन्समा युद्ध शुरु भयो, माओ जीवित हुँदै त्यसले नराम्रोसँग धक्का खान पुग्यो । त्यतिबेलै भारतमा नक्सलाइट विद्रोह भयो र ५-७ वर्षभित्रमै टुक्राटुक्रामा विभाजित भयो । यसरी हेर्नु भयो भने एउटा ढर्रा दुनियाँभरि देखा पर्नेछ । माओ मरेपछि पेरुमा उच्चतामा युद्ध गयो र प्रत्याक्रमणमा प्रवेश गर्ने बेलामा नेतृत्व गिरफ्तारीमा पऱ्यो, पार्टी पनि फुट्यो र हेर्दाहेर्दै जनयुद्ध सिद्धियो । त्यहाँ अहिले न पार्टी छ, न जनयुद्ध छ, न जनसेना छ, न जनसत्ता केही पनि छैन । विशुद्ध साम्राज्यवादी आतंक छ ।

१० वर्षसम्ममा यो उभारमा पुगेको जनयुद्ध हाम्रोमा पनि के हुन खोजेको ? पार्टीभित्र त्यसखालका प्रवृत्तिहरू मौलाउन खोज्ने, पार्टी केन्द्रमा त्यसप्रकारको दुईलाइन संघर्ष विकास हुने, जनतासँगको सम्बन्ध त्यसरी बिग्रने । यसरी हेर्दा हाम्रो पनि नियति त्यही वर्माको जस्तै, त्यही फिलिपिन्सको जस्तै, त्यही पेरुको जस्तै हुने त होइन भन्ने गम्भीर प्रश्न निश्चित रूपमा जन्मियो । प्रश्न के भयो भने, मार्क्सवाद-लेनिनवाद-माओवादलाई बुभ्नेमा, दीर्घकालीन जनयुद्धको रणनीति र कार्यनीति बुभ्नेमा केही गम्भीर वैचारिक समस्यामा आन्दोलन फस्यो । माओ जीवित छँदैको पछिल्लो कालमा रुसी संशोधनवाद विरुद्ध लड्ने र आफ्नै पार्टीभित्र हुर्केको संशोधनवादसँग लड्नेमा क. माओको दिमाग गयो र मेहनत पनि त्यहीं बढी गर्नुपर्ने भयो । त्यस दौरानमा सांस्कृतिक क्रान्तिको मान्यता अगाडि आयो । संसारभरि जनयुद्ध किन असफल भइराखेका छन् ? एक ठाउँमा पुग्छन् फेरि असफल किन हुन्छन् ? भन्ने कुरामा वैचारिक खोजी गर्न माओले भ्याउनु भएन । माओ छँदैका र माओ मरेपछिका क्रान्तिकारी पार्टीहरू जसले भूमण्डलका विभिन्न ठाउँमा जनयुद्ध शुरु गरे, एक उभारमा पनि धेरै पुगे । कतिपय उभारमा पुग्न सकेनन् र शुरुमै सिद्धिए । तर उभारमा पुगेका सबै करिब करिब एउटा बिन्दुमा गएपछि धक्का खाने गरे । यस्ता कुरातिर नै खोज्न लागियो । यसरी दुनियाँ अध्ययन गर्दा समस्या हाम्रो पार्टीको अमूक नेताको वा अमूक

***हजारौंको बलिदान भएको पार्टी अब टुट्ने भयो, फुट्ने भयो भन्ने पीडा, छटपटी जनताको तहमा देखापऱ्यो । साँच्चै यिनीहरूको नियति पनि सिद्धिने नै रहेछ भन्ने खालका भावहरू, आँशुहरू पनि धेरै नै बगे । छोरो मर्दा बरु पीर नहुने तर पार्टी सिद्धिने भयो भन्दा मुटु छियाछिया हुने लाखौं आमा-बाहरू भेटिनुभयो ।***



**लेनिनको त्यो विश्लेषण अबको क्रान्तिको रणनीति र कार्यनीतिलाई निर्देशित गर्न सक्दैन भन्ने देखियो। माओले पनि रुस र अमेरिका भीड्छन्, त्यहीभित्रबाट क्रान्ति हुन्छ भन्ने विश्लेषण गर्नु भएको थियो। त्यो पनि सिद्धियो।**

कार्यकर्ताहरूको अमुक प्रवृत्तिसँग मात्रै सम्बन्धित होइन । यो प्रश्न विश्वसर्वहारा-वर्गले २१औं शताब्दीको परिस्थितिको ठीकठीक विश्लेषण गरेर विचारलाई ठीकठीक ढंगले विकास गर्नेसँग सम्बन्धित छ । यदि विचारको विकास गर्न सकिएन भने, दीर्घकालीन जनयुद्धलाई एउटा धर्मशास्त्रको रूपमा जस्तो लिइयो भने, यसलाई यान्त्रिक वस्तुको रूपमा बुझियो भने बढीमा प्रत्याक्रमणको चरणसम्म त पुग्न सकिदो रहेछ तर विजयको उँचाइ छुन सकिदो रहेनछ । किन संसारभरि यस्तै भयो त ? हाम्रो नियति पनि कतै यस्तै त हुने होइन ? भन्ने प्रश्न जसरी देखापऱ्यो यसको ठीक जवाफ विचारको विकासबाट मात्रै दिन सकिन्छ । यही आधारमा यहाँ आएपछि दस्तावेज हेर्न थालें । दस्तावेज छोटो छ तर पनि विषयलाई अलि खाँदेर लेखियो । लेखाइ, विश्वव्यापी सर्वहारावर्गको विजय सुनिश्चित गर्ने वा नगर्ने ? भन्नेबाट सुरु गरियो ।

सबभन्दा पहिला अहिलेको युगको साम्राज्यवाद र सर्वहारा क्रान्तिलाई कसरी बुझ्ने ? हामीले त लेनिन र माओको विश्लेषणलाई पछ्याएर हिडिराखेका छौं । जबकि दुनियाँ न लेनिनको समयमा छ न माओको । अहिलेको दुनियाँ त २१औं शताब्दीमा छ । लेनिनको मुख्य भनाइ के थियो भने, साम्राज्यवादका विभिन्न गुटहरू आपसमा भूगोलको विभाजन र पुनर्विभाजनका लागि भिड्छन् । त्यही भिडाइ भित्रबाट क्रान्ति हुन्छ । युरोपमा सबैभन्दा विकसित देश थिए र त्यहाँ मजदुर आन्दोलन सबभन्दा अगाडि बढेको थियो । यही पृष्ठभूमिमा मार्क्सले के भन्नु भयो भने युरोप सबभन्दा विकसित छ र सबै विकसित देशमा एकैचोटि क्रान्ति हुन्छ । तर लेनिनको पालामा आउँदा त्यस्तो स्थिति रहेन । त्यो स्थितिमा मार्क्सले जे भन्नु भएको थियो त्यो ठीक हो । अब त स्थिति ५० वर्षयता आइसक्यो भनेर लेनिनले नयाँ चीज ल्याउनु भयो । अब त साम्राज्यवादको नयाँ विकास भइसकेको हुनाले अब युरोपमा होइन, साम्राज्यवादको कडी कहाँ कमजोर छ, त्यहीं क्रान्ति हुन्छ । साम्राज्यवाद भनेको युद्ध हो । उनीहरूको आपसमा प्रतिद्वन्द्विता हुन्छ । भूगोलजस्तै अफ्रिका कसले कब्जा लिने ? एशिया कसले कब्जा लिने भन्ने हुन्छ । जर्मनले लिने या ब्रिटिशले । स्पेनले लिने या पोर्चुगलले । अमेरिकाले लिने या जापानले । लेनिनले यो देखेपछि साम्राज्यवादको बीचमा प्रतिस्पर्धा हुन्छ र युद्ध हुन्छ । त्यही युद्धभित्रबाट क्रान्ति अगाडि बढाउनु पर्छ भन्ने जो रणनीति ल्याउनु भयो, दोस्रो विश्वयुद्धपछि अब त्यो स्थिति छैन । साम्राज्यवादको बीचमा अन्तर्विरोध त छ तर युद्ध गर्न सक्ने स्थिति कसैको पनि छैन । अमेरिकी साम्राज्यवाद यदि धेरै हैकममा पुग्यो, १४० देशमा त उसको सैनिक अड्डा छ । यसरी हेर्दा लेनिनको त्यो विश्लेषण अबको क्रान्तिको रणनीति र कार्यनीतिलाई निर्देशित गर्न सक्दैन भन्ने देखियो । माओले पनि रुस र अमेरिका भीड्छन्, त्यही भित्रबाट क्रान्ति हुन्छ भन्ने विश्लेषण गर्नु भएको थियो । त्यो पनि सिद्धियो । तिनीहरू भिड्ने स्थितिमा छैनन् । पुँजीवाद भएको हुनाले अन्तर्विरोध छ । तर सैन्य तागतको दृष्टिले र आर्थिक तागतको दृष्टिले यति धेरै संकेन्द्रित भयो अथवा एकल हैकम यसरी कायम भयो दुनियाँमा चाहेर पनि कसैले विरोध गर्न सक्दैन । चीन अगाडि आउँछ कि भन्ने हो तर हेर्दै जाँदा चीनको आर्थिक विकासको साँचो अमेरिकासँग छ । अमेरिकाले त्यो साँचो बन्द गरिदिने वित्तिकै चीनको बजार पूरै ध्वस्त हुनेवाला छ । अति उत्पादनको समस्याले चीनमा हाहाकार मच्चिन सक्ने स्थिति छ । त्यसकारण अमेरिकाले जे-जे गरे पनि चीन खासै बोल्दैन । किन त भन्दा त्यो साँचो WTO, WB, INF सँग छ । यिनीहरूसँग साँचो भएपछि चीनले चाहेर पनि बल गर्न नसक्ने वा युद्ध गर्न सक्ने स्थिति छैन । कसैले म युद्ध गर्छु भनेर अडान लियो भने इराक र अफगानिस्तानको गति हुन्छ भन्ने पनि देखियो ।

हामीले नयाँ कुरो के भन्यौं भने साम्राज्यवादको विश्लेषणमा लेनिन र माओका कैयौं विश्लेषणहरू पछि परे । त्यो विश्लेषणले अबको विश्वक्रान्तिलाई नेतृत्व गर्न सक्दैन । अहिले भूमण्डलीकृत विश्व भएकोले भूमण्डलीकृत साम्राज्यवाद कायम भएको छ । मुख्यतः भूमण्डलीकृत राज्यको रूपमा जसरी अमेरिका आएको छ, त्यसका विरुद्ध विश्व भूमण्डलीकृत क्रान्तिको लाइनबाट मात्रै जान सकिन्छ । लेनिन र माओको त्यो विश्लेषण ठीक थियो । त्यतिबेलाको सन्दर्भमा वैज्ञानिक थिएन भन्ने होइन तर अब बदलिएको छ । त्यसकारण लेनिन र माओको विश्लेषण र मान्यताहरू त्यसरी नै पछि परेका छन् जसरी मार्क्सको विश्लेषण युरोपको सन्दर्भमा पछि परेको थियो । भूमण्डलीकृत राज्यको स्वरूप बनेर आएको अमेरिकी साम्राज्यवाद विरुद्ध दक्षिण एशियाको मात्र होइन, विश्वक्रान्तिको धारणा, विश्व फेडरेशनको धारणा र विश्व कम्युनिस्ट पार्टीको अवधारणाबाट अगाडि बढेर मात्रै हामीले क्रान्तिलाई ठीक ढंगले नेतृत्व गर्न सक्छौं । एउटा निश्चित देशको क्रान्तिलाई पनि सुनिश्चित गर्न सकिन्छ र विश्वक्रान्तिलाई पनि नयाँ शिराबाट उठाउन सकिन्छ भन्ने निष्कर्षतिर हामी पुगियो ।

पहिलो चोटि क्रान्तिकारी पार्टीबाट सायद लेनिन र माओको विश्लेषण अब पछि पऱ्यो भन्नेमा हामी पुग्यौं । कहीं न कहीं हामी यान्त्रिक थियौं । हामी अलिकति जड थियौं । किन हाम्रो वर्ग सबभन्दा बढी यान्त्रिक छ ? सबभन्दा वैज्ञानिक दृष्टिकोण भएको, सबभन्दा गतिशील, परिवर्तनलाई सबभन्दा पहिले बुझ्ने र पकड्ने हामी कम्युनिस्टहरू खासगरी संसारभरिका माओवादीहरू किन असाध्यै जड हुँदै गयौं ? किन साम्राज्यवादले सजिलै पछारिदियो ? किनभने दीर्घकालीन जनयुद्ध भनेर एउटा

रणनीति बनाइन्छ त्यसमा यस्तोसँग टाँसिन्छौं कि समग्र विश्वमा आएको परिवर्तनलाई पनि हामी वास्ता गर्दैनौं। जापानसँग लड्दा माओले लेखेको किताबलाई, उहाँले त्यतिबेला बनाउनु भएको रणनीति र कार्यनीतिलाई हामीले यस्तो सार्वभौम बनाइदियौं जब कि स्वयं माओले कहिल्यै सार्वभौम भन्नु भएको थिएन। अल्वानियालगायत अरु देशका पार्टीहरू आउँदा माओले त्यतिबेला (१९६६ ताका) चिनियाँ क्रान्तिको नक्कल नगर्नु, आफ्नै देश र तत्कालिन समयलाई विचार गर्नुपर्छ भन्नु भएको थियो। तर हामी माओवादी भन्नेहरू, हामी भन्नाले मैले हाम्रो पार्टीलाई मात्रै भनेको होइन। मैले त पेरु, वर्मा, टर्की, फिलिपिन्स, भारतलगायत संसारका सबै माओवादी पार्टीलाई भनेको हाम्रो वर्गका प्रतिनिधिहरूले विषयलाई छिटोछिटो बुझ्न सकेनौं। विषयलाई मार्क्सले जसरी छिटोछिटो विकास गर्नुहुन्थ्यो- जस्तै १८४८ मा कम्युनिस्ट घोषणापत्र लेख्दा, १८६४ मा कम्युनिस्ट अन्तर्राष्ट्रिय बनाउँदा, १८७३ मा त्यसलाई विघटन गर्दा अथवा त्यसपछि संसदीय संघर्षमा जानु पर्छ भन्दै जीवनकालमा विचार विकासको यति धेरै गतिशीलता देखा पर्छ जसलाई हामीले गतिशीलतामा पकड्न सकेनौं। लेनिन जसले रणनीति र कार्यनीति विकास गर्नु हुन्थ्यो, साम्राज्यवादको विश्लेषण, नयाँ नयाँ विज्ञानको विकास र प्रयोग जसरी गर्नुहुन्थ्यो त्यसरी नै आवश्यक पर्दा धेरै अगाडि र आवश्यकता पर्दा धेरै पछाडि पनि हट्नु हुन्थ्यो। जस्तो भर्साइल सन्धि भन्नुहोस् वा अक्टोबर क्रान्ति गर्नुभन्दा अगाडिको अस्थायी क्रान्तिकारी सरकारको कुरा गर्नस् वा New economic Policy (NEP) भनेर ल्याउँदाको आदि सबै हेर्दा लेनिनमा असाध्यै धेरै गतिशीलता देखा पर्छ। त्यो गतिशीलतालाई हामीले बुझ्न सकेनौं। किनभने द्वन्द्वात्मक भौतिकवादी भएको नाताले हामीले परिस्थितिमा आउने हेरफेरलाई सर्वाधिक महत्व र गम्भीरताका साथ लिनु पर्थ्यो। हामी केमा ढुक्क भयौं भने लेनिनले भन्दिनु भएकै छ, माओले विकास गर्दिनुभएकै छ, साम्राज्यवादको विश्लेषण र दीर्घकालीन जनयुद्धको रणनीति छँदैछ। त्यसैको पछिपछि खुरुखुरु लागे हुन्छ भने जस्तो गरेर हामी माओवादीहरूले विचारमा विकास गर्ने कुरालाई छोडिदियौं। यसरी जाँदा एउटा सीमासम्म त पुग्यौं, त्यहाँभन्दा अगाडि जाँदा भने हामीले हार्नु निश्चित थियो, हार्‍यौं। जताततै हामीहरू हार्दै गयौं।

मार्क्सले भनेको भन्दा अगाडि गएर मात्रै लेनिनले क्रान्ति सफल गर्नुभएको हो। लेनिनले बनाएको रणनीतिमा अरु थपेर चीनको क्रान्ति सफल भएको हो। त्यतिबेलाको विश्वपरिस्थितिमा रणनीति र कार्यनीति बनाएर जसरी क्रान्ति सुरु गर्नुपर्छ भन्ने मार्क्सको अवधारणा थियो अब त्यो पछि पर्‍यो भनेर लेनिनले पत्ता नलगाएको भए अक्टोबर क्रान्ति हुने थिएन एवं साम्राज्यवादको नयाँ विश्लेषण नगरेको भए पनि क्रान्ति सम्भव थिएन। लेनिनको मृत्यु पछाडि स्टालिन अलि बढी यान्त्रिक हुनु भएको हो। सर्वहारा आन्दोलनप्रति महान्, इमान्दार र दृढ हुँदाहुँदै पनि क्रान्तिको एउटै मोडेल (रुसी मोडेल)मा लान खोज्नु भयो। माओले हिम्मतका साथ यो तरिका ठीक छैन। चीनको परिस्थिति र अहिलेको विश्व परिस्थितिमा यो मोडेलको क्रान्ति हुन सक्दैन। किसानकहाँ जानुपर्छ। छापामार युद्ध गर्नुपर्छ। दीर्घकालीन जनयुद्ध गर्नुपर्छ भन्ने मान्यतामा जानु भयो। स्थापित भएको मोडेललाई भत्काएर नयाँ मोडेल बनाउने हिम्मत माओले नगरेको भए चिनियाँ क्रान्ति पनि असफल हुनेवाला थियो। यसरी हेर्दा के देखियो भने मार्क्सका कैयौं अपुग चीजहरूमा थपेर मात्रै लेनिनको पार्टीले केही गर्न सक्यो। लेनिनका विश्लेषणमा कैयौं नयाँ चिजहरू थपेर मात्रै चीनमा क्रान्ति हुन सक्यो। माओपछिका हामी कम्युनिस्टहरू कस्ता भइएछ भन्दा केही थप्नेतिर चिन्ता नगर्ने, बनाइदिएको बाटोमा हिड्ने अथवा जमानाका चीजलाई पक्डेर अगाडि बढ्न नखोज्ने यान्त्रिक भएको जस्तो संसारभरि देखियो। त्यसकारण दुनियाँमा हामीले धेरै हार्‍यौं। धेरै रगत बगाएर पनि हामी कहीं पनि विजय हुन नसक्ने जस्तो स्थिति बन्यो। यो विषय धेरै महत्वपूर्ण र अलि गम्भीर छ भन्ने लाग्छ।

हामीले नेपालमा १० वर्षसम्म प्रयोग गरेको तरिकामा केही नवीनता निश्चित रूपमा थियो। वर्मा, थाइल्याण्ड, भियतनाम, पेरु, फिलिपिन्स, टर्की आदि सबैको भन्दा अलि फरक ढंगले हामीले युद्ध शुरु गर्‍यौं। हामीले जनयुद्धको तयारी संसद्बाट गर्‍यौं।

**यसरी हेर्दा के देखियो भने मार्क्सका कैयौं अपुग चीजहरूमा थपेर मात्रै लेनिनको पार्टीले केही गर्न सक्यो। लेनिनका विश्लेषणमा कैयौं नयाँ चिजहरू थपेर मात्रै चीनमा क्रान्ति हुन सक्यो। माओपछिका हामी कम्युनिस्टहरू कस्ता भइएछ भन्दा केही थप्नेतिर चिन्ता नगर्ने, बनाइदिएको बाटोमा हिड्ने मात्रा अथवा जमानाका चीजलाई पक्डेर अगाडि बढ्न खोज्ने यान्त्रिक भएको संसारभरि देखियो।**

माओवादी जनयुद्धको तयारी संसदीय संघर्षभित्रबाट गर्ने दुनियाँमा कमै पाइन्छ। ३ वर्षसम्म यसो गर्दा केही न केही मौलिकता त्यहाँ देखा पर्न खोज्थ्यो। तेस्रो विस्तारित बैठकमा जनयुद्धको रणनीति र कार्यनीति कस्तो हुन सक्छ त भनेर खोज्दा केही नयाँपन त्यहाँ प्रदर्शित भएको थियो। कार्यनीतिक श्रृंखला जस्तो गाउँलाई प्राथमिकता दिए पनि शहर छोड्नु हुन्न, भूमिगत कामलाई प्राथमिकता दिए पनि खुल्ला कामलाई छोड्नु हुन्न आदि जुन छ त्यसमा पनि केही मौलिकता थियो। दोस्रो राष्ट्रिय सम्मेलनमा दीर्घकालीन जनयुद्धमा आम सशस्त्र विद्रोहको संयोजन गरेर मात्रै अबको दुनियाँमा क्रान्तिलाई अगाडि बढाउन सकिन्छ भन्यौं। त्यसमा पनि केही मौलिकता देखापर्छ। तर हाम्रो आन्दोलनभित्र जेजे समस्याहरू देखापर्न थाले उपरोक्त मौलिकताले मात्रै सम्पूर्ण समस्याको हल गर्न सक्दैन भन्ने पनि देखियो। सामान्य मौलिकताले विचारमा पूरै ब्रेक गर्न सक्दैन र विचारमा पूरै ब्रेक नभइकन समस्याको विश्वव्यापी समाधान हुन सक्दैन। २१औं शताब्दीमा जनवादको विकाससम्बन्धी हाम्रो प्रस्तावनालगायतका

सबै मौलिकताहरू सुधार जस्ता देखापरे । सुधारले फेरि विश्वव्यापी भएको समस्यालाई हल गर्न सक्दैन भन्ने स्थिति देखा परिहाल्यो । हाम्रो नियति पनि फेरि धक्कातिरैको हुन्छ भन्ने भयो । सामान्य मौलिकताको विकास प्रक्रियाले हामीलाई साम्राज्यवादको नयाँ विश्लेषणतिर डोऱ्यायो । लेनिन र माओपछि पर्नु भा'छ भन्ने कुरा पहिलोपटक हामीले दस्तावेजमा राख्यौं । साम्राज्यवादसम्बन्धी पहिलेको विश्लेषणले अब चल्दैन भन्नेमा हामी पुगियो र नयाँ विश्लेषण ल्याइएको हो ।

पार्टी जसरी विचलित हुन खोजिराखेको छ, पार्टीलाई विचलनबाट रोक्नका लागि अहिले सर्वाधिक निर्मम ढंगबाट पार्टी माथि आक्रमण गरिएको छ । कमरेडहरू तपाईहरूले दस्तावेज शायद हेर्नुभयो होला, त्यहाँ निर्मम ढंगले पार्टीमाथि आक्रमण गर्नेखालको तरिकाबाट हामी अगाडि बढेका छौं । रणनीति र कार्यनीतिको सन्तुलन मिलाउने सन्दर्भमा पनि नयाँ तरिकामा गयौं । सीसीको बैठकपछि महाधिवेशन आयोजक समिति बनाइयो । यसको बैठकसम्म आइपुग्दा फौजी कार्यदिशामा पनि नितान्त नयाँ प्रयोगतिर जादैछौं । समायोजनको कार्यदिशालाई नयाँ ढंगले प्रयोग गर्ने भनेर दुश्मनको ढाडमा टेकेर टाउकोमा हान्ने रणनीतिमा हामी पुग्यौं । नत्र त रामले रावणलाई जति वाण हाने पनि टाउको तल खस्छ, फेरि आएर जोडिइहाल्छ । टाउको खस्छ फेरि जोडिइहाल्छ । दीर्घकालीन जनयुद्ध एउटा चक्रव्यूहमा फस्ने जस्तो भयो । जति सदरमुकाम कब्जा गरे पनि नहुने । १००-२०० हामी मर्छौं । यतिकै संख्यामा उसलाई पनि सिध्याउँछौं । त्यसपछि उसले फेरि काठमाडौंबाट अरु २०० ल्याउँछ र भर्ती गरिहाल्छ । जति सदरमुकाम कब्जा गरे पनि त्यही चक्रमा घुमिरहौंला जस्तो भयो । गाउँ त हामीले कब्जा गरिसक्यौं । गाउँ कब्जा गर्दा कस्तो स्थिति बन्ने भयो भन्दा गाउँ हामीलाई दुश्मनले छोडिदिएको जस्तो । यो त साम्राज्यवादी रणनीति रहेछ । यसरी हेर्दा दीर्घकालीन युद्धको रणनीति साम्राज्यवादको देखियो । सर्वहाराको हुन छाड्यो । यसको अर्थ दीर्घकालीन जनयुद्धको होइन कि दीर्घकालीन युद्धको हो । सकिन्छ शुरुमै कच्याककुचुक पार्ने सुरुमै सकिएन र जनतामा घुसिहाले भने युद्धलाई लम्ब्याइदिने रणनीति उनीहरूको देखियो । लडाइलाई लम्ब्याउँदा गाउँ पूरै जनयुद्धकारीले कब्जा गर्छन् तर स्रोत साधन गाउँमा हुन्न । भियतनाम युद्धपछि साम्राज्यवादले विकास गरेको रणनीति भनेको, एउटा चरणमा जनयुद्ध पुग्यो भने त्यसलाई भीषण दमन गरेर दबाउन सकिदैन । तत्काल त्यसलाई छोड्नु पर्छ । तर रक्षा के गर्नुपर्छ भने रणनीतिक अड्डाहरू, राजधानी, ठूला शहरहरू, सेनाका ठूलाठूला क्याम्पहरू बलिया किल्ला बन्दी गर्ने र तोड्न नदिने तर गाउँचाहिं छोडिदिने । त्यसपछि परिणाम निस्कन थाल्छ । जनयुद्धकारीसँग पुँजी हुँदैन । स्रोत र साधन सबै राजधानी र ठूला शहरमा हुन्छ । गाउँका जनताको अपेक्षालाई जो बढाइ दिइएको हुन्छ । जनतालाई यो गर्छौं र त्यो गर्छौं भनेर आश्वासन बाँडिएका हुन्छन् । जनवादी क्रान्ति भइसकेपछि निश्चित रूपमा जनतामा असन्तुष्टिहरू जन्मन्छन् । जनतामा असन्तुष्टि जन्मिसकेपछि निश्चित रूपमा यसको असर पार्टीभित्र पर्छ । पार्टीभित्र झगडा शुरु हुन्छ । झगडा एउटा क्रममा गइसकेपछि यिनीहरू आपसमा टुटछन्, कमजोर हुन्छन् । अन्तिममा धेरै दुख नगरिकनै सिध्याउन सकिन्छ भन्ने रणनीति साम्राज्यवादले विकास गरेको प्रष्ट देखियो ।

हाम्रो पनि यस्तै होला जस्तो भयो र गाउँमा हामीलाई छोडिदिएको छ । हामीसँग स्रोत र साधन छैन । सधैं-सधैं आफ्नै खाएर बाटो खन्न आउने कुरा जनतालाई राम्रो लाग्दैन । रूसमा क्रान्ति सफल भएर सत्ता कब्जा पछि एउटा ठुलो इलाकामा किसानहरूले वोल्सेभिक सत्ताका विरुद्ध विद्रोह गरेका थिए । एकजना सीसीएमले लेनिनलाई पत्र लेखेर, यहाँ त विद्रोह भइराखेको छ । किसानहरू पार्टीका विरुद्ध उठिरहेका छन् । कसरी बुझाउने, जति बुझाउदा पनि मान्दैनन् भनेपछि लेनिनले तुरुन्तै त्यहाँका किसानहरूका लागि २०० ट्याक्टर पठाइदिनु अनि मात्र तिनीहरूले समाजवाद र हाम्रो पार्टी लाइनबारे बुझ्छन् भन्नुभएछ । कारखानाबाट आएका नयाँट्याक्टरले घरर्र जोत्न थालेपछि किसानहरू दङ्ग परेछन् । विद्रोह गर्ने किसानहरूले भने कि वोल्सेभिक पार्टी राम्रो रहेछ । समाजवाद राम्रो रहेछ । किसानहरूले प्रत्यक्ष फाइदा देखेपछि जनवाद राम्रो, समाजवाद राम्रो भनेर बुझ्दा रहेछन् । हामीकहाँ तत्काल किसानलाई फाइदा दिन सक्दैनौं । खालि घाटा मात्र दिन खोजेका जस्ता भयौं । उनीहरूकैमा बस्ने, खाने, अभियानमा हिडाउने, वाटो खनाउने, भएको अन्न पनि चन्दा लिने आदि भयो । जसले गर्दा किसानहरूले माओवादी हामीलाई किन चाहियो ? भन्ने स्थितिमा आउन सक्ने देखियो । यो प्रकृया एउटा विन्दुमा पुगेपछि जनतामा असन्तुष्टि देखा पर्ने, त्यसको असर पार्टीभित्रै पर्ने र झगडा शुरु हुने । जनतामा असन्तुष्टि बढ्दै गएपछि सेनामा पनि असन्तुष्टि आउन थाल्ने । अनि सेनामा पलायन शुरु हुने । यो त साम्राज्यवादी तरिका रहेछ । उनीहरूले लडाइलाई यसकारण लम्ब्याउन चाहँदा रहेछन् । हामी माओवादीहरूले यो कुरा नबुझेर उही दीर्घकालीन भनेको छ । गाउँ घुमिराखेको छ । गाउँमा उसले केही कार्यनीतिक क्यापहरू राखिदिएको छ, त्यसैमा हान्यो । यसरी के प्रष्ट हुन गयो भन्दा दुश्मनको रणनीतिसँग हाम्रो रणनीति मेल खायो । संसारभरि यही भएर त हामीहरू सिद्धियौं । त्यसकारण दीर्घकालीनलाई मन्त्र जस्तो बनाउन जरुरी छैन ।

हाम्रो विगत फौजी कार्यदिशाको अध्ययन गर्दा, दाङ हान्दा स्वात्तै व्यारेक कब्जा भयो र पूरै हतियार ल्याइयो । यो ठुलो फड्को भयो । त्यसपछि संकटकालकै बीचमा अछाम गएर पूरै सदरमुकाम कब्जा गर्दा अर्को धक्का भयो र विजयको सन्देश देशव्यापी गयो । त्यसपछि गामको ब्यारेकै उठाइदिदा अर्कै भयो । सतवरियाको उसको आधार शिविर पुरै उठाइदिदा अर्कै भयो । त्यसपछि अर्घाखाँची पुरै उठाइदिदा अर्कै भयो । जुम्लामा गएपछि हामीलाई पहरामा परेजस्तो पो भयो । त्यतिवेलाको कार्यनीति जुम्ला पुरै कब्जा गर्ने, कर्नेललाई कब्जा गर्ने, रेडियो प्रसारण केन्द्र पनि कब्जा गर्ने र त्यहाँबाट काठमाडौं रेडियोमार्फत वार्ता गर्ने थियो र तुरुन्त छोड्छस् कि के गर्छस् भन्ने थियो । वास्तवमा हाम्रो त्यो कार्यनीति असफल भयो । राजनीतिक रूपले त जुम्ला हानियो भन्ने सन्देश त गयो तर विजयको छलाङ्गमा जान सकेन । त्यसपछि रणनीतिक स्थानान्तरण गऱ्यौं । उसलाई ब्यारेकबाट बाहिर निकाल्ने या ब्यारेकमै कैद गरिदिने भन्ने बन्यो । वास्तवमा यो हाम्रो पछिहटाइ

**माओ सास फेर्न नसक्दा पनि अध्यक्षमा बसिराख्नु पर्ने र सास रोकिएको भोलिपल्ट प्रतिक्रान्ति हुने किन भयो ? माओले त प्रतिक्रान्तिकारीहरूको जमात तयार पार्नु भएछजस्तो देखिने । त्यत्रो हिट्लरलाई परास्त गर्ने स्टालिनको मृत्युको भोलिपल्टै कसरी प्रतिक्रान्ति भयो ? स्टालिनले पनि सबै प्रतिक्रान्तिकारीहरू तयार पार्नु भएछ जस्तो पनि लाग्ने ।**



थियो । त्यसपछि अमेरिकी साम्राज्यवादको निर्देशनमा उसले रणनीति बनायो । नत्र शाही सेना असाध्यै मुर्ख थियो । पूरै सामन्ती तरिकाले लड्थ्यो । त्यसलाई त हामीले दनक दिदै गएका थियौं । जब साम्राज्यवादले मजवुत फोर्टिफिकेशन बनाउने र माओवादीसंग लड्ने रणनीति यो हो भनेर सिकायो तव हाम्रो रणनीतिले पुग्न छाड्यो । गाउँ गाउँमा जनता हामीले चलाउने गरी छोडिदिएको जस्तो देखियो । तर जनतालाई दिन स्रोत र साधन हामीसँग थिएन । खालि वाक्क र दिक्क मात्रै दिने भयौं । यसको असर पार्टीभित्र पनि पऱ्यो र झगडा शुरु भयो । यो त एउटा चक्र रहेछ । यही चक्र दुनियाँभरि घुमिरहेको देखियो । हामीले अहिले जे विश्लेषण गर्न खोजिरहेका छौं र जतातिर पार्टीलाई लान खोजियो यो एउटा ठुलो क्रमभङ्ग भएको छ । यसबाट अब जितिन्छ भन्ने विश्वास पूरै बनेको छ ।

दुनियाँभरका जनयुद्धले जहाँ गएर हारेका थिए ती सबैको कडी यहाँ पत्ता लगाइएको छ । कमरेडहरू, यो सामान्य कुरा छैन । यसले हाम्रो पार्टीको मात्रै मुद्दा हल भयो भन्ने पनि होइन । यदि यो विचारको विकास नभएको भए हाम्रै मुद्दा हल हुनेवाला पनि थिएन । अब हामीले दीर्घकालीन युद्धबाट मुक्ति पायौं । दीर्घकालीन जनयुद्धलाई यन्त्र, यान्त्रिक जडता, धर्मशास्त्र बनाउने होइन किनकि दुनियाँ अर्कै भइसक्यो, साम्राज्यवाद अर्कै भइसक्यो । विश्वक्रान्ति अर्कै ढंगले हाक्नु पर्ने भइसक्यो । अब हामी पुरानो रणनीतिको शिकार हुँदैनौं । हाम्रै विचारले हामीलाई कैद गर्दैन । हाम्रो विकासलाई हाम्रै मान्यताबाट जसरी रोकावट भएको थियो, त्यसबाट मुक्त भइयो । यसको अर्थ दीर्घकालीन जनयुद्ध बेठीक भयो भन्ने होइन । माओले व्याख्या गरेको दीर्घकालीन जनयुद्ध एकदम सही छ तर त्यसलाई अहिलेको दुनियाँमा ल्याएर फिट गर्न मिल्दैन भन्ने हो । संसारभरि जबर्जस्ती फिट गर्न खोज्यौं तर अब मोडेलहरू भत्काउनु पर्छ । अब हामी कुनै मोडेलको पनि दास छैनौं । क्रान्ति भनेको कैद हुने कुरो होइन । यो त विज्ञान हो र क्रान्ति विज्ञान भएरै जान्छ । भूमण्डलीकृत साम्राज्यवाद विरुद्ध हाम्रो क्रान्ति पनि भूमण्डलीकृत भएरै जानुपर्छ । अब विश्वक्रान्ति, विश्वकम्युनिस्ट पार्टी र विश्व फेडरेशनमा गयो । किनभने अहिले अमेरिकी साम्राज्यवाद विरुद्ध विश्वव्यापी जनमत छ । जनताको जो भाव छ यसलाई पक्डेर विश्वक्रान्तिद्वारा साम्राज्यवादलाई धराशायी बनाउने युग आयो । दार्शनिक, राजनीतिक र आर्थिक रूपले हामी नयाँ ठाउँमा जाँदैछौं । अब केको लेनिनको युग, केको माओको युग ? मालेमावादको विज्ञानसँग त हामी सहमत छौं तर उहाँहरूको आवश्यकताको रणनीति र कार्यनीतिका हामी दास होइनौं । हामीले २१ औं शताब्दीको विश्लेषणद्वारा आफ्नै रणनीति र कार्यनीति विकास गरेर मात्रै क्रान्ति सफल गर्न सक्छौं । हिजोका चीज सन्दर्भसामग्री हुनसक्छन् तर अब हामी माओको दीर्घकालीन जनयुद्धमा पनि छैनौं र लेनिनको आम सशस्त्र विद्रोहको अक्टोबर क्रान्तिको रणनीतिमा पनि छैनौं । उहाँहरूको रणनीतिलाई हामीले कुनै दोष लाएका छैनौं, उहाँहरूले त्यतिबेला सही गर्नु भयो । तर आज त्यही हुँदैन । यही बुझ्न नसक्दा धेरै बलिदान भएर पनि हाऱ्यौं । ठूलाठूला क्षतिबाट संश्लेषण त केही न केही हुनै पर्थ्यो । यसो नहुँदासम्म पेरु, वर्मा आदि दोहोरिरहन्थ्यो । विचार विकास हुनका लागि यसरी हामी गुज्रनै पर्थ्यो ।

म कहाँ पुगेको थिएँ भने पुरानो पार्टी सिध्याउनुको विकल्प छैन । यो पार्टीलाई वचाएर क्रान्ति हुँदैन भन्ने भूत सवार मलाई भएको थियो । किनभने यो पार्टीले अब क्रान्ति गर्दैन । नयाँ क्रान्तिको सुरु नगरिकन हुँदैन । नयाँ क्रान्ति गर्नका लागि नयाँ पार्टी जरुर चाहिन्थ्यो । नयाँ पार्टी भनेको नयाँ विचार हो । तर विचार, विचार भन्ने तर ठ्याक्कै विचार के हो त भन्ने नहुने पनि थियो । यस समस्याको हल पनि अहिलेको दस्तावेजले गरिदिएको छ । विचारको विकास कहाँ हो ? साम्राज्यवादको विश्लेषण कहाँ हो ? फौजी रणनीतिमा विकास कहाँ हो ? यी सबै प्रश्नको हल अहिलेको दस्तावेजले दिएको छ । नयाँ फौजी रणनीतिअनुरूप हाम्रो तागतलाई विन्यास गर्न खोज्दैछौं । पूर्वकालाई पश्चिम फर्काउने र पश्चिमकालाई पूर्व फर्काउने र उपत्यकाको वरिपरि लडाई केन्द्रित गर्ने जहाँ उसका जीवन रेखाहरू छन् । ऊ यसैमा टिकेको छ । यहीं हामीले १ डिभिजन सेना केन्द्रित गर्छौं । हामीलाई अहिले दुर्गम जिल्ला सदरमुकाम चाहिदैन । काठमाडौंलाई सुरक्षित गर्ने उसका किल्लाहरू र जीवन रेखाहरूमाथि धावा बोलेपछि एउटा

विद्रोहात्मक स्थिति बन्छ । हाम्रो फौजी रणनीतिलाई यो किसिमबाट लगियो भने सम्भव मात्रै होइन पूरै सम्भव छ । अबको हाम्रो हनाइले वास्तवमा दुश्मन तिल्मिलाउनेवाला छ । त्यसका हातखुट्टा चलाइराख्नु पर्दैन । त्यसको टाउकोमै हान्दिएपछि त हातखुट्टा पनि त्यसै सिद्धिन्छ । खालि हातखुट्टा मात्रै काटेर नहुने देखियो । फेरि नक्कली भए पनि हातखुट्टा त हालिहाल्दो रहेछ । यसरी फौजी कार्यदिशाको स्थानान्तरण गरिएको छ । अब वर्ष कति लाग्छ होइन, यो रणनीति अनुसार ५० वर्ष लड्नु परे पनि लडिन्छ । १-२ वर्षमा टुंगिन्छ भन्ने पनि होइन । यस अनुरूप १०० वर्ष लडाइन्छ । १०० वर्ष पार्टी अगाडि जान्छ भन्नेमा हामी ढुक्क भएका छौं ।

मलाई हतार भइरहेको थियो कि छिटोछिटो पार्टी सिध्याउने, सीसी विघटन गर्ने र नयाँ पार्टी निर्माण गर्ने । हिजो एउटा परिस्थितिमा बनाइएको सीसीले यहाँसम्म त ल्यायो तर अब यसलाई विघटन गर्नुबाहेक अरु विकल्प छैन । विघटन गरेर मात्रै नयाँ विचार घुसाउन सकिन्छ अथवा नयाँ विचार अगाडि जान सक्छ भन्ने लागेको थियो तर फेरि कमरेडहरू कसरी आउनु हुन्छ ? भन्ने पनि थियो । यो वा त्यो होइन सबै बिग्रिएको जस्तो थियो । यस्तो हुनुपर्ने यस्तो भयो भन्नुको हल आफैले आफैलाई विघटन गर्नुपर्थ्यो । दस्तावेजमा आफैले आफैलाई थुकेको जस्तो, जसलाई भयंकर ठूलो आत्मालोचना, ऐतिहासिक आत्मालोचना भन्न पनि सकिन्छ अथवा ऐतिहासिक विद्रोह पनि भन्न सकिन्छ, समावेश गरिएको छ । यसको निष्कर्ष के हो भने, अर्को नयाँ क्रान्ति सुरु गरेर मात्रै समग्र समस्याको हल निकाल्न सकिन्छ । अरु कुनै सुधारको तरिका छैन । सुधारको तरिकातिर गयो भने पार्टीलाई कसैले पनि बचाउन सक्दैन । त्यसरी जानु भनेको पेरु, बर्मा, फिलिपिन्स हुनुभन्दा विकल्प छैन । यसरी जाने तयारीसहित सीसीमा पसियो । मैले के तयारी गरेको थिएँ भने, नयाँ चीजलाई साथीहरूले मान्नु भएन भने विद्रोहसम्म गर्नुपर्छ । मैले भन्नैपर्थ्यो, तपाईंहरूको नेता म होइन, म तपाईंहरूबाट मुक्त भएँ । म यो विचारको नेता हो । विचार मिल्नेहरूको बीचमा पार्टी बनाउँछु, तपाईहरू आफ्नो क्रान्ति गर्नुहोस् भन्नेसम्मको मानसिकतामा थिएँ । किनभने आफूलाई पूर्ण विश्वास भयो कि अन्तर्राष्ट्रिय रूपमै उहाँदेखिको समस्या रहेछ । यो समस्याको हल उहाँदेखि गरेर आउनु पर्ने रहेछ । दुनियाँभरका क्रान्ति असफल हुनाको कारण पत्ता लाग्यो । एउटा महान् विचारको सुरुवात भयो भन्ने विश्वास पैदा भयो । जब मान्छे आफूलाई पूर्ण विश्वास हुन्छ ऊ विद्रोहमा उत्रिहाल्छ । जस्तो मार्क्स र एंगेल्स २ जनाले त्यत्रो दुनियाँ विरुद्ध विद्रोह गर्नु भएको होइन ? त्यतिबेला न जनता थिए उहाँहरूको समर्थनमा न संगठन थियो तर पनि उहाँहरूलाई पूर्ण विश्वास भयो र विद्रोह गर्नुभयो तब त अहिलेसम्म दुनियाँ हल्लाएर राख्नुभएको छ । हामीलाई पनि विश्वास भयो कि यो नेपाली जनताले वर्गसंघर्षको बीचबाट, विकास गरेको विचार हो । साम्राज्यवादको नयाँ विश्लेषण एकैचोटि हुनसक्ने कुरा थिएन । असाध्यै दुख पाएर ठूलाबलिदानबाट सम्भव भएको हो ।




क्रान्तिको चित्र सफा हुन छाडेपछि निराशा, पलायन र भागदौड शुरु हुन्छ । जनयुद्ध शुरु गर्दा त चित्र सफा नै थियो । जित्दै जुम्लासम्म पुग्दा पनि चित्र सफा नै थियो तर यहाँसम्म आउँदा धुमिल हुँदै गयो । धमिलो वा अँध्यारोमा हिड्न गाह्रो हुन्छ । सबैले चित्र अँध्यारो देखेपछि मैले पनि त्यस्तै देख्ने भएँ । बत्ती कहाँ बिग्रिएको छ त भन्नेतिर खोजी स्वत: जाने भयो । खोज्दा साम्राज्यवादको त्यो विश्लेषण, फौजी रणनीतिको यो विश्लेषण, पार्टी निर्माणको नयाँ क्रान्तिको विश्लेषणतिर पुगेपछि वास्तवमा कमरेडहरू मुक्ति पाएजस्तो भयो । अब जितियो जस्तो भयो । बाबुराम र बादल कमरेड पहिला आउनु भयो र भन्नुभयो, हेडक्वार्टरको दिमागमा त क्रान्ति भयो, अब हामीले क्रान्ति गर्न सक्छौं कि सक्दैनौं ? यो चुनौती हामीलाई आयो । मैले भने ठीक बुझ्नु भयो । मलाई त मेरो दिमागमा क्रान्ति भएजस्तै लागेको छ । अब कमरेडहरूको दिमागमा पनि क्रान्ति हुँदै गयो भने सम्पूर्ण पार्टी नै क्रान्तिकारी भएर जान्छ । अर्कै नयाँ पार्टी बन्छ । समग्र मूल्य-मान्यताहरू बदलिन्छ । २१औं शताब्दीको मार्क्सवाद नयाँ उँचाइमा उठ्छ । जसको तागतले ज्ञानेन्द्रलाई मात्र होइन अमेरिकी साम्राज्यवादलाई पनि जितिन्छ । यसरी सीसीको बैठक सुरु भयो । नयाँ क्रान्ति गर्ने वा नगर्ने सवाललाई केन्द्र बनाएर मैले ४५ मिनेट जतिको उद्घाटन मन्तव्य राखें । त्यसपछि दस्तावेज वाचन गरियो । त्यसपछि सबैको ग्रिनेडका फ्युजहरू गएजस्तो भयो र हल पूरै स्तब्ध हुन पुग्यो । त्यसपछि समूह छलफलबाट अघि बढ्दै जाँदा स्थिति महान् आत्मालोचना हुँदै नयाँ रूपान्तरणको विकासतिर गयो । यसको सचित्र तलसम्म देखाउने योजना छ । नेताहरू कसरी बोले ? यो रूपान्तरण हो कि होइन ? हिजोको आँखा र सोचाइबाट हेर्दा त चोचोमोचो हो कि भन्ने पनि पर्न सक्छ । नेताहरू के के गर्छन् ? भन्ने पनि पर्न सक्छ । त्यसकारण प्रोजेक्टद्वारा देखाउने योजना बनाइएको छ । एउटा सुरुवात गरेर छलफल अघि बढ्दै जाँदा कल्पना गरेको भन्दा धेरै माथिबाट चीजहरू देखापर्न थाले । बाबुरामजीबाट चीज धेरै माथिबाट आयो । मैले यहाँ यहाँ गल्ती गरें । मेरो बाँकी जीवन हेडक्वाटरलाई दिए भन्दै भावुक हुनुभयो ।

उता बादलले ऐतिहासिक भुलहरू मैले विगतमा गरें । म पश्चाताप गर्छु भनेर ग्वाँ ग्वाँ रुँदै हल पूरैलाई रुने बनाउनु भयो । त्यसपछि आत्मालोचनाको लहर चल्यो । विचार धेरै माथिबाट आयो, हाम्रो रणनीति माथि उठ्यो, अब क्रान्ति नजिकै देखियो भन्ने भयो । छलफल हुँदै जाँदा नेपाली क्रान्ति त ढोकैनेर देखियो । नेपाली क्रान्तिको भविष्य सुनिश्चित गरियो भन्नेमा पुगियो ।

दस्तावेजमा एउटा अवधारणा गम्भीर रूपले राखिएको छ । २१औं शताब्दीको जनवाद भन्ने प्रस्तावमा पनि यो विषय समावेश गरिएको छ । माओ सास फेर्न नसक्दा पनि अध्यक्षमा बसिराख्नु पर्ने र सास रोकिएको भोलिपल्ट प्रतिक्रान्ति हुने किन भयो ? माओले त प्रतिक्रान्तिकारी-हरूको जमात तयार पार्नु भएछ जस्तो देखिने । त्यत्रो हिट्लरलाई परास्त गर्ने स्टालिनको मृत्युको भोलिपल्टै कसरी प्रतिक्रान्ति भयो ? स्टालिनले पनि सबै प्रतिक्रान्तिकारीहरू तयार पार्नु भएछ जस्तो पनि लाग्ने । तर वास्तवमा यस्तो त होइन । यस्तो हुनुमा भित्री कारण के छ त ? यो गम्भीर प्रश्न हो । यसको हल उत्तराधिकारीहरूको पुस्ता निर्माण गर्ने र जिम्मा दिनेमा खोज्नु पर्छ । क्रान्ति भइसकेपछि शक्ति प्रयोगको अभ्यास गर्ने ठाउँमा मुख्य नेतृत्वको तह बस्नु हुँदैन भन्ने विषयलाई अहिलेको दस्तावेजमा सैद्धान्तीकृत गरिएको छ । क्रान्तिको दौरान नेतृत्वको केन्द्रीकरण हुनुपर्छ । विना नेतृत्व केन्द्रीकरण क्रान्ति सम्पन्न हुँदैन । नेतृत्व सर्वहारावर्गले, आन्दोलनले र जनताले पैदा गर्ने हो । कसैले हुन्छ भनेर हुने विषय होइन । फेरि यही नेतृत्वकै कारणं प्रतिक्रान्ति भएको स्थिति पनि हामीले देख्यौं । हामीले यसो गर्नु हुँदैन । अहिले त नेतृत्व केन्द्रीकरणलाई उत्कर्षमा पुऱ्याउनु पर्छ अनि बल्ल केन्द्रीय राज्यसत्ता (काठमाडौं) कब्जा गर्न सकिन्छ । अहिले जस्तोसुकै जटिल निर्णय लिन पनि सक्ने बलियो हेडक्वाटरविना त क्रान्ति सम्पन्न गर्न सकिदैन तर क्रान्ति सम्पन्न भइसकेपछि प्राधिकारयुक्त नेतृत्व जो जनताले विश्वास गरेको, जनताको हृदयमा घुसेको र विचारको नेतृत्वको टोली नै शक्ति प्रयोगको अभ्यासबाट हट्नुपर्छ भन्ने मान्यता समावेश छ । उक्त अभ्यासमा नयाँ पिंढीका कमरेडहरूलाई ल्याउनु पर्छ । उनीहरूले गल्ती गरे भने जनतालाई जानकारी गराउने अघिल्लो नेतृत्वले । सच्चिए भने राम्रो भइहाल्छ, नत्र भने प्राधिकार प्रयोग गर्ने भन्ने हो । प्रयोगको क्रमलाई लैजादा जनताको चेतना पनि माथि उठ्छ, कस्तो क्रान्तिकारी हो र कस्तो होइन स्पष्टै देखिन्छ । महान् बलिदानबाट जन्मिएको तर शक्ति प्रयोगको अभ्यासमा नभएको प्राधिकारयुक्त नेतृत्वको ५-७ जनाको पंक्तिले जनतालाई सचेत गराइराख्दा ऐतिहासिक हल निस्कन्छ । यसो गर्दा राष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीमा तपाईहरू आउनु हुन्छ । तपाईहरूले गल्ती गर्नुभयो भने हामीले भन्छौं यिनीहरूले गल्ती गरे । हामीले भनेको कुरा काट्न सक्ने स्थिति हुँदैन किनभने जनताको हामीप्रति पूर्ण विश्वास हुन्छ । हामी हट्ने भनेको निस्क्रिय बस्ने होइन । जनताको विचार उठाउने, विश्वक्रान्ति अगाडि बढाइराख्ने भूमिकामा हामी क्रियाशील हुन्छौं । यो स्थितिमा महान् इतिहासको ढोका खुल्यो भन्ने भयो । भोलिका प्रतिक्रान्ति हुन नदिन एवं निरन्तर क्रान्तिको सुनिश्चित गर्न कसरी सही क्रान्तिकारी उत्तराधिकारीहरू तयार पार्ने भन्ने प्रक्रिया पनि शुरु हुनेभयो । माओले त भन्नु भयो हजारौं क्रान्तिकारीहरू तयार हुनुपर्छ तर सास फेर्न नसक्ने हुँदा पनि शक्ति प्रयोगको अभ्यास गरिराख्नुपर्ने बाध्यता भयो । हामीले चाहिं नयाँ विचारको आधारमा मुक्ति पायौं । घिस्रीघिस्री मैले अध्यक्ष बस्न पनि परेन, अर्कोलाई पनि परेन । एउटा हट्ने, अर्को आउने । नयाँ आउनेले पनि निश्चित अवधिपछि छोड्नुपर्छ भन्ने मान्यता बस्ने वित्तिकै विश्वव्यापी मान्यता बन्छ । जब यो नयाँ विचार एउटा श्रृंखलामा राखेर बुझिन्छ यो त विश्वव्यापी सत्य विचारको रूपमा जान्छ । यसले विश्वक्रान्तिको निर्देशन गरिराख्छ ।

सीसी बसाइको अन्तिममा सीसी विघटन गर्ने प्रस्ताव राखियो साथै खुशीसाथ अझ दह्रोसँग हात उठाएर आफैले आफैलाई विघटन गरियो । ६०-६५ जना सीसीएमहरू आरबीएममा झर्ने भन्ने स्पिरिट पैदा भयो । यो प्रयोगमा लगियो । अहिले हामीसँग स्थायी समिति, पोलिटब्यूरो केही छैन । सर्वहारावर्गको बीचमा कार्यविभाजन हुन्छ नकि पद विभाजन । हेडक्वाटर एउटा त चाहियो तर अरु सबै सीसीएम बनाइयो । मात्रै जिम्मेवारी बाँडफाँड मात्रै छ । आयोजक समितिको बैठकसँगै फौजी रणनीति, कार्यनीति र कार्यक्रमसम्म आउँदा चीजहरू अर्को ठाउँमा पुग्दै गयो । अन्तिममा आउँदा बैठक त महाधिवेशन जस्तो भयो । जसले कैयौं वर्ष अघि जाने विचार, रणनीति, कार्यनीति र कार्यक्रम बनायो । यो सबै पूर्ण भयो भन्ने होइन ? आयोजक समिति पनि एकदमै वैज्ञानिक छैन । अहिलेको मात्रै बाटो हो । एकवर्षको महान् बहसबाट गुज्रेपछि महाधिवेशन हुन्छ । त्यसबाट मात्रै वास्तविक र वैज्ञानिक पार्टी बन्छ । यो त महान् सुरुवात मात्रै हो । यो महान् सुरुवात महान् बहसमा पस्छ, महान् बहसबाट महान् महाधिवेशन आयोजित हुन्छ र २१औं शताब्दीको सर्वहारावर्गको क्रान्तिकारी पार्टी निर्माण हुन्छ । अब मुखले मात्रै प्रतिबद्धताहरू हुँदैन । १-२ वर्षमा हामी सबैका प्रतिबद्धताहरू कति प्रयोगमा जान्छन् भन्ने कुरा पनि परीक्षण हुँदै जान्छन् । जनता र



कार्यकर्ताको बीचबाट परीक्षण भएर आएकाहरूको पार्टीले मात्रै विश्वक्रान्तिको निर्माण गर्न सक्छ । विचारका दृष्टिबाट एउटा शुरुवात भयो र दस्तावेज २१औं शताब्दीको कम्युनिस्ट घोषणापत्रको प्रस्तावना जस्तो भएको छ । अब लेखिने दस्तावेज निश्चित रूपमा विश्वकम्युनिस्ट घोषणापत्र हुनेछ ।

यो निर्णयले नेपालका माओवादी कस्ता विचित्रका रहेछन् भनेर बाहिरकाले जिब्रो टोक्छन् । रिमअन्तर्गतका क्रान्तिकारी पार्टीहरूलाई पनि पर्छ । ठाउँठाउँका माओवादी त यस्ता पनि भएका छन् कि जस्तो पंजाबमा ३ जनाको पार्टी थियो, ३ लाइन संघर्ष चलाए र २ जनाको छुट्टै गुट बनाए । बंगलादेशमा अरुण भन्ने १ जनाको मात्रै पार्टी छ । जनताको मतलब पनि छैन । वर्गको मतलव पनि छैन । असाध्यै यान्त्रिक छन् । तिनीहरूले पनि जिब्रो टोक्छन् र भन्ने छन् के नाटक गर्छन् ? तर यो एक महान् ऐतिहासिक विचारको आधारमा एकता भएको छ । केको निम्ति भन्दा ढाडमा टेकेर टाउकोमा हान्नका निम्ति भएको छ । क्रान्ति गर्नका लागि एकता भएको छ । रूपान्तरण हो कि सम्झौता भन्ने कुरा दस्तावेजमा क्रान्ति गर्ने योजना छ कि छैन भन्ने हेर्नुपर्छ । अब हामी त दुश्मन विरुद्ध भीषण हमला गर्दैछौं । मोर्चामा सबै नेतृत्वहरूलाई खटाइएको छ ।

हिजो हामीले नेतृत्व केन्द्रीकरण केन्द्रीकरण भन्यौं । यसपटक छलफल हुँदै जाँदा परिणामत: कहिल्यै नभएको नेतृत्व केन्द्रीकरण भयो । दस्तावेजमा यसबारे केही छैन तर केन्द्रीकरण भयो, त्यो पनि स्वेच्छिक केन्द्रीकरण हो । लेनिनले कल्पना मात्र गर्नु भएको थियो, देख्न पाउनु भएको थिएन । हामीले कस्तो हुँदोरहेछ स्वेच्छिक केन्द्रीकरण देख्यौं भन्ने छ । विचार, निष्ठा र त्यागले यसरी नेतृत्व केन्द्रीकरण हुन सक्दोरहेछ । भोलि के हुन्छ भन्ने कुराले अहिले आर्जित उचाइलाई कम गरेर बुझ्नु ठूलो भूल हुन्छ । भोलि हामी मध्येका कोही बिग्रौंला, त्यो त भोलिकै प्रयोगमा हेर्ने कुरा हो तर अहिले सर्वहारावर्गले कडी भेटायो । अब अगाडि जाने आत्मविश्वास पैदा भयो ।


आयोजक समितिको बैठकपछि नयाँ संगठनात्मक संरचना बनाइएको छ । उपत्यकालाई घेर्न उपत्यका विशेष कमाण्ड जो पहिला थियो त्यस्तो बिल्कुल होइन । दुश्मनलाई घेर्न, हाम्रो बल केन्द्रित गर्न बनेको नितान्त नयाँ संरचना हो । सेना र भूगोल पार्टीबीचमा जुन समस्या थियो यसलाई क्षेत्रीय व्यूरोहरूमा एकीकृत गरियो । सैन्य विन्यास ३ डिभिजनबाट ७ डिभिजनमा पुऱ्याइयो । देशको राजनीतिक स्थिति जस्तो छ त्यसरी विश्लेषण गर्दा र जुन ढंगबाट पुरानो पार्टीलाई भत्काएर नयाँ बनाउन खोज्दै छौं । त्यसले गर्दा यो भत्कायौं र नयाँ बनायौं । अहिले पार्टी कार्यकर्ताबाट ५० प्रतिशत सेनामा आपूर्ति गर्ने निर्णय भएको छ । यो भाव जनतासम्म गयो भने त्यहाँ पनि एउटा उभारका साथ भर्ती अभियान चल्छ । ३-४ महिनाभित्र ढाडमा टेकेर टाउकोमा ठूलठूला दनक लगाइन्छ र सफल पनि भइन्छ भन्नेमा सेनाका कमरेडहरू पनि विश्वस्त हुनुहुन्छ । यसले पनि जनतामा नयाँ उभार पक्कै ल्याउँछ त्यहाँबाट हजारौं सेना पाउँछौं । अर्को कुरा ज्ञानेन्द्रले अन्तिमसम्म पनि नछोड्ने देखिन्छ । यो अवस्थामा अन्य पार्टीका युवाहरू जस्तै अनेरास्ववियु र प्ररायुसंघ एवं नेविसंघ र तरुण दललाई जनमुक्ति सेनामा भर्ती हुन आह्वान गरिन्छ । यो गम्भीरतासाथ मात्रै साझा सेना निर्माण गर्न सकिन्छ । अब शाही सेना तिनीहरूको सेना हुन सक्दैन र शाही सेनाले तिनीहरूलाई सत्ता पनि दिंदैन । सधैं शान्तिपूर्ण भन्दै ढुंगा हानेर मात्रै गणतन्त्रवादी भइने र ज्ञानेन्द्रले टेर्ने पनि हुँदैन । यो कुरो नबुझ्ने हो भने सिद्धिने बाहेक विकल्प छैन । नेताहरू त अहिल्यै नमान्लान् भोलि बाध्य भएर मान्ने स्थिति पनि आउला । नयाँ क्रान्तिभित्र हजारौं सेना लिएर शहरभित्र पस्दै गरेको चित्र विचित्र हुनेवाला छ । हामीले जित्ने कुरा पक्का छ । आत्मघाती हुन्छ कि भन्ने लाग्न सक्छ तर यसको व्याख्या पछि गरौंला । त्यतिबेला पार्टीहरू कि ज्ञानेन्द्रतिर कि विद्रोहतिर लाग्नैपर्छ । त्यतिबेला त्यहाँका सबै युवाहरू यही आउँछन् । आएनन् भने सिद्धिन्छन् । धेरै डिभिजन बनाइएको तिम्रा निम्ति हो भनेर कमाण्डर-कमिसार बन्न आह्वान गरिन्छ । विचार ठीक ट्र्याकमा रहेपछि सबैको नेतृत्व गर्न पनि सकिन्छ । लाखौं जनता सडकमा निस्किएपछि विद्रोह छिटै हुन पनि सक्छ । लेनिनले भनेजस्तै पहिला सिंहदरबार कब्जा गरेपछि तलको कब्जा गर्ने पनि बन्न सक्छ । हाम्रो नयाँ लाइन र ज्ञानेन्द्रको त्यो बुद्धि देख्दा अब हार्ने ठाउँ छैन । हाम्रो विजययात्रा शुरु भयो । नयाँ क्रान्ति शुरु भयो । अब दुर्गम जिल्ला सदरमुकाम हान्नुपर्दैन । हाम्रो एउटा सेक्सन गएपछि सबै बुझाइहाल्छन् । टाउकोमा पच्याक्क हान्नु चाहिं पर्छ । २००७ सालमा राणा विरुद्ध लड्दा यस्तै भएको रहेछ । निर्मल लामाले भन्नुहुन्थ्यो- १० जना थियो तर मुक्ति बाहिनी आयो भन्दै उनीहरू डराएर अछाम कब्जा भयो । मुख्य ठाउँमा हानेपछि र नेपालको विद्रोह प्रक्रिया हेर्दा यस्तो पनि देखिन्छ । कुरो संख्याको होइन जस्तो माओले ५५ लाख विरुद्ध १२ लाखले लड्नु भयो र जित्नुभयो । किनभने सर्वहारावादी चेतनाले यस्तो भयो । हाम्रो जनयुद्धले पनि उसको १ लाखलाई किन नहराउने मुख्यमुख्य जर्नेल-कर्नेललाई ठीक गरेपछि अन्यलाई त एउटा संरचनामा ल्याउन सकिन्छ । सिंहदरबारमा झण्डा गाडियो भने सबै सबै आइहाल्छन् । अब समायोजनको कार्यदिशाको वास्तविक प्रयोग हुन्छ । विद्रोह आउँछ । विजय सुनिश्चित भयो । यो विजयलाई विश्वक्रान्ति र विश्व फेडरेशनसँग जोड्न खोजिएको छ । जसबाट विश्वकम्युनिस्ट पार्टी निर्माण हुनेछ ।

यो महान् समयमा अनुशासन समिति बनाइएको छ । पारिवारिक आचरण कस्तो ? आर्थिक आचरण कस्तो, जनतासँगको सम्बन्ध कस्तो हुनुपर्ने अथवा एक कम्युनिस्ट सदस्यले पालना गर्नुपर्ने आचरण के हुन ? भन्नेबारेमा सामाग्री तयार हुँदैछ । तपाईंहरूकोमा पनि आउँछ । तपाईंहरूले पनि धपघट, आलोचना, सुझाव राख्नुपर्छ । यसलाई पनि एउटा छलफलको विषय बनाएर महाधिवेशनसम्म लगिन्छ । अनि विश्वभरिका कम्युनिस्टहरूको आचरण कस्तो हुने भनेर टुंग्याइन्छ । हरेकसँग भएका हरेक चीजजस्तै डिजिटल रेडियो, भिडियो क्यामेरा, कम्प्युटर पार्टीलाई बुझाउने । यसो नगर्दा अर्को वर्ग जन्मने खतरा देखियो । तपाईंहरूले पनि कार्यान्वयनको योजना बनाउनु होला । लेनिनले बताउनु भएको संगठनात्मक सिद्धान्तले १०० वर्ष काम दियो । अब हामीले अर्को बनाउनु पर्ने भयो । गल्ती गर्ने नेतालाई कार्वाही नगर्ने तर आचारसंहिताअनुरूप भएन भने फलानाको भएन भनेर जनतालाई भनिदिने । जनताले

*(बाँकी २३ पेजमा)*

# हाम्रो पुस्ता सामन्ती राजतन्त्रको मलामी बन्ने पुस्ता हो

❑ लेखनाथ न्यौपाने, अध्यक्ष- अनेरास्ववियु (क्रान्तिकारी) केन्द्रीय समिति



*नेपाली विद्यार्थी आन्दोलनमा लेखनाथ न्यौपानेको नाम अपरिचित छ, हामीलाई त्यस्तो लाग्दैन । विगत १७-१८ वर्षदेखि वामपन्थी विद्यार्थी आन्दोलनमा संगठित हुनुभएका न्यौपाने ०५२ सालदेखि अखिल (क्रान्तिकारी) को कन्द्रीय नेतृत्वमा रहेर आफ्नो योग्यता प्रदर्शन गरिरहनुभएको छ । ०६० सालमा सम्पन्न अखिल (क्रान्तिकारी) को १६औं राष्ट्रिय सम्मेलनबाट अध्यक्षमा निर्वाचित भएपछि कुशलतापूर्वक समग्र विद्यार्थी आन्दोलनको वैचारिक नेतृत्व र अखिल (क्रान्तिकारी) को संगठनात्मक नेतृत्व गर्दै आउनु भएको सन्दर्भ जानकारी गराइराख्नु पर्छ यस्तो पनि हामीलाई लाग्दैन । वर्तमान देशको संगीन राजनीतिक घडीमा विभिन्न विषयमा मुख्यत: राजतन्त्रविरोधी शहरिया आन्दोलनमा केन्द्रित रहेर यसपटक संगीनले अध्यक्ष लेखनाथ न्यौपानेसँग अन्तर्वार्ता लिएको छ । त्यही अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ ।*

*० देशको हालको समग्र राजनीतिक स्थितिलाई कसरी नियालिराख्नु भएको छ ?*

- हामी सबैले बुझेका छौं, यतिबेला देशमा सामन्ती राजतन्त्र विरुद्ध इतिहासकै अहिलेसम्मको सबभन्दा मजबुत जनमत तयार भइरहेको छ। एकातिर सामन्ती राजतन्त्रले देशको शासन आफ्नो हातमा लिएर १७औं शताब्दीको निरंकुशताको अभ्यास गर्ने दुस्प्रयास गरिरहेको छ भने अर्कोतिर यसका विरुद्ध १० वर्ष जनयुद्ध लडेको ने.क.पा.(माओवादी)ले आफुलाई राजनीतिक र फौजी दुवै मोर्चाबाट सर्वाधिक आक्रामक बनाउदै अघि बढेको छ साथै संसदीय दलहरू जो राजतन्त्रले दिएको पटक-पटकको धोकाधडीबाट निर्लान्त बनेका छन्, सँग सहकार्य गरेर राजतन्त्र विरुद्धको आन्दोलनलाई निर्णायक बनाउने कोशिस पनि गरिरहेको छ । यसलाई यसो पनि भन्न सकिन्छ, हिजोको राजनीतिक शक्ति सन्तुलन आज भत्किएको छ र नयाँ शक्ति सन्तुलनको निर्माण हुने वस्तुगत धरातल तयार भएको छ । अथवा हिजोको त्रिपक्षीय शक्ति सन्तुलन आज दुई पक्षीय शक्तिमा ध्रुवीकृत हुने प्रक्रिया अघि बढेको हामी सबैले स्पष्ट देखिरहेका छौं । युगको आवश्यकता, देशको अवस्था र जनताको अपेक्षाअनुरूप राजतन्त्रविरोधी शक्तिहरू मुख्यत: माओवादी र संसदीय दलहरूको बीचमा १२ बुँदाभन्दा अघि बढेको नयाँ सहमति हुनुपर्ने हो तर यसो अझै भइरहेको छैन । कुनै लोभ, मोह र षड्यन्त्रमा नपर्ने हो र राजतन्त्र पूर्णप्रजातन्त्रको "वाधक र साझा शत्रु" हो भन्ने निष्कर्ष निकाल्ने हो भने अब राजतन्त्र विरुद्ध संयुक्त मोर्चा निर्माणको प्रश्नलाई ढिला नगर्ने मात्र होइन, विलम्ब गर्दा घातक पनि बन्न सक्छ । दुनियाँले महशुस गरेको सत्य कुरा के हो भने माओवादी जनयुद्धको ताकतविना न राजतन्त्रले हार्छ न पूर्णप्रजातन्त्र स्थापना नै हुनसक्छ । त्यसैले पनि संसदीय दलहरू र अन्तर्राष्ट्रिय क्षेत्रले २१औं शताब्दीको माओवाद र जनयुद्धलाई परम्परागत चस्माबाट हेर्ने पुरानो रोगबाट मुक्त हुनु जरुरी हुन्छ । त्यसकारण यो देशको संकटपूर्ण राजनीतिलाई अग्रगामी निकास दिन इतिहासमै सबभन्दा कमजोर, बदनाम र अलोकप्रिय सामन्ती सत्तालाई खत्तम गर्न एवं संयुक्त नारा, संयुक्त कार्यक्रमसहितको संयुक्त मोर्चा निर्माण गरी दृढतापूर्वक अघि बढ्न वास्तविक प्रजातन्त्रवादी सबै शक्तिहरूलाई हाम्रो संगठन विनम्रतापूर्वक आग्रह गर्दछ । यसो गर्न सकियो भने मात्रै देशले २३७ वर्षदेखिको सामन्ती निरंकुशताको षड्यन्त्रमा अब कहिल्यै पर्नु पर्ने छैन ।

*० विद्यार्थी आन्दोलनको कोणबाट वर्तमान अवस्थालाई कसरी हेर्ने त ?*

- जहिले पनि विद्यार्थी समुदाय परिवर्तनका संवाहकहरू हुन्छन् । अगाडि बढेकै इतिहास रच्न ज्यान फालेर क्रियाशील हुन्छन् । इतिहासका सबै पानाहरू पढ्दा हामीले यस्तै गौरवपूर्ण विराशत पाउछौं । वर्तमानमा पनि युवा-विद्यार्थीहरू हातमा मशाल बालेर सामन्ती राजतन्त्रलाई खरानी बनाउने उद्देश्यसहित सडकमा बाघझैं गर्जिरहेका छन् । कतिपय संसदीय पार्टीहरू नै राजतन्त्रबारे स्पष्ट धारणा बनाउन नसकिरहेको अवस्थामा पनि नेपाली जनताको राजनीतिक भावनाको प्रतिनिधित्व विद्यार्थीहरूले गरेका छन् । विद्यार्थीहरूले राजतन्त्रविनाको प्रजातन्त्र वा गणतन्त्रलाई अफ्नो गन्तव्य बनाएर मिनी जनमतसंग्रहमा राजतन्त्रलाई हराउँदै आफूलाई स्पष्ट गणतन्त्रवादी बनाउँदै छन् । यो सुखद पक्ष हो तर समग्र नेपाली युवा-विद्यार्थी आन्दोलनको अगाडि केही गह्रौं प्रश्नहरू खडा भएका छन् जसको ठीक-ठीक जवाफ आन्दोलनबाटै दिन सक्नुपर्छ । सामन्ती राजतन्त्रले नेपाली जनताको भविष्य र स्वाभिमानमाथि २३७ वर्षदेखि लगातार

धावा बोल्दै आयो । अब हाम्रो पुस्ताले संयुक्त ताकत निर्माण गरी अन्तिमपटक प्रहार गरेनौं भने अझै कैयौं पुस्ताहरूले आक्रमण खेपिरहनुपर्ने प्रष्टै देखिन्छ । त्यसकारण हाम्रा भावी पुस्ताले यो स्तरको आन्दोलन उठाउनै नपर्ने गरी हाम्रो पुस्ताले यतिबेला सबै शैक्षिक मुद्दाहरूलाई थाती राखेर राजनीतिक मुद्दामा केन्द्रीत हुनुपर्ने ठाउँमा छौं । यसका लागि साझा दुश्मन जहाँ छ त्यहीं प्रहार गर्नु पर्ने छ ताकि राजतन्त्रलाई सदा-सदाको लागि चिहानमा पुर्न सकियोस् । विद्यार्थी आन्दोलनको जिम्मामा यो पनि आएको छ । इतिहास निर्माणको यो गम्भीरतालाई बुझ्ने कि नबुझ्ने ? हामी युवाहरूलाई युगले प्रश्न सोधिरहेको छ । हामीलाई विश्वास छ राजतन्त्रलाई ढालिन्छ, नयाँ इतिहास रचिन्छ ।

***o जनयुद्ध रणनीतिक प्रत्याक्रमणको चरणमा प्रवेश गरी केन्द्रीय राज्यसत्ता कब्जा गर्ने अवस्थामा आइपुगेको सन्दर्भमा क्रान्तिकारी विद्यार्थी आन्दोलनको भूमिका कस्तो हुनुपर्छ ?***

- नेपाली राजनीतिक आन्दोलनमा विद्यार्थीहरूको भूमिका महत्वपूर्ण रहँदै आएको वास्तविकता त्यति व्याख्या गर्नुपर्ने विषय होइन । संगठित वा असंगठित रूपमा नयाँ विषय र सन्दर्भ आउने वित्तिकै पहिलो क्रियात्मक अभिव्यक्ति दिने समुदाय विद्यार्थी हुने गरेको छ । अझ हिजो पार्टीहरू प्रतिबन्धित भएको समयमा त नेपाली समाजमा राजनीतिक पार्टीले खेल्नुपर्ने राजनीतिक भूमिका विद्यार्थीहरूले खेलेका हुन । यति मात्र होइन कम्युनिष्ट पार्टी संशोधनवादको दलदलमा चुर्लुम्म डुबेको बेला त्यसका विरुद्ध विद्रोहको झण्डा उठाउदै नेपाली जनताको संशोधनवाद विरोधी भावनाको असली प्रतिनिधित्व विद्यार्थी आन्दोलनले गरेको हो । एकातिर विचारधारात्मक संघर्षमा आफुलाई क्रान्तिकारी धारमा दृढतापूर्वक उभ्याउने र अर्कोतिर योजना कार्यान्वयनको तहमा सबभन्दा पहिला अग्रपंक्तिमा उभिने विरासत विद्यार्थी आन्दोलनले निर्माण गऱ्यो । जनयुद्ध सुरु भएदेखि यता हेर्दा पनि यसलाई प्रत्याक्रमणको चरणसम्म विकास गराउन क्रान्तिकारी विद्यार्थीहरूको भूमिका सामान्य मात्रै छैन । हामी गर्वका साथ भन्छौं क्रान्तिकारी विद्यार्थी आन्दोलनले विशिष्ट भूमिका निर्वाह गऱ्यो । यसरी इतिहास पढ्दा हामी रोमाञ्चित हुन्छौं र वर्तमानमा आफ्नो भूमिका पूरा गर्न प्रतिबद्ध हुन्छौं ।

विद्यार्थीहरू उमेरले युवा हुन्छन्, स्वभावले विद्रोही हुन्छन्, बुझाइमा कम रुढिवादी हुन्छन्, चाहनाले नयाँ चीजको खोजी गर्छन्, गतिमा छिटो हाम्फाल्छन् र नेपालको सन्दर्भमा विद्यार्थीहरू बुद्धिजीवीमा पनि पर्दछन् । यसरी विश्लेषण गर्दा गाउँमा जनतालाई जागृत गर्ने र शहरमा सडक संघर्षको नेतृत्व गर्ने भूमिका विद्यार्थीहरूको हुनुपर्छ । नेपाली जनयुद्ध फ्युजनको कार्यदिशाअनुसार अघि बढ्ने हुनाले शहरिया संघर्ष (जनआन्दोलन)मा आफूलाई दृढतापूर्वक उभ्याउने र नेतृत्व गर्ने एउटा भूमिका रहन्छ भने अर्को सबै शिक्षालयहरूलाई वैचारिक व्यारेकमा विकास गर्ने र विद्रोहका किल्ला बनाउने हुन्छ । किनभने सही विचार नपाएर कैयौं युवा विद्यार्थीहरू एमाले-काँग्रेसनिर भौतारिन बाध्य छन् । संगठित जनताको विद्रोहको सपना जनयुद्धले देखेको हुनाले युवाहरूबीचमा संगठन मजबुत बनाउने, विचारले सबैलाई निल्ने र जनमुक्ति सेनामा भर्ती गर्दै आपूर्ति अभियानलाई तीब्र बनाउने भूमिकालाई पनि हामीले बिर्सनु हुँदैन ।

अबको चरणमा क्रान्तिकारी विद्यार्थी आन्दोलन अगाडि मुख्यत: दुईवटा चुनौतीहरू खडा भएका छन । जसको ठीक बुझाइसहित कार्यान्वयनद्वारा हल दिनसक्ने भूमिकामा हामी उठ्नुपर्छ भन्ने अपेक्षा आन्दोलनको हो जस्तो लाग्छ । पहिलो दुनियाँका जनयुद्धहरू जुन ठाउँमा ठोक्किएर हार्ने गरेका थिए र हाम्रो पनि नियति त्यही हुनेवाला थियो तर यसको वैचारिक गाँठो फुकाउने काम १० वर्ष जनयुद्ध लडेको पार्टीले गरेको छ । साम्राज्यवादको २१औं शताब्दीअनुरूपको व्याख्या, जसका विरुद्ध विश्वक्रान्तिको आवश्यकता एवं जनयुद्धलाई यान्त्रिक, जड र अगतिशील वस्तुको रूपमा बुझ्ने कमजोरीमाथि वैचारिक विजय नेपाली जनयुद्धले गरेको छ । त्यसकारण यो विकसित विचारलाई हामीले ठीक ढंगले बुझ्ने, हाम्रो पंक्तिलाई बुझाउने र जनताबीचमा पनि ठीक ढंगले संप्रेषण गर्ने भूमिका हाम्रो काँधमा आएको छ । साथै पार्टीभित्र जन्मने गैरसर्वहारा प्रवृत्ति विरुद्ध निरन्तर विद्रोहको झण्डा उठाउने भूमिका पनि हामीले निर्वाह गर्नै पर्छ । दोस्रो : नयाँ विचारको आलोकमा बनेको योजना मुख्यत: विद्रोहको आधार तयार गर्ने गरी जनआन्दोलन उठाउनेमा पनि कुनै हिसाब-किताब नगरी झ्याम-झ्याम हाम्फाल्ने जिम्मा हाम्रो काँधमा आएको छ ।

***o रणनीतिक स्थानान्तरण (Strategical shift) बारे कसरी स्पष्ट पार्नुहुन्छ ?***

- विगत १० वर्षदेखि हामीले हाम्रो कार्यदिशाबारे विभिन्न तहमा छलफल, बहस र अन्तर्क्रिया गर्दै आइरहेका थियौं । जनयुद्ध रणनीतिक रक्षा र सन्तुलनको चरणमा हुँदा तय गरिएको कार्यदिशा प्रत्याक्रमणको चरण प्रवेशसँगै अपुग मात्रै हुँदैन बदल्नु पर्छ भन्ने बुझाइबाट हाम्रो छलफल केन्द्रित थियो । अघिल्ला दुई चरणमा हामी शहरमा पनि क्रियाशील थियौं तर मुख्यत: गाउँ केन्द्रित थियौं किनभने गाउँलाई जोड देऊ, शहरलाई ध्यान देऊ भन्ने कार्यनीति अनुरूप हामीले कार्यदिशा निश्चित गरेका थियौं । १०/१० वर्षमा गाउँ कन्द्रित भएर यो स्तरमा आन्दोलन संगठित गर्ने कुरा चानचुने छैन । अब यसको स्थानान्तरण भएको छ । यसो गर्नुमा पहिलो, जनयुद्ध रणनीतिक प्रत्याक्रमणमा प्रवेश गऱ्यो र केन्द्रीय सत्ता कब्जाको नजिक पुग्यो । दोस्रो, प्रत्याक्रमण भन्ने वित्तिकै स्वभाविक रूपले शहर केन्द्रित लडाइँ हुन्छ, जहाँ उसका रणनीतिक अड्डाहरू छन् । तेस्रो, प्रचण्डपथको कार्यदिशा जसलाई हामीले फ्युजनको कार्यदिशा भनेका छौं अनुरूप शहरिया विद्रोहलाई संगठित गर्नुपर्ने अनिवार्य आवश्यकता छ ।

उपरोक्त विश्लेषणअनुसार अब अखिल (क्रान्तिकारी) जनयुद्धकारी शक्ति हो कि जनआन्दोलनकारी शक्ति हो ? भन्ने प्रश्नमा बहस हुँदा हामी जनयुद्धकारी शक्ति पनि हौं तर मुख्यत: जनआन्दोलनकारी शक्ति हौं भन्ने निष्कर्षमा हामी पुग्यौं । यसको मर्म भनेको अब अखिल (क्रान्तिकारी) ले जनआन्दोलनको क्षेत्रबाट जनयुद्धलाई सहयोग गर्छ अथवा जनआन्दोलनको आर्कबाट जनयुद्धमा सहभागी हुन्छ । यसै अनुरूप हामीले हाम्रो शक्तिलाई विन्यास गरेका छौं । जनआन्दोलनको जगमा संगठित हुने सशस्त्र विद्रोह र सशस्त्र विद्रोहमा विशाल जनसमुदाएको सहभागिता जोडिन्छ । हाम्रो सन्दर्भमा आम विद्यार्थीहरू

हाम्रा जनता भए । विद्यार्थीहरू बढी केन्द्रित कहाँ छन् ? जहाँ बढी शिक्षण संस्थाहरू छन् अथवा शहर, बजार, तराई र मुख्यतः राजधानीमा सबैभन्दा धेरै शिक्षण संस्थाहरू छन् र यहीं सबैभन्दा बढी विद्यार्थी अध्ययन गर्छन् अब स्वतः आन्दोलनको केन्द्र शहर, बजार, तराई र मुख्यतः राजधानीलाई बनाउनुपर्छ ।

हाम्रो नयाँ कार्यदिशाअनुरूप आन्दोलनको अग्रभाग र पृष्ठभागको परिभाषा पनि बदलिएको छ । आगामी आन्दोलनको अग्रभाग स्वतः राजधानी, अन्य ठूला शहर र बजारहरू अथवा शहरिया विद्यालय, क्याम्पस र विश्वविद्यालयहरू हुन्छन् भने पृष्ठभाग गाउँ र त्यहाँका विद्यालयहरू । हिजो जस्तो हामीलाई दुश्मनले गाउँबाट छोप्ने, जंगलमा लगेर मार्ने र खोलामा फाल्ने गऱ्यो । यद्यपि शहरबाट पनि हामीले ठूल-ठूला बलिदान गरेका छौं अब हामी शहर केन्द्रित हुन्छौं । विशाल विद्यार्थी समुदायमा जान्छौं संगठनको जालो बनाउँछौं, शिक्षण संस्थालाई वैचारिक ब्यारेकमा बदल्छौं विद्रोहका आधार अड्डा बनाउँछौं र उसलाई यहीं हायलकायल बनाउँछौं । गिरफ्तार भए पनि शिक्षण संस्था र सडकमा विशाल विद्यार्थीको बीचबाट हुन्छौं । बलिदान गर्नुपरे पनि क्याम्पसका कोठा, ढोका र जनआन्दोलनका रापिला सडकबाट गर्नेछौं । नयाँ कार्यदिशाले कोरेको राजमार्ग जसलाई हामीले हाम्रो संघर्षको अग्रमोर्चा भनेका छौं बलिदानका मोर्चामा बदल्ने छौं । त्यसकारण सबै संगठनहरू र सदस्यहरू जिल्लाको हकमा जिल्ला सदरमुकाम हुँदै दिशाको हिसाबले दक्षिण र राजमार्ग (तराई)तिर फर्कने र राष्ट्रिय रूपले सबै संगठन र सदस्यहरू राजधानी र राजधानी बचाउने उसका जीवनरेखाहरूमा केन्द्रित हुने र संघर्षका मोर्चा खोल्ने हुन्छ । यसैलाई हामीले रणनीतिक स्थानान्तरण भन्यौं ।


***o त्यसो भए शहर केन्द्रित अन्य विद्यार्थी संगठनहरूसँग सहकार्यका लागि वातावरण तयार भएको हो त ?***

- आवश्यकताका हिसावले सहकार्यको वातावरण परिपक्व बनेको छ तर परिणामका हिसाबले अन्य विद्यार्थी संगठनहरू अग्रमुखी बन्न सकिरहेका छैनन् । लोकतान्त्रिक गणतन्त्रको आन्दोलनलाई देशव्यापी विस्तार गर्न र शहरबाट निर्णायक जनआन्दोलनको उठान गर्नका लागि राजतन्त्रविरोधी सबै संगठनहरूको बीचमा कार्यनीतिक एकता गर्न जरुरी हुन्छ ताकि आन्दोलन घोषित परिणाममा नपुग्दासम्म नेतृत्व गरिराख्ने नयाँ प्रतिबद्धतासहित संयुक्त मोर्चा निर्माण होस् । किनभने २३७ वर्ष पुरानो सामन्ती राजतन्त्रलाई समूल नष्ट नगर्दासम्म यसले देश र जनतालाई षड्यन्त्र गर्छ, धोका दिन्छ र रैतीको व्यवहार गरिरहने चित्र स्पष्टै देखिन्छ । यो स्थितिमा अहिलेको वस्तुगत धरातलीय आवश्यकताको दृष्टिबाट हेर्दा विद्यार्थीहरूबीचमा एउटै मोर्चा, एउटै नारा, एउटै कार्यक्रममार्फत राजतन्त्र विरुद्ध केन्द्रित आक्रमण गर्नु पर्ने हो तर विद्यार्थी संगठनहरूबीचमा यसो हुन सकेको छैन । स्पष्ट विचार, रणनीति र कार्यनीतिको आधारमा भन्दा आकस्मिकतामा चल्ने, अस्तित्व धान्न र लोकप्रिय बन्ने स्वार्थले विद्यार्थीबीचमा कतिपय अन्य संगठनहरू चलेको पाउँछौं । उनीहरूलाई एउटा डर छ, अखिल (क्रान्तिकारी) सँग कार्यनीतिक एकता कायम भयो भने राजतन्त्रविरोधी आन्दोलनमा विचारको नेतृत्व, संगठनात्मक नेतृत्व र संघर्षको समेत नेतृत्व सबै अखिल (क्रान्तिकारी) को हातमा जान्छ र हामी खिइदै जान्छौं । उनीहरूको चिन्ता राजतन्त्रले छिटो कसरी हार्ला भन्नेमा भन्दा पनि आफ्नो अस्तित्व के होला भन्ने निजी स्वार्थमा गएर अड्केको स्पष्टै देखिन्छ । यो अतीतमुखी सोचाइ नै संयुक्त संघर्षको बाधक भएर आएको छ ।

***o विगतमा दलहरूबीचमा सहकार्य नहुँदा पनि संयुक्त विद्यार्थी आन्दोलनहरू संगठित भएको तर यसपटक दलहरूका बीचमा समझदारी भइसकेको सन्दर्भमा पनि आम विद्यार्थीहरूले अपेक्षा गरेजस्तो अखिल (क्रान्तिकारी) र अन्य विद्यार्थी संगठनहरू बीच किन संयुक्त संघर्षको लागि सहमति बन्न सकेको छैन ?***

- निश्चितै रूपमा वर्तमान विद्यार्थी आन्दोलनभित्र विद्यार्थी विरासत छायाँमा परेजस्तो लाग्छ । विद्यार्थी प्रवृत्ति ह्रास भएजस्तो देखिन्छ र विद्यार्थी चरित्र जो अलि अघि बढ्ने हुन्छ, पातलिँदै गएको सबैले महशुस गरेजस्तो लाग्छ । विद्यार्थी आन्दोलनको विरासत कुनै राजनीतिक वा अन्य मुद्दामा राजनीतिक दलहरूबीचमा

*हामी जनयुद्धकारी शक्ति पनि हौं तर मुख्यतः जनआन्दोलनकारी शक्ति हौं भन्ने निष्कर्षमा हामी पुग्यौं । यसको मर्म भनेको अब अखिल (क्रान्तिकारी) ले जनआन्दोलनको क्षेत्रबाट जनयुद्धलाई सहयोग गर्छ अथवा जनआन्दोलनको आर्कबाट जनयुद्धमा सहभागी हुन्छ ।*



समझदारी र सहमति बन्न नसकेको अवस्थामा पनि विद्यार्थीहरू तत्काले एकै ठाउँमा आउने, संयुक्त कार्यक्रम बनाउने र सत्ताका विरुद्ध जाइलागिहाल्ने एवं पार्टीहरूलाई एकै ठाउँमा आउनका लागि दवाव सृष्टि गर्ने पनि हो । यसैकारण विद्यार्थी संगठनका संघर्षका कार्यक्रबाट सत्ता भयभीत हुने गर्छ तर विडम्बना सशस्त्र युद्ध लड्दै गरेको दल ने.क.पा.(माओवादी) र संसदीय सलहरूबीचमा १२बुंदे सहमति कायम भइसक्दा पनि सम्वन्धित विद्यार्थी संगठनहरूबीचमा कम्तीमा त्यही स्तरको समझदारी बन्न सकेन । यसका कारणहरू जसबारे माथि पनि सामान्य चर्चा गरिएको छ ।

संगठनात्मक हिसावले हामीमा पनि केही कमजोरी र त्रुटिहरू छन् होला । हाम्रो तर्फबाट संयुक्त संघर्ष उठानका लागि गर्नुपर्ने काममा वा वलिदानमा कुनै कसर बाँकी राख्ने छैनौं । यसका लागि बढी जिम्मेवार अनेरास्ववियु र ने.वि.संघ छन् भन्ने हामीलाई लाग्छ । जस्तो एमालेले पार्टी केन्द्र भन्दा तल कुनै पनि तहमा र कुनै पनि किसिमको सहमति र समझदारी नगर्न निर्देशन गरेको उनीहरूकै कार्यकर्ता बताउँछन् । अनेरास्ववियु यसैको दास बन्यो । दोस्रो केही कारणले काठमाडौंका केही कलेजहरूमा हामी प्रत्यक्ष उपस्थित हुन सकेनौं । यो अनेरास्ववियुका लागि हाइसञ्चोको विषय बन्यो । त्यस्तो एउटा तप्का उनीहरूभित्र छ अखिल (क्रान्तिकारी) देखि भयभीत भइरहन्छ । तेस्रो, एमालेभित्र गणतन्त्रविरोधी झुण्ड पनि छ जसलाई पुरै दुत्कारेर एमाले अगाडि जान तत्काले सक्दैन । यसको प्रभाव स्वभावैले अनेरास्ववियुभित्र छ ।

उता ने.वि.संघभित्र उनीहरूबीच सधैं कचिंगल छ । जसले उनीहरूलाई रबरस्ट्याम्प बनाएर सिध्याउँदै छ । दोस्रो गुरुरा-गगनको नेतृत्वलाई फालेर काँग्रेसले जुन अप्रजातान्त्रिक काम गऱ्यो त्यसले प्रजातान्त्रिक आन्दोलनलाई कमजोर बनाउने काम भयो । तेस्रो ने.वि.संघको वर्तमान नेतृत्व विगतमा प्रतिगामी रुझान भएको, गणतन्त्रको नारा लगाउनु हुँदैन भन्ने दृष्टिकोण बोकेको थियो ।

आन्दोलनको दिशा र गन्तव्यका हिसाबले उनीहरूका माउ पार्टीहरू पूरै स्पष्टताका साथ आएको देखिँदैन । तर विद्यार्थीहरू अलि स्पष्ट भएजस्तो देखिन्छ । यो रूप पक्ष मात्र हो भन्न अब त्यति संकोच मान्नु पर्दैन होला किनभने यदि सार नै बोलेका हुन् भने पार्टीको केन्द्र मात्रै किन, तलसम्म र जवसमा पनि सहमति कायम गरेर जानु पर्छ भनेर किन बोल्दैनन् ? होइन भने रौंसम्म पनि पार्टीले बोल्ने सारभन्दा फरक उहाँहरू किन बोल्नु हुन्न ? यसको सम्बन्ध सम्झौतापरस्त सोच र धोकाधडीको इतिहाससँग छ । संसदीय पार्टीहरूलाई हजार लात्ती हानेर पल्लो कुनामा ज्ञानेन्द्रले पुऱ्याएको सबैले देख्यौं तर पनि दह्रोसँग खुट्टा टेक्ने, ज्ञानेन्द्रको षड्यन्त्रको जालोमा नपर्ने, संझौताको ढोका

***हाम्रा भावी पुस्ताले यो स्तरको आन्दोलन उठाउनै नपर्ने गरी हाम्रो पुस्ताले यतिबेला सबै शैक्षिक मुद्दाहरूलाई थाती राखेर राजनीतिक मुद्दामा केन्द्रीत हुनुपर्ने ठाउँमा छौं । यसका लागि साझा दुश्मन जहाँ छ त्यहीं प्रहार गर्नु पर्ने छ ताकि राजतन्त्रलाई सदा-सदाको लागि चिहानमा पुर्न सकियोस् ।***

बन्द गर्ने र लोभी-पापी आत्मालाई दुत्कार्ने सन्दर्भमा अझै पनि दुविधाहरू किन ? यदि पार्टीहरू संझौतामा गए भने विद्यार्थी संगठनहरूले पार्टी विरुद्ध विद्रोह गर्न सक्छन् वा चाहन्छन् ? साँच्चै गणतन्त्रको सार बोकेको हो भने घुँडा टेक्ने होइन विद्रोह गर्ने हिम्मत उहाँहरूले गर्नुपर्छ । तैपनि हामी सकारात्मक परिणामतिर जान चाहन्छौं राजतन्त्र हाम्रो मात्रै शत्रु पक्कै होइन सबैको साझा दुश्मन भइसक्यो । शाही सेना अब अनेरास्वविय र ने.वि.संघको सेना हुन सक्दैन र त्यसले उहाँहरूको लागि गणतन्त्र पनि ल्याइदिदैन । हामी आशावादी छौं र सोहीअनुरूप पहल पनि गरिएको छ । हाम्रो अपेक्षा अन्य संगठनहरू पनि आशावादी हुँदै एकीकृत तागतका लागि संयुक्त संघर्ष निर्माणमा बढी पहल गर्न म आग्रह गर्दछु । गणतन्त्र हाम्रो मात्र आवश्यकता होइन, उहाँहरूको पनि हो । त्यसकारण १-२ जुलुशहरूबाट, १-२ सभाबाट अथवा १-२ दिन ढुंगा हानेर ज्ञानेन्द्र शाहीले हार्दैन र गणतन्त्र पनि आउँदैन । यसका लागि त चौतर्फी घेराबन्दी, नाकाबन्दी र ढुंगामुढा एवं बन्दुकका दुवै मोर्चाबाट आक्रमण गर्न जरुरी हुन्छ । यो अनिवार्य चेतना सबै विद्यार्थी संगठनका नेता-मित्रहरूमा घुसोस् भन्ने अपेक्षा संगीन मार्फत राख्दछु ।

***० हाम्रो संगठन अखिल (क्रान्तिकारी)का आगामी योजनाहरू के-के छन् ?***

- हाम्रो संगठनको जीवन, एउटा संगठनात्मक अभियानको योजना यसको जगमा संघर्षको आँधीबेहरी, संघर्षको तागतमा बन्ने मजबुत संगठन अनि फेरि मजबुत संगठनको तागतद्वारा सुनामी संघर्षको संचालन गर्दै अगाडि बढेको छ । मोटो रूपमा भन्दा यही द्वन्द्वात्मक प्रयोग नै हाम्रो आगामी योजना बन्नेछ ।

विगतमा चलेका २ वटा ठूला-ठूला संगठनात्मक अभियान (पहिलो विस्तार, दोस्रो सुदृढीकरणको योजना) पछि संगठनले ठूलो-ठूलो राजनीतिक संघर्ष संचालन गऱ्यो । गत मंसिर-पुष महिनाभरि नेपाली वर्गयुद्धले आविष्कार गरेको २१औं शताब्दीको नयाँ कम्युनिष्ट विचार र यही विचारको आलोकमा बनेको उत्कर्षको योजना एकरूपतामा बुझ्ने र बुझाउने क्रममा तल्ला समितिसम्म पुग्यौं । माघ महिनाभरि पूरै संघर्षमा केन्द्रित भयौं र फागुन महिना उत्सव, दिवस र जनआन्दोलनको तयारी महिना भयो । अब चैत्रलाई ठूलो आँधिहुरीको महिना बनाउने योजनामा हामी हाम्फाल्नेछौं । वैशाखपछि समग्र स्थितिको अध्ययन गर्दै एउटा संगठनात्मक राष्ट्रिय कार्यक्रमको योजनामा जुट्नु पर्ने आवश्यकता महशुस भएको छ ।

एकातिर आगामी शैक्षिक सत्रदेखि प्रतिगामी पाठ्यपुस्तक र पाठ्यशीर्षकहरू माथि हस्तक्षेपलाई घनीभूत बनाइनेछ भने अर्कोतिर शहरिया आन्दोलन अनुकूलको संगठन र संघर्षमा केन्द्रित हुनुपर्नेछ । सबै संगठनहरूलाई र जनतासम्म पनि "शहर जाऔं अभियान" अन्तर्गत परिचालन गर्नेछौं । हिजो हामीले गाउँ जाऔं अभियान

चलायौं र गाउ उठायौं । अब शहर जाऔं अभियान चलाउँछौं । शहरलाई उठाउँछौं । अहिलेको मुख्य आवश्यकता यतातिरै हो ।

***० योजना कार्यान्वयनका क्रममा के कस्ता समस्याहरू देखा परे र अब कुन-कुन विषयमा ध्यान दिनुपर्ला ?***

- आन्दोलनभित्र अनगिन्ती समस्याहरू छन्, इमान्दारितापूर्वक मेहनत गरियो भने हल गर्न सक्ने स्थितिमा संगठन छ । पहिलो, जवस संचालन र जनवर्गीय आन्दोलनको महत्वलाई बुझ्ने सवालमा देखिएको दृष्टिकोण (वैचारिक) को समस्या हामीले अलि बढी व्यहोरिरहेका छौं । यो समस्याको हल हाम्रो बुताले मात्रै निकाल्न सक्दैन । यसका लागि महान् बहशमा जानुपर्ने देखिन्छ र नयाँ दस्तावेजीकरण हुनुपर्छ । यही वैचारिक समस्याले सिर्जना गरेको दोस्रो समस्या भनेको जनवर्गीय संगठनको जिम्मेवारी र क्षेत्रलाई हराभरा नदेख्ने छ । सत्ता संचालनको ठाउँमा लोभिने र त्यहींबाट मात्रै भविष्य देख्ने गम्भीर समस्या देखिन्छ । तेस्रो, संगठन र संघर्षलाई कि त पूरै फरक बुझ्ने कि त एउटै बुझ्ने समस्या छ । संगठनभित्र पनि विस्तार र सुदृढ संगठनको समस्या साथै संघर्षमा पनि केन्द्रीय संघर्ष र स्थानीय संघर्ष, एकल संघर्ष र संयुक्त संघर्ष, शहरिया संघर्ष र गाउँको संघर्ष, राजनीतिक संघर्ष र शैक्षिक संघर्ष आदिबारेमा बुझाइको समस्या छ । कि वल्लो भित्तामा बुझ्ने कि पल्लो भित्तामा बुझ्ने तर नबुझ्ने के भने अन्तरसम्बन्धित र परिपूरकको रूपमा । सारमा बुझ्नुपर्ने विषय नबुझ्ने र नबुझ्नुपर्ने विषय बुझ्ने समस्या हो । यसको हल भनेको कामका शाखाहरूलाई आवश्यकता र महत्त्वका हिसाबले प्रमुख र गौण छुट्याउने र प्रमुखमा जोड लगाउने तर गौणलाई पनि ध्यान दिने हुनुपर्छ । चौथो, अलि बढी देखिएको समस्या केन्द्रीय योजना र स्थानीय योजनाको तालमेल र निरन्तरताको हो । योजना आउँछन तर कार्यान्वयन फितलो हुने । योजना केन्द्रबाट आओस् भन्ने तर आफू योजनाविहीन बन्ने, योजना कार्यान्वयन नहुनुका भित्री कारणहरू गम्भीरतापूर्वक नखोज्ने । भित्री कमजोरीहरू जिम्मेवारीका साथ सच्याउन अग्रसर नहुने अथवा कतैतिर पनि ध्यान नदिने उत्तरदायित्वविहीनताको समस्या छ । यसको हल भनेको माथिको योजनासँग मेल खानेगरी हरेक तल्ला समितिका आ-आफ्ना योजना अनिवार्य हुनुपर्छ । योजना वस्तुवादी नभएर कार्यान्वयन नभएको हो भने तुरुन्त आलोचना उठाउनुपर्छ । होइन भने ज्यान फालेर कार्यान्वयन गर्नुपर्छ । कार्यान्वयन नभएपछि गम्भीर समीक्षा गर्दै सम्बन्धित समिति र सदस्यहरूले जिम्मेवारी लिनुपर्छ । पाँचौं, संगठन अनगिन्ती बनाउने तर नियमित परिचालन नगर्ने, संगठन मौसमी हुने, नेतृत्व तलैसम्मका समितिहरूसँगको सहकार्यमा नजोडिने समस्याहरू हाम्रासामु छँदैछन् । यसको हल जिम्मेवारी बाँड्दा एरिया केन्द्रित होइन कि शिक्षण संस्था केन्द्रित हुनुपर्छ । महत्वपूर्ण शिक्षण संस्थाभित्रै WT को रूपमा नियमित काम गर्ने जनशक्ति विन्यास गर्नु पर्छ । शिक्षण संस्थाबाट तुरुन्त सबै निकालेर अन्य क्षेत्रमा पठाउने सन्दर्भमा अलि छलफल गर्नुपर्छ । छैठौं, वैचारिक र राजनीतिक संस्कारको कमी हामीभित्रै देखिन्छ । यससँग सम्बन्धित अध्ययनको कमी, प्रकाशनको अभाव र भएको प्रकाशनलाई पनि सही ढंगले वितरणको समस्या हाम्रा सामु नियमित समस्या जस्ता भएर उँभिएका छन् ।

***० १० वर्षको जनयुद्धबाट विद्यार्थी आन्दोलनले प्राप्त गरेका महत्त्वपूर्ण उपलब्धिहरू के के भन्ने ठान्नुहुन्छ ?***

- यो धेरै महत्त्वपूर्ण प्रश्न हो र यसको संश्लेषण एउटा प्रश्नभित्र छिरेर गर्न सजिलो छ मलाई त्यस्तो लाग्दैन । तर पनि यो सवाल नगरी नहुने अनिवार्य दायित्व बनेर अगाडि आएको छ । १० वर्षमा नेपाली विद्यार्थी आन्दोलन (समग्र वर्गसंघर्षको एक अंग) ले प्राप्त गरेको सबभन्दा महत्त्वपूर्ण उपलब्धि भनेको नयाँ जनवादी शिक्षा प्राप्तिको लागि अनिवार्य स्थापना हुनुपर्ने नयाँ जनवादी राज्यसत्ता हो जुन नजिकै हामीले देख्न सक्छौं । अथवा यसो पनि भन्न सकिन्छ जनवादी शिक्षा प्राप्तिको आन्दोलनले एक परिपक्व, दृढ र योग्य वैचारिक नेतृत्व प्राप्त गर्न सक्यो, जसलाई हामीले प्रचण्डपथभित्र पाउँछौं । जसको कारण जनवादी शिक्षा प्रयोगको बलियो आधार निर्माण भएको छ । दोस्रो, १० वर्ष अगाडिदेखि सम्पूर्ण युवाहरूले राख्दै आएको माग थियो, जनमुक्ति सेना भएर लड्न पाउने अधिकार अनुरूपको रणनीति र कार्यनीति बन्नुपऱ्यो । यो १० वर्षमा हाम्रो यो माग पूरा भयो र आज हजारौं हामी युवाहरू जनमुक्ति सेनाको दर्जानी चिन्हसहित टाटे पोशाकमा काँधमा बन्दुक बोकेर परेड खेल्दैछौं र दुश्मनको सेनालाई चौतर्फी घेराबन्दी गर्दैछौं । तेस्रो, नेपाली समाज र यहाँकै वर्गसंघर्षको बीचबाट जन्मिएको नयाँ विचारको सही प्रयोगले हाम्रो संगठन देशव्यापी फैलियो । यसको प्रभाव दुनियाँभरि पनि परेको छ । यस्तो कुनै स्कुल र क्याम्पस छैन जहाँ अखिल (क्रान्तिकारी) नहोस् । जसको तागतमा सामन्ती सत्तालाई घेरा कस्ने, न्याक्ने र उपलब्धि हाँसिल गर्ने काम भएको छ । जस्तै मा.वि शिक्षा निःशुल्क भन्न सत्ता बाध्य भयो यद्यपि यो कार्यान्वयनमा छैन । कथित राष्ट्रिय गानको खारेजी, अनिवार्य संस्कृत शिक्षाको खारेजी, त्रि.वि.वि.बाट प्र.प्र.तह विस्थापन प्रक्रियालाई स्थगन, आतंककारीको आरोप फिर्ता र संगठनमाथिको प्रतिबन्ध फुकुवा आदि छन् । चौथो, अखिल (क्रान्तिकारी) को पर्याय बनेको छ बलिदान । जनयुद्धका प्रथम शहीद दिलबहादुरदेखि बेनोज अधिकारी हुँदै मैना सुनुवारसम्मको शहादत एवं पूर्ण पौडेलदेखि गोकुल निरौलासम्मको बेपत्ताले हामीलाई स्तब्ध बनाउँदछ । वलिदानको यो यात्रा र गाथा त्यत्तिकै चुलिएको होइन । वलिदानको यही रक्तिम जगतमा हाम्रो आन्दोलन उठेको हो ।

***० अन्त्यमा केही छ कि ?***

- हाम्रो पुस्ताले एउटा ऐतिहासिक अवसर पाइरहेको छ त्यो अवसर भनेको सामन्ती राजतन्त्रलाई सदाको लागि चिहानमा पुर्ने हो । त्यसकारण हामीले नारा बनायौं र देशभरी लगायौं **उदाउँदो गणतन्त्रलाई रातो सलामी, सामन्ती राजतन्त्रका हामी मलामी** । यो ऐतिहासिक अवसरलाई कसैले पनि खेर जान नदिने प्रतिबद्धता गर्नुपर्नेछ । ताकि हाम्रा भावी सन्तानहरूले हामी र हाम्रा अभिभावकले जस्तो सामन्ती निरंकुशता भोग्न नपरोस् । इतिहास निर्माणको असाध्यै संगीन मोडमा सबैले आ-आफ्नो आर्कलाई क्लियर गर्दै अगाडि बढौं । दुश्मणको मुख्य बंकर कब्जा गर्न धेरै समय लाग्ने छैन । त्यसैले पनि हामी भाग्यमानी पुस्तामा पर्छौं जस्तो लाग्छ । धन्यवाद ! ◆

# संगठनात्मक क्षेत्रमा देखा परेका समस्याहरू

**रामदीप आचार्य, उपाध्यक्ष-अखिल (क्रान्तिकारी) के.स.**



**"संगठनको गतिशीलतासँग अभिछिन्न सम्बन्ध नजोडिएको विचारको गतिशीलताको कुरा कोरा आदर्श मात्र हुन पुग्दछ ।"** - *अध्यक्ष क. प्रचण्ड ।*

हामी रणनैतिक प्रत्याक्रमणको दोश्रो चरणमा आफ्ना अभिभाराहरू पुरा गरिरहेका छौं । 'शहरको कामलाई जोड दिने र गाउँको कामलाई ध्यान दिने' नीतिअर्न्तगत रहेर संगठनात्मक संरचनाको विकास गर्नु अति आवश्यक भइसकेको छ । यहाँ संगठनात्मक क्षेत्रमा देखा परेका समस्याहरूलाई सामान्य शल्यक्रिया गरेर अगाडि बढ्ने प्रयास गरिएको छ ।

## १. विश्वदृष्टिकोण निर्माण गर्ने प्रश्न

वर्गीय समाजमा हर कुरा वर्गीय हुने भएकोले प्रकृति, चिन्तन र समाजलाई हेर्ने तरिका पनि वर्गीय नै हुने गर्दछ । शासक वर्गले अविछिन्न रुपमा आदर्शवादी, आध्यात्मवादी दृष्टिकोण निर्माण गरेर आफु अनुकुलको जनशक्ति उत्पादन गर्दै आइरहेको छ । हामीले सर्वहारा श्रमजीवि वर्गको अनुकुल हुने द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणको निर्माण गर्न योजनाबद्ध र कठोर पहलको शुरुवात गर्नैपर्ने भएको छ ।

मुलतः सही विश्वदृष्टिकोण निर्माणमा रहेको समस्या सिद्धान्त (पढाइ) र व्यवहार (गराइ) को सम्बन्धलाई बुझ्ने समस्या नै हो । पुरानो शिक्षा प्रणालीले ज्ञान किताबबाट, विश्वविद्यालयबाट, प्राध्यापक र शिक्षकहरूको मष्तिष्कबाट पैदा हुन्छ भन्ने धारणा स्थापित गराएको छ । सही ज्ञान वर्गसंघर्ष, उत्पादनका निम्ति संघर्ष र वैज्ञानिक प्रयोगबाट आउँछ भन्ने क. माओको प्रस्थापना हिजो र आज पनि उतिकै सही रहेको छ । किताबबाट प्राप्त ज्ञान मानवजीवनका दैनिक क्रिया-कलापहरूको श्रृंखलाबद्ध लिपी मात्रै हो, त्यो लिपी कुन वर्गको सेवामा सर्मपित छ भन्ने कुरा छुट्याउनु पर्दछ ।

"विद्यार्थीहरूको मुख्य काम अध्ययन गर्नु हो, तथापि हामीहरूले अन्य कुराहरू पनि सिक्नु पर्दछ ।" विडम्वना हाम्रो शिक्षा प्रणालीले घोडालाई लगाइएको लगामजस्तै बन्न सिकाएको छ । समाजवादी निर्माण कालमा अन्य काम भनेर माओले औद्योगिक काम, खेतीपातिको काम र फौंजी मामलासम्वन्धी काम भन्नु भएको छ । हामी त्यसमै थप जोड दिदै सक्रिय राजनीतिक काम गर्ने कुरा गर्दैछौं । सामन्ती निरंकुशतावादीहरूले 'राजनीति फोहोरी खेल हो' भन्ने धारणा विद्यार्थीहरूमा विकास गराएर सामन्ती निरंकुशता थोपर्दा समेत मौन सर्मथन गर्ने मानवरुपी पशु भीड तयार गर्न खोज्दैछन् । राजनीति मष्तिष्क हो र अन्य शैक्षिक, साँस्कृतिक आदि कामहरू अंग-प्रत्याङ्ग हुन भन्ने मान्यतालाई स्थापित गर्दै मष्तिष्कको भूमिकाको खोजी गर्नु विद्यार्थीहरूको नैसर्गिक अधिकार हो । यो कुरा सही हो कि मुट्ठीभर लुटेरा वर्गको निम्ति गरिने राजनीति फोहोरी राजनीति हुन सक्छ तर बहुसंख्यक जनताको पक्षमा गरिने राजनीति असल राजनीति हो ।

## २. शिक्षण संस्थामा संगठनात्मक संजाल निर्माण गर्ने प्रश्न

"गाउँको कामलाई जोड देऊ तर शहरको कामलाई पनि नछोड भन्ने नीतिको आधारमा विगतमा हामी गाउँतिर फर्कियौं । विद्यार्थी-मजदुरलगायतका मोर्चाहरूले शहरमा रहेर काम गर्नु पर्दथ्यो केही अपवादबाहेक सबैतिरबाट हेर्दा के देखिन्छ भने शहरभित्र रहेर काम गर्न सक्ने वातावरण रहेन । अथवा शहरभित्र मजबुत संगठनात्मक सञ्जाल कायम हुन सकेन । यसको प्रमुख कारण दुश्मनको क्रियाशीलताभन्दा पनि आफैभित्रको अन्तरघातले अलि बढी काम गऱ्यो ।

अब नयाँ योजनाले जोड दिने र ध्यान दिने ठाउँ बदलेको छ ।

"शहरको कामलाई जोड देऊ तर गाउँको कामलाई पनि नछोड भन्ने नीतिले अनिवार्य रुपमा विद्यार्थी संगठनलाई शहरमा जाउँ र आफ्नो मोर्चा सम्हाल भनिरहेको छ । शहरभित्र पस्ने भनेको मुख्यतः शिक्षण संस्थालाई आन्दोलनका ट्रेन्चमा बदल्ने भन्ने नै हो । अहिलेको संगठनको नेतृत्व प्रायः सबै शिक्षण संस्थाबाट अलग भएको वर्षौं भइसक्यो, क्रमशः शिक्षण संस्थाको अवस्था, वातावरण र मनोविज्ञानतिर टाढिदै गइरहेको छ । उसले मनोगत योजना निर्माण गर्ने खतरा पैदा भइरहेको छ । सही योजना बनिहाले पनि कार्यान्वयन गर्ने दक्ष जनशक्तिको अभाव छ । हाम्रो बुझाइमा पनि कतिपय वृत्तमा स्पष्टता आएन, मजदुर, किसान मोर्चाले शिक्षण संस्थामा नजाँदा विद्यार्थी मोर्चा पनि नजाने जस्तो भयो । शिक्षण संस्थामा जाने कुरालाई छोइछिटोजस्तो भयो । गइहाले पनि रुपान्तरणको समस्या अर्कोतिर देखियो, गर्नको निम्ति जाने भन्दा पनि उही रसातालमा भासिने डर भयो । कतै कतै हाँसको बगालमा बकुल्ला जस्तो भयो र घुलमिल हुन सकिएन ।

यसले विद्यार्थी संगठनका नेताहरू विभागीय इन्चार्ज जस्तो बन्न पुगे । वास्तविक नेता भएनन् । "पोखरीभित्र नपसेर माछा पक्रने" असफल विधिलाई

**शहरको कामलाई जोड देऊ तर गाउँको कामलाई पनि नछोड भन्ने नीतिले अनिवार्य रुपमा विद्यार्थी संगठनलाई शहरमा जाउँ र आफ्नो मोर्चा सम्हाल भनिरहेको छ । शहरभित्र पस्ने भनेको मुख्यतः शिक्षण संस्थालाई आन्दोलनका ट्रेन्चमा बदल्ने भन्ने नै हो ।**

हामीले छोड्नै पर्छ र जमेर नेतृत्व प्रदान गर्ने कलाको विकास गर्नै पर्छ । यसो गर्न नसक्दा वर्तमानको केन्द्रीय नेतृत्व जुन संघर्षबाट आएको छ, त्यो भन्दा फरक जिल्लास्तरको नेतृत्व जन्मै प्रायः शिक्षण संस्थाबाट अलग शैक्षिक आन्दोलनबाट आएको छ । संगठनको जीवनमै संकट पैदा हुँदैछ, सबै ठाउँबाट गम्भीरतापूर्वक ध्यान दिएर लाग्न जरुरी भइसकेको छ ।

### ३. संगठनात्मक परिचालनमा एक रुपताको प्रश्न

यहाँ संगठनात्मक परिचालनमा एकरुपताको कुरा गर्दा नीतिमा एकरुपता भन्न खोजिएको हो । समितिपिच्छे फरक-फरक परिचालनले गर्दा बृहद एकीकृत तागत पैदा गर्न सकिएको छैन् । संगठन परिचालनमा रहेका प्रमुख समस्याहरूलाई निम्न बुँदामा उल्लेख गरिएको छ ।

**(क) पूर्णकालीन र अल्पकालीन कार्यकर्ता परिचालनमा समायोजन गर्ने समस्या**

एउटा गर्वको विषय हो कि आन्दोलनको लागि वलिदान गर्न जुनसुकै मोर्चामा खट्न सक्ने स्प्रिट बोकेर आएका पूर्णकालिन विद्यार्थीहरूको ताँती हामीसँग छ । सिंगो समाजसँग तुलना गर्दा त फेरि पनि मौजुदा कार्यकर्ता संख्याको अभाव नै हुन्छ, त्यस्तै जनमुक्ति सेनामा एक भरपर्दो आपूर्तिकेन्द्र पनि विद्यार्थी संगठन नै भएको छ । यहाँ PT र WT को समायोजन गर्दा विशाल PT कार्यकर्तालाई उचित नेतृत्व प्रदान गर्ने WT कार्यकर्ता हुनुपर्छ । यसो गर्न नसकेमा मास संगठन टिम संगठनमा बदलिने खतरा टड्कारो भैसक्यो । अर्कोतिर असंगठित परिचालनमा रमाउने खतरा पनि त्यही अवस्थाबाट पैदा भएको छ । यसलाई चिर्नै पर्छ ।

**(ख) कार्यदिशा र कार्यशैलीको समायोजनको समस्या**

२०औं शताब्दीका क्रान्ति र प्रतिक्रान्तिका अनुभवसहित २१औं शताब्दीका विशेषताहरूलाई समेटेर पार्टीको दोश्रो राष्ट्रिय सम्मेलनमा समायोजनको कार्यदिशा विकास गरेयता जनयुद्धले द्रुततर विकास गरेको छ । हाम्रो संगठनको सन्दर्भमा अझै पनि राजनैतिक कार्यदिशाले निर्धारित गरेअनुरुपको कार्यशैलीको विकास गर्न सकिएको छैन् । दीर्घकालीन जनयुद्ध र आम विद्रोहलाई समायोजन गर्ने कार्यदिशा र छापामार कार्यशैलीको कार्यदिशाबीच समायोजनको समस्या हो । विद्रोहको सञ्जाल र नेतृत्व गर्न सक्ने विशाल संगठन र कार्यशैली आजको तत्कालीन आवश्यकता हो ।

**(ग) संयुक्त मोर्चा र स्वतन्त्र पहलकदमीको समायोजनको समस्या**

क्रान्तिको विजय आफ्नो वर्ग र शक्तिका साथै अन्य वर्ग र तप्कालाई परिचालन गर्ने कलामा निर्भर रहन्छ । त्यस आवश्यकतालाई संयुक्त मोर्चाको माध्यमबाट हल गरिन्छ । संयुक्त मोर्चाको निर्माण (दीर्घकालीन वा तत्कालीन, घोषित या अघोषित) क्रान्तिमा अनिवार्य हुन्छ, तर संयुक्त मोर्चा मात्रै एक अचुक उपाय होइन, मुख्य गरी भर पर्ने कुरा त स्वतन्त्र क्रन्तिकारी पहल कदमी नै हो । आफ्नै वर्ग, विचार, संगठनमा भर पर्ने स्वतन्त्र क्रान्तिकारी पहलकदमीलाई नकार्ने र संयुक्त मोर्चालाई मात्रै जोड दिने दक्षिणपंथी धार र दुश्मनकै पंक्तिभित्रबाट पनि प्रयोग गर्न सक्ने जति शक्तिलाई आफ्नो वर्गको हितमा प्रयोग गर्ने नीतिलाई नकार्ने र आफ्नै सानो गुँडमा रमाउने संकीर्णतावादी धार दुवै आन्दोलनका लागि घातक छन् । सयुक्त मोर्चासम्बन्धी नारा हुनुपर्छ । आफ्नै शक्तिमाथि भर पर्ने कुरालाई जोड दियौं र संयुक्त मोर्चालाई पनि नछोडौं । निरास पनि नबनौं स्यालको धार्नीजस्तो गरी तौलने काम नगरौं ।

**(घ) प्रचारत्मक कार्यसम्बन्धी समस्या**

प्रचार पनि एक आन्दोलन हो, जसलाई हामीले अझै व्यवस्थित ढंगले संचालन गर्न सकेका छैनौं । प्रचार कार्यलाई व्यवस्थित गर्न सकेमा संगठनात्मक उभारलाई सुनिश्चित गर्न सकिन्छ । प्रचारमा (उच्च र निम्न) दुवै प्रविधिको प्रयोग गर्न सिपालु बन्नै पर्छ । मुलतः यो शताब्दी सूचना प्रविधिको शताब्दी भएकोले लेनिनले भने जस्तो घर घरमा गएर गरिने मौखिक प्रचार होस् वा माओले भन्ने गरेको ठूलठूला अक्षरका पोष्टरद्वारा गरिने प्रचार होस् अहिले अप्राप्त नै हुन्छ । मुख्यतः हामीले त्यस्तो प्रचार प्रविधिमा जोड दिनुपर्छ जसले करोडौं र अरबौं जनसमुदायलाई सुचित, प्रशिक्षित र उद्वेलित पार्न सकियोस् ।


सूचना प्रविधिको विकास र प्रभावबारे अध्यक्ष प्रचण्ड सटिक रुपमा यसरी व्यक्त गर्नुहुन्छ- "२१औं शताब्दीमा प्रवेशसँगै विश्वमा विज्ञान र प्रविधि मुख्यतः इलेक्ट्रोनिक सूचना प्रविधिमा अभूतपूर्व तीव्रताका साथ विकास भएको छ । यो अदभुत विकासले जसरी विश्वलाई विविध रुपमा प्रभावित पारेको छ, त्यसले अनिवार्य रुपमा सर्वहारा क्रान्तको राजनैतिक फौजी रणनीतिमा परिमार्जन र विकासको माग गरिरहेको छ । विश्वको कुनै पनि कुनामा हुने आजको जस्तो तीव्र घनिभूत एवं प्रत्यक्ष संवेदनात्मक प्रभाव मानवजातिको इतिहासमा पहिले कहिल्यै पर्ने गरेको थिएन ।" अन्तमा, संगठनात्मक क्षेत्रमा देखापरेका समस्याहरूको समाधान गर्नु भनेको आन्दोलनको क्षेत्रमा देखा परेका समस्याहरूको समाधान गर्नु हो । विचारको कार्यान्वयनमा देखापरेका समस्या समाधान गर्नु हो । हाम्रो विजय र दुश्मनको पराजयलाई सुनिश्चित गर्नु हो । प्रत्येक कार्यकर्तालाई राजनैतिक वैचारिक काम, संगठनात्मक काम, आन्दोलनको कार्य र प्रचारात्मक कार्यमा क्रियाशील र सक्षम बनाउने नै हो ।

*१६ फागुन ०६२*


## खोजी खोजी पढौं

२०६२ मा प्रकाशित **दलित मुक्ति, अखिल ज्ञान, योद्धा, महिला मुक्ति, मालेमावादी संगठनात्मक सिद्धान्त, नयाँ दिशाबोध, किसान सन्देश, मेरा अतीतका पाइलाहरू, नयाँ संस्कृति, फेरि लालभञ्ज्याङमा उभिएर** आदि प्रकाशनहरु खोजी-खोजी पढौं ।

# संगठनका योजनाहरूबारे



**अन्तिम संघर्ष अथवा आम जनविद्रोहमा संगठित गर्नका लागि गाउँबाट शहरतिर रणनैतिक अड्डाहरूको स्थानान्तरण गर्ने प्रक्रियालाई रणनैतिक स्थानान्तरण भनिन्छ । रणनैतिक स्थानान्तरण केन्द्रीय सत्ता कब्जा गर्नका लागि समग्र जनयुद्धको निर्णायक आक्रमणको तैयारी अवस्था हो ।**

*युवराज चौलागाई, कोषाध्यक्ष-अखिल (क्रान्तिकारी)के.स.*

## योजना भनेको के हो ?

संगठनलाई आफ्नो लक्ष्यसम्म पुग्नका लागि सबै सदस्यहरू मिली काम गर्नको लागि बनाइएको मूर्त सोचलाई योजना भनिन्छ । योजनाहरू हाम्रो संगठनका मस्तिष्क हुन भने हामी कार्यकर्ताहरू शरिरका अन्य अंगजस्तै हौं । त्यस्तै हरेक योजना संगठनका लागि मूलतः प्रस्थानविन्दु हो । सामान्यतः योजनालाई २ भागमा बाँड्न सकिन्छ-

१.रणनैतिक वा दीर्घकालीन योजना ।

२. कार्यनैतिक वा अल्पकालीन योजना ।

हाम्रो संगठनको न्यूनतम रणनैतिक योजना नयाँ जनवादी शिक्षाको प्राप्ति हो भने त्यस योजनाका लागि विभिन्न खण्ड-खण्डमा गरिने कामहरूको योजना कार्यनैतिक योजना हो । तत्कालका लागि शाही फासिवादी राज्यसत्ता वा निरंकुश र सामन्ती राजतन्त्रको अन्त्यका लागि विद्यार्थी आन्दोलनको उठान अनेरास्ववियु (क्रान्तिकारी) को कार्यनैतिक योजना हो ।

योजनाबिनाको क्रियाशीलता छ्यालाभित्र पराल खाँदेको पाडोजस्तै हो । हेर्दा राम्रो सारमा भूत ।

## योजना निर्माण कसरी गरिन्छ ?

सामान्यतया निम्नलिखित २ प्रक्रियाको एकीकृत अभिव्यक्तिका आधारमा योजना निर्माण गरिन्छ ।

(क) विगत योजनाको वैज्ञानिक समीक्षा ।

(ख) अहिलेको वस्तुगत आवश्यकता ।

अघिल्लो योजनाको निषेधका रूपमा पछिल्लो योजनाको निर्माण हुन्छ । त्यसकारण हरेक योजनामा अघिल्लो योजनाको संश्लेषण समेटिएको हुनुपर्छ । एउटा स्पष्ट विचार नभएको, भँडुवा विकासवादी वा अराजकतावादी संगठनमा मात्रै एउटा र अर्को योजनाका बीचमा तालमेल हुँदैन । तर प्रगतिशील र क्रान्तिकारी संगठनहरूले हमेशा श्रृंखलाबद्ध योजना विकास गर्दछन् । हाम्रो संगठन अनेरास्ववियु (क्रान्तिकारी) यस्तै कार्यनीतिक योजनाहरूको श्रृंखला बोकेको संगठन हो । योजना वस्तुलाई बुझ्नको लागि बनाइन्छ । तर मुख्यतः वस्तुलाई बदल्नका लागि बनाइन्छ । वस्तुलाई बदल्ने चेतना नै आवश्यकताको चेतना हो ।

वस्तुलाई बुझ्ने र बदल्ने मूलतः २ तरिकाहरू हुन् । ती हुन्-

१. क्रान्तिकारी तरिका ।

२. विकासवादी तरिका ।

क्रान्तिकारी तरिकाले वस्तुको विकास तीव्र गति वा छलाङमा हुन्छ भन्छ । छलाङ भनेको भ्यागुताको चाल वा घोडाको पइयाँ ठोकाइको चाल जस्तै हो । क्रान्तिकारी तरिकाले वस्तुको विकास डटपेनको स्प्रिङजस्तो बर्तुलाकार रूपमा हुन्छ भन्ने मानेको हुन्छ । तर विकासवादी तरिकाले सरल रेखामा, विस्तारै-विस्तारै वा सर्पको चालमा वस्तुको विकास हुन्छ भन्छ । यी दुईथरी तरिकामध्ये पहिलोले वस्तुलाई निरन्तरतामा होइन मुख्यतः क्रमभंगतामा बुझ्नु र बदल्नुपर्छ भन्छ तर दोस्रोले वस्तुलाई मूलतः सरल रेखामा बुझ्नु र बदल्नु पर्छ भन्दछ । अनेरास्ववियु (क्रान्तिकारी) क्रान्तिकारी तरिकामा विश्वास गर्दछ । हामीले हरेक वस्तुलाई क्रमभंगतामा बुझ्नु पर्दछ र त्यसरी नै क्रमभंगतामै बदल्न सकिन्छ भन्ने विश्वास राख्नुपर्दछ । हाम्रो योजना निर्माण गर्ने तरिका यही हो ।

## हाम्रा आगामी योजना के के छन् ?

o हाम्रो संगनठका योजना मूलतः २ प्रकारका हुन्छन्

(क) राजनैतिक आन्दोलनको योजना ।

(ख) शैक्षिक आन्दोलनको योजना ।

o हामी विद्यार्थी हौं तर पनि हामीसँग राजनैतिक आन्दोलनको योजना छ । र, यस्तो हुनु पनि पर्छ । किनभने शिक्षण संस्था, शैक्षिक क्रियाकलापहरू, पाठ्यक्रम, संस्कारलगायतका जम्मै कुराहरू राजनैतिक विषयवस्तु नै हुन् । यी सबै कुराको नेतृत्व राजनैतिक तहबाट भएको हुन्छ । यी लगायत हामी विद्यार्थी मात्र नभई यही समाजका नागरिक पनि हौं । शिक्षण संस्थाका निश्चित घण्टाहरू बाहेक हामीले एउटा नागरिकका रूपमा आफ्ना कामहरू यही समाजभित्र बसेर गर्नुपर्छ । त्यहाँ हुने अन्याय, अत्याचार, भेदभाव, शोषण, दमन र होचो-अर्घेलीले हामीलाई पनि प्रभाव पारिरहेको हुन्छ । यी सबै कुराको बारेमा आवाज उठाउँदा त्यो आवाज राजनैतिक आन्दोलन बन्न पुग्छ । यस्ता कुराबारे एउटा सचेत मान्छे चुप लागेर नबोलिकन बस्न त सक्दै सक्दैन । तसर्थ एउटा विद्यार्थी राजनैतिक आन्दोलनको सहभागी बन्नै पर्ने हुन्छ । त्यसैले हामीले राजनैतिक आन्दोलनलाई पहिलो सूचीमा राख्नुपर्छ । त्यस्तै स्कूल-क्याम्पसमा अध्ययनका क्रममा

हामीले भोग्ने समस्याहरू उठाएर शैक्षिक आन्दोलन पनि गर्नुपर्दछ ।

० सबैले विद्यार्थीकै हित गर्छौं भने पनि एउटै विद्यार्थी संगठन नभएर थरीथरीका विद्यार्थी संगठन हुनुपछाडिको कारण पनि यही समाजलाई हेर्ने दृष्टिकोणमा एकरूपता नहुनु हो । अथवा राजनैतिक आन्दोलनबारे बुझाइ ठीक नभएर वा अलग अलग भएर धेरै संगठनहरू विद्यार्थीबीच क्रियाशील छन् ।

० अनेरास्ववियु (क्रान्तिकारी) ले आगामी दिनमा मुख्यतः २ वटा कामहरू गर्ने योजना बनाएको छ । ती हुन्-

(क) सामन्ती राजतन्त्रका विरुद्ध भइरहेको अन्तिम लडाइँमा आफ्नो ठाउँबाट सक्दो लड्ने । यसका लागि सम्पूर्ण विद्यार्थीहरूलाई परिचालित गर्ने । सम्भव भएजति सबैसँग मिलेर राजतन्त्रविरुद्ध लड्ने र, राजतन्त्रको अन्त्यपछि गणतन्त्र नेपालको स्थापना गर्ने ।

(ख) संगठनको सम्पूर्ण शक्तिलाई अब गाउँबाट शहरतिर धकेल्ने । शहरमा घनीभूत कामहरूको संजाल बनाउने । यसलाई हामीले रणनैतिक स्थानान्तरण (Strategical shift) भनेका छौं ।

० विगत दश वर्षको अवधिभित्र विगतमा शहरकै वरिपरि घुमिरहेको राजनीति एउटा महत्त्वपूर्ण फड्को मारेर गाउँमा केन्द्रित हुन पुग्यो । हाम्रो संगठन मूलतः गाउँका शिक्षण संस्थाहरूलाई कर्मथलो बनाएर विद्यार्थी आन्दोलनमा अगाडि बढिरह्यो । यसबीचमा योजना निर्माण र कार्यान्वयनको थलो मूलतः ग्रामीण क्षेत्र नै बन्यो । जनताको महान् जनयुद्धले गाउँ पूरै कब्जा गऱ्यो र केन्द्रीय सत्ता शहरमा सीमित हुन पुग्यो । तसर्थ, गाउँ सत्ताको इलाका र शहर संघर्षको इलाकाको रूपमा देखापरे । अन्तिम संघर्षमा (आम जनविद्रोह) संगठित गर्नका लागि गाउँबाट शहरतिर रणनैतिक अड्डाहरूको स्थानान्तरण गर्ने प्रक्रियालाई रणनैतिक स्थानान्तरण भनिन्छ । रणनैतिक स्थानान्तरण केन्द्रीय सत्ता कब्जा गर्नका लागि समग्र जनयुद्धको निर्णायक आक्रमणको तैयारी अवस्था हो ।

विद्यार्थी आन्दोलनमा यो स्थानान्तरणको धेरै ठूलो महत्व छ । जनसंघर्षका मोर्चाहरूमा सक्रिय सहभागी हुन शहरको संगठन र परिचालनको अपेक्षा यसले गर्दछ । यस नीतिअनुसार अब हाम्रो संगठनका संघर्षका योजनाहरू मूलतः शहरकेन्द्रित हुनेछन् । सडक आन्दोलनको बाधक रूपमा हाम्रो संगठनले भूमिका निर्वाह गर्नेछ । त्यसका लागि गाउँबाट शहरको कार्यशैलीतिर, सानोबाट ठूलो परिचालनतिर, सामान्यबाट विशेष संघर्षको योजनातिर जानु आवश्यक छ ।

छोटकरीमा रणनैतिक स्थानान्तरणलाई यसरी बुझ्न सकिन्छ- स्थानान्तरण गाउँको काम पनि हो तर मूलतः शहरको काम हो । स्थानान्तरणको योजना फौजी संघर्षको योजना पनि हो तर यो मुख्यतः जनसंघर्षको योजना हो । स्थानान्तरण विकेन्द्रित परिचालन पनि हो तर यो मूलतः केन्द्रीकृत परिचालन हो । स्थानान्तरणको संगठन संचित शक्ति पनि हो तर यो मूलतः गति शक्ति हो । रणनैतिक स्थानान्तरण एकलबाट संयुक्त संघर्षतिर, विजयबाट अन्तिम विजयतिर, कामको अंशबाट समग्रतर्फ, सानो योजनाबाट ठूलो योजनातर्फ, एउटा महान् फड्को हो । स्थानान्तरण संघर्षको उत्कर्ष हो । तसर्थ यो सुनार पनि हो तर यो मूलतः लोहार हो ।

## हामीले के के गर्नुपर्छ ?

(क) योजना निर्माण भइसकेपछि त्यसको दृढ कार्यान्वयन नै प्रधान कुरा हो । तसर्थ योजनाहरू दृढतापूर्वक लागू गरौं ।

- ० विचारको कामलाई शीर्षस्थानमा राखौं ।
- ० जुझारु कार्यान्वयनबाट विचारको थप विकास गरौं ।
- ० सिंगो संगठनलाई जुझारु कार्यदस्तामा परिणत गरौं !
- ० सानै तर सही गुणात्मक संगठन बनाऔं कुशल संगठक बनौं
- ० हरेक समितिमा श्रृंखलाबद्ध योजनाको विकास गरौं
- ० आधारको सुदृढीकरण र विस्तार गरौं, कार्यनैतिक लक्ष्यका आधारमा कार्यशैलीमा लचक बनौं ।
- ० व्यापक जनवादका आधारमा सुदृढ केन्द्रीकरणको विकास गरौं ।
- ० मुख्य दुश्मनको विरुद्ध संयुक्त प्रहारको लागि प्रयत्न गरौं मूलतः आफ्नै शक्तिमा भर परौं ।

(ख) हामीले समस्याहरूको सही पहिचान गर्न जरुरी छ । समस्यालाई मूलतः ३ भागमा बाँडेर बुझ्नु पर्दछ-

(१) संगठनको राष्ट्रिय समस्या वा आम समस्या ।

(२) खास समितिको समस्या ।

(३) खास व्यक्तिको समस्या ।

जुन तहको समस्या छन्, मूलतः त्यहीं हल खोज्ने । हरेक तहको समस्या त्योभन्दा माथिल्लो स्तरको विचारले मात्र समाधान गर्न सकिन्छ ।

हाम्रो संगठनमा केही नराम्रा पक्षहरू आम रूपमा देखिने गरेका छन् । तिनीहरूबारे छलफल गरौं-

० योजनाविहीनताको समस्या

आफूले के गर्नुपर्ने हो, के नगरे पनि हुने हो थाहै नहुने समस्या । तलका कमिटीहरू क्रियाशील छन्, छैनन्, माथि कस्तो योजना बने ठीक हुन्छ, बनेको योजना वस्तुवादी छ, छैन ? वास्तै नहुने समस्या ।

विद्यार्थी आन्दोलनलाई केवल औपचारिकताको हदसम्म मात्र बुझ्ने समस्याको प्रकट रूप योजनाविहीनता हो । आवश्यकता, कामप्रति गैरजिम्मेवार आदि अन्य रूपमा पनि यो प्रकट हुन्छ ।

जनयुद्धको समग्र पक्षमा विद्यार्थी आन्दोलनको महत्वबोध यो समस्याको वैचारिक समाधान हो । त्यस्तै आफ्नो नेतृत्वसँग निरन्तर छलफल र केन्द्रीकरणले यो समस्या हल गर्न सकिन्छ ।

० तलसम्म काममा नजाने समस्या ।

हरेक तहको नेतृत्व तलैसम्मका कामहरूमा जोडिनु आवश्यक छ । यो चरणमा यो झन् धेरै आवश्यक छ ।

० निरपेक्ष बुझाइ

हरेक योजनाले सबै पक्षहरूलाई समेटे पनि त्यसको खास खास लक्ष्य हुन्छ । लक्ष्य प्रधान हुन्छ र बाँकी गौण । जस्तो कि अहिले हामी गणतन्त्रको लागि युवा विद्यार्थी विद्रोहको कार्यनीतिमा छौं । यहाँ संघर्ष प्रधान कुरा हो- त्यसपछि मात्र संगठनात्मक काम । अहिले संघर्षमा हाम्फाल्नु सही बुझाइ हो । संगठनात्मक कामहरूमा जोड दिनु निरपेक्ष बुझाई हो, गलत हो । त्यस्तै शहर र गाउँको कामलाई उस्तै ठान्ने, क्याम्पस र स्कूलको कामलाई उस्तै ठान्ने, केन्द्रीय र स्थानीय कामलाई उस्तै ठान्ने सोच निरपेक्ष सोच हो । हरेक कार्यकर्ताले यसबारे स्पष्ट हुनैपर्छ ।

## अब शहरमा भेटौला

हजारौं शहीदहरूको रगतले भिजेको हाम्रो झण्डा दुश्मनको मुटुमा गाड्ने योजना सफल पार्न अनेरास्ववियु (क्रान्तिकारी) का सम्पूर्ण सदस्यहरू गाउँबाट शहर पस्दैछौं । विवेकपूर्ण योजना र साहसपूर्ण कार्यान्वयनका क्रममा हाम्रो भेट शहरहरूमा हुनेछ । शहरको काम घनीभूत पार्दै संगठनका समस्त योजनाहरू कार्यान्वयन गरौं । ◆

# षड्यन्त्र निरंकुशताको: चर्चा स्वावियुको



रमेश मल्ल, सचिवालय सदस्य-अखिल (क्रान्तिकारी)के.स.

भर्खरै देशमा सामन्ती गिरोहको एउटा चुनावी नौटंकीको मञ्चन नाङ्गो र लज्जास्पदरूपमा टुंगिएको छ। नेपाली वादशाह राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमै नांगिएको छ। उसको नाटकलाई जनताले सक्रिय बहिष्कार गरेर खिल्ली उडाइदिए भने अन्तर्राष्ट्रिय जगतले पनि निरंकुशतालाई वैधानिकता दिन खोज्ने खोक्रो प्रयास भनेर ज्ञानेन्द्र शाही र उनका नोकरहरूलाई ठूलै बज्रप्रहार गरिदिए। यसरी एउटा नौटंकी त सकियो तर त्यसले नेपाली जनतासामु चुनौतीपूर्ण अभिभारा पनि सुम्पिएर गएको छ। शान्तिपूर्ण आन्दोलनमा अभिव्यक्त स्वतन्त्रताका आवाजलाई राष्ट्रको ढुकुटी र जनताको पसिनामा पालिएका शाही जत्थाद्वारा निर्मम दमन गर्ने आदेश दरवार र त्यसका चाटुकारहरूले दिए अनि दाङमा उमेशचन्द्र थापाको हत्या, देशव्यापी आन्दोलनकारीहरूमाथि चर्को दमन, चौतर्फी गिरफ्तारी, गैरकानुनी थुना, सूचनाको हकमाथि प्रतिबन्ध, जनताको बाँच्न र बोल्न पाउने नैसर्गिक मानवअधिकारको ठाडो उल्लंघन गर्दै सम्पूर्ण राज्यशक्तिको दुरूपयोग गरेर सामन्ती सत्ताले प्रत्येक जनताको हृदयमा प्रतिरोध र बदलाको आगो सल्काएर यो चुनावी नाटक टुंगिएको छ।

फेरि अर्को चुनावको चर्चा चलेको छ देशमा- त्यो हो स्वावियु चुनाव। चुनाव आफैमा लोकतान्त्रिक विधि र प्रक्रिया हो। लोकतान्त्रिक शक्तिहरू चुनावदेखि डराउँदैनन् र भाग्दैनन् तर यहाँ बुझ्नुपर्ने कुरा यो छ कि, चुनाव कुन उद्देश्य प्राप्तिको लागि ? को द्वारा ? र कस्को हितमा ? यी यक्ष प्रश्नहरू हुन्। भर्खरैको तथाकथित नगरपालिका चुनाव हेरौं, यसको उद्देश्य सामन्ती निरंकुश राजतन्त्र वा पंचायतको नयाँ संस्करणलाई वैधता प्रदान गर्ने कुटिल षड्यन्त्रमा रचिएको जाल थियो। जो लोकतन्त्र, शान्ति र अग्रगमनका विरुद्ध खडा थियो। सामन्ती नायकद्वारा घोषित चुनावले सामन्तवादको स्वार्थरक्षा गर्थ्यो तसर्थ नेपाली जनताले त्यसलाई बहिष्कृत गरी असफल बनाइदिएका छन्। यहाँ सवाल स्ववियु चुनावको छ। स्ववियु चुनाव त्याग, तपस्या र बलिदानको पुँजी हो। लाखौं लाख नेपाली विद्यार्थीहरूको स्वतन्त्रताको सवाल छ, स्ववियुसँग। राष्ट्रप्रेमको गहिरो नाता छ, स्ववियुसँग। लोकतान्त्रिक मर्म र भावनाको अटुट सम्बन्ध छ स्ववियुसँग।

जहाँनिया शासनको अन्त्यसँगै प्रजातान्त्रिक आन्दोलनको प्रक्रियामा मात्र सीमित अधिकार ०१७ को पंचायती निरंकुशताले लुटेर लग्यो। पंचायती कालरात्रीमा जतिबेला स्वतन्त्रता सेनानी युवा विद्यार्थीहरू जेल कोचिए, स्वतन्त्रताका आवाज बन्दुकले दबाइए। त्यसका विरुद्ध २०२१ वैशाखमा त्रिचन्द्र क्याम्पस विद्यार्थी युनियनको क्रियाशीलता र व्यवस्थापनमा उपत्यकाव्यापी अन्तर कलेज विद्यार्थी सम्मेलन सम्पन्न भयो र त्यसको आयोजनामा शुरु भएको जुलुसमा पंचायती सत्ताले व्यापक दमन गर्‍यो। आन्दोलन विष्फोटक बन्यो। पंचायती निरंकुशता युवा विद्यार्थीका अगाडि झुक्न बाध्य भयो। बन्दी विद्यार्थीको रिहा र स्ववियु अधिकारको पुर्नवहाली आदि आन्दोलनका उपज बने। त्यसपछिका दिनमा पनि पंचायती सत्ताले आन्दोलनका उपलब्धिलाई पटकपटक लुटेर लग्यो तर ०३५/०३६ को ऐतिहासिक विद्यार्थी आन्दोलनदेखि ०४६ को जनआन्दोलनसम्म पुग्दा स्ववियुको अधिकार सीमित प्रजातान्त्रिक अधिकारकै एउटा अंग बन्यो।

आज स्थिति बदलिएको छ। राज्यको राजकीय शक्तिको मालिक बनेको निरंकुश ज्ञानेन्द्र शाहीले देशमा संकटकाल घोषणा गरेर ने.क.पा.(माओवादी) लगायत, अखिल (क्रान्तिकारी)लाई पनि आतंककारी घोषणा गर्‍यो। तत्पश्चात् स्वतन्त्रता सेनानी विद्यार्थीहरूको गौरवपूर्ण संगठन सामन्ती गिरोहद्वारा प्रतिबन्धित छ। नारायणहिटी कुख्यात हत्याकाण्ड, असोज १८, माघ १९ हुँदै तथाकथित नगरपालिका चुनावसम्म

*राज्यको राजकीय शक्तिको मालिक बनेको निरंकुश ज्ञानेन्द्र शाहीले देशमा संकटकाल घोषणा गरेर ने.क.पा. (माओवादी) लगायत, अखिल (क्रान्तिकारी)लाई पनि आतंककारी घोषणा गर्‍यो। तत्पश्चात् स्वतन्त्रता सेनानी विद्यार्थीहरूको गौरवपूर्ण संगठन सामन्ती गिरोहद्वारा प्रतिबन्धित छ।*

आउँदा ज्ञानेन्द्र शाही नक्कली राष्ट्रवाद र प्रजातन्त्रकै आवरणभित्र सक्कली राष्ट्रवादी र लोकतान्त्रिक शक्तिहरूको कत्लेआम गर्न चाहन्छन् भन्ने तथ्य अब स्पष्ट भइसकेको छ। यो स्थितिमा घोषित स्ववियु चुनावको नियत र उद्देश्य पनि योभन्दा अर्को हुन सक्दैन। देश लोकतन्त्र र राजतन्त्रको निर्णायक संघर्षमा ध्रुवीकृत भइसकेको छ। निरंकुश राजतन्त्रका विरुद्ध सबभन्दा चर्को आवाज उठिरहेको क्षेत्र भनेकै कलेज हो। जहाँ युवा विद्यार्थीहरूले आफैले मिनी जनमतसंग्रह मार्फत् कलेजलाई गणतन्त्र क्षेत्र घोषित गरिसकेका छन्। नेपाली विद्यार्थीहरू तेरो र मेरो संगठनको संकीर्ण मनोवृत्तिबाट माथि उठेर लोकतान्त्रिक गणतन्त्रको स्पष्ट एजेण्डासहितको भावनात्मक मालामा उनिएका छन्। कलेजहरूमा प्रभावकारी गणतान्त्रिक मोर्चा निर्माण हुँदै गइरहेको छ। यो स्थितिबाट सबैभन्दा बढी तर्सेको कोही छ भने त्यो हो, सामन्तवादको फासिष्ट प्रतिनिधि स्वघोषित राजा ज्ञानेन्द्र। परिणामतः ज्ञानेन्द्र शाही अनेकन हत्कण्डा प्रयोग गरी युवा विद्यार्थीको भावनात्मक अन्तरसम्बन्धलाई टुक्राउन चाहन्छ। आन्दोलनरत विद्यार्थीहरूले बुझ्नुपर्ने कुरा यो हो कि प्रथमतः ज्ञानेन्द्र शाही 'फुटाऊ र शासन गर'को सामन्ती अस्त्रको रूपमा उनीहरूको बीचमा स्ववियु चुनावरूपी हाड फालेको छ। दोस्रो कुरा, उसले स्ववियुको एउटा प्रतिस्पर्धी संगठन अखिल (क्रान्तिकारी) लाई क्याम्पसहरूबाट अलग गर्न चाहन्छ। तेस्रो कुरा, उसले स्ववियु चुनावमार्फत् मण्डलेकरणलाई वैधानिकता दिन चाहन्छ। जसको लागि उसले दुईवटा अस्त्रको प्रयोग गरेको छ- एउटा राष्ट्रिय अन्तर्राष्ट्रिय दवावलाई वेवास्ता गर्दै आन्दोलनरत ८ विद्यार्थी संगठनका स्थापित नेता-कार्यकर्ताहरूलाई गैरकानुनी थुनामा राख्नु, त्यसको विरोध गर्नेहरूलाई अझै धरपकड गर्दै जानु, स्ववियु पदाधिकारीहरूलाई पनि नजरवन्दी बनाउनु र लोकतान्त्रिक पक्षधर विद्यार्थीहरूलाई कमजोर र निरीह बनाउनु। अर्को, सरकारी राज्यको र राजकीय शक्तिको व्यापक दुरूपयोग गरी पैसा, प्रलोभन र धम्कीको बलमा केही स्थापित स्ववियु पदाधिकारीहरूलाई खरिद गर्ने र षड्यन्त्रमूलक रूपमा पंचायती मण्डले बनाएर क्याम्पसमा प्रवेश गराउन। यी र यस्तै षड्यन्त्रमा लिप्त सामन्ती गिरोहले विश्वविद्यालयका प्रशासनहरूमा कब्जा जमाउने दुस्प्रयासहरू गरेको छ। राष्ट्रवादी शिक्षाको स्याल हुइयाँ गर्दै शैक्षिक जगतलाई पूर्णतः सामन्तीकरण गर्ने चाल चालिदैछ। यावत समस्याहरूको हल आजको विन्दुमा स्ववियु चुनाव हुन सक्दैन। राष्ट्र चरम गृहयुद्धमा हेलिएको र जनताका सीमित प्रजातान्त्रिक अधिकार सामन्ती बलद्वारा लुटिएको वर्तमान अवस्थामा राजनैतिक निकासमा नपुगीकन अरु समस्याको हल असम्भव छ भन्ने कुरा राजनीतिको कखरा बुझेको जोकोहीलाई ज्ञात हुने कुरा हो। सर्वप्रथमतः राष्ट्र र जनताले स्वतन्त्रताको हक प्राप्त गरोस्, गिरफ्तार नेता, कार्यकर्ता रिहा गरियोस्, प्रतिबन्धित संगठनहरू खुला गरिऊन्, तबमात्र चुनावको औचित्य अर्थपूर्ण हुन जान्छ। त्यसको परिणाम निष्पक्ष हुन्छ र स्वतन्त्र हुन्छ। नगरपालिका चुनाव होस् या स्ववियु, चुनाव निरंकुशतावादीहरूले यसलाई प्रजातान्त्रिक प्रक्रिया भनेर बर्बराउँछन् तर यसले समस्या चर्काउँछ मात्रै हल होइन। अब लोकतान्त्रिक आन्दोलनका पक्षधरहरूको अभिभारा र चुनौती हो, चुनावी जालमा अल्झिनुको सट्टा लोकतान्त्रिक गणतन्त्रको पक्षमा तयार भएको युवा मनोविज्ञानलाई एकीकृत गर्नु र सामन्ती सत्ता विरुद्ध निर्णायक प्रहार केन्द्रित गर्नु। अग्रगामी र शान्तिपूर्ण निकासका लागि संविधानसभा मार्फत् राज्यसंचालनमा पुर्नसंरचना गर्न बृहत्तर जनआन्दोलनको श्रृष्टि गर्नु। विकेन्द्रित सोंच र मनोविज्ञानका साथ स्ववियु चुनावमा अल्झिएर होइन, लोकतान्त्रिक गणतन्त्रको मोर्चा निर्माण गरी राजतन्त्रका विरुद्ध अन्तिम मोर्चाबन्दीमा सामेल हौं।

*७ फागुन २०६२*

---


## जनयुद्धको ..........

सवैको थाहा पाएपछि जननियन्त्रित त भइहाल्छ। यो क्षेत्र र जिल्लामा पनि बनाइन्छ। जसले खर्च गर्छ त्यसैले हिसाब राख्ने पद्धतिको अन्त्य गर्दै अरुले हिसाब राख्ने प्रणाली बनाउने किनभने पारदर्शी बनाउने वैज्ञानिक विधिमा जानैपर्छ। अब जनवर्गीय संगठनको हकमा पनि नयाँ ढंगबाट जाने भनेर केन्द्रीय ब्यूरोको अवधारणा ल्याएको छ। विद्रोहमा जाने भने पछि मुख्य जबसहरू विद्रोहात्मक ढंगले जानुपर्छ। विद्रोहको निम्ति विद्यार्थी र मजदुर संगठन मुख्य शहर-बजारमा केन्द्रित हुनुपर्छ। अब तपाईहरूको हेडक्वाटर पनि आधारइलाकाबाट सरेर उतै उपत्यकातिर जहाँ उसका जीवनरेखा छन् त्यहीं जाने कुरो भयो। परिचालन, हस्तक्षेप र सम्पर्क त्यहींबाट गर्ने। सम्पूर्ण संगठन पनि त्यतैतिर केन्द्रित हुनुपर्‍यो। तपाईहरूले यसरी नै निर्णय लिनपर्‍यो। शहर, बजार र कलेजहरूमा बढी केन्द्रित हुन जरुरी छ। मध्यमवर्ग भड्काउने काम अहिले बन्द गर्नुपर्छ। अहिले मुख्यतः ज्ञानेन्द्र शाहीलाई हान्ने योजना बन्नुपर्‍यो। भोलि जनउभारसहित हाम्रा सबै कुरा लागू गर्न सकिहाल्छौं। धनी किसानलाई भड्काउन भएन। झन् शाही सेनाका परिवारको घरमा ताला लगाउने काम त तुरुन्त रोक्नु पर्‍यो। यो सिल्ली काम भयो। यसो गर्दा त ऊ उही बसेको बस्यै गर्ने र ज्यान फालेर लड्ने भयो। त्यस्तो किन बनाउने? तिनका परिवारलाई संझाउने, बुझाउने, बोलाउनु होस् भन्ने, मानेन भने पनि वैकल्पिक तरिका अपनाउनु पर्छ। आएको बेला दाइ-भाइ भन्ने। यसो गरे पो शाही सेनामा विद्रोह हुन्छ। त्यसो नगरे विग्रन्छ। शैक्षिक जगतबाट पनि निरंकुशता विरुद्ध संघर्षबाट कसैलाई पनि बाहिर जान नदिने गरी जानुपर्छ। यही स्पिरिटमा तपाईहरूका निर्णय हुनुपर्‍यो। विद्रोहात्मक आन्दोलन चल्न थालेपछि विद्यार्थीहरूको भूमिका निश्चित रूपमा महत्वपूर्ण हुने गर्छ। भोलि पार्टीहरूसँग कुरा मिल्यो भने उनीहरूका विद्यार्थी संगठनहरूसँग पनि मोर्चा बनाएर जानु पर्ने स्थिति आउँछ। त्यहाँ पनि हाम्रो संगठनले नेतृत्व गर्नुपर्छ। आफ्नो सहीपनाद्वारा संघर्षलाई नेतृत्व गर्ने हो। त्यसखालको क्षमताका लागि पनि मेहनत गर्नुपर्छ। यसका लागि विद्यार्थी हेडक्वाटर उपत्यका जाने हुन्छ।

अन्त्यमा तपाईं कमरेडहरूले पनि विचारलाई ठीक ढंगले बुझ्ने कुरा, ठीक ढंगले तल लैजाने कुरा र विचार सम्प्रेषणद्वारा जनतामा नयाँ विश्वास पैदा गर्ने कुरा दृढतापूर्वक गर्नुहुनेछ। क्रान्ति, पार्टी र आन्दोलनको यो चुनौती हाम्रो अगाडि खडा त छ। यो चुनौतीलाई इमान्दार क्रान्तिकारी स्पिरिटअनुसार लागू गर्ने कुरा हो। धन्यवाद। ◆

***(गत असोजमा सम्पन्न पार्टी केन्द्रको पूर्ण बैठकपछि विद्यार्थीहरुको प्रशिक्षण कार्यक्रममा राख्नु भएको मन्तव्यलाई लेख बनाएर प्रस्तुत गरेका हौं।)***

# शहरिया आन्दोलन र भूमिगत संगठन



◎ शरदचन्द्र रसाइली, सचिवालय सदस्य- अखिल (क्रान्तिकारी) के.स.

हाम्रो आँखाले देख्न नसक्ने परमाणुहरूदेखि मानिसलगायत सबै जीवजन्तुहरू समेत प्रत्यक्ष वा परोक्ष संगठित र सीमाबद्ध हुने गर्दछन् । भौतिक जगतका हरेक वस्तुको आ-आफ्नै आकार-प्रकार, आयातन र घनत्व हुन्छ । जुन पदार्थमा परमाणुहरू एकदमै खाँदिएर रहेका हुन्छन्, त्यो वस्तु बढी ठोस र वज़नदार हुन्छ भने जुन पदार्थमा परमाणुहरू खुकुलो अवस्थामा संयोजित भएका हुन्छन् त्यो वस्तु तरल र हल्काफुल्का हुने गर्दछ । जुन पदार्थ ठोस हुन्छ, त्यसबाट अकल्पनीय शक्ति पैदा हुन्छ भने जुन वस्तु हल्काफुल्का हुन्छ त्यसबाट कम शक्ति पैदा हुन्छ वा हुँदै नहुने पनि हुन सक्छ । जस्तै- युरेनियम धातु र कपासलाई लिन सक्छौं । युरेनियम धातुको तौल बराबरको कपासको डल्लोले कहीं प्रहार गर्ने हो भने युरेनियम धातुको डल्लोले हिर्काएको भन्दा कपासले हिर्काएको ठाउँमा केही असर पर्दैन । यो नियम समाजविज्ञानमा पनि लागू हुन्छ । जस्तै जुन संगठन मात्रको हिसाबले बढी र गुणको हिसाबले उत्कृष्ट हुन्छ त्यस्तो संगठन बढी शक्तिशाली हुन्छ । हामी विश्वको इतिहासमा पनि हेर्न सक्छौं, सोभियत संघ जतिखेर एकढिक्का थियो, जनसंख्याको हिसाबले पनि सबैभन्दा बढी थियो र विचारको हिसाबले सर्वहारावर्गको विचार थियो । त्यसबेलाको साम्राज्यवादी जर्मन र हिटलरको विश्वविजयको सपनालाई महान् स्टालिनको नेतृत्वको सोभियत रुसले खरानी बनाइदियो । चिनियाँ क्रान्तिमा पनि हामी त्यही पाउँछौं । संख्या वा भूगोलको तुलनामा सही क्रान्तिकारी विचार भएन वा क्रान्तिकारी विचारको आधारमा आवश्यक संख्या भएन भने कुनै पनि संगठन वा वर्ग अर्को संगठन वा वर्गमाथि हावी हुन सक्दैन । यद्यपि क्रान्तिकारी मार्क्सवादले वस्तुको सार (गुण) लाई नै प्रधान ठान्दछ र यसको पक्षपोषण गर्दछ ।

पदार्थभित्र अन्तर्निहित संगठित र चरित्रदेखि मानव समाजको विकास प्रक्रियासम्मको अध्ययन गर्दा मान्छेमा मात्रै होइन, मुख्य जीवहरू पनि जानअन्जानमा संगठित र सामूहिक रूपमा रहेको पाइन्छ । कबिलाइ समाजदेखि अहिलेको अवस्थासम्म आउँदा जंगलको हिंस्रक जनवारहरूको आक्रमणबाट बच्न होस् वा प्राकृतिक विपत्तिहरूबाट बच्न होस् वा मान्छेले मान्छेमाथि गर्ने हिंसाबाट बच्न होस्, मान्छे संगठित र सामूहिक रहँदै आएको पाइन्छ । प्रकृतिले नै मान्छेलाई संगठित हुन सिकायो । दास मालिकहरूको अत्याचारपूर्ण शोषणले दासहरूलाई संगठित हुन बाध्य पार्‍यो र भुदास प्रथाको विरुद्धमा विद्रोहहरू समेत भड्कियो । आफ्नो वर्गको अस्तित्वको लागि अनिवार्य बनेको संघर्षको आवश्यकताले संगठनलाई जन्म दियो । संगठनको जन्म हुनको पछाडि ऐतिहासिक आवश्यकता र अगाडि लक्ष्य हुने गर्दछ । कम्युनिस्ट पार्टीको जन्म हुनुको कारण श्रमजीवी वर्गमाथि शोषण हुनु र सर्वहारावर्गको अभ्युदय हुनु थियो र यसको लक्ष्य साम्यवादमा पुग्नेछ । जंगली युगमा हिंस्रक जनावरहरूको आक्रमणबाट बच्नकै लागि पनि मानिसहरू समूहमा मिलेर बस्न बाध्य भए । वर्गको उत्पत्तिसँगै जब शोषक र शोषित वर्ग देखा पर्‍यो त्यहाँ आफ्नो वर्गहितको निम्ति शोषक वर्ग विरुद्ध शोषित वर्ग एकजुट हुन थाल्यो । यसरी संगठन बन्ने प्रक्रिया र कारण समाज विकासको चरणसँगै फेरिएको छ । यसरी संगठित हुने एकखालको प्रक्रिया र चरणलाई अर्को प्रक्रिया र चरणले निषेध गर्दै गयो । पुरानो तरिकालाई नयाँ तरिकाले निषेध गर्‍यो । पुरानो विधि र मान्यताहरूलाई नयाँ विधि र मान्यताहरूले निषेध गर्‍यो । विश्व परिवेशमा भइरहेको तीव्र फेरबदलसँगै मानिसहरूको स्वार्थ, दृष्टिकोण, चिन्तनशैली र जीवनशैलीहरूमा पनि तीव्र रूपमा परिवर्तनहरू देखा परिरहेको छ । विश्वमा समाजवादी मुलुकहरूले भोग्नु परेको असफलता, हाम्रै देशको सन्दर्भमा झापा विद्रोहको असफलता, कतिपय वामपन्थी पार्टीहरूको प्रतिक्रियावादमा पतन, २०४६ सालदेखि हालसम्मको निरंकुशतन्त्रको एकछत्र मनपरीतन्त्र चलिरहँदा पनि विभिन्न राजनैतिक दलहरू त्यसैमा लट्पटिरहनु आदि कारणले मान्छेमा राजनीति र परिवर्तन प्रायः निरासा र उदासीनता पैदा हुन गयो । जुन जोगी आए पनि कानै चिरेको भन्ने खालको चिन्तनको विकास भएर गयो । मान्छेहरूमा सीमित व्यक्तिगत स्वार्थ र पुँजीवादी दुनियाँको भुलभुलैयामा फस्ने संस्कृतिको विकास भयो तर हाम्रो संगठनको ढाँचा, त्यसलाई परिचालन गर्ने तरिका र लक्ष्यसँग जोड्ने क्रम भने पुरानै ढर्राको हुन छाडेन । संगठनलाई आवश्यकतासँग र यसको लक्ष्यसँग जोड्ने र परिचालन गर्ने शैलीमा केही हदसम्म परम्परागत सोच र शैलीले घर गर्‍यो । संगठनात्मक क्षेत्रमा क्रमभंग गराएर संगठनलाई आवश्यकताको

हल गर्न सक्ने हैसियतमा गतिशील तुल्याउन जतिसम्भव र आवश्यक थियो । त्यति हुन सकिरहेको छैन ।

सर्वप्रथम संगठन के हो ? किन चाहियो ? नहुँदा के हुन्छ ? संगठनको प्रत्येक सदस्यको काम-कर्तव्य र अधिकार के हो ? भन्ने कुराप्रतिको दायित्वबोध नहुँदासम्म कुनै पनि संगठन सक्षम र क्रियाशील हुन सक्दैन । त्यसपछि संगठन कुन प्रकृतिको जरुरी छ ? लडाइको बेला कस्तो हुनुपर्दछ ? अन्य सामान्य अवस्थामा कस्तो हुनुपर्दछ ? यसको निर्माण, संचालन र परिचालन गर्ने विधि कस्तो हुनुपर्दछ भन्ने कुरा आउँछ । यी प्रश्नहरूको उत्तर एउटै र सधैं उस्तै हुन सक्दैन । बरु नयाँ विचारको आधारमा वस्तुगत र आत्मगत अवस्था र समय सापेक्ष हुनेगर्दछ । जस्तै सामान्य स्थितिमा संगठनको काम पनि सामान्य हुन्छ भने विशिष्ट असामान्य स्थितिमा संगठनको स्वरूप पनि विशिष्ट प्रकारको हुनुपर्दछ ।

युद्धको बेला बन्ने संगठन विशिष्ट संगठन हो तर यसलाई सामान्यसँग कसरी जोड्ने भन्ने प्रश्न ज्यादै महत्वपूर्ण छ । युद्धकालिन संगठनको सार र रूपलाई मिलाउन अधिकतम् ध्यान जान जरुरी छ । खासगरी जनआन्दोलनको बेला राज्यद्वारा प्रतिबन्धित संगठनहरूले प्रत्यक्ष नेतृत्व गर्ने सवाल यतिखेर पेचिलो बनेको छ । यसकारण संगठनको सार र रूपबारे सतर्कतापूर्वक मिलाउने कुरा अति महत्वपूर्ण रहन्छ । शहर अथवा श्वेत इलाकाहरूमा संगठनको जाल निर्माण गर्ने काम विशेष ढंगले थाल्नुपर्दछ । यतिखेर शहरी आन्दोलनमा हाम्रो उपस्थिति पातलो हुनुको पछाडि विगतदेखि उपर्युक्त संगठनात्मक संजाल र भूमिगत संगठनहरूको मजबुत आधार बन्न नसक्नु हो । निर्णायक र सशक्त आन्दोलन जहाँ हुनेगर्दछ त्यहीं हाम्रो उपस्थिति कमजोर हुनु निश्चय पनि सकारात्मक कुरा होइन । अबको आन्दोलनको केन्द्र र महत्व गर्ने ठाउँ भनेको शहर-राजधानी नै हो । सबभन्दा क्रान्तिकारी र वर्गसंघर्षको भीषण प्रक्रियाबाट अगाडि बढेको हाम्रो संगठनको शहरमा न भूमिगत संगठनको जालो छ न त शहरी आन्दोलनको नेतृत्व आवश्यक मात्रामा जन्मेको छ । जन्मेको नेतृत्व पनि जोगाउन सफल भइरहेका छैनौं । खुल्ला

**दास मालिकहरूको अत्याचारपूर्ण शोषणले दासहरूलाई संगठित हुन बाध्य पाऱ्यो र गुदास प्रथाको विरुद्धमा विद्रोहहरू समेत भड्कियो । आफ्नो वर्गको अस्तित्वको लागि अनिवार्य बनेको संघर्षको आवश्यकताले संगठनलाई जन्म दियो । संगठनको जन्म हुनको पछाडि ऐतिहासिक आवश्यकता र अगाडि लक्ष्य हुने गर्दछ । कम्युनिस्ट पार्टीको जन्म हुनुको कारण श्रमजीवी वर्गमाथि शोषण हुनु र सर्वहारावर्गको अभ्युदय हुनु थियो र यसको लक्ष्य साम्यवादमा पुग्नेछ ।**

समयमा बढी खुल्ने र भूमिगत समयमा भूमिगत हुने विगतको कार्यशैलीमा त्रुटी रहन गएको छ । नेतृत्वपंक्ति सबै खुल्ला नभएर एउटा टीम मात्रै खुल्ला हुने भयो भने र उपर्युक्त संयन्त्र निर्माण गर्न सक्ने हो भने अनावश्यक क्षति हुनबाट बच्न सकिन्छ । जसरी हरेक फौजी मोर्चाहरूमा समेत हतियार, टिम, आर्क विभाजन गर्दा उपर्युक्त खालको अफेन्स-डिफेन्स मिलाइएको हुन्छ र लडाई जित्न सकिन्छ त्यसैगरी शहरमा संगठनको संजाललाई विकास गर्नुपर्दछ । कुनै प्रतिक्रियावादी नै किन नहोस् त्यसैको नाम, कार्ड, झण्डाको आवरणमा हामी हाम्रो संगठनलाई सुदृढ गर्न सक्छौं । जनआन्दोलनको बेला मात्रै होइन, अघिपछि पनि विभिन्न नाम र रूपमा संगठनहरू बनाएर विद्यार्थीहरूलाई एकीकृत गर्न सक्छौं । सबै प्रकारको संयन्त्रलाई मुल संगठनको सूत्रमा बाँध्नु त्यति कठीन छैन । महत्वपूर्ण पक्षचाहिं बरु के हो भने अधैर्यता, संकीर्णता र महत्वाकांक्षाको शिकार बन्नबाट भने बच्न सक्नुपर्दछ ।

शहरी आन्दोलनको आवश्यकता, आन्दोलनको चरित्र र नेतृत्वको बीचमा ठूलो खाडल बन्न गएको छ । धानको बोटमा धान नै फल्छ, कोदो फल्दैन । सुन्तलाको बोटमा सुन्तला नै फल्छ, जुनार फल्दैन भन्नुको मतलब के हो भने शहरमा संगठन छ, आन्दोलन हुन्छ, त्यही प्रकारको नेतृत्वको जन्म पनि हुन्छ, शहरमा आन्दोलन पनि छैन संगठन पनि छैन, शहरी आन्दोलनको नेतृत्व गर्न लायक नेतृत्वको विकास पनि सम्भव छैन । हाम्रो संगठनको नेतृत्व विकासको आधार ग्रामीण संघर्ष हो हाइस्कूलभन्दा माथिबाट नेतृत्व उत्पादन अत्यन्त कम मात्रामा रहेको छ । विगतमा सबै बुर्जुवा संगठनहरूलाई पनि किचिमिची पार्न सक्ने तागत र नेतृत्व नजन्मेको होइन तर जटिल स्थितिमा त्यसले निरन्तरता पाउन सकेन । आवश्यकताले विश्व-विद्यालयहरू आन्दोलनको केन्द्र बन्नुपर्नेछ, विश्वविद्यालयहरूमा नेतृत्व गर्ने नेता, कार्यकर्ताको खाँचो छ । मासुमा गडेको काँडा निकाल्न काँडाजस्तै सियो प्रयोग गर्नुपर्छ भनेझैं विश्वविद्यालयहरूलाई आन्दोलनको केन्द्र बनाउन, व्यापक संगठनलाई विस्तार गर्न सम्पूर्ण ध्यान केन्द्रित गर्नुको विकल्प छैन । शहरी आन्दोलन विना न आन्दोलन हुन सक्छ न त संगठित र भरपर्दो विद्रोह नै ।

शहरको काम त हालसम्म पछि परेकै छ र यसलाई सच्याउन दृढ संकल्पित हुने कुरा भयो । शहर र गाउँको संघर्षलाई समायोजन नगरी हामी पुरानो सत्तामाथि हस्तक्षेप बढाउन सक्दैनौं । त्यसकारण गाउँ वा आधार क्षेत्रहरूमा रहेका केही समस्याहरूको विषयमा थोरै चर्चा गर्नु सान्दर्भिक नै हुन्छ । यहाँ एउटा संगठनको कुरा गर्दा समग्र जबस र पार्टीबीचको सम्बन्ध र बुझाइका केही समस्याहरू पनि केलाउन आवश्यक छ । सैद्धान्तिक रूपमा जबस र पार्टीबीचको सम्बन्धको बारेमा आधारभूत रूपमा बुझाइमा खासै अन्तर्विरोध छैन । तर कार्यान्वयनमा जाँदा केही जबससम्बन्धी हल्का-फुल्का बुझाइ छर्लङ्गै देखिन्छ । जबसहरू जनआन्दोलनमा महत्त्वपूर्ण भूमिका खेल्ने हुँदा विद्रोह संगठित गर्ने साधनहरू हो भनेर बुझ्नु पर्दछ । जनवर्गीय संगठनहरूलाई केही पनि होइन,

देखावटी चिज मात्रै हो भनेर बुझ्ने गरेको पनि पाइन्छ । जबसहरू हात्तीको देखाउने दाँत मात्र चाहिं पक्कै होइन, चपाउने बंगारा हो । पार्टी र जबसबीचको अन्तर्विरोधबारे होइन अन्तरसम्बन्धबारे बढी छलफल गर्न आवश्यक छ । यदाकदा पार्टी र जबसको कामलाई अलगअलग र अन्तर्विरोधी रूपमा बुझेको पाइन्छ तर जबस र पार्टीबीचको काम र सम्बन्ध अन्तर्विरोधी नभई सहायक र परिपूरक हुन्छ । विगतदेखि जबसलाई बुझ्ने र परिचालन गर्ने काममा कतिपय तल्लो तहमा उपेक्षा र बेवास्ता गरेको पाइन्छ । जसले गर्दा जबसहरूले आफ्नो तागत देखाउने बेला सुकेनास रोगसँग लड्नु परिरहेको छ । यदि रुखको जराहरू माटोभित्र गहिरोसँग घुसेको छ भने मात्रै माथिल्लो भाग काटिए पनि त्यो रुख ढल्दैन । माटो भनेको जनता हो विभिन्न जनवर्गहरू हुन् । जरा भनेको जबसहरू हो जराहरू आवश्यक मात्रामा माटोमा किन घुस्न सकेन ? माटो असाध्यै साह्रो भएर हो वा विरुवा नै कमजोर भएर हो ? पत्ता लगाउनु पर्दछ । माटो साह्रो भएर हो भने पानी हाल्नु पर्‍यो, विरुवाको जरा फितलो र कमजोर भएर हो भने आवश्यक मलखाद हाल्नु पर्दछ । यदि विरुवामा पानी वा मलखाद हालिदैन र आकासे पानीको भर पर्‍यौं भने खडेरीमा विरुवा सुकेर दाउरा हुन्छ जसलाई पुनः विरुवा बनाउन सकिदैन अर्को विउ रोपेर विरुवा हुर्काउनु पर्दछ । विगतमा पानी र मलखाद हाल्ने कुरामा केही कमी भएको छ । जबससम्बन्धी सोलोडोलो बुझाइ र परिचालनको विधि अपनाइयो र ठीक ढंगले परिचालन गर्न सकिएन भने विद्रोह बन्न सक्दैन । जसरी कारखानामा माल उत्पादनलाई बढाउनु पर्‍यो र अझ गुणस्तरमा पनि वृद्धि गर्नुपर्‍यो भने कारखानालाई आधुनिकीकरण गर्ने र मजदुर

> जनवर्गीय संग[illegible]लाई केही पत्ता [illegible], देखावटी चिज मात्रै हो भनेर बुझ्ने गरेको पनि पाइन्छ । जबसहरू हात्तीको देखाउने दाँत मात्र चाहिं पक्कै होइन, चपाने बंगारा हो ।

संख्या थप्ने गर्नुपर्दछ त्यसैगरी पार्टी, सेना, मोर्चा, सत्ता सबैतिर एउटै व्यक्तिले चलाउने पनि तरिका फेर्नु पर्दछ । फोर्सलाई विन्यास गर्दा पार्टी कमजोर हुन्छ भन्ने पनि बहस हुने गर्दछ । पार्टीलाई संख्यात्मक अर्थमा बुझ्ने नभएर जनतासँगको सम्बन्धको आधारमा बुझ्नुपर्दछ । पार्टी कति शक्तिशाली छ भन्ने कुरा त जनतामा कस्तो प्रभाव छ ? कति संगठित, दृढ र प्रतिबद्ध छन् ? भन्ने कुरामा भरपर्ने हो । त्यसकारण जनसम्बन्ध नभएको पार्टी वा संगठनको न अर्थ छ न त अस्तित्व नै । जनसम्बन्धलाई सुदृढ गर्ने र पार्टीको गतिशील विचारलाई जनतासम्म लैजाने माध्यम जबस नै हो । लडाइँमा कमाण्डरको कासन, एसल्ट र सपोर्ट ग्रुपहरूको एकीकृत प्रयत्नबाट मात्रै लडाइँ जितिन्छ । यदि एसल्टको ठाउँमा सपोर्ट ग्रुप गयो अथवा एसल्ट मात्रै भए हुन्छ अरु ग्रुप वा विभागहरू चाहिँदैन भन्ने भयो भने निश्चित रूपमा लडाइँ हारिन्छ ।

कागजी संगठन बन्ने एउटा परम्पराजस्तो मात्रै बनिसकेको छ । यसकारण परम्परालाई तोड्ने उपायहरूको खोजी गर्नुपर्छ । उपायहरूको खोजी कोठामा बसेर ध्यान वा तपस्या गरेर हुँदैन । यसको लागि वास्तविक कार्यशालाभित्र जनसमुदायसँग घनिष्ठ भएर घुसेर मात्रै सकिन्छ । विद्यालय वा क्याम्पसमा प्रत्यक्ष नजोडिने हो भने स्वतः गैरविद्यार्थीहरूको संगठन बन्न पुग्दछ र हाम्रो संगठनको नेतृत्वले विद्यार्थी चरित्र र स्वत्व कायम गर्न सक्दैन । त्यही क्याम्पस वा विद्यालयमा पढ्ने विद्यार्थीसँग जति भावनात्मक र वैचारिक निकटता कायम हुन्छ अरुसँग हुँदैन । त्यसकारण आधारक्षेत्र र सबै सम्भव ठाउँहरू (विद्यालय-क्याम्पस) मा २/३ वटासम्म विद्यालय क्याम्पस हेर्ने गरी भर्ना गर्नुपर्दछ र नियमित विद्यालय जाने बरु पालैपालो गरेर जाने र सांगठनिक कामलाई सुदृढ गर्न सकेमा शिक्षण संस्थाहरू हाम्रो वास्तविक कार्यशाला बन्न सक्छ । राम्रोखालको एसीएम वा डीसीएमहरूलाई पनि यस कार्यशालामा तैनाथ गरिनु पर्दछ । निश्चित अवधिको लागि योजना र लक्ष्यसहित उपल्लो निकायको निर्देशन र निगरानीमा काम गर्ने हुँदा ट्र्याक बाहिर जाने खतरा पनि रहँदैन । साथै विद्यार्थीहरूमा पर्ने मनोवैज्ञानिक त्रास पनि घट्छ । विद्यालयको पठनपाठन र अनियमितताहरूमा पनि सुधार ल्याउन सकिन्छ । यसको मतलब बुर्जुवा शिक्षा पढ्नै पर्ने भयो भन्ने अर्थमा पटक्कै बुझिनु हुन्न । बरु यसो गर्दा काममा सहजता पैदा हुने, विद्यार्थी चरित्रको नेता-कार्यकर्ताको विकास हुने हुन्छ । पूर्णकालीन नभएको कार्यकर्ता नै होइन भन्ने सोचलाई भत्काएर अरु उत्तराधिकारीहरूको जत्थीबन्दी नहुन्जेलसम्म खासखास पात्रलाई त्यहीं जमेर काम गर्न प्रोत्साहित गर्नुपर्दछ । अर्को महत्त्वपूर्ण विषय के छ भने कार्यकर्ताको निश्चित ठाउँमा जिम्मेवारी दिइसकेपछि एउटा अवधि ढुक्कले दायित्वबोधका साथ काम गर्ने वातावरण बन्नु पर्दछ । छिटोछिटो हुने स्थानान्तरणले जिम्मेवारी सम्हाल्ने कुरामा अस्थिर मानसिकताको विकास हुने गर्दछ । जसले गर्दा आफ्नो कार्यक्षेत्रमा धुलमिल हुन र रमाउन पाउँदैन, पुरानो र नयाँको सापेक्षित सन्तुलन कायम हुन नसक्दा पनि दक्ष र अनुभवी कार्यकर्ताको अभाव खड्किन पुग्दछ । अर्को एउटा के चिन्तन देखा परिरहेको छ भने निश्चित एरिया, जिल्ला वा क्षेत्रको सीमाभित्र कैद हुने । १-२ महिना एरियाबाट अन्यत्र जानु पर्‍यो भने खिन्न हुने । यो सत्ताप्रतिको मोह र सत्ताविहीनताप्रतिको चिन्ता हो । यसले क्रान्तिलाई सेवा गर्दैन ।

अर्को पक्ष भनेको नेतृत्व जनतासँग जोडिने महत्त्वपूर्ण पक्ष हो । आदेशदेखि आदेशसम्म, निर्देशनदेखि निर्देशनसम्म मात्रै हाम्रा योजनाहरू सीमित बन्न पुग्यो भने संगठनहरू स्वतःनिस्क्रिय बन्न पुग्दछ । नेतृत्व मनोगत र अतिरञ्जित रिपोर्टको शिकार बन्ने खतरा रहन्छ । तल्लो कमिटीले के गर्‍यो भनेर हेर्ने मात्रै होइन, के गराउने भन्ने कुरा नेतृत्वमा भर पर्छ । टिम स्पिरिटका साथ केन्द्रीकृत बुझाइ र दुश्मनका विरुद्ध केन्द्रीकृत हमला गरेर मात्रै हामीले हाम्रो तागत र विचारलाई गुणात्मक उचाइमा उठाउन सक्छौं । आगामी दिनहरू हाम्रा अध्ययन र परीक्षाको दिनहरू हुनेछ । हाम्रो सोचाइहरूमा क्रान्ति, क्रान्तिभित्र पनि क्रान्ति नगरी गम्भीर चुनौतीको सामना गर्न सक्दैनौं । मालेमावाद र प्रचण्डपथको आलोकमा हामीले हाम्रा विचार र विधिहरूलाई समृद्ध पार्दै जान जरुरी छ । अस्तित्व जोगाउनु ठूलो कुरा होइन अरु माथि हाम्रो विचार हावी गराउनु र हरक्षेत्रमा क्रान्ति महत्वपूर्ण र अपरिहार्य कुरा हो ।◆

# जनवादी शिक्षासम्बन्धी मालेमावाद र प्रचण्डपथीय दृष्टिकोण



झपट साउद, सचिवालय सदस्य- अखिल (क्रान्तिकारी) के.स.

हाम्रो गौरवशाली संगठन अनेरास्ववियु (क्रान्तिकारी) विगत लामो समयदेखि शिक्षा क्षेत्रमा आमूल परिवर्तन गरी अथवा पुरानो शिक्षा प्रणालीको अन्त्य गरी सर्वसुलभ, वैज्ञानिक, व्यवहारिक र प्रगतिशील शिक्षा प्राप्तिको लागि संघर्षरत छ। मार्क्सवाद-लेनिनवाद-माओवाद र प्रचण्डपथलाई पथप्रदर्शक सिद्धान्तको रूपमा ग्रहण गरी ने.क.पा.(माओवादी) का अध्यक्ष क.प्रचण्डको नेतृत्वमा संचालित महान् जनयुद्धसँग एकाकार हुँदै जनवादी शिक्षा प्राप्तिको महान् अभियानलाई अगाडि बढाइरहेको छ। वर्गीय समाजमा शिक्षा पनि वर्गीय हुने गर्दछ। बुर्जुवा वर्गले शिक्षालाई आफ्नो हितअनुकूल विकास र प्रयोग गर्दछन् भने सर्वहारावर्गले पनि आफ्नो हितअनुकूल बनाउँदछ। त्यसैले वर्गसंघर्षबिना सामन्तवाद र साम्राज्यवादको अन्त्य गरी जनवादी सत्ताको स्थापना गर्न सकिदैन, न त जनवादी सत्ताबिना जनवादी शिक्षा नै प्राप्त गर्न सकिन्छ। वर्गसंघर्षको माध्यमबाट प्राप्त गरिने जनवादी शिक्षा र मालेमावाद र प्रचण्डपथको शैक्षिक दृष्टिकोण सम्वन्धी अध्ययन गर्न आवश्यक छ। अनि मात्र हामीले चाहेको शिक्षाको बारेमा स्पष्ट भइनेछ।

कुनै पनि देशको भविष्य कतातिर लैजाने भन्ने निधो त्यो देशको शिक्षा नीतिमा र शिक्षा नीति कस्तो बनाउने भन्ने कुरा त्यो देशको (सत्ताको मालिक) शासकवर्गको दृष्टिकोणमा भर पर्दछ। सर्वहारावर्गका महान् गुरु कार्ल मार्क्सले भन्नु भएको छ- "शिक्षा श्रमसँग जोडिएको सर्वसुलभ, व्यावहारिक र बहुप्राविधिक हुनुपर्दछ। जब शिक्षा श्रमबाट कटाइन्छ त्यो शिक्षा केवल व्यक्तिगत मान-सम्मान र पद-प्रतिष्ठामा मात्र केन्द्रित हुन्छ र केवल कागजी डिग्रीमा सीमित भई अन्ततः मानिसलाई परनिर्भर बनाउनुका साथै दलाल र दास बनाउँदछ। त्यसैले शिक्षालाई श्रमसँग जोडी कारखाना र खेतवारीलाई प्रयोगशाला बनाउनुपर्छ। मजदुर-किसानसँग जोडिनु पर्छ, अनि मात्र स्वावलम्बी, आत्मनिर्भर जनशक्ति उत्पादन गर्न सकिन्छ। शिक्षा केही मुट्ठीभर शासकहरूको पहुँचमा मात्र हैन आम जनसमुदायले सहजै हासिल गर्न सक्ने सर्वसुलभ हुनुपर्दछ। अनि मात्र देशको विकास हुन्छ। कार्ल मार्क्सले भन्नुहुन्छ- शिक्षाबाट हाम्रो तात्पर्य तीन कुरासँग छ, पहिलो- मानसिक शिक्षा, दोस्रो-शारीरिक परिश्रम (स्कुलहरूमा व्यायामद्वारा सैनिक अभ्यास दिइन्छ) तेस्रो- बहुप्राविधिक शिक्षा जसले उत्पादनका सम्पूर्ण प्रक्रियाको आम सिद्धान्त सिकाउँछ। उपयुक्त तीन कुराहरू आपसमा समायोजित गर्नाले मजदुर वर्ग अभिजात तथा पुँजीपति वर्गको स्तरभन्दा कैयौं माथि उठ्नेछ। उहाँले कृषि विज्ञानको अनिवार्य शिक्षाको पनि चर्चा गर्नु भएको छ, यो देखेर पुनःनिर्माणकालमा नगर र गाउँका उत्पादन कार्यहरू एकअर्कोको नजिक आउनु लाक्षणिक छ, सबै स्कूलहरूमा, फ्याक्ट्री-कारखानाहरूका स्कूलहरूमा पनि कृषि विज्ञानको सैद्धान्तिक र व्यवहारिक शिक्षा एकदम अनिवार्य हुन जान्छ। मार्क्स अगाडि भन्नुहुन्छ- कि मानवलाई एक पूर्णतया विकसित यस्तो व्यक्तिमा बदलियोस्, जो अनेक प्रकारका काम गर्न योग्यता राखोस् जो उत्पादनमा हुने कुनै पनि परिवर्तनको लागि तयार होस्।

मार्क्सवादी शिक्षा दर्शनमाथि थप जोड दिदै लेनिनले भन्नु भएको छ- पुरानो शिक्षा पढ्नु गलत होइन तर आलोचनात्मक ढंगबाट पढ्नुपर्छ। पुरानो शिक्षाभित्र भएका सकारात्मक चिज जो भावी साम्यवादको लागि आवश्यक छ, त्यसलाई ग्रहण गर्नुपर्छ, नकारात्मक चिजलाई हटाउनु पर्छ। नयाँ शिक्षा पनि पुरानो शिक्षाकै गर्भबाट जन्मिन्छ वा पुरानो शिक्षालाई नयाँ जनवादी शिक्षाले निषेध गर्दछ, पुरानो शिक्षाको राम्रो ज्ञान नभइकन त्यसभित्रका राम्रा र नराम्रा पक्ष छुट्याउन सकिदैन वा राम्रो चिजलाई ग्रहण र नराम्रो चिजलाई हटाउन सकिदैन तर पढ्ने नाममा पुरानो शिक्षा प्रणाली, सुगा रटाइ वा किताबदेखि किताबसम्म सीमित राख्दछ र अन्ततः प्रतिक्रियावादीकै चाकरी गर्न सिकाउँछ र परनिर्भर बनाउँदछ। त्यसैले शिक्षा व्यवहारिक श्रमसँग जोडिएको हुनुपर्छ। महान् गुरु लेनिनले जोड दिएर भन्नु भएको छ- भविष्यको एउटा आदर्श समाजको कल्पना युवा पुस्ताको शिक्षालाई उत्पादनशील श्रमसँग संयोजन नगरिकन गर्न सकिदैन न त उत्पादनशील श्रमबिना प्रशिक्षण र शिक्षालाई न तदनुरूप प्रशिक्षण र शिक्षाविना उत्पादनशील श्रमलाई नै त्यो स्तरम्म उठाउन सकिन्छ, जुन वर्तमान प्रविधिको स्तर र वैज्ञानिक ज्ञानको अवस्थाको लागि आवश्यक छ।

यसैगरी चीनमा क.माओले मार्क्सवादी-लेनिनवादी शिक्षा दर्शनलाई विकास र प्रयोग गर्ने क्रममा भन्नु भएको छ- अध्ययन गर्नु धेरै राम्रो कुरा हो तर अध्ययन केवल व्यक्तिगत हित, पद, प्रतिष्ठा र निजी स्वार्थभन्दा पनि सर्वहारावर्गको हितसँग

जोडिएको हुनुपर्छ । शिक्षा मजदुर-किसानसँग जोडिएको हुनुपर्छ, वास्तविक शिक्षा हासिल गर्न ठूलठूला महलहरूमा होइन, गरिब किसानको झुपडीमा जानुपर्छ, आम विद्यार्थी, शिक्षक, बुद्धिजीवीलाई गरिब किसान र मजदुरहरूसँग प्रत्यक्ष श्रममा जोड्नु पर्छ अथवा मजदुर किसानबाट सिक्नु र उनीहरूलाई सिकाउनु दुवै काम गर्नुपर्छ । शिक्षकले विद्यार्थीबाट सिक्नु र विद्यार्थीलाई सिकाउनु, आलोचना र आत्मालोचनाको विधिद्वारा अगाडि बढ्नुपर्छ ।

नेपाली शैक्षिक प्रतिनिधि टोलीसँग कुरा गर्दै क.माओले भन्नु भएको थियो- शिक्षा मानिसको प्रत्यक्ष जीवन व्यवहारमा जोडिएको हुनुपर्छ । पाठ्यपुस्तक अनावश्यक भारी भरकम र बोझिलो होइन, छोटो र व्यवहारिक हुनुपर्छ । परीक्षा प्रणालीमा परिवर्तन गर्नुपर्छ, दुश्मनलाई धराप थापेजस्तो हुनुहुँदैन । भनाइको मतलब के हो भने परीक्षा लिँदा विद्यार्थीलाई निश्चित समयभित्र प्रश्न हल गर्न लगाइन्छ । जो परीक्षा सुरु हुनुभन्दा एक मिनेट अगाडि पनि विद्यार्थीलाई प्रश्न कस्तो छ भन्ने कुरा थाहा हुँदैन जब परीक्षा सुरु गर्न घण्टी लगाइन्छ, अनि मात्र एक्कासी विद्यार्थीको हातमा प्रश्नपत्र दिइन्छ, कतिपय विद्यार्थीले जानेको समेत लेख्न सक्दैनन्, किनभने उनीहरूको मनोबल नै कमजोर भइसकेको हुन्छ । अनि धेरै विद्यार्थीहरू फेल हुन्छन् । त्यसकारण परीक्षा प्रणाली यस्तो हुनुपर्छ कि परीक्षा लिनुभन्दा केही दिन अगाडि नै विद्यार्थीलाई प्रश्नपत्र वितरण गरिनुपर्छ, उनीहरूलाई राम्रो तयारी गर्ने अवसर दिइनुपर्छ, जब परीक्षामा जुन विद्यार्थीले आफ्नो सिर्जनशीलतामा प्रश्नको उत्तर लेखेको हुन्छ, त्यसलाई १०० मा ५० मात्र हल गरेको भए पनि पूरै नम्बर दिनुपर्छ, जुन विद्यार्थीले हुबहु सारेको वा नक्कल गरेको छ, त्यसले १०० मा १०० हल गरेको भए पनि ५० प्रतिशत नम्बर मात्र दिनुपर्छ । मुख्य कुरा परीक्षामा बढीभन्दा बढी विद्यार्थी पास गराउने लक्ष्य लिनुपर्दछ । अथवा १०० मा ९५ प्रतिशत विद्यार्थी पास हुनुपर्दछ ।

नेपालमा यसको ठीक विपरीत भइरहेको छ, त्यसैले शिक्षामा आमूल परिवर्तन गर्न जरुरी छ । मालेमावादी शिक्षा दर्शनको विकास र प्रयोगमा अध्यक्ष क.प्रचण्डले थप्नु भएको प्रतिक्रियावादी राज्यसत्ताले अवलम्बन गरेको शिक्षा नीति स्वभावैले सामन्त, दलाल र पुँजीपति वर्गको आवश्यक नोकर तयार पार्ने उद्देश्यमा आधारित रहेको छ । सैद्धान्तिक रूपमा पुरानो शिक्षा प्रणली पूरै प्रतिगामी शिक्षा प्रणाली हो । जसमा सामन्त, दलाल तथा नोकरशाही पुँजीपतिवर्गको स्वार्थभन्दा अन्य केही छैन । श्रमबाट कटाएको विज्ञानविरोधी, विस्तारवाद र साम्राज्यवादसामु घुँडा टेक्ने राष्ट्रियताविरोधी एवं परिवर्तनका बाधक प्रजातन्त्रका विरोधी पुरानो शिक्षा प्रणालीको उद्देश्य आम युवाहरूमा सामन्ती रुढिवादी चिन्तनको विकास गराएर आत्मकेन्द्रित व्यक्तिवादी अराजक, पदलोलुप, दास मनोवृत्तिका भार नोकरहरू तयार पार्ने शिवाय अरु केही छैन । अध्यक्ष क.प्रचण्ड भन्नुहुन्छ- "क्रान्तिको आजको युगमा त्यो पुरानो शिक्षा नीतिका विरुद्ध विद्रोह गरी प्रतिक्रियावादी राज्यसत्ताका स्कूल, क्याम्पस र युनिभर्सिटीहरूलाई जनयुद्धका महान् विश्वविद्यालयहरूमा रूपान्तरण गर्नु आजको आवश्यकता हो ।" उहाँले अगाडि जोड दिएर भन्नुभएको छ- "आजको विद्यार्थीहरूले शोषकवर्गको अवैज्ञानिक आदर्शवादी चेतनाका विरुद्ध द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको वैज्ञानिक चेतना हासिल गर्न विशेष जोड लगाउनै पर्छ ।" त्यसका लागि मार्क्सवाद-लेनिनवाद-माओवादका वैज्ञानिक एवं क्रान्तिकारी सिद्धान्तहरूको अध्ययन, प्रचार र अनुशरणका लागि आम विद्यार्थी परिचालनमा पहल गर्न सचेत र क्रान्तिकारी विद्यार्थीहरूको निरन्तर प्रयत्न हुनुपर्छ । मार्क्सवाद-लेनिनवाद-माओवाद मानव जातिलाई नै मुक्त गर्ने एक मात्र वैज्ञानिक दर्शन हो र यसको ज्ञानविना जनताको सेवाका सबै कुरा खोक्रा बकवास मात्र हुन्छन् । अनि विद्यार्थीहरूमा यो वैज्ञानिक विचारधाराको अध्ययन, प्रचार र अनुशरणको तिर्खा जगाउनु आजको आवश्यकता हो । जनयुद्धकालमा यो वैज्ञानिक शिक्षा अभियानलाई आम मजदुर, किसानसम्म फैलाउनु समेत विद्यार्थी समुदायले आफ्नो कार्यसूची तयार पार्न जरुरी छ । भीषण युद्धकालको शिक्षा प्रणालीको चरित्र र उद्देश्य ध्वंस केन्द्रित हुन जरुरी छ । यहाँ महत्त्वपूर्ण पक्ष ध्वंस निर्माणको महान् प्रक्रियालाई अलिकति पनि नजरअन्दाज गर्नु हुँदैन । त्यसैले प्रमुख त नयाँ शिक्षाले दिने यतिबेलाको ज्ञान चेतना पनि ध्वंसकै हुने गर्दछ र सहायकमा निर्माणको पनि । वर्गसंघर्षको सिद्धान्त र राजनीतिलाई प्रधानता दिने सैनिक ज्ञानका लागि अनिवार्य तालिम दिने क्रान्तिको कामसँगै योजनाबद्ध रूपमा मानसिक श्रमसँगै शारीरिक श्रम गर्नको लागि जनसेनामा सहभागी हुने क्रमसँगै शिक्षा र शिक्षाबाट नयाँ चेतनाको मर्मअनुरूप शिक्षण संस्थासँगै कारखाना र खेतबारीलाई प्रयोगशाला बनाउने किसान र मजदुरहरूले विद्यार्थीलाई प्रयोगात्मक शिक्षा दिने, व्यक्तिगत मानसम्मान र प्रतिष्ठाको निम्ति शिक्षा होइन कि देश, जनता र क्रान्तिप्रति समर्पित हुने नैतिकवान जनशक्ति उत्पादन गर्ने नयाँ जनवादी शिक्षा प्रणालीको मुलभूत उद्देश्य र तत्व हुन् । यसको विधि शिक्षकलाई विद्यार्थी र विद्यार्थीबाट शिक्षकले अथवा किसान मजदुरबाट विद्यार्थीले र विद्यार्थीबाट मजदुर किसानले सिक्ने मुख्यत: आलोचना र आत्मालोचनाको विधि नै हो ।

शिक्षा मार्क्सवाद-लेनिनवाद-माओवाद र प्रचण्डपथमा आधारित दुनियाँलाई बुझ्न मात्र होइन, बदल्न पनि प्रत्यक्ष सहायक सिद्ध होस् र भुल्नै नहुने कुरा के हो भने जबसम्म मालेमावाद र प्रचण्डपथीय विचारद्वारा निर्देशित राज्यसत्ता स्थापना हुँदैन तबसम्म हामीले चाहेको जनवादी शिक्षा पनि प्राप्त हुन सक्दैन । ◆

**परीक्षा लिनुभन्दा केही दिन अगाडि नै विद्यार्थीलाई प्रश्नपत्र वितरण गरिनुपर्छ, उनीहरूलाई राम्रो तयारी गर्ने अवसर दिइनुपर्छ, जब परीक्षामा जुन विद्यार्थीले आफ्नो सिर्जनशीलतामा प्रश्नको उत्तर लेखेको हुन्छ, त्यसलाई १०० मा ५० मात्र हल गरेको भए पनि पूरै नम्बर दिनुपर्छ, जुन विद्यार्थीले हुबहु सारेको वा नक्कल गरेको छ, त्यसले १०० मा १०० हल गरेको भए पनि ५० प्रतिशत नम्बर मात्र दिनुपर्छ । मुख्य कुरा परीक्षामा बढीभन्दा बढी विद्यार्थी पास गराउने लक्ष्य लिनुपर्दछ । अथवा १०० मा ९५ प्रतिशत विद्यार्थी पास हुनुपर्दछ ।**

✪ विलियम हिण्टन

# सर्वहारा सांस्कृतिक क्रान्तिमा शैक्षिक रूपान्तरण*

गाउँमा यस्तो चलन छ कि उत्पादन ब्रिगेडले नै प्राथमिक शिक्षाको पूरै जिम्मेवारी लिन्छ । शिक्षकहरूको चयन, उनीहरूलाई तलब दिने काम अब प्रान्त वा देशको शिक्षा विभागले गर्दैन । ती शिक्षकहरूको भरण-पोषण सिधै उत्पादन ब्रिगेडद्वारा गरिन्छ जसले सिधै तलब दिनको सट्टा शिक्षकहरूलाई पनि ब्रिगेडका आम सदस्यहरूलाई झैं अंक दिइन्छ । यसप्रकार गाउँका नयाँ पाठ्यक्रम धरातलीय यथार्थमा आधारित छ, जसमा किसानको उत्पादन तथा वर्गसंघर्षका व्यवहारिक जरुरतको झलक मिल्छ । ती देशी विशेषज्ञ, नमूना मजदुर र मजदुर नायकबाट काफी फाइदा भएको छ । जसले ती समस्याहरू र प्रविधिहरूको बारेमा बताउँछन् जसमा उनीहरूले दक्षता हासिल गरेका छन् । कक्षाका समय दिनप्रतिदिन र मौसमको फेरबदल अनुसार बदलिरहन्छ ताकि विद्यार्थीहरू फुर्सदको समयमा उत्पादनका कार्यमा सामेल हुन स्वतन्त्र होऊन् । बच्चाहरू, आफ्ना साना भाइ-बहिनी र यहाँसम्म कि उनीहरूले हेर्ने भेँडा वा अन्य जनावर पनि स्कूलमा लान पाउँछन् ।

यी गाउँका स्कूलहरूमा पढेर आउने विद्यार्थीहरूबाट उनीहरू कम्युनमा नै रहन् र कम्युनलाई राजनैतिक र आर्थिक रूपले विकसित गर्नमा मद्दत गरुन् भन्ने आशा राखिन्छ । कम्युनबाट अगाडिको पढाइ (जस्तै माध्यमिक स्कूल) का लागि जाने विद्यार्थीका लागि त्यहाँको समुदायको लागि जरुरी हुने विशेष किसिमको प्रशिक्षणका लागि चुनाव गरिन्छ । ती विद्यार्थीहरूबाट पनि जनताको उत्पादनका लागि र वर्गसंघर्षको स्तरलाई बढाउन सक्ने उन्नत कौशलको र उन्नत राजनीतिक ज्ञानसहित फर्केर आउन भन्ने आशा गरिन्छ ।

शिक्षाको उद्देश्य जस्तो कि माओले सार प्रस्तुत गर्नु भएको छ, मजदुरहरूलाई समाजवादी चेतना र संस्कृति दुवैको प्रशिक्षण दिनु पर्दछ न कि कुलीन बुद्धिजीवी पैदा गर्ने जो क्रान्तिकारी राजनीति, उत्पादन मजदुरहरू र किसानहरूको जिन्दगीबाट कटेको होस् ।

उच्च शिक्षाको बारेमा माओले भन्नुभएको छ- विश्वविद्यालयहरूको हामीलाई आज पनि जरुरत छ, यहाँ मेरो आशय विज्ञान र इन्जिनियरिङ कलेजको हो । तर पनि स्कूलमा शिक्षाको अवधि छोटो गर्न जरुरी छ । शिक्षालाई क्रान्तिकरण गरिनु पर्दछ, सर्वहारा राजनीतिको कमानमा राख्नुपर्दछ र चुनिएका मजदुरहरूलाई प्राविधिकहरूको रूपमा प्रशिक्षित गर्नका लागि संघाई मेशिन उपकरण प्लान्टको मार्गलाई अपनाउनु पर्दछ । विद्यार्थीहरूको चुनाव व्यवहारिक अनुभवद्वारा सम्पन्न मजदुर र किसानहरूका बीचमा गरिनु पर्दछ र केही वर्षको शिक्षापछि विद्यार्थीहरू उत्पादन कार्यमा लाग्नु पर्दछ ।



*माओले भन्नु भएको छ– स्कूलमा शिक्षाको अवधि छोटो गर्न जरुरी छ । शिक्षालाई क्रान्तिकरण गरिनु पर्दछ, सर्वहारा राजनीतिको कमानमा राख्नुपर्दछ*

प्लाण्ट र कम्युनबाट जुन माओत्सेतुङ विचारधारा प्रचार टोली गठन भएको छ, त्यसको निर्देशनमा चीनका विश्वविद्यालय र कलेज उपरोक्त दिशामा रूपान्तरित हुन लागेका छन् । केही इन्जिनियरिङ कलेजलाई बन्द गरेर तिनीहरूलाई नजिकैका प्लान्टहरू र डिजाइन तयार गर्नेबेला इकाइहरूसँग जोडिएको छ ताकि विद्यार्थी, शिक्षक, इन्जिनियर, नक्साङ्कन गर्नेवाला मजदुर र प्राविधिकहरू शहरी उत्पादन कम्युनको रूपमा उत्पादन गर्न, सिक्न र अन्ततः केही रचना गर्ने कामलाई पटकपटक दोहोऱ्याए उत्पादन टिमलाई उन्नत बनाएर उनीहरू उत्पादन गर्ने र सिक्ने नयाँ कम्युनको स्थापना गर्न सक्षम हुन सकून् ।

गाउँका कम्युनहरू झैं यहाँ पनि उत्पादनमा लागेका, अघि बढेका मजदुरहरू र इन्जिनियरहरूलाई नै विशिष्ट क्षेत्रमा शिक्षक बनाउने कुरामा बढी जोड दिइन्छ । यी मजदुर र इन्जिनियरहरू नियमित रूपले अंशकालीन शिक्षक हुन्छन् । पूर्णकालीन शिक्षकहरूका काम कलेज, कारखाना र वैज्ञानिक अनुसन्धानका इकाइहरूबीच जीवन्त सम्बन्ध स्थापित गर्ने मात्र भइरहेको छ । समय-समयमा आफ्नो व्यवहारिक अनुभवहरूलाई बढाउनका लागि विद्यार्थीहरू पनि प्रशिक्षण दिन सक्छन् जबकि पूर्णकालीन शिक्षकहरूलाई त्यस समय उत्पादन कार्यमा हिस्सा लिनका लागि प्लाण्ट र गाउँका कम्युनहरूमा जानु पर्दछ ।

प्राथमिक शिक्षादेखि लिएर उच्च शिक्षासम्म हर स्तरमा समाजवादी चेतना र संस्कृति, दुवैद्वारा लैस मजदुर पैदा गर्नेको लक्ष्यमा केही महत्वपूर्ण सुधार भइरहेको छ । ती हुन (१) व्यापक मात्रामा मजदुर र किसानहरूका बच्चाहरूलाई शिक्षा दिनु (२) पाठ्यक्रमको अवधिलाई छोटो बनाउनु र गुणमा जोड दिनु थोरै होस् तर राम्रो होस् (३) पाठ्यसामग्रीलाई व्यवहारिक काम

* *यो विलियम हिण्टनको निबन्ध संग्रह 'सर्वहारा सांस्कृतिक क्रान्ति, चिनियाँ इतिहासको कुइनेटो' बाट लिइएको एक अंश हो र यसको शीर्षक प्रकाशन विभागले चयन गरी प्रकाशित गरिएको हो ।*

र शारीरिक श्रमसँग जोड्नु, (४) सुगा रटाइ गर्नुको सट्टा प्रयोगहरू मार्फत् पढाउनु (५) सपुस्तकीय परीक्षा, जो रट्न्ते विद्याको सट्टा ज्ञानको खोज र त्यसको समायोजनमा जोड देओस् । (६) जीवन्त अध्ययन र माओविचारधाराको प्रयोग क्रान्तिकारी चिनियाँ जनताको लागि यो विचारको जरा येनानको प्रतिरोध विश्वविद्यालयमा लिनप्याओद्वारा सुरु गरिएको शिक्षा व्यवस्था (१९३७-४५) मा छ, जहाँ विद्यार्थीहरू आफ्नो खर्च हस्तशिल्प र बाली उत्पादन गरेर आफै निकाल्थे । शिक्षक र विद्यार्थीहरूमा भेदभाव थिएन, उनीहरू एक-अर्कालाई मद्दत गर्दथे । आलोचना र आत्मालोचनालाई व्यवहारमा ल्याउँथे । अध्ययनको त्यस नयाँ जनवादी व्यवहारको समाजसँग जुन त्यहाँ निर्माण भइरहेको थियो, त्यसबेला लडिरहेको राष्ट्रिय मुक्ति युद्धसँग यसको घनिष्ठ सम्बन्ध थियो । १९४५-४९ सम्म मुक्त क्षेत्रका विद्यालय र महान् अग्रगामी छलाङका लाल र विशेषज्ञ विद्यालय सबै यिनै सिद्धान्तमा आधारित थिए । तर पश्चिमा शैलीको प्राज्ञिक प्रणाली विशेषज्ञता र व्यवहारबाट कटेको सिद्धान्तमा जोड दिनेवाला शिक्षाको वर्चश्व १९४९ मा पूरै चीनलाई मुक्त गरेपछि पनि प्रभावी बनिरह्यो । सुधारको बारेमा पटकपटक आश्वासन दिइयो तर शिक्षा कमबेसी पुरानै ढर्रामा चलिरह्यो । यी सबै कुराहरूले सांस्कृतिक क्रान्तिको दौरानमा भएका जबर्जस्त उथलपुथलका लागि रंगभूमि तयार गरिदिए ।

यो कुरा साँचो हो कि जनसंगठन र प्रचार टोलीका आम कार्यकर्ताले चाहेको जस्तो मात्र भइरहेको थिएन । परम्परागत तरिकाप्रति तीखो प्रहारका कारण धेरै विद्यार्थीहरू पढेर केही फाइदा छैन र धेरै शिक्षकहरू पढाउन धेरै खतरनाक काम

**पश्चिमा शैलीको प्राज्ञिक प्रणाली विशेषज्ञता र व्यवहारबाट कटेको सिद्धान्तमा जोड दिनेवाला शिक्षाको वर्चश्व १९४९ मा पूरै चीनलाई मुक्त गरेपछि पनि प्रभावी बनिरह्यो । सुधारको बारेमा पटकपटक आश्वासन दिइयो तर शिक्षा कमबेसी पुरानै ढर्रामा चलिरह्यो ।**

हो भन्ने निष्कर्षमा पुगेका छन् । जब पुराना अनुशासन ध्वस्त गरिएको हुन्छ नयाँ अनुशासन स्थापित गर्न कठीन हुन्छ । केही विद्यार्थीहरू भागिरहेका छन्, विद्यालयमा जहिले मन लाग्यो अनुपस्थित भइरहेका छन् । स्कूल आए पनि जे मन लाग्यो त्यही गरिरहेका छन्, यहाँसम्म कि उनीहरू भोलि फेरि पुनः शिक्षाको निशाना बन्नुपर्ने डरले पढाइ इन्कार गरिरहेका छन् । केही अभिभावक उनीहरूका केटाकेटीहरूले केही पनि नसिकिरहेको निष्कर्षमा पुगिरहेका छन् । यसकारण उनीहरू स्कूलमा आफ्नो बच्चाको नाम कटाइरहेका छन् । यति धेरै शिक्षकहरूलाई विद्यालयमा पुँजीवादी विशेषज्ञ भनेर हमला गरिएको छ कि विद्यालयमा शिक्षकहरूको कमी भएको छ । जो शिक्षकहरू बचेका छन् तिनीहरू लाचार छन् । उनीहरू के पढाउने भन्ने पनि जान्दैनन् र अनुशासन लागू गराउने साहस पनि गर्दैनन् । कोही दिनभरि माओका उद्धरणहरूका बुँदाबुँदा पढाइरहेका छन् र अर्को काम पाउन प्रार्थना गरिरहेका छन्, जसबाट उनीहरूलाई बढी तलब मिलोस् वा कामको अंक धेरै मिलोस् । शिक्षाका प्रमुख, केही किसान दिनभरि कुचो लगाउने र कुर्ची मर्मत गरेर समय बिताउँछन् ।

केही कारखानाले विद्यालय चलाउँछ, त्यसको निरीक्षण दोस्रो कारखानाको त्यो टोलीले गर्छ, जसलाई त्यसकारखानाको उत्पादनसँग कुनै वास्ता हुँदैन । यसैगरी विद्यार्थी, शिक्षक, प्रचार टीम र सैनिक इकाइहरूसँग तिनीहरूमा सामेल भएका सैनिकहरूबीच वैमनस्यता र गुटवादीले झगडा पैदा हुन्छ ।

यसप्रकारका समस्याहरूलाई एकएक गरी समाधान गरिदैछ । यो सुधार आन्दोलनको प्राथमिक पाटो होइन बाँकी सामान्य समस्या हो, जसलाई राजनैतिक अध्ययनको माध्यमबाट इमान्दारीका साथ आपसमा आलोचना र आत्मालोचनाको माध्यमबाट तथा व्यवहारको माध्यमबाट हल गर्न सकिन्छ ।


कृषि, उद्योग र शिक्षामा भइरहेको रूपान्तरणको यो संक्षिप्त रूपरेखा अहिलेलाई काफी छ । पाठकले यो ध्यानमा राख्नु पर्दछ कि एउटा नयाँ समाजवादी मार्गको लागि जीवनको हरक्षेत्रमा संस्कृति, सैन्य मामला, वैदेशिक मामला, उच्चस्तरको वैज्ञानिक अनुसन्धान, कला, संस्कृति, साहित्यजस्ता हरक्षेत्रमा संघर्ष विस्तार भइरहेको छ र यी सबै क्षेत्र र सबै स्तरमा अधिकांश मुद्दाको समाधान अझै भएको छैन । कैयौं साहसिक प्रयोग भइरहेका छन् । यी मध्ये केही सफल भएका छन् अन्य असफल पनि भएका छन् । सफल अनुभवहरूलाई पूरै देशमा र केही हदसम्म संसारका अन्य भागमा पनि प्रचार गरिदैछ । ताकि मानिसहरूले त्यसलाई सिक्न सकून् र आफ्नो जरुरतमा अनुकूल बनाउन सकून् । चीनको यो समय अत्याधिक तरल छ तर यही समयमा अत्यन्त रचनात्मक गतिविधिहरू पनि भइरहेका छन् । साथै यो समय तीखो संघर्ष र आत्मपरीक्षाको समय पनि हो । ◆

**शिक्षकहरूको चयन, उनीहरूलाई तलब दिने काम अब प्रान्त वा देशको शिक्षा विभागले गर्दैन । ती शिक्षकहरूको भरण-पोषण सिधै उत्पादन ब्रिगेडद्वारा गरिन्छ जसले सिधै तलब दिनको सट्टा शिक्षकहरूलाई पनि ब्रिगेडका आम सदस्यहरूलाई झैं अंक दिइन्छ ।**

# के भन्छन् भाइचारा विद्यार्थीहरू ?

*यतिबेला नेपाली जनयुद्धले एक दशक पुरा गरिसकेको छ । एकातिर जनयुद्धले विकास गरेको नयाँ विचारले संसार हल्लाउँदैछ भने अर्कोतिर देशभित्रको शाहीसत्तालाई चौतर्फी घेरा कस्ने आन्दोलनको नेतृत्व गर्दैछ । यसैपरिप्रेक्ष्यमा अन्तर्राष्ट्रिय चासो बन्नु स्वाभाविक हो । भारतीय राजनीतिको केन्द्र मानिने जवाहरलाल नेहरू विश्वविद्यालयमा नेपालमा जन्मेको नयाँ विचार र यसले नेतृत्व गरेको गणतान्त्रिक आन्दोलनबारे यति चर्चा र बहस हुने गरेको छ । यसै सन्दर्भमा जेएनयुका विद्यार्थी नेताहरूसँग त्यहीं पढ्ने हाम्रा मित्र पवन पटेलको सहयोगमा तयार पारिएको छोटो कुराकानी यहाँ प्रस्तुत गरिएको छ ।*

## माओवादी आन्दोलन साम्राज्यवादलाई चुनौती भएको छ



*● मोना दास, अध्यक्ष- जेएनयु विद्यार्थी युनियन पिएचडी तेस्रो वर्ष अध्ययनरत ।*

**० आजको समयमा नेपालमा राजतन्त्रको कुनै औचित्य देख्नु हुन्छ ?**

- नेपालमा लामो समयदेखि विष्णुको अवतारको मान्यतामा र राजशाहीको निरंकुशता चल्दै आएको छ, जो सदैव साम्राज्यवादी सत्ताको खेलौना हुँदै आएको छ। यसै सन्दर्भमा राजशाहीको विरोधमा धेरै ठूलो आन्दोलन चल्दैछ । यसबाट देख्न सकिन्छ कि नेपाली राजशाही होइन, गणतन्त्र चाहन्छन् । नेपालमा पहिला पनि चुनाव भएको थियो तर राजतन्त्रको अस्तित्व हुनुको कारण जनताको चाहनामाथि कुठाराघात गरिँदै आएको छ जसको ज्वलन्त उदाहरण गत वर्ष माघ १९ को शाही 'कू'लाई लिन सकिन्छ । यस पछिका जनविरोधले पनि यो दर्शाउँछ कि जनचाहना राजतन्त्र होइन, गणतन्त्र हो ।

**० सात राजनीतिक दल र माओवादी पार्टीहरूबीच भएको १२ बुँदे समझदारी पत्रलाई कसरी हेर्नु भएको छ ?**

- १२ बुँदे समझदारीबाट यो प्रस्ट हुन्छ कि राजतन्त्रको विरुद्धमा निर्णायक संघर्ष अझ अगाडि बढ्छ । यो सकारात्मक दिशा हो । जसअन्तर्गत हाम्रो मित्र राष्ट्र नेपाल एउटा नयाँ परिवर्तनतर्फ उन्मुख हुँदैछ । यदि हामी हेर्‍यौं भने सात राजनैतिक पार्टीहरूमध्ये नेपाली कांग्रेसलाई सधैं सामन्तवादहरूको समर्थन मिलेको पाइन्छ भने एमालेमा पनि ... । तर पनि संयुक्त आन्दोलनमा एकता भएको छ, यसले यो जनाउँछ कि आन्दोलनको लहरले एक निर्णायक मोड लिनेछ ।

**० साम्राज्यवादी विश्व परिप्रेक्ष्यमा नेपाली क्रान्तिको कति सम्भावना देख्नु हुन्छ ?**

- विश्व भूमण्डलीकरणको यो परिवेशमा बुश, ब्लेयर र मनमोहन सिंह एकीकृत भएर उभिएका छन् । त्यसैले हामीहरू पनि एकीकृत हुन जरुरी छ । यो सही हो कि भारतमा नेपालको जस्तो कुनै आन्दोलन चलेको छैन । नेपालको माओवादी आन्दोलन यो उपमहादेशको निरंकुशतन्त्र खासगरी नेपाल, भूटान र पाकिस्तानका जनतालाई तरंगित गर्दैछ । अर्को शब्दमा भन्नुपर्दा नेपालको माओवादी आन्दोलन अमेरिकी साम्राज्यवादको विरुद्ध एउटा चुनौती खडा गरेको छ । जस्तो ल्याटिन अमेरिकन परिवेशमा भेनेजुयलामा देखिएको छ । हाम्रो आफ्नो इतिहासमा जब नक्सलवाडी र भियतनामको विचार आउँदछ तब अर्को आवाजमा हमारा नाम तुमारा नाम भियतनाम भिएतनाम ।

**० नेपालमा पूर्ण प्रजातन्त्रलाई संस्थागत गर्न साम्राज्यवाद विरुद्ध अन्तर्राष्ट्रिय फोरम बनाउन विद्यार्थी आन्दोलनको कस्तो भूमिका हुनुपर्दछ ?**

- यस सन्दर्भमा मैले अगाडि नै भनिसकेको छु कि विश्व भूमण्डलीकरणको यो सम्बन्धमा मोर्चा बनाउन जरुरी छ । जसमा विद्यार्थीहरूको प्राथमिक भूमिका हुन्छ, किनकि नेपालमा जति ठूलो विद्यार्थी आन्दोलन हुन्छ त्यसको असर हाम्रो देशमा चलिरहेको सबै साना-साना आन्दोलन खासगरी किसानहरूको आन्दोलन, आदिवासी र मजदुरहरूमा पर्दछ । यसमा ठूलो भूमिका विद्यार्थीहरूको हुनुपर्छ । जवाहरलाल नेहरू युनिभर्सिटी विद्यार्थी संगठन सदैव यस ऐतिहासिक भूमिकालाई बुझेको छ । जब नेपालमा गत वर्ष शाही सत्ताले कब्जा गर्‍यो तब जेएनयु नै यस्तो एउटा अन्तर्राष्ट्रिय मञ्च हो, जहाँबाट प्रेस कन्फ्रेन्स गरेर नेपाली राजशाहीको निरंकुशताविरुद्ध र नेपाली जनताको आन्दोलनको पक्षमा आवाज उठाए । यसैप्रकार हामी हाम्रो भूमिका निभाउन तयार छौं । ◆

# साम्राज्यवाद हाम्रो साझा दुश्मन हो

● *धनन्जय, उपाध्यक्ष- जेएनयु विद्यार्थी युनियन पिएचडी तेस्रो वर्ष अध्ययरत।*

**० आजको समयमा नेपालमा राजतन्त्रको कुनै औचित्य देख्नुहुन्छ?**

- हेर्नुहोस्, जनतामा राजतन्त्रप्रति घृणा र आक्रोश छ। त्यसैले राजतन्त्र समाप्त गरेर लोकतन्त्र हुनु पर्दछ, यो नै मेरो पहिलो बुझाइ हो।

**० सात राजनीतिक दल र माओवादी पार्टीहरूबीच भएको १२ बुँदे समझदारी पत्रलाई कसरी हेर्नु भएको छ ?**

- मलाई लाग्छ यो समझदारी अमेरिकाको लागि ठूलो धक्का हो र लोकतन्त्रको बाटोमा एउटा ठूलो कदम हो।

**० साम्राज्यवादी विश्वपरिप्रेक्ष्यमा नेपाली क्रान्तिको कति सम्भावना देख्नु हुन्छ ?**

- माओवादी आन्दोलनको सफलता साम्राज्यवादको लागि ठूलो खतरा हुनेछ, किनकि अमेरिकाले सयौं सानासाना राष्ट्रका जनतामाथि अनावश्यक युद्ध लादेको छ, चाहे त्यो इराक होस् या अफगानिस्तान। दक्षिण एशियाको सन्दर्भमा चीन एउटा ठूलो शक्तिको रूपमा उठ्दैछ जुन भविष्यमा अमेरिकालाई चुनौती दिन सक्छ। त्यसैले एकातर्फ चीनको र अर्कोतिर माओवादीलाई नियन्त्रणमा राख्नलाई अमेरिकाले राजतन्त्रलाई समर्थन गर्दैछ, किनकि माओवादी आन्दोलनको सफलता, साम्राज्यवादी शक्तिहरूलाई ठूलो धक्का हुनेछ।

**० नेपालमा पूर्ण प्रजातन्त्रलाई संस्थागत गर्न, साम्राज्यवादी विरुद्ध अन्तर्राष्ट्रिय फोरम बनाउन, विद्यार्थी आन्दोलनको कस्तो भूमिका हुनुपर्दछ ?**

- साम्राज्यवाद कुनै एउटा प्रान्तीय दायरा होइन, त्यसैले निश्चित रूपमा एउटा विश्वव्यापी मञ्चको आवश्यकता छ।



जसमा भारतीय नेपाली युवाहरूको प्राथमिक भूमिका हुनुपर्दछ। नेपाली विद्यार्थी आन्दोलन र भारतीय विद्यार्थीहरूका बीचमा विचार आदान-प्रदानको जरुरी छ। किनकि साम्राज्यवाद हाम्रो साझा दुश्मन हो, त्यसैले साझा आन्दोलन पनि जरुरी छ। जसरी हामी भारतमा नेपाली दुतावासबाट र नेपालमा भारतीय दुतावाससम्म एउटा शान्तिपद यात्रा गर्न सक्छौं र नेपाली जनताको गणतन्त्रको मागको पक्षमा आवाज उठाउन सक्छौं। अहिले मलाई लाग्छ साझा मञ्चको कमी छ, र यसलाई पुरा गर्न हाम्रो प्रथम जिम्मेवारी हुनुपर्दछ। ◆

# गणतन्त्र नेपालको पक्षमा साझा मञ्च बनाउनु पर्छ

● *अरुनी सिन्हा, संयुक्त सचिव जेएनयु विद्यार्थी युनियन, एमफिल अध्ययनरत।*

**० आजको समयमा नेपालमा राजतन्त्रको कुनै औचित्य देख्नु हुन्छ ?**

- राजतन्त्र सामन्तवादी व्यवस्थाको एउटा अंग हो। जुन सदैव जनताका आकांक्षाहरूको दमन गर्दै आएको छ। त्यसैले राजतन्त्रको आजको यस आधुनिक युगमा कुनै स्थान दिनु हुँदैन।

**० सात राजनीतिक दल र माओवादी पार्टीहरूबीच भएको १२ बुँदे समझदारी पत्रलाई कसरी हेर्नु भएको छ ?**

- यस समझदारीबाट जनताको चाहना खुलस्थ भएको छ। यो एउटा प्रगतिशील समझदारी हो, जसमा भन्छन्- जो सरकार निकम्मी है वह सरकार हटानी है।

**० साम्राज्यवादी विश्वपरिप्रेक्ष्यमा नेपाली क्रान्तिको कति सम्भावना देख्नु हुन्छ ?**

- कुनै आन्दोलनको साधन भिन्न हुन सक्छ। तर त्यसको लक्ष्य एउटै हुन्छ, यसै सन्दर्भमा नेपालको अनुभव एउटा विकल्पको रूपमा हाम्रो अगाडि छ। जसरी ल्याटिन अमेरिका आज साम्राज्यवादको विरुद्ध खडा भएको देखिन्छ।



**० नेपालमा पूर्ण प्रजातन्त्रलाई संस्थागत गर्न साम्राज्यवाद विरुद्ध अन्तर्राष्ट्रिय फोरम बनाउन विद्यार्थी आन्दोलनको कस्तो भूमिका हुनुपर्दछ ?**

- पहिलो कुरा त यो हो कि हामी विश्वसामाजिक फोरम जस्तै गणतन्त्र नेपालको पक्षमा एउटा साम्राज्यवादविरोधी मञ्च बनाउन सक्छौं, जसमा वामपन्थी दलहरूदेखि लिएर विद्यार्थी संगठन, मानवअधिकारवादी संगठनहरूको एउटा ठूलो भूमिका हुन्छ। त्यस्तै दक्षिण एशियाको सन्दर्भमा यो सबैलाई अगाडि बढाउने जिम्मेवारी विद्यार्थी युवाहरूले नै गर्नुपर्दछ। ◆

## राजतन्त्रलाई फौजी र आर्थिक सहयोग गर्नु हुँदैन

● सुभनिल चौधरी, सचिव- भारतीय विद्यार्थी फेडरेशन, जेएनयु युनिट, पिएचडी दोस्रो वर्ष अध्ययनरत।

**० आजको समयमा नेपालमा राजतन्त्रको कुनै औचित्य देख्नु हुन्छ ?**

- सैद्धान्तिक रूपबाट हामी नेपाली जनताको गणतन्त्रको मागलाई समर्थन जनाउँछौं र हाम्रो यो मान्यता छ कि राजतन्त्रको अन्त हुनुपर्दछ।

**० सात राजनीतिक दल र माओवादी पार्टीहरूबीच भएको १२ बुँदे समझदारी पत्रलाई कसरी हेर्नु भएको छ ?**

- १२ बुँदे समझदारी जुन बाटोतिर जाँदैछ त्यसले नेपालको लोकतान्त्रिक आन्दोलनलाई निर्णयमा पुऱ्याउन सक्छ। यसमा माओवादी आन्दोलनको महत्वपूर्ण भूमिका रहेको छ। संविधानसभाको चुनावको माग एउटा जायज माग हो जसले जनताको आकांक्षालाई मुर्तरूप दिन सक्षम हुन्छ।

**० साम्राज्यवादी विश्वपरिप्रेक्ष्यमा नेपाली क्रान्तिको कति सम्भावना देख्नु हुन्छ ?**

- नेपालको जनक्रान्ति एक सकारात्मक तरिकाबाट एउटा गणतान्त्रिक राष्ट्रबाट जनगणतान्त्रिक राष्ट्रमा परिणत हुन्छ भने सबै साम्राज्यवादी विरुद्ध आन्दोलनको गति दिन्छ। यसको साथसाथै हाम्रो यो पनि मान्यता छ कि सुरुवातमा माओवादी आन्दोलनमा एक किसिमको एकोहोरोपन देखिएको थियो। यसबीचमा गल्तीहरू पनि देखिएका थिए यसलाई १२ बुँदे समझदारीद्वारा सही ठाउँमा पुऱ्याएको देखिन्छ।

**० नेपालमा पूर्ण प्रजातन्त्रलाई संस्थागत गर्न साम्राज्यवाद विरुद्ध अन्तर्राष्ट्रिय फोरम बनाउन विद्यार्थी आन्दोलनको कस्तो भूमिका हुनुपर्दछ ?**



- विश्वको आतंकवादीको नाइके जर्जबुशको भारत भ्रमण हुँदैछ र उसको स्वागतमा हाम्रो देशका प्रगतिशील वर्गले बुशको यात्राको विरोधमा बुस भ्रमण विरोधी कमिटी बनाएको छ त्यस्तैगरी अन्तर्राष्ट्रिय शक्तिहरू र भारतीय सरकारलाई दबाव दिनलाई यस्तो मञ्च बनाउनु अति आवश्यक छ। जसबाट भारत र अन्तर्राष्ट्रिय शक्तिद्वारा राजतन्त्रलाई दिइएको हातहतियार र आर्थिक सहयोग रोक्न सकिन्छ। यस पूरै प्रक्रियामा विद्यार्थी युवाहरूको भूमिका प्रमुख छ। जुन नेपाली समाजको ऱ्याडीकल ट्रान्स-फर्मेशनलाई गति दिन सक्छ। निश्चित रूपमा यस सम्भावित साम्राज्यवादविरोधी आन्दोलनको खिलाफ उभिने शक्तिहरूबीचमा केही कमन एजेण्डाको खोजी गर्नुपर्छ। जसबाट आन्दोलनको सकारात्मक दिशा दिन सकियोस्। ◆

## नेपाली जनताले जनक्रान्तिमा भविष्य देखेका छन्

● सिरोही, डेमोक्र्याटिक स्टुडेन्ट युनियन (डिएसयु) एमफिल अध्ययनरत।

**० आजको समयमा नेपालमा राजतन्त्रको कुनै औचित्य देख्नु हुन्छ ?**

- राजतन्त्रको औचित्य यदि अमेरिकालाई फाइदा हुन्छ भने राजतन्त्र ज्यूदो छ तर आजको यस समयमा संघर्षरत राजतन्त्रको पूर्ण रूपमा खतम गर्ने पक्षमा जानु पर्छ।


**० सात राजनीतिक दल र माओवादी पार्टीहरूबीच भएको १२ बुँदे समझदारी पत्रलाई कसरी हेर्नु भएको छ ?**

- साम्राज्यवादको यस दौरानमा मेरो यो मान्यता छ कि १२ बुँदे समझदारी नेपाली वर्गसंघर्षलाई अझै तेज बनाउछ। जनतामा जति दमन हुन्छ, त्यति प्रतिरोधको लागि यस ऐतिहासिक मोर्चालाई अझै अगाडि बढाउँछन्।

**० साम्राज्यवादी विश्वपरिप्रेक्ष्यमा नेपाली क्रान्तिको कति सम्भावना देख्नु हुन्छ ?**

- निश्चित रूपमा पुरै संभावना छ र विश्वको संघर्षशील जनताको प्रगतिशील तप्का नेपाली जनक्रान्तिमा आफ्नो भविष्य देख्दछ। अहिले साम्राज्यवादको जुन स्वरूप छ यदि त्यो हुँदैनथ्यो भने धेरै पहिले नै सत्ता पल्टिसकेको हुन्थ्यो।


**० नेपालमा पूर्ण प्रजातन्त्रलाई संस्थागत गर्न साम्राज्यवाद विरुद्ध अन्तर्राष्ट्रिय फोरम बनाउन विद्यार्थी आन्दोलनको कस्तो भूमिका हुनुपर्दछ ?**



- निश्चित रूपमा माओवादी पार्टीको विद्यार्थी संगठनले वर्तमान समयको संघर्षलाई व्यापक दृष्टि दिएको छ। यो आजको समयमा दुइवटा चिजहरू देखिन्छन् पुरानो सत्ता र नयाँ सत्ता। जसरी देशको प्रगतिशील राष्ट्रवादी तप्का नयाँ सत्ताको साथमा एकजुट भएको छ त्यो एउटा धेरै राम्रो संकेत भन्न सकिन्छ। डीएसयुको मान्यता छ कि भारतीय र नेपाली जनताको बीचको संघर्षको अझै व्यापक र क्रान्तिकारी स्वरूप बनाउनको लागि भारतीय विद्यार्थी संगठन र नेपालको विद्यार्थी संगठन बीचमा एउटा मोर्चा बन्नु पर्दछ त्यसपछि मात्रै अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा जनताको वर्गसंघर्षलाई अझ तीखो बनाउन सकिन्छ। ◆

## अब राजतन्त्रको ठाउँ स्वर्गमा हुन सक्छ, पृथ्वीमा होइन

*● अनिल, ब्रिटिश गोयना*
*पिएचडी तेस्रो वर्ष अध्ययनरत*



**० आजको समयमा नेपालमा राजतन्त्रको कुनै औचित्य देख्नु हुन्छ ?**

- राजशाहीको नेपालमा जस्तो रूपको शासन रहेको छ, त्यो निश्चित रूपमा कसैको पनि प्रतिनिधित्व गर्न सक्दैन । त्यसैले अब राजतन्त्रको ठाउँ स्वर्गमा नै हुन सक्छ तर पृथ्वीमा होइन ।

**० सात राजनीतिक दल र माओवादी पार्टीहरूबीच भएको १२ बुँदे समभ्रूदारी पत्रलाई कसरी हेर्नु भएको छ ?**

- यो सारै राम्रो विचार हो र यस प्रक्रियामा सात राजनीतिक पार्टीहरूको माओवादीलाई बुझ्ने तरिका बदलिएको देखिन्छ र यो परिवर्तनबाट यो साफ देखिन्छ कि जनचाहना के छ ।

**० साम्राज्यवादी विश्वपरिप्रेक्ष्यमा नेपाली क्रान्तिको कति सम्भावना देख्नु हुन्छ ?**


- तत्काले नेपालमा जनक्रान्तिको सम्भावना धेरै गाह्रो छ, किनकि परिस्थिति प्रतिकूल छ । पहिला त यो भारतको स्थानीय साम्राज्यवादी चरित्र र यसको तथाकथित समर्थन जसरी नेपाली लोकतान्त्रिक आन्दोलनप्रति छ र साथसाथै राजतन्त्रप्रति पनि, यसबाट यो प्रस्ट हुन्छ, कि भारत निश्चित रूपमा बहुदलीय प्रजातन्त्रको स्वरूप निर्माण गर्नमा प्रमुख भूमिका निभाउछ । यो पूरै प्रक्रियाको बीचमा संसदीय दल र माओवादीबीचमा जुन समभ्रूदारी भएको छ, यसले भारतको राजतन्त्रप्रतिको नीतिमा पनि केही परिवर्तन देखिन्छ र यसै प्रक्रियामा माओवादी आन्दोलनको लोकतन्त्रको बारेमा जुन अवधारणा आएको छ त्यसबाट नयाँ बहस सुरु हुन्छ । मेरो विचारमा जनयुद्धको यो नै सबैभन्दा ठूलो योगदान हुनेछ ।

**० नेपालमा पूर्ण प्रजातन्त्रलाई संस्थागत गर्न साम्राज्यवाद विरुद्ध अन्तर्राष्ट्रिय फोरम बनाउन विद्यार्थी आन्दोलनको कस्तो भूमिका हुनुपर्दछ ?**

- राजतन्त्रको पतन साम्राज्यवादको विरुद्ध संघर्षमा एउटा नयाँ आयाम हुनेछ र यस पूरै प्रक्रियामा भारतीय विद्यार्थी संगठन र नेपालको विद्यार्थी आन्दोलनसँग सहभागिताले साम्राज्यवादी हस्तक्षेपको गतिलाई धक्का दिनेछ । जस्तो साम्राज्यवाद विरोधी मञ्च एउटा राम्रो विचार हो तर दिल्ली र जेएनयुमा मात्र भएर हुँदैन यो विचार विश्वजनसमुदायको बीचमा लैजानु पर्दछ । मेरो विचारमा भारतीय विद्यार्थीका प्रतिनिधिमण्डल नेपालमा गएर चलिरहेको आन्दोलनमा सहभागी भएर आफ्नो समर्थन भौतिक रूपमा नै जनाउनु पर्दछ । यसो भएको खण्डमा नेपालमा लोकतन्त्र सम्भव हुन्छ । ◆

# नाङ्गै हिड्ने अपराधी शाही सत्ता


नागरिकहरूलाई गिरफ्तार गर्ने, गिरफ्तारको त के कुरा, उसको बारेमा हामीलाई कुनै जानकारी छैन भन्ने शाही अपराधी सत्ताले भित्रभित्रै कैयौं हाम्रो संगठनका नेता-कार्यकर्ताहरूको हत्या गरेको खबरहरू अनगिन्ती आउँदा पनि त्यसको खण्डन गरेको छैन । बेपत्ता पारिनु भएका ४७ जना साथीहरूलाई शिवपुरी ब्यारेकमा हत्या गरी सामूहिक रूपमा गाडेको जानकारी स्वयं हालका बन्दी (त्यतिबेलाका बेपत्ता) साथीहरूले लिखित रूपमा बाहिर प्रेसित गर्दा समेत अपराधी सत्ता केही बोलिरहेको छैन । हामीले गिरफ्तार गरेकै छैनौ भनेर दुनियाँलाई ढाँट्ने सत्ताले कतिपय हाम्रा नेताहरूलाई सार्वजनिक गर्न बाध्य पनि भएको छ । तर उसैले बनाएको कानुन बमोजिम अदालतले रिहा गर्ने आदेश दिँदा पनि त्यसलाई धोति लगाउँदै पुनः पक्राउ गर्ने र नक्कली मुद्दा लगाउने क्रम शाही सत्ताको खेती भएको छ । हाम्रो संगठनका १५औं राष्ट्रिय सम्मेलनद्वारा निर्वाचित महासचिव पूर्ण पौडेललगायत १० जना केन्द्रीय सदस्यहरू अभ्रैसम्म बेपत्तामा हुनुहुन्छ । १६औ रा.स.बाट निर्वाचित महासचिव हिमाल शर्मालगायत के.स.हरू दीपेन्द्र पन्त, गोकुल निरौला, सिएन ढुंगाना, भू.पू.उपाध्यक्ष कृष्ण के.सी., सदस्य ज्ञानेन्द्र त्रिपाठीलगायत ११२ जनालाई बेपत्ता बनाइएको छ । जसमा हिमाल शर्मा र कृष्ण के.सी.लाई सार्वजनिक गरेको छ । अदालतले छोड्ने आदेश दिंदा पनि दुवै जनालाई पुनः पक्राउ गरेर नक्कली मुद्दा भिडाएर जेल र हिरासतमा कोचेको छ ।



*बेपत्ता पारिएको दुई वर्षपछि अदालतमा उपस्थित गराइदा हिमाल शर्मा र कृष्ण के.सी.*

# नेपाली जनक्रान्ति रणनीतिक दृढता र कार्यनीतिक लचकतामा अगाडि बढेको छ

● अवधेशकुमार त्रिपाठी, महासचिव, आइसा जेएनयु युनिट तथा पिएचडी प्रथम वर्ष अध्ययनरत।




**० आजको समयमा नेपालमा राजतन्त्रको कुनै औचित्य देख्नु हुन्छ ?**

- आजको आधुनिक युगमा जबकि विकासको गति कैयौं गुणा अगाडि बढिरहेको छ, यस बेलामा पनि विष्णुको अवतारको झुठो आदर्शमा जनतामाथि निरंकुश तानाशाही व्यवस्था लाद्न सकिदैन । त्यसैकारणले नेपाली राजशाहीको अन्त अब निकट देखिएको छ ।

**० सात राजनीतिक दल र माओवादी पार्टीहरूबीच भएको १२ बुँदे समझदारी पत्रलाई कसरी हेर्नु भएको छ ?**

- नेपालको सन्दर्भमा १२ बुँदे समझदारीको आधारमा बनेको जोइन्ट डेमोक्रेटिक फोरमले ऐतिहासिक रूपमै एउटा मिसन कायम गरेको छ । जुन मेरो विचारमा नेपाली जनताको सही प्रतिनिधित्व गर्दछ । यसबाट एउटा महत्वपूर्ण चिज स्पष्ट हुन्छ सामन्तवाद र साम्राज्यवादी शक्तिहरूसँग लड्ने नेपाली जनताको चाहनालाई पुरा गर्न सबै राष्ट्रवादी तागतहरू एकजुट भएको छ । यसबाट स्पष्टसँग राजतन्त्रको अन्तलाई देख्न सकिन्छ ।

**० साम्राज्यवादी विश्व परिप्रेक्ष्यमा नेपाली क्रान्तिको कति सम्भावना देख्नु हुन्छ ?**

- यस समयमा बुशको भारत यात्राको सन्दर्भमा हेर्‍यौं भने यो बुझ्दछौं कि कम्युनिस्ट आन्दोलनलाई सबैभन्दा ठूलो खतरा अमेरिकन साम्राज्यवादबाट भएको छ । निश्चित रूपमा सोभियत ब्लक र चीन नहुनुमा यो पुरा आन्दोलन कठिनाइ र खतरामा परेको छ तर पनि हामी निराश हुनु जरुरी छैन । 'आजको समयमा नेपाली जनमानसको चाहना जसरी माओवादी आन्दोलनबाट व्यक्त भएको छ त्यसै परिप्रेक्षमा नेपाली जनक्रान्तिको कुन रूप हुन्छ ? के यो एकदलीय तानाशाहीको जस्तो हुन्छ ? या न्यू डेमोक्रेटिक क्रान्तिको रूपमा हुन्छ । यसबारेमा मैले पढ्न पाएको छैन । तर पनि आजको समयमा नेपाली जनक्रान्तिलाई हाम्रो देशका कम्युनिस्टहरूको सहानुभूति छ आजको यस परिवेशमा संयुक्त जनआन्दोलनको प्रक्रिया सुरु गरेर नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले निश्चित रूपमा यो सन्देश दिएको छ कि नेपाली जनक्रान्तिलाई रणनैतिक दृढता र कार्यनैतिक लचकताअनुसार अगाडि बढाउन सक्छ ।

**० नेपालमा पूर्ण प्रजातन्त्रलाई संस्थागत गर्न साम्राज्यवाद विरुद्ध अन्तर्राष्ट्रिय फोरम बनाउन विद्यार्थी आन्दोलनको कस्तो भूमिका हुनुपर्दछ ?**

- मेरो विचारमा भारतीय उपदेशमा सबै किसिमका कम्युनिस्ट शक्तिहरूसँग एकता हुनुपर्दथ्यो । हाम्रो पार्टी भाकपा (माले) लिबरेशनले पहिले नै यो चाहेको थियो कि संघर्षशील जनताको चाहनालाई अरु ठूलो रूपमा अन्तर्राष्ट्रिय इस्युको संघर्षशील जनताको स्वरमा स्वर मिलाउन, जसरी दक्षिण एशियाली सन्देश भारत, पाकिस्तान र बंगलादेशका जनताको माझमा एकरूपता कायम हुनु पर्दछ । तर त्यसबेलादेखि आजसम्म धेरै परिस्थितिहरू बदलिएको छ, जसमा नेपालको ठूलो भूमिका रहेको छ । मलाई यस्तो लाग्छ कि यदि सामन्तवाद र साम्राज्यवाद हाम्रो अगाडि साझा दुश्मनको रूपमा छ भने भारतीय कम्युनिस्ट पार्टीदेखि लिएर भारतको माओवादीसम्म एउटा ठूलो मोर्चा बन्नुपर्दछ र नेपालको सात राजनैतिक दल र माओवादीहरूबीच भएको समझदारीमा एकता हुनुपर्दछ । यसमा विद्यार्थी र नवयुवकहरूको भूमिका महत्त्वपूर्ण छ किनकि कुनै पनि आन्दोलनको अग्रपंक्तिको रूपमा नवयुवकहरूको स्थान अग्रिम हुन्छ ।◆

हामी शाही सत्तालाई चुनौती दिन्छौं भन्छौं हाम्रा नेता, कार्यकर्ताहरूलाई कहाँ लगेर मारिस, अथवा कहाँ लुकाएर यातना दिँदै छस् ? तेरा अपराधहरू एकएक गरी केलाउनेछौं । एकएक गरी चुक्ता गर्ने छौं । यो तेरा निम्ति यति महंगो सावित हुनेछ कि तेरो मृत्यु यसै भित्रबाट जन्मनेछ ।

हिमाल शर्मा ०६० कार्तिक ५ गते काठमाडौंबाट गिरफ्तार हुनु भएको थियो । उहाँलाई असाध्यै अमानवीय यातना दिँदै अंगभंग बनायो र विभिन्न काला ब्यारेकहरूमा राख्यो । उहाँ बन्दी प्रत्यक्षीकरण रिटबाट ०६२ पुष ३ गते रिहा हुने निर्णय भए लगत्तै शाही जल्लादहरूले बलप्रयोग गरी ट्याक्सी फुटाई, उहाँकी श्रीमती र बहिनीलाई हातपात गरी मानवअधिकारवादीहरूलाई लछार-पछार गर्दै वा १ ग १६५३ को प्रहरी भ्यानमा राखेर लगिएको छ । त्यसैगरी कृष्ण के.सी.लाई ०६० भदौ २८ गते गिरफ्तार गरी बेपत्ता बनायो । ०६२ असोज ६ गते रिहा गर्ने आदेशको कुनै वास्तै नगरी पुनः पक्राउ गरिएको थियो । हाल उहाँ नख्खु जेलमा बन्दी हुनुहुन्छ ।


**बेपत्ता साथीहरू–** १. पूर्ण पौडेल कास्की तत्कालिन महासचिव, २. विपीन भण्डारी काठमाडौं, तत्कालिन के.स., ३. नवीन राई, भोजपुर, तत्कालिन के.स., ४. दिलबहादुर राई, ओखलढुंगा, तत्कालिन के.स., ५. ज्ञानेन्द्र त्रिपाठी, चितवन भू.पू.के.स., ६. दीपेन्द्र पन्त, गोरखा, के.स., ७. गोकुल निरौला, इलाम, के.स., ८. सीएन ढुंगाना, सुनसरी, के.स., ९. पुष्प बस्नेत, झापा, १०. धीरेन्द्र बस्नेत झापा, ११. अर्जुन पोखरेल, नुवाकोट, १२. कौशिला पोखरेल, नुवाकोट, १३. निश्चल नकर्मी, काठमाडौं, १४. सुचिन्द्र श्रेष्ठ, काठमाडौं, १५. गंगाराम श्रेष्ठ, भक्तपुर, १६. रेणुका दुलाल, काठमाडौं, १७. वि.के.श्रेष्ठ, लम्जुङ, १८. भवनाथ धमला, ओखलढुंगा, १९. भीम महर्जन, काठमाडौं, २०. पोखर बुढाथोकी, सल्यान, २१. रेवकला तिवारी, स्याङ्जा, २२. प्रकाश लामा, रामेछाप, २३. रामहरि रूपाखेती, काठमाडौं, २४. ठाकुर लामिछाने, काठमाडौं, २५. दुर्गा विसंखे, भक्तपुर, २६. हिरा रोक्का, नुवाकोट, २७. सूर्यमान महर्जन, ललितपुर, २८. शकुन्तला डि.सी.,दाङ, २९. हिराबहादुर सारु, दाङ, ३०. विशाल लामा, काभ्रे, ३१. अखिल नेपाल, सि.पा., ३२. हेमनारायण श्रेष्ठ, ओखलढुंगा, ३३. बुद्धि लामा, काभ्रे, ३४. उमेश सेढाई, काभ्रे ।

यसरी उहाँहरू लगायत कैयौं हाम्रा योद्धाहरूले शाही सत्तालाई दुत्कार्दै आफूलाई वैचारिक रूपले बचाउँदै दृढ बन्नु भएका सबै-सबै बेपत्ता साथीहरूमा दर्बिलो ऐक्यबद्धताको सलाम पेश गर्दछौं । ◆

संस्मरण

# बैकुण्ठको हत्यामा फुल्चोकीले औंला ठड्यायो

*जिल्ला-जिल्लामा हत्या, आतंक, लूट जस्ता अपराध बन्द भएको थिएन। हामीलाई बाहिर जिल्ला-जिल्लाबाट दिनहुं रिपोर्टहरू आउँथे, कहिले कुन जिल्लामा गिरफ्तारी, बेपत्ता, कहिले कुन जिल्लामा हत्या।*




☐ रत्न ढकाल, सदस्य - अखिल (क्रान्तिकारी) के.स., हाल नख्खु जेल

मैले लेख्न छोडेको धेरै भइसकेको छ। म त्यति धेरै लेख्दिन। नलेख्नु शायद मेरो कमजोरी नै हुनुपर्दछ। जेहोस् आज असार ३१ गते। त्यसैले मैले केही लेख्ने जमर्को गरिरहेको छु। आजभन्दा ठीक एकवर्ष अगाडि आजकै दिन सर्वहारावर्गका महान् योद्धाहरू नेपाली विद्यार्थी आन्दोलनका नेता, गरिब र दु:खीहरूको आँखाको नानी, मेरो मुटुको स्पन्दन, हाम्रो पार्टी र हाम्रो संगठनका वीर अमर योद्धाहरूले शहादत प्राप्त गरेको दिन। त्यसैले यो दिन युगौंयुगसम्म अमर रहनेछ, जहिलेसम्म धर्ती रहन्छ र धर्तीमा सर्वहारावर्ग रहन्छ, तबसम्म यो दिन अजर अमर रहनेछ।

वर्षाको समय थियो। दिनहरू असाध्यै गर्मी हुन्थ्यो त कहिले निरन्तर झरी परिरहन्थ्यो। शहरको सडकपेटीमा हिँडिरहँदा कहिले चर्को गर्मी हुन्थ्यो, कहिले तुरुन्तै पानी पर्थ्यो र निथ्रुक्क भिजिन्थ्यो। असार महिना सिद्धिनै लागेको छ। काठमाडौंको वातावरण भने फरक थियो। यहाँ परिस्थिति तुरुन्तै बदलिन्थ्यो। यदि परिस्थितिसँगै हामी पनि परिवर्तन हुन नसके पलपलमा गड्बडी हुनसक्थ्यो। सडकमा मोटरहरू आफ्नै गतिमा कुदिरहेका हुन्थे, यिनीहरू पनि प्रतिस्पर्धा गरिरहन्छन्। जसले गर्दा बाटो काट्न पनि मुस्किल पर्ने स्थिति भइसकेको छ। बाटो सानो छ, सडक नजिकै ठूलाठूला आलिशान महलहरू ठडिएका छन्। ती महलहरू केही नेताका छन्, केही भ्रष्टाचारीका छन्, केही दलालहरूका, व्यापारीहरूका, धनाढ्य-हरूका, केही जनताका रगत र पसिनाबाट ठडाइएका कथित सरकारी महलहरू, मन्त्रालयहरू, निवासहरू र केही स्थानीय वासिन्दा (नेवार समुदाय) का छन्।

म सडकमा हिड्दाहिड्दै टहल्न थाल्छु, टक्क अडिन्छु र सोच्छु यी महलहरूले हामीलाई स्वागत गर्न आतुर छन्। घरबारविहीनहरूलाई, गरिबहरूलाई र सर्वहारावर्गलाई। फुल्चोकीले खबरदार गरिरहेछ, यी महलहरूलाई छोड्न। शासकहरूलाई घण्टाघरले समय सिद्धिएको जानकारी गरिरहेको छ। षड्यन्त्रकारी व्वाँसाहरूलाई बगाएर बंगालको खाडीमा लगेर मिलाउन वागमती र विष्णुमति आतुर छन्। कीर्तिपुरवासीले बिर्सिएका छैनन्, नाक र कान काटेको इतिहास। शासकलाई हमला गर्न सिंगो उपत्यकाका २२-२५ लाख जनता आतुर छन्। योजना र आदेशको माग गरिरहेका छन्। गाउँमा जति दमन, हत्या, आतंक, बलात्कार गरिरहेको छ। त्यसैगरी यो उपत्यकामा पनि यहाँका वासिन्दाको घरमा जतिखेर पनि खानतलासी गरिन्छ। त्यो रातको १२ बजे, बिहान ४ बजे, दिउँसो १२ बजे जुनसुकै क्षणमा पनि। अफिस जान लाग्यो कुन चोकमा, कुन गल्लीमा, कुन सडकमा चेक गरेर घण्टौं कुर्नुपर्ने हो ठेगान छैन। हिडेर पुग्न पनि गाह्रो।

भनिन्छ, शहरी युद्धलाई निमिट्यान्न पार्न, सिभिलमा मात्र २२ हजार सुरक्षाकर्मी नामक जल्लादहरू परिचालित छन्, ड्रेसमा त दोब्बर-तेब्बर नै। हो ठिक यही स्थितिमा हाम्रो महान् र गौरवशाली संगठन अनेरास्ववियु (क्रान्तिकारी) ले शैक्षिक हड्तालसहित संघर्षको घोषणा गरेको थियो। मान्छे-मान्छेको महासागरमा हामी हाम्रो संगठन, हाम्रो पार्टी, जनमुक्ति सेना सबैसबै यहाँको प्रतिकूलतालाई अनुकूलतामा ढाल्दै सानदारखालका योजनाहरू कार्यान्वयन गर्दै अगाडि बढिरहेको थियौं। अवसरवादीहरू र संशोधनवादीहरू जहिले पनि प्रतिकूलता मात्रै देख्छन् : हामी दुश्मनको हेडक्वार्टरमा पनि थुप्रै अनुकूलताहरू देखिरहेका छौं र हाम्रा गतिविधिहरूले शासकलाई चार भञ्ज्याङ मात्र हैन, रिङ्गरोडभित्र पनि आफ्ना महलमा सुरक्षित नदेखेर रातभरि निदाउँदैनन् प्रतिक्रियावादी स्लायहरू, गिद्दहरू, ब्वाँसाहरू, कुकुरहरू, मान्छेको मासु खाएर बस्ने राक्षसहरू। दिनहुँ निवासहरू फेर्ने गर्छन्। सत्ताधारीहरू हाम्रो आन्दोलनबाट तर्सिएर, आत्तिएर २०६१ असार ३ गते वार्ता गर्ने नाटक रच्न पुग्छन्। हाम्रो संगठनमाथि लगाइएको कथित आतंककारी बिल्ला हटाइएको थियो। खुल्ला गतिविधि गर्न दिइने भनिएको थियो। हामीले तत्कालको लागि २०६१ जेष्ठ २४ गतेदेखिको शहर, सदरमुकाम र सडक केन्द्रित शैक्षिक हड्ताल फिर्ता लिएका थियौं। आम नेपाली विद्यार्थीहरू, अभिभावकहरू, शिक्षकहरू, मानवअधिकार-वादीहरू, पत्रकारहरू, शिक्षकहरू विद्यार्थी संघ-संगठनहरू लगायत सबैको आग्रहलाई मध्यनजर गर्दै वार्ता गर्न गइरहेका थियौं।



*एकै परिवारबाट बेपत्ता र शहादत : अर्जुन पोखरेल, कौशिला पोखरेल, बैकुण्ठ पोखरेल ।*

माथि उल्लेखित कुनै पनि परिस्थिति फेरबदल भएको थिएन, वार्तामा संलग्न विद्यार्थी नेताहरूको पनि सुरक्षाको ग्यारेण्टी थिएन । देमाले सरकारका शिक्षा मन्त्री त्यतिखेर भन्ने गर्थे पुलिसको जिम्मा चाहिं म लिन्छु तर शाही सेनादेखि चाहिं बच्नु । यही स्थितिमा शिक्षा मन्त्रालय र हाम्रो संगठनबीच वार्ता चलिरहेको थियो । वार्ता ३-४ चरण चलिसकेको थियो तर जिल्ला जिल्लामा हत्या, आतंक, लूट जस्ता अपराध बन्द भएको थिएन । हामीलाई बाहिर जिल्ला-जिल्लाबाट दिनहुँ रिपोर्टहरू आउँथे, कहिले कुन जिल्लामा गिरफ्तारी, बेपत्ता, कहिले कुन जिल्लामा हत्या । नागरिक समाजको विशेष कार्यदलमार्फत भएको वार्ता यसरी चलिरहेको बेला एवं आतंककारी शब्द फिर्ता लिएको मसि सुक्न नपाउँदै शाही अमेरिकन सेनाले हाम्रो संगठनका केन्द्रीय सदस्यसहित दुई जनालाई गिरफ्तार गरी यातना दिएर हत्या गरेको खबर काठमाडौंका एफ.एम. र पत्रपत्रिकामा प्रकाशित भयो ।

म त्यतिखेर कोठामा बसेर एफ.एम. सुन्दै थिएँ एक्कासी धादिङको गुम्दी गाजसमा विद्यार्थी नेता बैकुण्ठ पोखरेल र किसान नेता भरत ढुंगानालाई कब्जामा लिई हत्या ....! मलाई विश्वास गर्न मुस्किलै पर्छ, किनकि हामी त्यतिखेर वार्ता गरिरहेका थियौं । त्यहीं संगठनका केन्द्रीय नेतालाई मारिनहाल्ला तर अफसोच प्रतिक्रियावादीहरू पटमुर्ख हुने गर्छन् र गडबडी पैदा गरिरहन्छन् । षड्यन्त्र उनीहरूको चरित्र नै हो । आखिर हाम्रा नेताहरूको रगत पिइ छाड्छन् । म फेरि घरको छतमा गएर आकाशतिर हेर्छु, भर्खरै नीलो आकाश, सफा आकाश चारैतिर बादल लागिरहेको देख्छु, अन्धकार सबैतिर अन्धकार । चोक, गल्ली र सडकहरू स्तब्ध छन् । सडकमा कुदिरहेका गाडीहरू टक्क अडिरहेका छन् । बिजुलीका खम्बाहरू, घण्टाघर, धरहरा सबै शिर निहुरिएर विरोध जनाइरहेका छन् । गाडीहरूले एकसाथ हरण बजाएर खबरदार गरिरहेको सुन्छु । प्रत्यक्षदर्शी फुलचोकी, वाड भञ्ज्याङ, थानकोट र गणेश हिमालले औंला ठडाइरहेको देख्छु । फेरि छट्पटी हुन्छ, कोठामा ओर्लन्छु, रेडियो बन्द गर्छु, ओछ्यानमा पल्टन्छु ।


मेरो मस्तिष्कले क. बैकुण्ठसँगै बसेको, खाएको र काम कार्वाहीमा सँगै हिंडेको झलझली आँखामा घुम्छन्, मलाई थाहै थिएन, मेरो आँखाभरि आँशु छचल्किरहेको रहेछ । मुटुको स्पन्दन बढिरहेको रहेछ । नसामा तातो रातो रगत कुदिरहेको रहेछ । म केही समय स्तब्ध भइ जुरुक्क उठी दाह्रा किटी आँखाबाट आँशु पुछी मुट्ठि कसेर शोकलाई शक्तिमा बदल्ने अठोट गरें । त्यही हुनाले होला हाम्रो पार्टीका श्रद्धेय अध्यक्ष क.प्रचण्डले भन्नु भएको छ- "हामी रुँदारुँदै हाँसेका छौं, हाँस्दाहाँस्दै रोएका छौं । तर हामीले होश भने गुमाएका छैनौं, विवेक भने गुमाएका छैनौं । हो ठीक त्यसैगरी हामी हाम्रा विजयहरूमा हाँस्ने गर्छौं, हाम्रा साथीहरूको हत्याले जन्माएको पीडामा रुने गर्छौं । बरु हामी क्रान्तिकारीहरू आतुर हुन्छौं, बदला लिन र फेरि साहस गर्दै संयमित हुन्छौं । हामी युद्धमोर्चामा डटेर रगतको बदला रगतबाट नै लिन्छौं र अन्तिम जित नभएसम्म लडिरहन्छौं ।

मेरो पहिलो भेट क. बैकुण्ठसँग सरस्वती क्याम्पसमा भएको थियो । २०५७ सालको शुरुतिर होला क्याम्पसको इकाई सम्मेलन थियो । उहाँ त्यस क्याम्पसको इकाइमा हुनुहुँदोरहेछ । त्यहाँ उहाँले स्वागत मन्तव्य राख्नु भएको थियो । अलि मोटो, होचो, गहुँगोह्रो वर्ण भएको क.बैकुण्ठ स्पष्ट वक्ता हुनुहुँदोरहेछ । त्यही दिन हाम्रो परिचय भएको थियो । पछि मेरो कार्यक्षेत्र पनि त्यही पर्‍यो र हामी सबैले उहाँको योग्यता, क्षमता र संगठनप्रतिको लगनशीलता सबै हेरेर पूर्णकालीन हुन प्रेरित गर्‍यौं । तुरुन्त उहाँ पूर्णकालीन हुनुभयो । २०५७ सालको स्ववियु निर्वाचनमा उहाँ हाम्रो तर्फबाट एकजना उम्मेदवार हुनुहुन्थ्यो तर चुनाव हुन सकेन । २०५८ को शुरुदेखि हामी एउटै कोठामा बस्दथ्यौं । ५-६ महिनाको सँगै बसाइमा हाम्रो त्यस्तो नरमाइलो र बेमेल कहिल्यै भएन । हामी मिलेर काम गर्थ्यौं मिलेर पढ्थ्यौं, २०५८ को असारदेखि हाम्रो कार्यक्षेत्र फरक-फरक भएर हामी छुट्यौं ।

नुवाकोट जिल्ला थानपति गाविसमा मध्यम किसान परिवारमा जन्मनु भएका क. बैकुण्ठ घरपरिवारको कान्छो छोरा हुनुहुन्थ्यो । तीन दाजु-भाइ र दुई दिदी-

***(बाँकी ५९ पेजमा)***

# मानव वधशालाको यात्रा



**वीरेन्द्र बस्नेत**

सामन्ती फाँसीवादीहरूको केन्द्रीकृत सत्ताले परिवर्तनकामी नेपाली जनताको संवाद र वार्ताको माध्यमद्धारा मुलुकलाई अग्रगामी निकाश दिनुपर्छ भन्ने चाहानामा पानी खन्याउँदै जनताको न्यायपूर्ण युद्धलाई निशतेज पार्न षड्यन्त्रका तिकडमहरू रच्न थाल्यो । शोषित-उत्पीडित जनसमुदायको अग्रदस्ता, विश्वसर्वहारावर्गको एक सशक्त टुकडी गौरवशाली पार्टी ने.क.पा. (माओवादी) साम्राज्यवादीहरूको षड्यन्त्रको दुश्चक्रमा फस्ने कुरै थिएन । अब जनतासँग तमाम तिकडमहरूको पर्दाफास गर्नको विकल्प थिएन । जब संवाद र वार्ताले सामाजिक अर्न्तविरोधहरूको हल गर्दैन तब युद्धद्वारा त्यसको छिनोफानो हुन्छ । समाज विज्ञानको अनिवार्य नियम बमोजिम जनताप्रति अत्यन्तै जिम्मेवार हुँदै ने.क.पा( माओवादी) ले युद्धविरामको औचित्य समाप्त भएको घोषणा गर्दै पुनः युद्धद्वारा नै फासिवादी सत्ताको निषेध गरी जनताको सत्ता स्थापना गर्नका निम्ति अगाडि बढने निधो गऱ्यो । महान् सम्भावनाहरू र गम्भीर चुनौतीको बीचबाट युद्ध अगाडि बढ्दै थियो । सम्भावनाहरूलाई वास्तविकतामा बदल्ने भावका साथ उक्त चुनौतीहरूका विरुद्ध लड्ने जिम्मा भ्यालीमा पऱ्यो । हाम्रा तयारीहरू पनि सोही वमोजिम नै हुने भए । फासिष्टहरूको अखडामा धावा बोल्दै जनमुक्ति सेना नेपालले उनीहरूकै अत्यन्तै मजवुद किल्ला (हेडक्वाटर काठमाडौं) मा फायर खोल्यो । त्यो बेला अमेरिकामा तालिम गरेर उपत्यकामा माओवादी विरुद्ध लड्ने जिम्मा लिएर आएका कथित कमाण्डो फोर्स भैरवनाथ गणका गणपतिलाई सफाया गरेर फायर खोलेको थियो । सोही दिन अर्थात २०६०-५-११ गते विहान नौ बजे मसहित सहयोद्धा क.देवराज गुरुङ र विनोद ढकाललाई काठमाण्डौको कपनबाट गिरफ्तार गऱ्यो । सम्भवत युद्धविराम पछि भ्यालीमा पहिलो गिरफ्तारीमा हामी तीन भाइ पऱ्यौं ।

क्रान्तिको मोर्चा वदलियो, परिस्थितिले हामीवाट थप जिम्मेवारीको माग गरेको अनुभूति भयो । साथीहरू भेट्न जाने सिलसिलामा दुश्मनले हामीलाई समात्न सफल भएको थियो । गायक रविन शर्माको घरमा वसेर हाम्रो संगठनमा क्रियाशील सिराहा घर वताउने वलराम यादव दुश्मनको एजेण्ट रहेछ । उनैका माध्यमबाट हामी तीनजना र दुई दिनपछि गोविन्द घिमिरे पनि दुश्मनको कब्जामा पर्नु भयो । सादा पोशाकका एक हुल जत्थाले हामीलाई अपहरण गरे । लगाएको कपडा खोले, आँखा बाँधे र पेटीले पाता कसे अनि ट्याक्सीमा कोचेर लगे । यो बीचमा पहिलेका अनुभवसहित दुश्मनसँग कसरी प्रस्तुत हुने भन्ने योजना बनाइरहेको थिएँ । मनमनै प्रतिज्ञा गरे म कसैलाई पेजर फोन गर्ने छैन साथै कसैका कोठा पनि देखाउने छैन । यसमा पछिसम्म सफल नै रहें । गाडी रोकिएको ठाउँ सामाखुशीको सशस्त्र प्रहरीको व्यारेक रहेछ । त्यहाँ हामीलाई तत्कालका फौजी योजनाको बारेमा भ्यालीमा रहनु भएका कमरेडहरूका बारेमा, हाम्रो संरचनाको बारेमा सोध्ने अनि मुख्य रूपमा फोन-पेजर गरेर, साथीहरूको कोठा देखाएर गिरफ्तार गराउन लगाउने विषयलाई लिएर यातना दिइने गरिन्थ्यो । आखाँमा कालोपट्टी, पाता फर्काएर हातहरूमा हत्कडी, कसैसँग बोल्न नदिने, प्रत्येक दिन घण्टौसम्म चुटिरहने, वेहोश भएपछि मात्र छोड्ने गरिन्थ्यो । एक हप्तासम्म यातनाको क्रम जारी रह्यो । ०६२ भदौ १८ गते बेलुकी हामीलाई भैरवनाथ गणमा सारियो । यातनाका तरिका र परिमाणहरू थपिए । हामीलाई उक्त गणले स्क्वास हलमा राखेको थियो । बन्दीहरूले हल खचाखच थियो । मलाई लाग्छ ६० जना भन्दा बढी हुनु पर्छ । तर लुकीचोरी हेर्दा, कुरा गर्दा र उनीहरूले नाम बोलाएको सुन्दा हामी चारजनाबाहेक वास्तविक माओवादी कोही थिएन । त्यो उपत्यकामा नराम्रो झापड खाएपछिको पागलपन थियो । त्यसले कैयौं सर्वसाधारणमाथि आफ्नो बहुलट्टीपूर्ण बर्वरता देखाएर बहादुरीको गुड्डी हाँकेको प्रष्टै देखिन्थ्यो । त्यहाँ आएपछि परिस्थितिहरू अझ कठोर बन्दै आए । देशव्यापी रूपमा झापड खाएर पागल बनेको सत्ता मानवताको खिल्ली उडाउँदै प्रस्तुत भयो । उक्त गणका गणपति कर्नेल राजु बस्नेत बर्वरताको एक खलपात्रको रूपमा हाम्रा सामु प्रस्तुत भयो । क्रुरताको पराकाष्ठा नाघेर यातना दिँदा उसले बहादुरी सम्झन्थ्यो । गन्ध समेतले पनि वान्ता आउने अत्यन्तै फोहोर पानीको इनारमा उँधो मुन्टो लगाएर डुवाउने, पानी निलेर वेहोस नहुन्जेल नछाड्ने, करेण्ट लगाएर शरीरभरि डढाइदिने, घण्टौसम्म कोर्राले पिटेर शरीर छिया-छिया बनाउने, पेटभरि खान नदिने, रातभरि सुत्न नदिने, बसेकै ठाउँमा कपडा नखोली दिशा-पिसाव गर्नु पर्ने, ओड्ने ओछ्याउने वेगरै चिसो सिमेण्टमा लड्नु पर्ने । कसैले कल्पनै गर्न सक्दैन हामीमा के गुज्रिएको थियो । त्यस्ता अनेकौं कहाली लाग्दा क्षणहरूसँग परिचयका सहज हातहरू मिलाउनु सिवाय विकल्प थिएन । त्यो बेला बाँच्नुभन्दा मर्नु कैयौं गुणा ज्यादा

**रेवकला तिवारी, रेणुका दुलाल, दुर्गा विशङ्खे र कौशिला पोखरेललाई पौषको पहिलो सातातिर त्यहाँबाट अज्ञात स्थलतर्फ लिएर गयो । तर पछि जनआस्था साप्ताहिकले तथ्य समेत पेश गर्न सक्ने भन्दै उहाँहरूलाई सामूहिक बलात्कारपछि हत्या गरेको भनेर हृदय विदारक समाचार सम्प्रेषण गऱ्यो ।**

सहज लाग्थ्यो । न त्यहाँ जीवन न त मृत्यु नै सम्भव थियो । त्यो बेलाको वर्वरताले मावताको उपहास गऱ्यो । तर एउटा कुरा इतिहास निर्मम हुन्छ, जनता कहिल्यै हार्दैन । उनले त नयाँ नेपालको सुन्दर तस्वीर सजाइरहेका जोशिला आँखाहरूमा कालापट्टी लगाए । नयाँ संसार निर्माण गर्न कर्मशील हातहरूमा साङ्लाले बाँधेर मुलुकको भविष्य कोर्ने औंलाहरूमा आलपिनहरू रोपे । लुटाहाहरूको स्वर्ग भत्काउने साहस बोकेका मुटुहरूमा संगीन रोपेर आफ्ना हिंस्रक अञ्जुलीहरूमा रगत थापि पिइरहे तर समयले पाईपाई हिसाब खोज्नेछ । त्यहाँ कार्यरत कतिपय सिपाहीहरूले खतरा मोलेर गरेको सहयोग धन्यवाद योग्य नै छन् । काठमाडौं बत्तीसपुतली घर हुने मेजर विवेक विष्ट (छन्डीमा ओस्को) क्याप्टेन इण्डिया रोमियो, चार्लिपापा, किलोमाइक (चितवन) यिनीहरू अत्यन्तै निकृष्ट ढंगले यातना दिने नाम हुन् । यसमा पनि विवेक विष्ट प्रमुख हो । समयक्रममा यिनीहरू लगायत सिङ्गो शाही जल्लादहरूका अत्याचारका फाइलहरू खोलिदैं जानेछन् ।

२०६१-१२-७ सम्म त्यही स्क्वायस हलमा राखियो । त्यो बीचमा एक हप्ताको फरकमा फाल्गुनको अन्तितर ३ पटक दिउँसो-दिउँसो सोही व्यारेकको अर्को स्थानमा लग्यो । पछि थाहा भयो हामी त्यहाँ रहेको जानकारी पाएर आई.सी.आर.सी. आउने भएर लुकाउन लगेको रहेछ । हामीलाई लगेको ठाउँमा पनि हामी जस्तै गरी ३ अलग-अलग ठाउँहरूमा पाल टाँगी प्रत्येक पालमा ३-३ वटा साना पालहरूमा बन्दीहरू राखिएको थियो । ट्वाइलेट गएको मौका पारेर आँखा खोली भ्यान्टीलेशनबाट बाहिर हेर्दा देखिएको दृष्य थियो त्यो । पिसाव फेर्ने क्रममा त्यताका ३ जनालाई भेटेकै थिएँ । उहाँहरूका अनुसार १८-१८ जना गरी तीनवटा पालमा मान्छे राखेको छ भन्ने कुरा थाहा भयो ।

पछिल्लो वार्ता भंगभई युद्ध अघि बढे पछि ०६० मंसिरको अन्तसम्म गिरफ्तार पर्नु हुने धेरै साथीहरूसँग भेट भएको थियो । जसमध्ये कृष्ण के.सी, हिमाल शर्मा लगायतका अत्यन्तै कम साथीहरू मात्र सार्वजनिक हुनुभएको छ । तर सोही स्थानमा भेट भएको निश्चल नकर्मी उहाँसँगै पर्नु भएका शिक्षकहरू कृष्ण के.सी, रमेश गुरागाई र गणेश ढकाल छुटिसक्दा पनि उहाँको अत्तोपत्तो छैन । उहाँ घट्टेकुलोबाट २०६०-८-१७ गतेका दिन गणेश ढकालको कोठाबाट गिरफ्तारी पर्नु भएको थियो । सुचिन्द्र श्रेष्ठ जो हालसम्म वेपत्ता हुनुहुन्छ जसलाई पनि त्यहाँ भेटेको थिएँ । उहाँ २०६०-८-२१ गते ज्याँठाबाट गिरफ्तारीमा पर्नु भएको थियो । पुष्प वस्नेत, देशभक्त चापागाई, धीरेन्द्र वस्नेत, भिमराज महर्जन, बुद्धि लामा, शान्तिराम भट्टराई, हिरा रोक्का, जालन्धर बाँस्तोला, अर्जुन पोखरेल, अशोक अकेला (सुनार), अर्जुन महर्जन, माधव अधिकारी, कमल के.सी, किरण राय, किरण महर्जन, हेमनारायण श्रेष्ठ, रामचन्द्र काफ्ले, रूपक अधिकारी, हिराबहादुर सारु, निमा लामा, डोलेश्वर लिम्बु, देवीराज दंगाल, वि.के श्रेष्ठ (काभ्रे), भीम गिरी, पीपल श्रेष्ठ,

**फोहोर पानीको इनारमा उँधो मुन्टो लगाएर डुवाउने, पानी निलेर वेहोस नहुन्जेल नछाड्ने, करेण्ट लगाएर शरीरभरि डढाइदिने, घण्टौसम्म कोर्राले पिटेर शरीर छिया-छिया बनाउने, पेटभरि खान नदिने, रातभरि सुत्न नदिने, बसेकै ठाउँमा कपडा नखोली दिशा-पिसाव गर्नु पर्ने, ओड्ने ओछ्याउने वेगरै चिसो सिमेण्टमा लड्नु पर्ने ।**

सुर्दशन रिजाल, लीला आचार्य, तेजमान वि.क, धनराज तामाङ, गोकुल निरौंला, लगायतका सयौं साथीहरू यो नर्कका नारकीय जीवनका साथ हालसम्म वेपत्ता हुनुहुन्छ । उहाँहरूका विषयमा कैयौं तथ्यहरू सार्वजनिक भइसक्दा पनि शाही जल्लादहरू पक्रिएको स्वीकार्न चाहँदैनन् । त्यसबाट उनीहरूको मानवताविरोधी चरित्र उदाङ्गो भएको बुझ्नलाई कठिनाइ पर्दैन । उता रेवकला तिवारी, रेणुका दुलाल, दुर्गा विशङ्खे र कौशिला पोखरेललाई पौषको पहिलो सातातिर त्यहाँबाट अज्ञात स्थलतर्फ लिएर गयो । तर पछि जनआस्था साप्ताहिकले तथ्य समेत पेश गर्न सक्ने भन्दै उहाँहरूलाई सामूहिक बलात्कारपछि हत्या गरेको भनेर हृदय विदारक समाचार सम्प्रेषण गऱ्यो । उक्त समाचारले मानवीय सम्वेदनाहरूमा सनसनी मच्चायो । तमाम नेपाली आमाहरूको हृदयमा आक्रोशको ज्वाला दन्कायो । आततायीहरूले त्यसको खण्डन नगरेर पुष्टिलाई नै बलियो बनाए ।

हामीलाई राखेको स्क्वास हल अथवा भनौं हिटलरका ग्यास च्याम्बरको नेपाली संस्करण, त्यहाँबाट फुत्केर मान्छेहरू बाहिर पुग्ने र विभिन्न ठाउँमा हामीले खबर पठाएका कारणले गर्दा बाहिरी संसारलाई पनि थाहा भयो । उक्त कुराका निम्ति कृष्ण के.सीले खेल्नु भएको भूमिका अत्यन्तै सराहनीय छ । उक्त स्थान सार्वजनिक भएपछि सोही ब्यारेकको एउटा कुना चारैतिर घरैघर भएको ठाउँमा पाल टाँगेर साऱ्यो । त्यतिबेला हामी ५८ जना थियौं । माथि उल्लेख गरिएका साथीहरू २०६० पुसको पहिलो सातातिरै हामीबाट छुटाएर अन्यत्र लगिसकेका थिए । पालमा आएपछि पनि यातनामा कुनै फेरबदल र कमी आएन । त्यस्तै यातनाका बीच त्यो ठाउँमा पनि दश महिना बिताइयो । २०६१ माघ ५ गते हामीलाई त्यहाँबाट शिवपुरी ब्यारेक लग्यो । त्यो बेला हामी केवल १७ जना मात्र थियौं । ५८ जना मध्येका कतिपयलाई अन्तै लैजाने, कतिपयलाई जेल पठाउने र कसैकसैलाई मुक्त गरिसकेको थियो । शिवपुरी लगिसकेपछि पनि थप यातना दिने काम भयो । हामी सबैलाई एक चरण पिट्ने काम गऱ्यो । त्यसको केही दिनपछि कृष्ण के.सी लाई थप यातना दियो । यो हाम्रो गिरफ्तारको सातौं महिना थियो । यतिका समय वितिसक्दा पनि कुनै पनि सेकेण्ड यातना मुक्त थिएनन् । त्यहाँबाट म र अन्य दुई जना साथीलाई २१ गते दिउँसो राजदल ब्यारेकमा ल्यायो । त्यहाँ राखेर लगातार २२ दिन नयाँ सोधपुछसहित पुराना दिनहरूलाई सम्झाउने यातनाको पुनरावृति गर्ने काम भयो । दुश्मनका एकपछि अर्को अखडाहरूको यात्रा गर्दै २०६१-११-१२ गतेका दिन अर्थात १८ महिना २ दिनपछि प्रकाश देख्न पाइयो । घाम देखिएको आकाशको टुक्रा नख्खु जेलको थियो । त्यसपछि २०६२-७-२ गते डिल्ली बजार कारागार हुँदै अदालतको बन्दी प्रत्यक्षीकरणको आदेशबाट ०६२-९-३ गते २८ महिनाको मानव वध शालाहरूको यात्रा पार गरेर खुल्ला संसारमा आएको छु । दुश्मनले सिकाएका कठोर पाठहरूसँगै कार्य क्षेत्रमा आएको छु । ◆

# शैक्षिक आन्दोलनका एजेण्डाहरू *

## १. शिक्षा र संस्कृतिलाई कसरी बुझ्ने ?

- कुनै पनि देशको क्रान्ति सम्पन्न गर्नका लागि आधारभूत र महत्वपूर्ण तत्व शिक्षा र संस्कृति हुने गर्छ ।
- क्रान्ति सम्पन्न गर्नका लागि असाध्यै महत्वपूर्ण भूमिका निर्वाह गर्ने शिक्षा र संस्कृतिको क्षेत्रले प्रतिक्रान्तिमा पनि असाध्यै डरलाग्दो भूमिका खेलेको पनि हामीले इतिहासमा देख्यौं ।
- वर्गसंघर्षको एउटा मुख्य एजेण्डा जसरी शिक्षा र संस्कृति बन्ने गरेको छ त्यसैगरी दुईलाइन संघर्षको पनि एउटा मुख्य एजेण्डा यो बन्ने गरेको छ ।
- क्रान्ति र प्रतिक्रान्ति एवं वर्गसंघर्ष र दुईलाइन संघर्षसँग गाँसिएर आउने शिक्षा र संस्कृतिको क्षेत्रले जनमत सृष्टि गर्नका लागि मुख्य भूमिका खेल्ने गर्दछ ।
- त्यसकारण सर्वहारावर्ग, क्रान्तिकारी कम्युनिस्ट पार्टी र जनसत्ताले कसरी, कुन विधिद्वारा यस क्षेत्रमा सर्वहारा विचार र नेतृत्व स्थापित गर्ने ? भनेर प्रशिक्षण गर्न अविलम्ब निश्चित गरिनुपर्छ ।
- ज-जसले शुरुदेखि यसो गरे उनीहरू सफल भए । ज-जसले गरेनन् अथवा गर्न ढिला गरे उनीहरू असफल भए । असफलतासँगै त्यहीबाट ठूलाठूला गडबडी भए अथवा प्रतिक्रान्ति भयो ।
- ठूलाठूला गडबडीको अर्थः सत्ता गुमाएको वर्ग (बाहिर र भित्र) अरु हजार बलका साथ यसै क्षेत्रबाट घुस्ने हजार कोशिस गर्छ । उसको उद्देश्य प्रतिक्रान्तिकारी धारलाई तेज बनाउने नै हुन्छ ।
- हाम्रो सन्दर्भमा हेर्दा : सामन्तवादी संस्कार (शक्ति पिठका पुजारी) विरुद्ध नयाँ संस्कारले सुसंस्कृत गर्ने उद्देश्य राख्नुपर्ने छ ।
- पुरानो सत्ता, शिक्षा प्रणाली र पुरानो सत्ताका कर्मचारी (शिक्षक) द्वारा नयाँ सत्ता चलेको ठाउँमा नयाँ सत्ताभित्रका विद्यार्थीहरूलाई घोकाउने प्रक्रियाको ध्वंस अनिवार्य छ । यतिबेलाको ध्वंशको प्रक्रिया वैचारिक र सैद्धान्तिक नै बनाउनु पर्छ । त्यसपछि भौतिक ध्वंसतिर बढ्न सजिलो हुन्छ । एकातिर पुरानो सत्ताको शिक्षा कार्यालय र शिक्षण संस्थाबीचको सम्बन्ध विच्छेद गर्न जरुरी हुन्छ भने अर्कोतिर नयाँ सत्ता अन्तर्गत नयाँ शिक्षाप्रणालीभित्र पाठ्यक्रम, पाठ्यपुस्तक, परीक्षा प्रणाली र प्रमाणपत्र वितरणसँगै आफ्नै मुद्रा विकास गर्न जरुरी हुन्छ ।

## २. विद्यार्थी आन्दोलनको ऐतिहासिक भूमिका के थियो ?

- जतिबेला (पंचायत काल) राजनीतिक पार्टीहरू प्रतिबन्धित थिए त्यतिबेला समाजमा पार्टीले खेल्नुपर्ने राजनीतिक भूमिका विद्यार्थी आन्दोलनले खेल्यो ।
- जतिबेला पार्टीहरू मुख्यतः कम्युनिस्ट पार्टी सुधारवादी र संशोधनवादको दलदलमा फसेको थियो त्यतिबेला विद्यार्थीहरूले सुधारवाद र सबैखाले अवसरवाद विरुद्ध विद्रोहको झण्डा मात्र उठाएनन् समाजको क्रान्तिकारी आन्दोलन, जनताको भावना र प्रवृत्तिको प्रतिनिधित्व पनि विद्यार्थी आन्दोलनले गऱ्यो ।

## ३. वर्तमान शैक्षिक आन्दोलमका १२ बुँदा

### (क) निजी शिक्षा

पृष्ठभूमि : वि.सं. २०३५-३६ सालको विद्यार्थी आन्दोलन, जो पछि राजनीतिक आन्दोलनमा विकसित भयो, ले पंचायती सत्ताधारीहरूलाई चौतर्फी घेराबन्दी गर्दै निर्विकल्प भनिएको निर्दलीय पंचायती व्यवस्थाको विकल्पमा स्वयं पंचहरूलाई पुऱ्याउने गरी सफलता हासिल गऱ्यो । यसबाट पंचहरूले एउटा पाठ सिके । त्यो पाठ थियो, अब नेपाली शैक्षिक जगत अथवा शिक्षण संस्थाबाट यो स्तरको मात्र होइन, कुनै पनि प्रकारको राजनीतिक आन्दोलनको उठान नहोस् र नेतृत्व गर्न नसकून । त्यतिबेला शैक्षिक एवं राजनीतिक आन्दोलनको केन्द्र र नेतृत्वदायी अंग भनेको सरकारी (निजी छदै थिएन भन्दा हुन्छ) विश्वविद्यालय ( त्रिविवि), यसअन्तर्गत आंगिक र आंशिक क्याम्पसहरू एवं विद्यालय थिए । भविष्यमा अब कहिल्यै पनि यी संस्थाहरूबाट त्यो स्तरको आन्दोलन नउठोस् भन्नाका लागि सरकारी शिक्षा विरुद्ध निजी शिक्षा नीति ल्याइयो र मुख्यतः २०३९ सालपछि निजी शिक्षालयहरू खुल्न थाले र निजी शिक्षण संस्थाहरूले अराजनीतिक कथित गुणस्तरीय जनशक्ति उत्पादन गर्ने ठेक्का लियो । अथवा शैक्षिक जगतबाट अभिजात वर्ग जन्माउने र अग्रगामी राजनीतिक चेतनाबाट जबर्जस्ती कटाउने तर सामन्तवादी सत्ता वरिपरी घुम्ने, उसेको सीता खाने र गीता गाउने कथित उच्च शैक्षिक जनशक्ति उत्पादन गर्न सुरु गरियो । सरकारी शिक्षालयबाट यसरी अभिजात वर्ग उत्पादन गर्न सम्भव थिएन किनकि सरकारी शिक्षालयहरूमा मजदुर, किसान वर्गीय विद्यार्थीहरूको उपस्थिति सघन थियो । विद्यार्थी समुदायले सामन्तवादी, सबैखाले प्रतिक्रियावादी सत्ता विरुद्ध धावा बोल्दै प्रगतिशील र मजदुर वर्गीय राजनीतिको पक्षमा आफूलाई उभ्याउने मात्र होइन, कतिपय सन्दर्भमा पार्टीहरूले खेल्नुपर्ने भूमिका समेत खेल्दै आएको थियो । यसरी भित्र्याइएको निजी शिक्षा नीति र संस्थाहरू २२ वर्षपछि आफूलाई शैक्षिक विशाल बजारको रूपमा व्यवहारतः उभ्याएका छन् । यस्ता शिक्षा व्यापारीहरूले विद्यार्थी-अभिभावकको शोषणबाट अकुत सम्पत्ति (आर्थिक ब्रम्हलूट) मात्र कमाएनन् राम्रैसँग अभिजात वर्ग जन्माउन पनि सफल बने । जुन वर्ग देश र जनताप्रति उत्तरदायी छैन । विद्यार्थी हक, हित र अधिकारप्रति कुनै चासो राख्दैन । राजनीतिक चेतनाबाट बेखबर छ । यस्तो अराजनीतिक अन्तर्राष्ट्रिय र जनताप्रति अनुत्तरदायी अप्रजातान्त्रिक वर्गलाई उच्च र सक्षम शैक्षिक जनशक्तिको पगरी गुथाएर हामीबीचमा

* *यी एजेण्डाहरु केन्द्रीय कार्यालयको तर्फबाट अध्यक्ष **लेखनाथ न्यौपाने**ले तयार गरी गत भाद्र (०६०) मा मातहतका समिति र सदस्यहरुबीचमा अध्ययन गर्न, अध्यापन गराउन एवं दृढतापूर्वक कार्यान्वयन गर्न निर्देशन गरिएको सामग्री हो ।*

जबर्जस्त भ्रम फैलाएको छ । त्यसकारण कथित गुणस्तरीय शिक्षा र उच्च शैक्षिक जनशक्ति उत्पादन गर्ने नाममा ल्याएको शिक्षा नीति जुन वास्तवमा जनता विरुद्ध लक्षित छको पूर्ण ध्वंसमा अब ढिलाई गर्न हुँदैन । यसबारे हामीबीचमा एकरूपताको बुझाई हुनु आवश्यक छ ।

**निजी शिक्षाको अन्त्य किन जरुरी छ ?**

१. शिक्षा क्षेत्रको सम्पूर्ण व्ययभार सरकारले लिनुपर्छ अथवा शिक्षा र संस्कृतिलाई सरकारीकरण गरिनुपर्छ । तर यहाँको सरकारी शिक्षण संस्थाहरू संरक्षण नपाएर भग्नावशेष बनाइदैछ ।

२. शिक्षा क्षेत्रमा व्यापार गर्न पाइदैन । व्यापारको नाममा आर्थिक ब्रम्हलूट मच्चाउने छुटसहित कम्पनी ऐन लागू गरिएकोले कम्पनी ऐन लगायत शिक्षामा भएको निजीकरण र व्यापारीकरणको अन्त्य हाम्रो उद्देश्य हो ।

३. दलाल तथा नोकरशाही पुँजीपतिवर्गले शिक्षा क्षेत्रमा पहुँच विस्तार गर्दै लगेको छ । जसले आफ्नो वर्ग अनुकूलको शिक्षा नीति बनाउन सरकारमाथि दबाव दिन्छ र सफल पनि भइराखेको छ ।

४. निजी शिक्षाको राजनतिक उद्देश्य पूर्णतः खोटी छ (अभिजात वर्ग जन्माउने र यथास्थितिमा रमाउने) सबै नेपाली जनता (विद्यार्थी) राजनीतिक गतिविधिमा सहभागी हुन दिइदैन । यसभित्र क्रान्तिकारी राजनीतिको त कुरै छाडौं सामान्य संसदीय राजनीतिक ज्ञान समेत राख्न सक्दैनन् । एक प्रकारको राजनीतिक प्रतिबन्ध कायम गरिएको छ ।

५. विद्यार्थीलाई राजनीतिदेखि अलग्याउनु, देश र जनताप्रति उत्तरदायी नबनाउनु एवं देश र जनताका समस्याबाट बेखबर बनाउनु ।

६. विद्यार्थी समुदायभित्र कुलिन वर्ग जन्माउने उद्देश्य निजी शिक्षाको छ । टाइ लगाउने, अंग्रेजी बोल्ने, बोडिङ पढ्ने एवं धेरै अंक ल्याए राम्रो मूल्यांकन हुने । यसभन्दा बाहिर भविष्य छैन जस्तो बनाउने ।

७. अंग्रेजी बोल्ने वित्तिकै ठूलो मान्छे भइन्छ भन्दै अंग्रेजी भाषालाई माध्यम भाषा बनाएको छ । जसबाट यहाँका कैयौं राष्ट्रभाषाको हत्या भएको छ र भाषिक साम्राज्यवादको आक्रमण छ । यो प्रजातन्त्रविरोधी कार्य हो ।

८. पश्चिमा छाडा संस्कृतिको खुला आयात, संरक्षण र विकास गर्ने केन्द्र निजी शिक्षा बनेको छ । जसले ट्यापे र गजडी संस्कृतिभित्र युवायुवतीलाई विकृत पार्दै सांस्कृतिक साम्राज्यवादको हिमायती बनेको छ ।

९. असमान सुविधा र समान प्रतिस्पर्धा (मनोवैज्ञानिक हिसाबले) समेतको पर्खाल खडा गरेर किसान पृष्ठभूमिका विद्यार्थीहरूलाई गिदी नभएका भन्दै असफल, असक्षम र अज्ञानी घोषित गर्ने षड्यन्त्र भइरहेको छ ।

**विस्थापनको विधि के थियो ?**

१. दलाल तथा नोकरशाही पुँजीपतिहरूले चलाएका संस्थामाथि माथिबाट आक्रमण गर्ने ।

२. स्थानीय सत्ता चलेका ठाउँमा (तल) अभिभावकको सहमतिमा पूर्णतः बढार्ने ।

३. बाँकी बचेकालाई निम्न शर्तमा केही समय चल्न दिने ।
   (क) सबै शिक्षण संस्था निजी र सरकारीमा एउटै पाठ्यक्रम र पाठ्यपुस्तक (एकरूपता) लागू गर्नुपर्ने ।
   (ख) माध्यम भाषा अंग्रेजी बनाउन नपाइने ।
   (ग) मासिक शुल्कमा ५० प्रतिशत कटौती एवं अनावश्यक शुल्क शीर्षक खारेज गर्ने ।
   (ङ) राजीतिक गतिविधि गर्न पाउने गरी स्ववियु खोल्न पाउनु पर्ने ।

नोट : निजी शिक्षा सम्बन्धमा हाम्रो संगठनको गत वर्ष सम्पन्न विस्तारित बैठकले गरेको नीतिगत निर्णय यथावत छ अथवा निजी शिक्षालाई हेर्ने हाम्रो सैद्धान्तिक र राजनैतिक दृष्टिकोणमा कुनै परिवर्तन आएको छैन र हैन । यो शिक्षा नीतिको अन्त्य अनिवार्य छ भन्ने कुरामा संगठन दृढ छ ।

**किन उक्त कार्यक्रम तत्कालका लागि स्थगन गरियो त ?**

१. राजनीतिक परिस्थितिमा आएको बदलावसँगै हामीले हाम्रो कार्यनीति फेर्नुपर्ने वा बाटो घुम्नुपर्ने भयो ।

२. लडाईको नयाँ मोर्चा शैक्षिक विसंगतिका विरुद्ध होइन, राजनीतिक विसंगतिका विरुद्ध खेल्नु पर्ने भयो । नत्र ज्ञानेन्द्रलाई फाइदा हुने स्थिति बन्यो ।

३. निजी शिक्षण संस्थाका संचालकहरू समेतलाई लिएर प्रजातान्त्रिक लडाईमा सामेल हुनुपर्ने र सबैको नेतृत्व हाम्रो विचारले गर्नुपर्ने अनिवार्य आवश्यकतालाई हामीले नजरअन्दाज गर्न सक्दैनौं ।

४. निजी शिक्षा बढार्ने घोषणासँगै विद्यार्थी, शिक्षक र अभिभावकबीचमा जति राजनीतिक कार्य गर्ने योजना थियो, त्यति माघ १९ पछि गर्न सकिएन ।

५. एक शैक्षिक सत्रका लागि मात्र स्थगन भनिएको छ । यो राजनीतिलाई बलियोसँग समातेर कार्यनीतिलाई लचकतामा कार्यान्वयन गर्ने विधिभित्रैबाट हामी सबैले बुझ्नु पर्छ ।

**अबको छलफल कसरी लैजाने ?**

१. अबका दिनमा शिक्षा क्षेत्रमा व्यापार चल्दैन, हामी चल्न दिदैनौं जनतालाई निजी शिक्षा आवश्यक छैन भनेरै जाने हो ।

२. दलाल तथा नोकरशाही पुँजीपतिहरूले चलाएका संस्थाहरूमा आगो लगाउन रोकिएको छैन ।

३. हाम्रा आधारक्षेत्रमा चल्ने शिक्षा प्रणाली सत्ताको स्वीकृतिबिना चलाउन पाइदैन ।

४. कम्पनी ऐन ठीक छैन । यसले पैसा कमाउने उद्देश्यभन्दा अन्य उद्देश्य राख्दैन भनेर जाने । यसका लागि एकातिर राजनीतिक दबाव र अर्कोतिर बलप्रयोग (माथि दबाव र तल बलप्रयोग) बाट जाने ।

**(ख) निशुल्क शिक्षा र प्रस्तावित विद्यालय**

१. शिक्षकहरूको बीचमा कित्ताबन्दीको छलफललाई व्यापकतामा लैजाने ताकि शिक्षकहरूलाई नयाँ शिक्षक बनाउने प्रयत्न होस् ।

२. स्थायी विद्यालयहरूमा पूर्णतः निशुल्क अभियान पुनः चलाउने । यही कारणले विदालय ढल्छ वा बन्द हुन्छ भने हुन दिने साथै हाम्रो संगठनसँग यस सम्बन्धमा मिति २०६० जेठ १० गते शिक्षा मन्त्रालयले गरेको सम्झौता कार्यान्वयन गर्न लगाउने ।
३. प्रस्तावित विद्यालय (प्रा.विदेखि मा.वि.सम्म) नीतिगत हिसाबले पूर्ण निशुल्क नै हो तर फि नलिने बित्तिकै विद्यालय ढल्ने स्थिति छ भने अभिभावक, स्थानीय पार्टी र सत्ता एवं विद्यार्थीहरूसँग छलफल गर्ने । हाम्रो कारणले विद्यालय ढलेको भन्ने गलत सूचना प्रवाह तल नजाओस् भन्ने विषयमा गम्भीर बन्ने साथै स्थायी स्वीकृती प्राप्त गर्न एवं विषय शिक्षक र दरबन्दी थप्नको लागि जनपरिचालनसहित जिल्ला घेर्न जाने ।

### (ग) RP र समुदायलाई विद्यालय हस्तान्तरण

१. स्रोत व्यक्ति र स्रोत केन्द्र पूर्णतः खारेज गर्ने र आफ्नै दरबन्दी भएको ठाउँमा RP लाई पढाउन लगाउने ।
२. समुदायलाई विद्यालय हस्तान्तरण पूर्णतः खारेज गरेको घोषणा गर्ने किनभने-
    (क) यो विश्व बैकको लगानी हो । उसको शर्त मान्ने भनेको शिक्षामा वैदेशिक हस्तक्षेप स्वीकार्य हुनु हो साथै युरोपको नक्कल गरी ल्याइएको युनिटी नेपाली जनताले स्वीकार्न सक्दैनन् र युरोपको जसरी सम्पूर्ण शैक्षिक व्ययभार नेपाली जनताले व्यहोर्न पनि सक्दैनन् ।
    (ख) केन्द्रीय शासनसत्ता आफूले लिने र स्थानीय सत्तामा मण्डलेहरू भर्ती गर्ने कार्य ज्ञानेन्द्रले शुरु गरेको छ । गाउँका सबै शिक्षकहरूलाई स्थानीय मण्डलेहरूले आफ्ना भाट बनाउने र जागिर खुवाउने एवं मण्डलेहरूको भाट हुन नमान्नेहरूलाई निस्कासन गर्ने अधिकारसहित यो प्रक्रिया शुरु गरिएको छ ।
    (ग) भोलि शिक्षक दरबन्दी खाली भएमा (मृत्यु, राजीनामा, सरुवा, पेन्सन आदि कारणले दरबन्दी खाली हुन्छ) त्यहाँ सरकारले दरबन्दी दिदैन । समुदायले नै जागिर खुवाउने गरी शिक्षक राख्नुपर्दछ ।
    (घ) सरकार शिक्षा क्षेत्रको दायित्वबाट पन्छन र त्यसको लगानी कथित सुरक्षा फौजतिर लगाउने उद्देश्य राखेको प्रस्टै देखिन्छ ।
    (ङ) कालान्तरमा यसले शिक्षामा गरिने निजीकरणको रूपधारण गर्ने छ ।

## (घ) CTEVT र अन्य प्राविधिक शिक्षा

१. सम्पूर्ण निजी शिक्षालाई हेर्ने हाम्रो दृष्टिकोण जे हो यसमा पनि त्यही हो र यही आधारमा यी संस्थाहरूसँग वैचारिक छलफल गर्ने ।
२. प्राविधिक शिक्षाबारे आम जनताका बीचमा रहेको भ्रम साफ गर्ने र प्राविधिक शिक्षा दिने नाममा अकुत सम्पत्ति कमाउने र रातारात करोडपति बन्ने सपनामाथि हमला गर्ने ।
३. प्राविधिक शिक्षा जनताका छोराछोरीलाई दिने हो भने २ वटा शर्त राखेर सुधारात्मक संघर्ष चलाउने ।
    (क) धरौटी खारेज गर्ने ।
    (ख) शुल्कमा ५० प्रतिशत कटौती गर्ने । यी दुई शर्तमा हाललाई प्राविधिक शिक्षा चल्न दिने ।

### (ङ) १०+२ र +२ अथवा ०+२

१. सत्ताले एसएलसी खारेज गर्ने र विद्यालयस्तरीय शिक्षा १२ कक्षासम्म पुऱ्याउने एवं १२ कक्षापछि एकैचोटी स्नातक पढ्न जाने नियम बनाउँदैछ । यस योजनाबारे व्यापक छलफल गर्ने ।
२. यति गरेपछि प्रमाणपत्र तह पूर्ण विस्थापन आफै हुने उसको योजना छ ।
३. सरकारी १०+२ पनि निजी भन्दा हुन्छ किनकि सरकारी लगानी छँदैछैन । लगानी बढाउने शर्तमा हामीसँग पुरानो सत्ताले मिति २०६० साल असार ११ गते सम्झौता गरेको छ । जसको कार्यान्वयन गर्न दबाव दिने र मा.वि.कै शिक्षकले उच्च मा.वि.मा पढाउने गरेको पाइन्छ । जसले ११ र १२ कक्षाको नतिजा असाध्यै कमजोर देखिएको छ । यसबारे व्यापक छलफल र संघर्ष चलाउने ।
४. निजी १०+२ वा ०+२ लाई खारेजकै प्रक्रियामा लैजाने जसरी मा.वि.निजी संस्थाहरू परेका हुन् ।
५. सरकारीमा अनिवार्य एवं अन्यमा पनि स्ववियु खोल्न पाउने र संगठनात्मक कामलाई घनीभूत बनाउने ।

### (च) कोचिङ र ट्युशन

१. व्यापारिक दृष्टिबाट होल्डिङबोर्ड राखेर विज्ञापन गर्दै चलाएका कोचिङ सेन्टर र ट्युशनको फेशनमाथि वैचारिक आक्रमणसँगै प्रतिबन्ध गर्ने ।
२. कोचिङ र ट्युशन खोज्दै हिड्ने र आक्रमण गर्ने काम नगर्ने ।
३. एक शिक्षकले १/२ विद्यार्थीलाई घरमा बोलाएर अथवा घरमा गएर पढाउछ भने त्यसलाई केही नगर्ने ।

### (छ) O level/A level

१. O level (Ordinary Level) हाम्रो स्तरमा नाप्दा माविसम्मको शिक्षा ।
२. A level (Advance Level) हाम्रो स्तरमा नाप्दा उच्च मा.वि.सम्मको शिक्षा ।
३. यो शिक्षा बेलायतको क्याम्ब्रिज विश्वविदालयसँग सम्बन्धन प्राप्त भनिएको छ ।
४. यहाँ ब्रिटिश काउन्सिलको नेतृत्व र व्यवस्थापनमा चलाउँदै छ । उसैले कार्यक्रम बनाउँछ, परीक्षा लिन्छ, नतिजा निकाल्छ र प्रमाणपत्र वितरण गर्छ ।
५. हाल यस्ता शिक्षालयहरू काठमाडौंमा २२ वटा, पोखरामा २ वटा र वीरगञ्जमा १ चलेका छन् ।
६. यो पनि वैदेशिक हस्तक्षेप र शिक्षामा वैदेशिक हस्तक्षेप हो भनेर यसको विरुद्ध जाने ।

### (ज) विश्वविद्यालय

१. नेपालमा हाल ५ वटा विश्वविद्यालय (त्रिविवि, म.सं.वि.वि., पू.वि.वि., पो.वि.वि., का.वि.वि.) छन् र अन्य चारवटा विश्वविद्यालय प्रस्तावित छन् ।

२. त्रिविवि टुक्राएर पूर्वाञ्चल र पोखरा विश्वविद्यालय चलाइएको छ । विनापूर्वाधार विश्वविद्यालय खोल्न नहुने एवं त्रिविविलाई टुक्राएर ध्वंस गर्न नहुने ।

३. विश्वविद्यालयको शिक्षा हाम्रा लागि आकाशको फल आँखातरी मर हुँदैछ । यसको तीव्र भण्डाफोर गर्ने किनकि एउटा लेवल (तह) पढ्न लागि २०-३० लाख खर्च गर्ने हैसियत कति विद्यार्थीको होला ?

४. नयाँ विश्वविद्यालय जस्तै सेती-महाकाली एवं कर्णाली र कृषि वि.वि. खोल्नुपर्ने हाम्रो पनि माग छ तर बनेका विश्वविद्यालय टुक्राएर होइन । नयाँ पूर्वाधार तयार गरेर मात्र खोल्नुपर्ने हाम्रो माग हो ।

### (झ) विद्यार्थी स्वागत अभियान

१. पुरानो सत्ताले नयाँ सत्ता चलेका ठाउँमा आफ्नो उपस्थिति जनाउने खेल हो यो ।

२. विद्यालयका प्र.अ.लाई आफ्नो असली कर्मचारी बनाउने, तुल पोष्टर र जुलुश निकाल्न लगाउने ।

३. महिला, दलित विद्यार्थीका नाममा पैसा आफू खाने तर तल २०-५० दिएर देखाउने मात्रै हो । जस्तो १०० रूपैया दिएर सदरमुकाम फारम लिन, जन्म दर्ता लिन पठाउने र छात्रवृत्ति कटाउने गरेको पनि पाइयो ।

४. २ लाख विद्यार्थी भर्ना भएको प्रचार गर्ने तर तिनलाई बस्ने कोठा र भवन, शिक्षक र दरबन्दी नचाहिने । त्यसकारण यो गाइजात्रा हो ।

५. यो पनि वैदेशिक हस्तक्षेप नै हो । यसबारे अझै मसिनोसँग अध्ययन गर्ने र सिजनमा बोल्ने । बेसिजनको वाजा बजाउँदा प्रतिउत्पादक हुने कुरामा ध्यान दिने ।

### (ञ) राष्ट्रवादी शिक्षा र जनवादी शिक्षा

१. प्रतिक्रियावादी अथवा सामन्ती अधिनायकवादी सत्तालाई वैधानिकता दिने र त्यसलाई टिकाउनका लागि आफ्नो अनुकूलको शिक्षा प्रणाली बनाउने र लागू गर्ने षड्यन्त्र नै राष्ट्रवादी शिक्षाको प्रचार हो तर यो लागू भइसकेको छैन । हामीले यसका विरुद्ध आगो बाल्नु पर्छ ।

२. नयाँ पाठ्यपुस्तकको नाममा कथित राजा ज्ञानेन्द्र र उसको श्रीमती एवं गुण्डो पारसे र उसको श्रीमतीको फोटो छपाएर विद्यार्थी पढाउने षड्यन्त्रविरुद्ध त्यसलाई च्यात्ने, पोल्ने र बहिष्कार गर्ने अभियान चलाउने ।

३. शाही परिवारका नाममा नामाङ्कन गरी चलाइएका शिक्षण संस्थाहरूको नाम जनपरिचालनद्वारा परिवर्तन गर्ने ।

४. नयाँ जनवादी शिक्षामा मानसिक श्रमसँगै शारीरिक श्रमका लागि जनसेवामा सहभागी हुने, श्रमसँग शिक्षा र शिक्षाबाट नयाँ चेतनाको मर्म अनुरूप शिक्षण संस्थासँग कारखाना र खेतवारी राख्ने र प्रयोगशाला बनाउनु जनवादी शिक्षाको मर्म हो ।

५. जनवादी शिक्षामा किसान-मजदुरले विद्यार्थीलाई प्रयोगात्मक शिक्षा दिने विधि हुन्छ ।

६. व्यक्तिगत, मानसम्मान र प्रतिष्ठाका निम्ति शिक्षा होइन कि देश र क्रान्तिप्रति समर्पित हुने नैतिकवान जनशक्ति उत्पादन गर्ने यसको उद्देश्य हुन्छ ।

७. यसको विधि शिक्षकबाट विद्यार्थी र विद्यार्थीबाट शिक्षकले अथवा किसान मजदुरबाट विद्यार्थीले र विद्यार्थीबाट किसान मजदुरले सिक्ने मुख्यतः आलोचना र आत्मालोचनाको विधि नै हो ।

### (ट) संयुक्त संघर्ष

१. दुइवटा मोर्चाबाट बुझ्नु पर्ने

(क) रणनीतिक संयुक्त मोर्चा: रणनीतिक संयुक्त मोर्चा मित्रशक्तिहरूसँग कायम गरिन्छ । उनीहरू संयुक्त मोर्चामा आफ्नो भिन्न संगठनको अस्तित्वसहित उपस्थित हुन्छन् ।

(ख) कार्यनीति संयुक्त मोर्चा : कार्यनीति संयुक्त मोर्चा प्रमुख दुश्मन विरुद्ध आन्दोलन केन्द्रित गर्न सहायक दुश्मन जो हाम्रा मित्रशक्ति होइनन्लाई एकै ठाउँमा केन्द्रित गर्ने मोर्चा हो । जुन निश्चित उद्देश्यका लागि निश्चित नारा तयार गरी कायम गरिन्छ । जस्तै लेनिनले प्रधान दुश्मन करेन्स्की विरुद्ध अवसरवादी मेन्सेभिक र समाजवादीसँग कायम गरेको मोर्चा, स्टालिनले प्रधान दुश्मन जर्मन फासिवाद विरुद्ध प्रतिक्रियावादी अमेरिका र ब्रिटेनसँग बनाएको मोर्चा, माओले प्रधान दुश्मन जापान विरुद्ध प्रतिक्रियावादी कोमिन्ताङसँग कायम गरेको संयुक्त मोर्चा एवं हाम्रो पार्टीले शाही फासिवाद विरुद्ध कांग्रेस-एमालेलगायतका संसद्वादी दलहरूसँग कायम गर्न खोजेको मोर्चा ।

२. हाम्रो सन्दर्भमा ८ विद्यार्थीहरूसँग राजतन्त्र विरुद्ध र गणतन्त्रको पक्षमा कायम गर्न खोजिएको कार्यनीति मोर्चा ।

३. नयाँ नारा प्रजातन्त्रको निम्ति पढाइ, प्रजातन्त्रको निम्ति परीक्षा र प्रजातन्त्रको निम्ति व्यक्तिगत जीवन त्याग्ने कुरा ।

४. पंचायतकालीन भूमिका निर्वाह गर्ने गरी तलदेखि माथिसम्म छलफल, अन्तरक्रिया, गोष्ठी-सभा जेजे सकिन्छ, त्यही त्यही गर्दै जाने ।

५. बाध्य भएर वा विचार बदलेर संयुक्त कार्यनीतिक मोर्चामा आउने सम्भावना छ ।

### (ठ) पार्टी र जबस

१. सबै जबसको प्रकृति एउटै छैन । जस्तो किसान र महिलाको जस्तो छ त्यस्तै विद्यार्थी र मजदुरको छैन ।


२. पी कमाण्डमा जबस, जबसको जुन तह हो त्यही तहको पी हेडक्वार्टरसँग जोडिने ।

३. पार्टीले वैचारिक योजना दिन्छ, त्यसलाई व्यवहारिक योजनामा ढाल्दै कार्यान्वयन गर्ने जिम्मा सम्बन्धित जबसको नेतृत्वको हुन्छ । सूचना र सम्पर्क दुवै ;ग्वतप्रवदजंसए टमतजपबंसख्र तिरबाट कायम गर्नुपर्छ ताकि योजना कार्यान्वयन गर्न सहज होस् ।

४. जबस-जबसबीच प्रतिद्वन्दी होइन, परिपुरक र सहयोगी अथवा सेन्ट्री पोष्टकै रूपमा बुझ्नु पर्ने हुन्छ । ◆

# चुनवाङ साक्षरता अभियानको रिपोर्ट

*(नयाँ जनवादी शिक्षाको व्यवहारिक प्रयोगका निम्ति देशैभरि भइरहेको सयौं प्रयत्नहरूमध्ये नेपाली क्रान्तिकारी विद्यार्थी आन्दोलनको इतिहासमा संचालित चुनवाङ विस्तार अभियान विशेष रूपले चर्चित बन्न पुग्यो । अनेरास्ववियु (क्रान्तिकारी) राप्ती-धौलागिरि विशेष क्षेत्रीय समन्वय समितिद्वारा २०६० साउन २० गतेदेखि मंसिर २० गतेसम्म रुकुमको चुनवाङमा संचालित उक्त अभियान नमूना केन्द्रीकरणअन्तर्गत विद्रोहको चेतना र जनप्रतिरोधसहित जनसाक्षरता अभियानका नाममा संचालित भयो । उक्त अभियानकै नाममा तत्कालिन पश्चिम उपकेन्द्रको बैठकले त्यसलाई पश्चिमभरि नै विस्तार गर्ने उद्देश्यका साथ चुनवाङ विस्तार अभियान चलाउने निर्णय गरेको थियो । आधार क्षेत्रमा सत्ताको जनवादीकरणसँगै शिक्षामा जनवादीकरण गर्दै पुरानो शिक्षा प्रणालीको विकल्पको रूपमा नयाँ जनवादी शिक्षा प्रणालीको आधार तयार गर्न उक्त अभियान महत्त्वपूर्ण मानिएको छ । जनताको महान् जनयुद्धका सन्दर्भमा वर्तमान परिस्थिति तथा सामन्तवाद र साम्राज्यवादविरोधी चेतनाको विकास गर्दै प्रशिक्षार्थीहरूमा आधारभूत तथा विशिष्ट शिक्षा दिलाउने यो अभियान आफ्नो उद्देश्य र विधिको सहीपनाको पुष्टि गर्दै जनसमुदायमाझ उत्साहजनक ढंगले स्थापित बन्न पुगेको थियो । रुकुमको चुनवाङ गाजसको ९ वटै वडाहरूमा संगठनका १३ जना प्रशिक्षकहरूद्वारा ४ महिनासम्म २१० जना प्रशिक्षार्थीहरूलाई नयाँ विधिद्वारा साक्षर बनाइएको उक्त जनसाक्षर अभियानबारे अनेरास्ववियु (क्रान्तिकारी) सल्यानका अध्यक्ष एवं मुख्य प्रशिक्षक तिलकराज भण्डारीले तयार पार्नु भएको समीक्षात्मक प्रतिवेदन केन्द्रीय प्रकाशन विभागलाई प्राप्त भएको छ । प्रस्तुत छ उक्त प्रतिवेदनको मुख्य अंश-प्रकाशक)*



*नयाँ सत्ताद्वारा संचालित शहीद स्मृति नमुना विद्यालय र रोलकालमा विद्यार्थीहरु*

## १. जनशिक्षालय र जनशिक्षार्थीहरू

श्रमजीवी जनसमुदायको उपयुक्त समय र अनुकूल स्थानलाई ध्यानमा राखी गाजसभरिका ९ वटा वडामा १८ वटा जनशिक्षालय संचालन गरियो । १३ जनाको जनशक्तिले कतिपय प्रशिक्षकले दुई ठाउँमा जनशिक्षालय संचालन गर्नुपर्ने स्थितिको बीचबाट अगाडि बढियो । जसमा समय मिलाउने समस्या र शारीरिक एवं मानसिक श्रम गर्दा बढी भर भएको महसुस भयो । जनशिक्षालयको नामाकरण कतिपय वडामा महान् शहीदहरूको नामबाट गरियो भने कतिपय वडामा प्रगतिशील अर्थ आउने गरी नाम राखियो । जस्तै- मस्त जनशिक्षालय लाखर चुनवाङ, लाल जनशिक्षालय चुनवाङ ४, भेरीडाँडा आदि । यसरी जनशिक्षालयको नामाकरणसहित स्थापना गरिसकेपछि ४ वर्षदेखि ७० वर्षसम्मका जनशिक्षार्थी जनशिक्षालयमा उपस्थित भई हाम्रो अभियानलाई सफल तुल्याउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभयो, जसमा नाम दर्ता गराउने ४०० भन्दा माथि रहे तापनि नियमित अध्ययन गरी व्यवहारिक र सैद्धान्तिक दुवै तरिकाले जनवादी शिक्षाको अभ्यासमा प्रतिबद्ध बन्ने जनशिक्षार्थी २१० मात्र रह्यो । यसरी जनशिक्षालयमा आउने २१० जनाले अपेक्षाकृत सफलता हासिल आ-आफ्नो सापेक्षतामा गरेको देखिन्छ । यसरी हामी के भनौं भने १३ जनाको जनशक्ति र १८ वटा जनशिक्षालयमा जम्मा २१० जनशिक्षार्थी साक्षर बन्न सफल हुनुभयो र आधारभूत रूपले भन्नुपर्दा सम्पूर्ण जनसमुदायलाई प्रेरित गर्ने प्रकारको चेतना हासिल गर्न जनशिक्षार्थी सफल भए ।

## २. सिकाइको विधि/पद्धति

जनशिक्षार्थीको आधारभूत चेतनालाई मध्यनजर गरी सामान्यबाट जटिलतिर अगाडि बढ्ने विधि अपनाइयो । जनचेतना र तार्किक क्षमताको विविधीकरणले गर्दा जनशिक्षार्थीलाई श्रेणीकरण गरी अध्ययन-अध्यापन गरियो । जसमा सर्वप्रथम पढ्नु पर्दछ भन्ने लगायतका आधारभूत चेतनाको विकास गराई वर्ण लेखपढबाट शुरुवात गरिएको जनशिक्षालयमा बाह्रखरी, दैनिकी, नाम ठेगाना, चिठी, निवेदन, अनुभूति, संस्मरण, कथालगायत आ-आफ्नै सापेक्षतामा सिर्जनात्मक रूपले पाठहरू निर्माण गर्दै सिकाउने काम भयो । यसरी सिर्जनात्क रूपमा अगाडि बढिरहेको अवस्थामा स्वयं जनसेवक र जनशिक्षार्थीहरूको सिर्जनात्मक कला एवं ज्ञानको अतुलनीय विकास भएको छ । सारत: प्रचण्डपथको सिर्जनाको रूपमा यो जनसाक्षर अभियान स्थापित बनेको छ । सरसफाई, सांस्कृतिक रूपान्तरण लगायतका विषयमा प्राय: जनशिक्षालयमा निकै महत्व दिएको पाइएको छ ।

यही माथिको विधिबाट अध्ययन र अध्यापन गर्ने क्रममा अल्पमत र बहुमतको मातहतमा अथवा सबै कुरा संगठनको मातहतमा भन्ने नारालाई जनशिक्षालयमा लागू गरियो । साप्ताहिक रूपमा समीक्षा संचालनसँगै शनिबारलाई जनसमीक्षाको रूपमा स्थापित गरियो । यसरी समग्रमा भन्नुपर्दा अभियानको शुरुदेखि अन्त्यसम्म आइपुग्दा जनवादी केन्द्रीयतालाई राम्ररी लागु र स्थापित गरियो । जनवादी विधि र पद्धति अपनाउने कुरामा हाम्रो प्रयास अधिक नै रह्यो ।

### ३. पठनपाठनको विषयवस्तु

जनशिक्षालय संचालनको प्रारम्भमै आवश्यक पर्ने भौतिक सामग्रीहरू स्थानीय रूपमा निर्माण गरिएका काठको कालोपाटी तथा जनशिक्षालय इकाइ कमिटीले कमेरो माटोबाट चक निर्माण गरी अध्ययन अध्यापन गरियो । युद्धकालीन परिस्थितिको बीचबाट जनवादी शिक्षाको अभ्यास गर्ने प्रक्रियामा ठोस विषयवस्तु नभए तापनि प्रचण्डपथले सिकाएको सिर्जनात्मक कलाबाट अगाडि बढ्ने काम भयो । सामान्य रूपमा एक कापी र एक कलम दिएर संचालन गरिएको अभियानमा बीचबीचमा प्रगतिशील पत्रिकालगायत पुरानो शिक्षाप्रणालीका पाठहरूलाई परिमार्जन गरी अध्यापन गराउने काम भयो । त्यति गरेर मात्र जनशिक्षार्थीलाई सन्तुष्ट पार्न त सकिदैन्थ्यो । वस्तुको विकासले नयाँ कुराको माग गरेझैं नयाँ विषयवस्तुको आवश्यकता बोध भएपछि स्वयं सिकाईमा सहभागी जनसेवकले नै निम्न पाठहरू निर्माण गरी सैद्धान्तिक र व्यवहारिक दुवै तरिकाबाट पढाउने काम भयो । जसमा सरसफाई, चर्पी, करेसाबारी, मलखाडल, जनशिक्षाको महत्व, जनवादी सत्ता, संगठन, सामूहिक स्वामित्व र व्यक्तिगत स्वामित्व, जनवादी केन्द्रीयता, अनुशासन, वर्ग, दुश्मन र मित्र, उत्पादन प्रणाली, नमूना क्षेत्र, आलोचना-आत्मालोचना, व्यवहार र नीति-नियम, रोग र प्राथमिक उपचार, जडिबुटीको महत्व र परिचय, युद्ध र शान्तिलगायतका थुप्रै विषयवस्तुलाई सिर्जनात्मक रूपमा अध्यापन गराउने काम भयो । यी विषयवस्तुलाई विस्तृत रूपमा सैद्धान्तिक र व्यवहारिक दुवै प्रकारले अध्यापन गराइयो । यसरी सही विचार र कार्यदिशामा विश्वस्त रही पाठ्यवस्तु निर्माण गराउँदै पठाउदा भद्रगोलबाट प्रणालीतिर अगाडि बढ्ने काम भयो ।

### ४. मापन/मूल्यांकन

अभियान संचालनको प्रक्रियामा साक्षरका उपलब्धि र समस्याहरू पहिचान गर्नका निम्ति विभिन्न किसिमका मापनहरू संचालन गरियो । साप्ताहिक रूपमा समीक्षा गरी दैनिक रूपमा सोधपुछ गर्ने, लेख्न-बोल्न लगाइयो । यसरी दैनिक र साप्ताहिक रूपमा अनौपचारिक परीक्षा संचालन गरी मासिक रूपमा २ पटक औपचारिक परीक्षा संचालन गरियो । जसमा वस्तुंगत प्रश्नमा ठीक-बेठीक चिन्ह लगाउने र खाली ठाउँ भर्ने प्रश्नहरूलाई समावेश गरियो भने विवेचनात्मक प्रश्नहरूमा दैनिकी, निवेदन, चिठी, अनुभूति, संस्मरण, कथासम्म समावेश गरियो । यसरी प्रश्न समावेश गरिएको प्रश्नपत्रमा मुख्य गरी राजनैतिक, वैचारिक तथा आन्दोलनको घटनाक्रमका इतिहासलाई समेट्ने प्रयास गरियो । लिखित परीक्षाको साथसाथै प्रयोगात्मक परीक्षामा चर्पी, करेसाबारी, बाटो निर्माण गर्ने कार्यलाई सम्पन्न गरियो । मौखिक परीक्षामा केही त्यस्ता प्रश्नहरू पनि सोधियो जस्तै- कार्यक्रम कसरी गर्ने ? सम्बोधन र रिपोर्ट कसरी गर्ने ? समापन कसरी गर्ने ? लगायत थुप्रै मौखिक क्रियाकलापलाई समाविष्ट गरियो ।

यसरी लिखित, मौखिक र प्रयोगात्मक परीक्षा संचालन गरी अनौपचारिक जनवादी शिक्षा प्रणालीको मापनलाई स्थापित गर्ने ध्ययेको साथ अभियानको अन्त्यतिर तिलकराज भण्डारीको अध्यक्षतामा ५ सदस्यीय परीक्षा आयोग गठन गरी समग्र अभियानभरीको केन्द्रित परीक्षा संचालन गरियो । जसमा ४ वर्षदेखि लिएर ७० वर्षसम्मका १५४ जना शिक्षार्थी सहभागी भएका थिए । यसरी संचालन गरिएको मापन प्रणालीले जनसमुदाय मात्र प्रभावित र आकर्षित भएनन् स्थानीय शिक्षक, बुद्धिजीवी समेत मख्ख परेका थिए ।

### ५. उपलब्धिहरू

(क) आधारभूत उपलब्धि- अभियान संचालनको क्रियात्मक चरणमा जाँदा सर्वप्रथम जनसमुदायलाई जनवादी सत्ता र जनवादी शिक्षाको उद्देश्य र लक्ष्य प्रस्ट्याउनुको साथै राजनैतिक-वैचारिक रूपमा स्पष्ट गर्ने काम भयो । जसले हाम्रो अभियानमा जनसमुदायको आकर्षण बढ्न गयो । सरसफाई गर्नुपर्दछ, आफ्नो गाउँ आफै बनाउनु पर्दछ, पढ्नु पर्दछ भन्ने लगायतका कुराहरूलाई राम्ररी प्रस्ट्याउँदै संगठित भएर पठनपठान गर्ने आधारभूत चेतनाको विकास गरियो । यतिमात्र नभएर घरमा उत्पन्न हुने अन्तर्विरोध र गाउँमा उत्पन्न हुने अन्तर्विरोधलाई पहिचान र परिचालंन गर्ने तरिका सिकाउनुको साथै युद्धकालीन अवस्थामा हामी कसरी अगाडि बढ्नु पर्दछ, कसरी पढ्नु पर्दछ ? भन्ने लगायतका आधारभूत चेतनाको विकास गराइयो ।


(ख) साक्षरता:- हाम्रो अभियानको सबैभन्दा मुख्य उपलब्धि यो रह्यो कि पुरानो शिक्षा प्रणालीमा ५ वर्ष पढाएर बनाउने साक्षरबराबर हाम्रो ४ महिने साक्षर अभियान भयो । प्राथमिकदेखि लिएर सबैभन्दा नमुना साक्षरले दैनिक चिठी, निवेदन, संस्मरण, कथासम्म लेख्न र पत्रपत्रिका अध्ययन गर्न सक्ने भए । साक्षरता उपलब्धिलाई तालिकामा देखाउँदा-

| क्र.सं. | साक्षरता विवरण | परीमाण | क्षमता |
|---|---|---|---|
| १. | प्राथमिक साक्षर | १०६ | आफैले अनुभूति, संस्मरण लेख्ने हिसाब गर्ने । |
| २. | सामान्य साक्षर | ८५ | चिठी-निवेदन-दैनिकी जोडघटाउ गर्न सक्ने । |
| ३. | अर्धसाक्षर | १९ | सामान्य वर्ण, बाह्रखरी लेखपढ । |
| | जम्मा | २१० | |

(ग) संगठन निर्माण

साक्षरता अभियानसँगसँगै संगठन बनाउने ध्ययका साथ केही जबस निर्माण गरियो जसलाई तल तालिकाद्वारा प्रस्ट्याउन प्रयास गरिएको छ-

| क्र.सं. | संगठन विवरण | परिणाम | संगठित संख्या |
|---|---|---|---|
| १. | विद्यार्थी संगठन | २ वटा | १८ जना |
| २. | महिला संगठन | ८ वटा | ६८ जना |
| ३. | किसान संगठन | ३ वटा | ३१ जना |
| ४. | YCL | २ वटा | १२ जना |
| ५. | जनशिक्षालय समित | १० वटा | ८४ जना |
| | जम्मा | २५ वटा | २१३ जना |



साक्षरतासँगै राजनीतिक जागरण

## ६. समस्याहरू

अभियान संचालनको प्रक्रियामा थुप्रै समस्यासँग संघर्ष त गर्नुपर्थ्यो नै भयो पनि यस्तै । कतिपय समस्याहरू वस्तुको विकास र गतिबाट उत्पन्न स्वाभाविक समस्या थिए भने कतिपय समस्याहरू अवरोधको रूपमा देखापरे । हामी जुन समस्यालाई जसरी चिन्यौं त्यसरी नै तल प्रस्तुत गरिएको छ ।

(i) **बुझ्ने र बुझाउने समस्या-** सर्वप्रथमतः पार्टीद्वारा संचालित एकीकृत जनप्रतिरोध अभियान र स्वयं जनसाक्षर अभियानको केन्द्रीय मर्मलाई बुझ्ने कुरामा स्वयं अभियात्री कमरेडहरू र स्थानीय पार्टीपंक्तिमा समस्या रह्यो । यसर्थ योजनालाई मुर्तरूपम भन्दा पनि औपचारिक रूपमा बुझ्ने र औपचारिक रूपमै कार्यान्वयन गर्ने समस्या देखापर्‍यो ।

(ii) राजनैतिक कमान र परिचालनको समस्या

- ठोस विषयवस्तुको अभाव र अकर्मण्यता
- चेतना र मनोविज्ञानको विविधिकरण
- अनुभव र सिर्जनात्मक ज्ञानको अभाव
- जिम्मेवारीबोध र सामूहिक प्रतिबद्धताको अभाव
- अनुगमन र निरीक्षण, रचनात्मक सल्लाह र सुझाव अनि प्रेरणाको अभावलगायत विविध समस्या जस्तै- संचार, दक्षता र आवश्यकता जनशक्ति, सांस्कृतिक ।

## ७. शिक्षाहरू

- योजना निर्माण र कार्यान्वयनमा चुस्तता ल्याउनुपर्ने ।
- दक्ष जनशक्ति र आवश्यक तयारी गरी लाग्नुपर्ने ।
- पाठ्यक्रम तथा विषयवस्तुको अवधारणा तर्जुमा गर्नुपर्ने ।
- जनवादी पद्धतिलाई स्थापित गरिनुपर्ने ।
- अनुगमन र सल्लाह, सुझाव तथा कमानमा परिचालन निरन्तर गरिनुपर्ने ।
- राजनैतिक कमान र परिचालन गर्न सक्ने जनशक्ति र आवश्यक समय तय गरी प्रयोग गरिनुपर्ने ।
- जनशिक्षालयलाई निरन्तरता दिनुपर्ने ।

## १०. अभियानको प्रभाव

**जनसमुदायमा :-** स्थानीय रूपमा जनवादी सत्ताको अभ्यास गरिरहेका जनसमुदायले जनवादी शिक्षाको अभ्यास सरल र निशुल्क रूपमा गर्न पाएको र आफ्नो ठाउँमा केन्द्रीय सत्ता कब्जा भएको महसुस गरेका छन् । अझै हाम्रा प्रयोगात्मक कामकाजले जनताको माझमा हाम्रो नीति, कार्यक्रम र सिद्धान्त राम्ररी स्थापित गरिएको छ । पुरानो शिक्षा प्रणालीको ५ मा पढ्ने विद्यार्थी बराबर हामीले पढाएका जनशिक्षार्थीहरूमा मात्रै हैन सम्पूर्ण जनसमुदायमा पुरानो सत्ता र शिक्षाप्रति वितृष्णा जाग्नुको साथै नयाँ सत्ता र शिक्षाप्रति तीव्र आकर्षण र चिन्ता बढेको छ । विदाइको क्षणसम्म आइपुग्दा जनसमुदायको अभिव्यक्ति हामी पार्टी र क्रान्तिको निम्ति सकेजति सबै सहयोग गर्न तयार छौं, हामीलाई नियमित पढाई दिनुपर्‍यो भन्ने कुराले स्पष्ट पार्दछ कि हाम्रो पार्टी, सत्ता र सिद्धान्त राम्ररी स्थापित बनेको छ । जनतामा पुरानो सत्ताको विरुद्धमा विद्रोह गर्ने चेतनाको राम्रो विकास भएको छ । विदाइको क्षणसम्म आइपुग्दा जनसमुदायको त्यो सल्लाह सुझाव र उपहारका थुप्राहरू अनि भावनाबाट पग्लिएका आँसुहरूले सबै प्रभावलाई प्रस्ट पारेका छन् । हाम्रो अभियान देख्ने पुरानो शिक्षा प्रणालीका प्रतिनिधिहरू पनि आफ्नो कार्यप्रति असन्तुष्ट हुँदै हाम्रो शिक्षातर्फ आकर्षित भएका छन् ।

**पार्टी पंक्तिमा :-** पार्टीपंक्तिमा पनि अत्यन्तै राम्रो प्रभाव परेको छ । न्यून क्षमता भएका कार्यकर्तामा पनि जनवादी सत्ता र जनवादी शिक्षाको धारणा बुझ्नमा महत्त्वपूर्ण सहयोग मिलेको छ । अभियानभरि एउटै संगठनझैं गरी सहकार्य गर्दा महत्वपूर्ण अनुभव साटासाट गर्ने तथा राजनैतिक एजेण्डाको रूपमा यो अभियान स्थापित भएकोले पनि पार्टीपंक्तिमा राम्ररी स्थापित भएको छ । यसरी स्थानीय पार्टी पंक्तिमा पनि केही एकीकरण भएको छ ।

**अभियात्रीमा : -** आन्दोलनरत जीवनमा सबैभन्दा ऐतिहासिक योजना कार्यान्वयन गर्ने तथा जनवादी शिक्षाको आधारशीला खडा गर्ने जिम्मेवारी एवं अक्सर आन्दोलन, संगठनले प्रदान गरेकोले गर्भानुभूतिले ओतप्रोत भएका छौं । अझै जनताको त्यो उच्च माया-ममताले र त्यो विदाइको अविस्मरणीय क्षणले जनवादी आन्दोलनमा एक सापेक्षित मोड भएको व्यवहारिक महसुस भएको छ । सारमा भन्नुपर्दा यस्तै जनताको सेवा गर्ने आन्दोलनमा अवसर पाए अझ नयाँ जिम्मेवारीका साथ लाग्ने प्रतिबद्ध भएका छौं । जनताले दिएका ती महत्वपूर्ण सल्लाह-सुझाव र वर्गीय प्रेमले क्रान्तिमा जस्तोसुकै बलिदानीको दस्तावेजहरूमा हस्ताक्षर गर्ने संकल्प पैदा भएको छ ।

## निष्कर्ष

अभियान एक अर्थमा २१औं शताब्दीको जनविद्रोहको एक साधन सावित भएको छ । जनवादी शिक्षाको आधारशीला खडा भएको छ । यसलाई निरन्तरता दिनुपर्ने बोध सबैमा भएको छ । पुरानो शिक्षा प्रणालीमा १० वर्ष पढाउने र सिक्ने शिक्षा हामीले ४ वर्षमा सक्छौं भन्ने कुरा प्रमाणित भएको छ । आजको जनवादी शिक्षाको अभ्यास गराउन र गर्न २१औं शताब्दीको मार्क्सवादी विचार र दृष्टिकोणविना सम्भव छैन भन्ने व्यवहार हामीले देख्यौं । ◆

# अखिल (क्रान्तिकारी)का संगठन र संघर्षसम्बन्धी गतिविधिहरू

## भेला तथा प्रशिक्षण सम्पन्न

विशेष कमाण्डस्तरीय भेला तथा प्रशिक्षण कार्यक्रम पार्टी कमाण्ड इन्चार्ज क.अनन्त, दक्षिणब्यूरो इन्चार्ज सुनिल र संगठनका केन्द्रीय अध्यक्ष लेखनाथ न्यौपानेको उपस्थितिमा भव्य रूपमा सम्पन्न भएको छ । ३ दिनसम्म चलेको उक्त भेलामा कमाण्डभित्रका १७ वटा जिल्लाका अध्यक्षहरूबाट उपलब्धिहरू, समस्याहरू र सम्भावनाहरूबारेमा रिपोर्टिङ राख्नु भएको थियो । रिपोर्टिङको सारसहित पार्टी केन्द्रीय समितिले गरेका निर्णयहरू मुख्यतः नयाँ विचारको विकास, त्यसको आलोकमा नयाँ राजनीतिक एवं फौजी कार्यक्रमिक योजना र विद्यार्थी आन्दोलनको महत्वबारेमा कमाण्ड इन्चार्ज क.अनन्तले सारगर्भित प्रशिक्षण चलाउनु भयो भने संगठनका अध्यक्ष लेखनाथ न्यौपानेले विद्यार्थी आन्दोलनको नयाँ कार्यदिशाअनुरूप केन्द्रीय सचिवालय बैठकले लिएका निर्णयहरू र हाम्रासामु खडा भएका समस्या र संभावनाहरूबारे विस्तृत प्रशिक्षण चलाउनु भयो । केन्द्रीय समितिका कोषाध्यक्ष युवराज चौलागाईको अध्यक्षता र संचालनमा सम्पन्न उक्त भेलामा जिल्ला अध्यक्षहरू, यस कमाण्डमा कार्यक्षेत्र परेका सबै केन्द्रीय सदस्यहरू र सहभागी कतिपय जिल्लाका अन्य पदाधिकारीबीचमा बृहत अन्तर्क्रिया हुँदा योजनालाई एकीकृत रूपमा बुझ्ने र एकरूपताको प्रतिबद्धतामा पुऱ्याएको थियो ।

## पूर्वी विशेष क्षेत्र

हाम्रो गौरवशाली संगठन अखिल (क्रान्तिकारी) केन्द्रीय सचिवालयको गत कार्तिक २-५ गतेसम्म सम्पन्न बैठकद्वारा जारी परिपत्र र विशेष कमाण्डस्तरको भेला तथा प्रशिक्षणले निर्माण गरेको मूर्त योजनालाई कार्यान्वयन गर्ने क्रममा भएका कामहरू निम्नानुसार छन् ।



*स्कूलको प्रारम्भमा शहीदप्रति श्रद्धान्जली*

**स्कूल तथा प्रशिक्षण**

०६२ पुस २८ गतेदेखि ४ दिनसम्म क्षेत्रीयस्तरको स्कूल तथा प्रशिक्षण- उद्घाटन, प्रशिक्षण तथा स्कूल र समापन गरी ३ चरणमा सान्दार ढंगबाट सम्पन्न भएको छ । क्षेत्रभरिका ५ वटै जिल्लाबाट सहभागी १०२ जना विद्यार्थीहरूबीचमा प्रमुख प्रशिक्षक तथा संगठनका केन्द्रीय अध्यक्ष लेखनाथ न्यौपानेबाट दीप प्रज्ज्वलित गरी उद्घाटन र उद्घाटन मन्तव्यबाट शुरु भएको स्कूल उद्घाटन समारोहका सभापतित्व क्षेत्रीय संयोजक ललित घलानले गर्नुभएको थियो । केन्द्रीय सदस्य खगेश्वर के.सी.ले संचालन गर्नुभएको उक्त स्कूल उद्घाटन कार्यक्रममा विशेष अतिथिको रूपमा पूर्वी क्षेत्रीय ब्यूरो सदस्य क.कन्चन हुनुहुन्थ्यो । उहाँले समसामयिक राजनीतिक विषयका साथमा विद्यार्थी आन्दोलनले पुरा गर्नुपर्ने भूमिकाबारे गहन प्रशिक्षणमूलक भनाइ राख्नु भएको थियो । उपस्थित सबैलाई के.स.जानुका पराजुलीले स्वागत गर्नुभएको थियो भने अन्य अतिथिहरूमा केन्द्रीय कोषाध्यक्ष युवराज चौलागाईं, दोलखा जिल्ला सचिव क.अस्मिता, बुद्धिजीवी संगठनका के.स.विविरायमाझी र शिक्षक संगठनका के.स. प्रेममणि भट्टराई हुनुहुन्थ्यो ।

२ घण्टाको एक घण्टी र दिनमा ५ घण्टीको समय तालिका अनुसार चलेको स्कूलमा मार्क्सवादका ३ वटै संघटक अंगहरू दर्शनशास्त्र, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका विभिन्न हाँगाहरूको पढाइ संचालन गरिएको थियो । केन्द्रीय अध्यक्षले संगठनात्मक सिद्धान्त र विधि, विद्यार्थी आन्दोलनको इतिहास एवं विद्यार्थी आन्दोलनको दिशाबारे ६ घण्टी, कोषाध्यक्षले दर्शनशास्त्रबारे घण्टी, विवि रायमाझीले अर्थशास्त्रबारे घण्टी, के.स.ललित घलानले सैन्य विज्ञानमा १ घण्टी, के.स.खगेश्वर के.सी.ले नेपाली कम्युनिस्ट आन्दोलनबारे १ घण्टी, के.स. जानुका पराजुलीले संस्कार र संस्कृतिबारे १ घण्टी स्कूल चलाउनु भएको थियो ।

स्कूल समापनमा केन्द्रीय समिति सचिवालय बैठकले निर्माण गरेको योजनाबारे भावसम्प्रेषण गर्नुका साथै प्रशिक्षार्थीहरूद्वारा अनुभूति मन्तव्य राख्ने क्रममा स्कुलले सिकाएको ज्ञान, क्षमता र तागतलाई नयाँ भूमिका पूरा गर्ने ठाउँमा लगानी गर्ने र नयाँ परिणामसहित फेरि यस्तै स्कूलमा भेट्न पाइने प्रतिबद्धता राख्नु भएको थियो । स्कूल अवधिभर अनेकोट स्मृति सांस्कृतिक कम्पनी उपस्थित थियो ।

**संघर्ष-** क्षेत्रीय स्तरमा संघर्षका नाराहरूको प्रचार-प्रसार जस्तै- भित्ते लेखन, कलात्मक भुँइ लेखन, ब्यानर, हाते पोष्टर र पर्चा वितरण व्यापक रूपमा गरिएको छ । यसै सन्दर्भमा क्षेत्रले २० हजार अपिल प्रकाशित गरी क्षेत्रभरिका जनताबीचमा वितरण गरेको छ भने विद्यालय एवं बजारका चोकहरूमा ब्यानर र झण्डा राखेर राताम्मै बनाइएको छ । जनप्रदर्शनको क्रममा सिपाको साँगाचोकमा पुष १७ गते केन्द्रीय सदस्यद्वय खगेश्वर र जानुकाको नेतृत्वमा भव्य सडक प्रदर्शन र कोणसभा सम्पन्न भएको छ । काभ्रेको विपी राजमार्गमा माघ ४ गते हजारौं विद्यार्थीहरूको बीचमा हाँसो जुलुस सम्पन्न भयो । जसले कथित नगरपालिकाको चुनावलाई विद्यार्थीहरूले हाँसोमा उडाइदिए भन्ने स्थानीय जनताको टिप्पणी थियो । माघ १९ गते काभ्रेको कुन्तावेसीमा ज्ञानेन्द्रको बुख्याचासहितको जुलुस निस्कियो । जुलुस कोणसभामा परिणत भयो र कोणसभालाई के.स.खगेश्वर के.सी.ले सम्बोधन गर्नुभएको थियो ।

क्षेत्रभित्रका जिल्लामा समुदायलाई हस्तान्तरण गरिएका विद्यालय प्रशासनमा तालाबन्दी भएको छ । सम्बन्धित विद्यालयका शिक्षक, अभिभावक र विद्यार्थीहरूबीचमा व्यापक अन्तरक्रियाहरू चलाएपछि उक्त कार्यक्रम फिर्ता पठाउने सहमति भएका औपचारिक पत्रहरू हाम्रो संगठनलाई बुझाउने क्रम चलेको छ ।

माघ १२ गते काभ्रेको बैठक बसी १३औं जिल्ला सम्मेलन निकट भविष्यमा गर्नका लागि डिएम लामाको नेतृत्वमा आयोजक समिति गठन भएको छ भने १७ गते रामेछापको बैठक बसी नीता गौतमको नेतृत्वमा जिल्ला भेला आयोजक समिति गठन भएको छ ।

## रामेछाप+काभ्रे

रामेछापको २४ गाजस र काभ्रेको १७ वटा गाजस मिली रामेछाप-काभ्रे जिल्ला बनेको छ । काभ्रेको १७ गाजसमा ३ वटा एरिया र रामेछापको २४ गाजसमा ४ वटा एरियामा विभाजन गरिएको छ ।

राष्ट्रिय राजनीतिक परिस्थितिको फेरबदल सँगसँगै रामेछाप-काभ्रे जिल्लामा अन्य विद्यार्थी संगठन एमाले अखिल र ने.वि.संघ सदरमुकाममा सीमित देखिन्छन् भने आदर्शवादी र यथास्थितिवादी घेराबाट मुक्त हुन नसकेका अनेरास्ववियु (एकीकृत) केही विद्यालयमा फाटफुट रूपमा देखिन्छ र अन्य विद्यार्थी संगठन भने शून्य नै रहेको छ । सबै शिक्षण संस्थाहरूमा हाम्रो संगठनको प्रभाव रहेको छ ।




**संगठनात्मक रिपोर्ट** :- मूल इकाइ- ९, कक्षा इकाइ ५५, टोल इकाइ- १३, सांस्कृतिक टीम ५, मिलिसिया टिम- २, अर्वान टिम- २, संगठित सदस्य ११५४ रहेका छन् । गणतान्त्रिक भित्ता-१३ वटा, भित्ते लेखन झण्डा ११ वटा, भित्ते लेखन विशेष वालपेन्टिङ-५ वटा, ब्यानर- १० वटा, झण्डा- ९० वटा, मार्चिङ २० वटा, नारा जुलुस- २० वटा, विद्यालयमा निःशुल्क शिक्षासँग गाँसिएर विद्यालय संगठनले २ वटा विद्यालयमा मागपत्र पेश, वालपेन्टिङ र हातेपोष्टरलाई व्यापक पारिएको थियो । प्रशिक्षण, अन्तरक्रिया २५ वटा, विद्यालय र उच्च माविसहित नमुना मावि किल्पुमा भलिबल प्रतियोगिता, टोल इकाइले फुटबल प्रतियोगिता-१, जनसभा-३, श्रम शहीद परिवारसहित २, विद्यार्थीको सक्रियतामा जनवादी तीज कार्यक्रम १, समुदायमा हस्तान्तरण विद्यालय श्रीस्वस्थानी निमाविमा कार्तिक १ गते तालाबन्दी ।

## गोलमेच भेला सम्पन्न

फागुन ६, प्राध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी, पत्रकारलगायत ६४ जना शैक्षिक सरोकारवालाहरुको जिल्लास्तरीय गोलमेच भेला सम्पन्न भएको छ । चुडाप्रसाद चौलागाईको सभापतित्व र नीता गौतमको संचालनमा सम्पन्न भेलामा "लोकतान्त्रिक गणतन्त्र र शैक्षिक क्षेत्रको भूमिका" विषयमा व्यापक छलफल भई निम्न बुँदाहरु निष्कर्षको रुपमा निकालियो- (१) समावेशीय लोकतान्त्रिक राज्यव्यवस्थामा हामीसबै सहमत भयौं । (२) लोकतान्त्रिक आन्दोलनमा सक्रियतापूर्वक लाग्ने र बलिदान गर्न पनि तयार हुने । (३) वर्तमान संकटपूर्ण राजनीतिको एक मात्र निकास संविधानसभाको निर्वाचन हो । (४) माओवादी र संसदीय दलबीचमा भएको १२ बुँदे सहमतिलाई पूर्ण समर्थन गर्दछौं र यसको कार्यान्वयनका निम्ति सबैलाई आग्रह गर्दछौं । (५) लोकतन्त्रविरुद्धका कुनै पनि क्रियाकलाप हामीलाई सह्यै हुनेछैन । (६) शाही सेनाको विघटन गरी राष्ट्रिय सेनाको गठन गरिनु पर्छ । (७) शान्तिको लागि बाधक सामन्ती राजतन्त्र हो । (८) लोकतन्त्रको स्थापना भएपछि मात्रै सबै शैक्षिक समस्याहरुको हल निस्कनेमा हामी विश्वस्त छौं । (९) सम्पूर्ण राजबन्दी रिहा गरिनु पर्छ । (१०) विभिन्न अन्तर्राष्ट्रिय संगठन र समुदायलाई हामी आग्रह गर्दछौं- शाही सत्तालाई कुनै पनि सहयोग नगर्नुहोस् ।

उक्त गोलमेच भेलामा ने.क.पा.(माओवादी)का जिल्ला सचिव क.ललित, एरिया सचिव अनुप, अखिल (क्रान्तिकारी)का क्षेत्रीय संयोजक ललित घलान र केन्द्रीय सदस्य खगेश्वर के.सी., पत्रकारहरु बद्रीनारायण अर्याल र हिमाल ढुंगेल, शिक्षकहरु घ्याम्पो मोक्तान र घनश्याम के.सी.को समेत उपस्थिति थियो ।

## सिन्धुपाल्चोक

संगठनको विवरण, मूल इकाइ ३६ वटा, क्लास इकाइ ७४ वटा, उच्च मा.वि.इकाइ ५ वटा, टोल इकाइ ३० वटा, बाल इकाइ ५ वटा, विद्यार्थी पूर्णकालीन संख्या ५८ जना, विद्यार्थी शहीद ४ जना, विद्यार्थी बन्दी २ जना, विद्यार्थी बेपत्ता भू.पू.जिल्ला अध्यक्ष ।

संघर्ष- आन्दोलनलाई नयाँ उचाइमा लानका लागि सम्पर्क, छलफल निरन्तर रूपमा चलिरहेका छन् । केन्द्र र क्षेत्रबाट आएका भाव र ठोस निर्णयहरूलाई विभिन्न समयमा आएका जानकारीपत्र, अपिललाई सशक्त ढंगले जिल्लाको सापेक्षतामा लागू गर्ने प्रयास भइरहेको छ । समुदायमा हस्तान्तरण र स्रोत व्यक्तिको खारेजी यतिवेला प्रधान संघर्षका रूपमा अगाडि बढाइएको छ ।

चुनौती- अन्य संगठनको चलखेल बढिरहेको छ । खासगरी अनेरास्ववियुले यतिबेलाको समयलाई विद्यालयमा संगठन विस्तार र सुदृढीकरणको मौकाको रूपमा उपयोग गर्न खोजेको देखिन्छ । ने.वि.संघको खासै वर्चश्व छैन भने पनि हुन्छ ।

संयुक्त आन्दोलन- जिल्लामा संयुक्त आन्दोलन चलाउका लागि भरपुर प्रयास र प्रयत्न भइरहेका छन् । यसका लागि अनेरास्ववियु र ने.वि.संघ आउने सम्भावना छ । जिल्ला संगठन मूलतः लोकतान्त्रिक गणतन्त्रको पक्षमा न्यूनतम साझा एजेण्डा बन्ने स्थिति भएमा, जिल्ला शिक्षा कार्यालयमा मागपत्र पेश गर्ने, संयुक्त विज्ञप्ति बाहिर निकाल्नेसम्मका लागि प्रयासरत छौं ।

## दोलखा

संगठन संख्या- विद्यालय स्तरीय मूल इकाइ समिति १७ वटा, कक्षा इकाइ समिति ४५ वटा, टोल स्तरीय इकाइ समिति ९ वटा, गाउँस्तरीय इकाइ समिति - ४ वटा ।

**राजनीतिक रिपोर्ट-** अन्य विद्यार्थी संगठनसँग राम्रो तरिकाले छलफल चलाएर साझा एजेण्डा बनाउन सकिरहेको अवस्था छैन र उनीहरू पनि हाम्रो संगठनलाई भेट्न चाहिं राखेको अवस्था छैन । एमाले अखिलको तुलनामा ने.वि.संघ प्रगतिशील रहेको पाइन्छ । एमालेका अखिल युद्धविरामको समयलाई फाइदा उठाएर संगठन निर्माणमा मात्र अगाडि बढेको पाइन्छ । छलफलको क्रममा एमाले अखिल र अनेरास्ववियु (एकीकृत) का विद्यार्थीहरू विद्रोह गरेर हाम्रो संगठनमा आबद्ध भएका छन् ।

**उपलब्धी-** उपकेन्द्रले तयार गरेको पाठ्यक्रममाथिको हस्तक्षेपलाई लागू गरिएको छ । जसअन्तर्गत कार्यान्वयन हुने पक्ष बृद्धि हुँदै गएको छ । निःशुल्क शिक्षा प्रणाली लागू गर्ने सन्दर्भमा स्वीकृत प्राप्त विद्यालयहरूमा पूर्ण रूपमा लागू भएको र प्रस्तावित विद्यालयहरूको सन्दर्भमा बारम्बार निःशुल्क शिक्षा

प्राप्तिको मागपत्र र विद्यार्थीहरूको अन्य संघर्षका कारण विद्यालय परिवार र अभिभावक वर्ग डेलिगेसन जाने क्रम बृद्धि हुनाले केही विद्यालय स्वीकृत गर्न बाध्य भएको छ। समयसापेक्षताअनुसार शिक्षक र विद्यार्थीबीचमा अन्तर्क्रिया गर्दै हाम्रो नीति पुर्‍याउने काम भएको छ। सामुदायिकरण भएका विद्यालयका प्रशासनमा तालाबन्दी गर्ने कार्य बढाउनुको साथै सम्झौता पत्र खोसिएको छ। नयाँ स्रोत व्यक्ति नियुक्ति गर्ने सरकारको कार्यलाई रोक लगाएको छ। पुरानो सत्तामाथि राजनैतिक हस्तक्षेप बृद्धि गर्नका निम्ति विद्यार्थीहरूसँगको सम्बन्ध घनिष्ठ बनाउदै विभिन्न ठाउँमा विद्यार्थीहरूबीच खेलकुद जस्तै- भलिबल कार्यक्रम गरिदै आएको र कतिपय ठाउँमा भलिबल नेट प्रदान गर्दै पनि आइएको छ।

**काभ्रे**

बैकुण्ठ स्मृति संगठन सुदृढीकरण तथा विस्तार अभियानलाई जिल्लाको हकमा "बैकुण्ठ-केदार स्मृति संगठन सुदृढीकरण तथा विस्तार अभियान" नाम दिई ३ चरणमा विभाजन गरी चलाइयो।

पहिलो चरण साउन महिनाभरि गाउँ र टोलमा जम्ने, दोस्रो चरण भदौ महिनाभरि क्ल्ब केन्द्रित गरी स्कूलमा जम्ने र तेस्रो चरण दशैं र तिहारलाई मध्यनजर गर्दै एओसी गठन गर्ने र जिल्ला सम्मेलन गर्ने निर्णय गरियो। यही बीचमा क्षेत्रभरि नै "दिनेश-रामजी संयुक्त जनसैन्य अभियान" संचालन गर्ने पार्टीको निर्णय भएपछि विद्यार्थी अभियानलाई पनि सोही अभियानमा संयोजन गरी अगाडि बढाइयो। यसरी अभियान प्रत्येक शिक्षालयमा पुगियो।

राजनैतिक काम- परिवर्तित परिस्थिति, त्यसको राजनैतिक निकास एवं शिक्षामा देखिएको अवैज्ञानिक पक्षको विषयमा ३ ठाउँमा बुद्धिजीवीहरूसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा अहिले हामीले पाठ्यक्रममाथि गरेको हस्तक्षेपको विषयमा धेरै कुरा उठेको थियो। जस्तै एसएलसी परीक्षामा हटाइएको पाठबाट प्रश्नपत्र आयो भने लेख्ने कि नलेख्ने ? हटाइएको पाठको विकल्पमा अरु राम्रो विषय राख्नु पर्‍यो भन्ने खालका कुराहरू उठाइयो। जसलाई हाम्रो तर्फबाट त्यसलाई चिरफार गरे पनि विद्यार्थी शिक्षक पूर्णसन्तुष्ट हुन सकेन।

संयुक्त आन्दोलनको विषयमा जिल्लास्तरमा अन्य विद्यार्थी संगठनसँग छलफल चलिरहेको छ। एउटा एजेण्डा तय गरौं सबैसँग एकचोटी सँगै बसेर छलफल गरेर जाउँला भन्ने कुरा एमाले अखिलले गरेको थियो। एमाले अखिल दलगत स्वार्थभन्दा माथि उठन सकिरहेको छैन भने ने.वि.संघ, एकीकृत र अन्यसँग छलफल भइरहेको छ।

सांगठनिक काम- बैकुण्ठ केदार स्मृति संगठन सुदृढीकरण तथा विस्तार अभियानअन्तर्गत जिल्लामा सांगठनिक काम उत्साहजनक ढंगले अगाडि बढिरहेको छ। जसअनुसार नयाँ र पुरानो गठन वा पुनर्गठन गरिएका संगठन निम्न रहेका छन्- स्कूल समिति १५ वटा, कक्षा इकाइ २८ वटा, टोल समिति ५ वटा, सहइकाइ- २० वटा, बाल अखिल २ वटा, सम्पर्क समिति २ वटा, छात्रवास समिति १ वटा, एरिया समिति २ वटा, थप कक्षा समिति ४ वटा रहेका छन्। बाँकी ७ वटा एरिया समिति गठन गर्ने धेरै सम्भावना रहेको छ। उमावि र क्याम्पसमा संगठन विस्तार गर्न सकिने सम्भावना रहेको छ।

**संघर्ष-** अभियानकै क्रममा सार्वजनिक १०+२ बारे पूर्ण दरबन्दीको लागि आन्दोलित हुन प्रेरित गरिरहेको छ। ढिलै भए पनि पाठ्यक्रममाथि हस्तक्षेप व्यापक रूपमा अगाडि बढाइयो। प्रत्येक शिक्षालयमा हस्तक्षेपको जानकारी-पत्र पुगिसकेको छ। पाठ्यक्रम खारेज, ज्ञानेन्द्र शाहीको फोटो जलाउने, कोणसभा गर्ने, प्रत्येक विद्यालयमा भएको राष्ट्रिय झण्डा हटाउने काम व्यापक भएको छ।

जिल्ला ३२ वटा प्रावि, निमावि र मावि समुदायकरण भएको छ जसलाई फिर्ता गराउन दवाव दिइरहेको छ। ग्रामीण इलाकामा थोरै संख्यामा छ भने बनेपा, धुलिखेल र पनौतीमा धेरै संख्यामा रहेको छ। पाठ्यक्रममाथि हस्तक्षेप गर्न शहरी क्षेत्रमा प्रत्येक स्कूलमा जानकारीपत्र पुगे पनि कार्यान्वयन पक्ष फितलो भइरहेको छ। केन्द्रले ठोस गरेको संघर्षको कार्यक्रम समयमै सम्प्रेषण नहुँदा कार्यान्वयनमा ढिलो र फितलो देखिने गरेको छ।

**समस्याहरू-** संगठन निर्माण भए पनि त्यसको बैठक र परिचालनमा कमजोरी देखिन्छ, जसको कारण जनशक्तिको अभाव, डीओसीमा नयाँ कामरेडहरू भएकोले योजना कार्यान्वयनमा गम्भीरता र जिम्मेवारीबोधको कमी देखिन्छ। शहरीया क्षेत्रका लागि राम्रो योजना निर्माण भए पनि कार्यान्वयन पक्षमा फितलो देखिन्छ। यसको कारण दक्ष नेतृत्वको र विद्यार्थी फिल्डमा काम गर्ने कार्यकर्ताको कमी हो। शहरिया क्षेत्रमा भएको संगठनलाई व्यवस्थित बनाउन नसक्नुको पछाडि समयमै बैठक वा भेटघाट एवं शहरिया क्षेत्रमा कामको अनुभवको कमी। विगतको सम्पर्क समिति टुटेको र त्यसलाई जोड्ने प्रयत्न भइरहेको छ। ग्रामीण इलाकामा साधारण सदस्यलाई संगठित शक्तिमा रूपान्तरण गर्न अझै कमी रहेको छ। सारमा अभियान उपलब्धिपूर्ण रहेको छ।

**गोलमेच भेला सम्पन्न**

काभ्रे फागुन १३, काठमाडौं विश्वविद्यालय रहेको काभ्रे जिल्लामा शैक्षिक सरोकारवालाहरुको जिल्लास्तरीय गोलमेच भेला भव्यतापूर्वक सम्पन्न भएको छ। उक्त कार्यक्रममा प्राध्यापकहरू, प्राचार्यहरू, विद्यार्थीहरू, वकिलहरू, पत्रकारहरू, मानवअधिकार-वादीहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष, नेपाल शिक्षक संघका अध्यक्ष, प्याब्सनका अध्यक्ष, प्रधानाध्यापकहरू, गैससका प्रतिनिधिहरू र पार्टी प्रतिनिधिहरुको उपस्थितिमा सम्पन्न गोलमेच भेलामा ने.क.पा. (माओवादी) का जिल्ला सचिव कमरेड लालध्वज, अखिल (क्रान्तिकारी)का क्षेत्रीय संयोजक ललित घलानसहितको उपस्थिति रहेको थियो। कार्यक्रमको संचालन र सभापतित्व जिल्ला अध्यक्ष डीएम लामाले गर्नु भएको थियो। भेलाद्वारा जारी प्रतिबद्धाहरु निम्नअनुसार छन्- (१) अनेरास्ववियू (क्रान्तिकारी) काभ्रेको आयोजनामा गरिएको लोकतान्त्रिक गणतन्त्रको पक्षमा शैक्षिक सरोकारवालाहरूको भूमिका विषयक गोलमेच भेलाले राज्यको पुर्नसंरचनासहित लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न सहमत भयौं। (२) नेपाली जनताको शान्तिको बाधक इतिहासको कुँडाकर्कटमा मिल्काउन लायक पुरानो मक्किएको सामन्ती राजतन्त्रात्मक सत्ता हो भन्ने निष्कर्षमा पुग्यौं। (३) भेलाले लोकतान्त्रिक गणतन्त्रको पक्षमा सक्रिय सहभागि भई त्याग र बलिदान गर्न तयार भयौं। (४) देशको राजनीतिक निकासका लागि विधिको शासन,

मानवअधिकारको रक्षा, सार्वभौमसत्ता जनतामा निहित र मौलिक अधिकार ग्यारेन्टिका लागि संविधानसभाको निर्वाचनबाट मात्र हुनेछ भन्ने कुरामा एकमतद्वारा सहमत भयौं । (५) ने.क.पा. (माओवादी) र संसद्वादी राजनीतिक दलबीच भएको १२ बुँदे समझदारी आजको युगको आवश्यकता हो भन्ने कुरामा सहमत हुँदै यसको दृढतापूर्वक कार्यान्वयनका लागि सक्रिय दवाव दिनका लागि सहमत भयौं । (६) लोकतान्त्रिक गणतन्त्रको विरुद्धमा हुने जुनसुकै सम्झौता मान्य हुने छैन । (७) शाही सेना बिघटन गरी राष्ट्रिय सेना निर्माण गर्न जोडदार माग गर्दछौं । (८) समानान्तर सरकार अहिलेको संकट निकास हो भन्ने कुरामा सहमत भयौं । (९) शैक्षिक समस्याहरुको समाधान लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थामा मात्र हुनेछ भन्ने कुरामा सहमत भयौं । (१०) लोकतान्त्रिक गणतन्त्रको आन्दोलनमा सहभागि हुँदा गिरफ्तार गरी बन्दि बनाइएका राजबन्दिहरुलाई यथाशीघ्र स-सम्मान रिहाइका लागि जोडदार माग गर्दछौं ।(११) लोकतान्त्रिक गणतन्त्रको आन्दोलनलाई सर्मथन गर्न एवं पुरानो राजतन्त्रात्मक सत्तालाई सहयोग नगर्न देशभक्त, जनवादी, प्रगतिशील, प्रजातान्त्रिक विभिन्न संघ-संस्था र अन्तर्राष्ट्रिय शक्तिकेन्द्रलाई हार्दिकतापूर्वक आव्हान गर्दछौं ।

## दक्षिण विशेष क्षेत्र

नेपाली राजनीतिको इतिहास र खासगरी जनयुद्ध शुरुभएदेखि यता अभूतपूर्व राजनैतिक ध्रुवीकरण र ऐतिहासिक परिवर्तनको मोडसहित अगाडि बढिरहेको प्रत्याक्रमणको विशिष्ट स्थितिमा दुश्मनको केन्द्रीय सत्तालाई नजिकबाट चौतर्फी घेराबन्दी र नाकाबन्दी गर्ने मक्सद राखेर दुश्मनको लाइफलाइनहरूमा अलर्ट अन्य क्षे.स.हरूजस्तै संगठनको ऐतिहासिक अभिभारा पूरा गर्न यो दक्षिण विशेष क्षेत्रीय समन्वय समिति गठन भएको छ । नयाँ परिस्थितिको मागअनुरूप गठन भएको यो क्षेत्रको जीवन नै नयाँ छ । भोजपुराको रौतहट, बारा, पर्सा गरी तीनवटा जिल्ला र मकवानपुर-धादिङ, मकवानपुर-ललितपुरको संयुक्त भूगोलहरू मिलाएर बनाइएको ५ वटा जिल्लाहरू यस क्षेत्रमा पर्दछन् । २०६२ कार्तिकमा सम्पन्न अखिल (क्रान्तिकारी) केन्द्रीय समिति सचिवालयको बैठकले यस क्षेत्रको गठन गरेको हो । व्यापारिक र जनसंख्याको दृष्टिले तराईको महत्त्वपूर्ण ३ वटा जिल्लाहरू र पुरानो सत्ताको राजधानीसँगै जोडिएका २ वटा जिल्लाहरूको महत्त्व वर्गयुक्त यतै केन्द्रित भएको सन्दर्भमा विशेष रहेको छ ।

### क्षेत्रीय स्कूलिङ सम्पन्न

यस क्षेत्र गठन भएपछिको पहिलो र ऐतिहासिक क्षेत्रीयस्तरको स्कूल तथा प्रशिक्षण सम्पन्न भएको छ । अनेरास्ववियु (क्रान्तिकारी) केन्द्रीय अध्यक्ष लेखनाथ न्यौपानेद्वारा उद्घाटन गरिएको उक्त कार्यक्रममा केन्द्रीय कोषाध्यक्ष युवराज चौलागाईको पनि उपस्थिति रहेको थियो । दक्षिण क्षेत्रीय संयोजक शरद रसाइलीले अध्यक्षता गरेको उक्त कार्यक्रमको संचालन केन्द्रीय सदस्य रवीन्द्र झाले गर्नुभएको थियो । केन्द्रीय सदस्य सुरेश गौतम, कम्पनी कमिसार क.गुराँस, एरिया सेक्रेटरी क. अणुले शुभकामना मन्तव्य राख्नु भएको थियो भने मकवानपुर-ललितपुरका जिल्ला अध्यक्ष गुणराज अधिकारीले स्वागत मन्तव्य राख्नु भएको थियो । सो स्कूल तथा प्रशिक्षण कार्यक्रममा ५ वटा जिल्लाका जिल्लास्तरीय विद्यार्थी नेता तथा कार्यकर्ताहरूको सहभागिता रहेको थियो । विगतका प्रशिक्षण कार्यक्रमहरूभन्दा नितान्त फरक ढंगले संचालन भएको उक्त स्कूल ४ दिनसम्म चल्यो । दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादमा


स्कूलको प्रवेशद्वार

विषयलाई विभक्त गरी रुटिनको आधारमा कक्षा संचालन भयो जसमा २ घण्टाको पिरियड बनाएर कक्षा संचालन गरिएको थियो । विद्यार्थी आन्दोलनको समग्र इतिहाससहित समाजविज्ञान विषयमा अध्यक्ष लेखनाथ न्यौपानेले, सैन्य विज्ञानसम्बन्धी १ पिरियडसहित राजनैतिक अर्थशास्त्रमा २ पिरियड कोषाध्यक्ष युवराज चौलागाईले, संस्कार तथा संस्कृतिसम्बन्धी १ पिरियडसहित दर्शनशास्त्रमा २ पिरियड दक्षिण विशेष क्षेत्रीय संयोजकले र नेपाली कम्युनिस्ट आन्दोलनको विषयमा १ पिरियड के.स.रविन्द्र झाले पढाउनु भएको थियो । स्कूल संचालनको क्रममा विषयवस्तु अनुसारको चार्ट बनाएर व्यवहारिक र सुस्पष्ट ढंगले विषयवस्तुको व्याख्या गर्ने कोशिस गरिएको थियो । कक्षा संचालनकै बीचबीचमा अन्तर्क्रियात्मक ढंगले पनि विषयवस्तुको अध्ययन-अध्यापन भयो । दिनमा ५ पिरियड कक्षा संचालन भएपछि बेलुका केन्द्रिकृत रूपमा विविध विषयहरूमा छलफल र समीक्षा हुँदै ४ दिनको स्कूल समापन भएको थियो । उक्त स्कूल जनयुद्धको १ दशकको अवधिमा तेस्रो र विशेष केन्द्रीय कमाण्डमा पहिलो रहेको छ । नेता, कार्यकर्तामा रहेको दुवै शैक्षिक स्तर र राजनैतिक-वैचारिक स्तरलाई एकसाथ माथि उठाउन र आधारभूत विषयवस्तुहरूको ज्ञान हासिल गर्नुका साथै कार्यकर्ताको दक्षताको विकास गर्न यसप्रकारका स्कूलहरू अत्यन्तै महत्त्वपूर्ण रहने बोध उक्त कार्यक्रमले गराएको छ ।

**अन्य केही**

दक्षिण विशेष क्षेत्रभरि गणतन्त्रवादी विद्यार्थीहरूको बीचमा एलाइन्स निर्माण गरेर जाने प्रयत्नहरू भइरहेका छन् । केही क्याम्पसहरूमा साझा मञ्च निर्माण गरी गतिविधिहरू अगाडि बढिरहेका छन् । पौष महिनाको प्रचारात्मक कामहरू, झण्डा, व्यानर टांग्ने, भित्तेलेखन गर्ने काम केही हदसम्म सफल भएका छन् भने क्षेत्रले ५० हजार पर्चा छपाएर व्यापक वितरण गर्ने काम भएको छ । क्षेत्रव्यापी गणतान्त्रिक भित्ताहरू निर्माण गरी प्रचारलाई व्यवस्थित गर्ने काम भएको छ । पाठ्यक्रममाथिको हस्तक्षेप प्रभावकारी ढंगले अघि बढिरहेको छ । समुदायमा हस्तान्तरण गरिएका विद्यालयहरू प्रायः सबै जिल्लामा फिर्ता गराउने काम सन्तोषजनक ढंगले भएको छ । नगरपालिका निर्वाचन विरुद्ध लक्षित गरेर जनप्रदर्शन, हाँसो जुलुस र पुत्ला दहन,

बुझ्याचा प्रदर्शन अपेक्षाकृत भन्दा कमै भएका छन् । फागुनभरी केही जिल्लाको भेला सम्मेलनसहित तयारीको कामलाई घनिभूत बनाउने कामहरू अघि बढिरहेको छ । कार्यकर्ताहरूको चुस्त टिम निर्माण र त्यसको प्रभावकारी परिचालन गर्न सकेमा सम्भावनाका ढोकाहरू खुल्ने प्रबल सम्भावनाहरू छन् । यस क्षेत्रको सन्दर्भमा कतिपय बुझाइको न्यूनता र क्षेत्रीयतावादी चेतनाबाट माथि उठ्न जरुरी छ । शैक्षिक संस्थाहरूको केन्द्रीकरण र सोहीअनुपातमा विद्यार्थीको घनत्वको हिसाबले पहाड र तराईको आन्दोलनलाई फ्यूजन गर्न सकेमा केन्द्रीय सामन्ती सत्ताको ढाड भाँच्न विद्यार्थीहरूले महत्वपूर्ण भूमिका खेल्नुपर्ने र सक्ने सम्भावनालाई अवमूल्यन गर्न सकिन्न ।

## गण्डक क्षेत्र

### क्षेत्रीय भेला सम्पन्न

अनेरास्ववियु (क्रान्तिकारी), गण्डक क्षेत्रीय समन्वय समितिको भेला मंसिर ८-९ गते सम्पन्न भएको छ । अनेरास्ववियु (क्रान्तिकारी) गण्डक क्षेत्रीय समन्वय समितिका संयोजक विन्दमान विष्टको अध्यक्षतामा भएको उक्त भेलामा प्रमुख अतिथि संगठनका केन्द्रीय उपाध्यक्ष रामदीप आचार्यले संगठनको केन्द्रीय सचिवालयको बैठकले गरेको महत्त्वपूर्ण निर्णय र पार्टीको केन्द्रीय योजनामा केन्द्रित रहेर उपस्थित प्रतिनिधि पर्यवेक्षकहरूलाई सारगर्भित र ओजपूर्ण मार्गनिर्देशक प्रशिक्षण दिनु भएको थियो । क्षेत्रभरिका विभिन्न १३ वटा जिल्लाका अध्यक्षहरूबाट विगत योजना कार्यान्वयनमा प्राप्त उपलब्धि, सीमा, सम्भावना र चुनौतीका बारेमा समीक्षात्मक रिपोर्टिङ गरिएको उक्त कार्यक्रमको संचालन संगठनका के.स.सुदीप कुँवरले गर्नुभएको थियो भने अर्को के.स.तेजकुमारी पौडेलेले उपस्थित अतिथिलगायत प्रतिनिधि पर्यवेक्षकहरूलाई स्वागत गर्नु भएको थियो । उक्त कार्यक्रममा विभिन्न जिल्लाबाट गरी करिब १५० जना प्रतिनिधि पर्यवेक्षकहरू उपस्थित थियो ।

#### पर्वत

पौष २८ र २९ गते अनेरास्ववियु (क्रान्तिकारी), पर्वतको १५औं जिल्ला सम्मेलन "मध्ययुगीन शाही फासिवादका विरुद्ध र लोकतान्त्रिक गणतन्त्रको पक्षमा संयुक्त आन्दोलन, जनवादी शिक्षा प्राप्तिका निर्मित बोल्सेभिक संगठनको पक्षमा १५औं जिल्ला सम्मेलन" भन्ने मूल नागका साथ सम्पन्न भयो ।

अखिल (क्रान्तिकारी) पर्वतका संयोजक मनोहरी तिमिल्सिनाको अध्यक्षता र दिपक आचार्यको संचालनमा भएको सम्मेलनको उद्घाटन संगठनकी केन्द्रीय सदस्य नम्रता बानियाँले गर्नुभएको थियो भने अन्य जबस प्रमुख तथा अतिथिहरूले १५औं सम्मेलन सफलताको शुभकामना दिनु भएको थियो । सम्मेलनको बन्दसत्र कार्यक्रममा प्रतिनिधि पर्यवेक्षकहरूको बीचबाट मनोहरी तिमिल्सिनाको अध्यक्षतामा पछि २ जना थप्ने गरी १३ सदस्यीय नयाँ पर्वत जिल्ला समिति चयन गरियो । नवगठित समितिका अन्य पदाधिकारीहरूमा उपाध्यक्ष दिपक आचार्य, सचिव भगवती तिवारी, सहसचिव बैकुण्ठ गिरी, कोषाध्यक्ष सुभाष पौडेल र सदस्यहरूमा प्रशान्त लामिछाने, राजु गाहा मगर, निर्मला न्यौपाने, लक्ष्मी आचार्य, सन्तोष वि.क., श्याम पराजुली रहनु भएको छ ।

#### तनहुँ

अनेरास्ववियु (क्रान्तिकारी) तनहुँको १७औं जिल्ला सम्मेलन मंसीर ५ र ६ गते सम्पन्न भयो । सम्मेलनको उद्घाटन कार्यक्रम अनेरास्ववियु (क्रान्तिकारी), तनहुँका सदस्य रूपा वि.क.को अध्यक्षतामा, अर्का सदस्य शुक्र चुमानको संचालनमा सम्पन्न भएको थियो भने उक्त कार्यक्रमलाई प्रमुख अतिथिको तर्फबाट संगठनका केन्द्रीय सचिवालय सदस्य तथा गण्डक समन्वय समितिका संयोजक विन्दमान विष्ट र विशेष अतिथि जिल्ला पार्टी सेक्रेटरी क. सुरेशले सम्बोधन गर्नु भएको थियो । साथै विभिन्न जबसका प्रमुख तथा अन्य अतिथिहरूले उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सम्मेलन सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो ।

सम्मेलनको दोस्रो दिनको बन्दसत्रले ओमकुमारी पौडेलको अध्यक्षतामा अनेरास्ववियु (क्रान्तिकारी) तनहुँ जिल्ला समितिको निर्माण गरिएको छ । उक्त समितिको उपाध्यक्षमा रूपा वि.क., सचिव शुक्र चुमान, सहसचिव सुभद्रा सुवेदी, कोषाध्यक्ष सुशीला गजमेर र अन्य सदस्यहरूमा अस्मिता खनाल, रजनी चुमान, विकास नेपाली, धर्म सुवेदी र जीवन सिग्देल रहनु भएको छ ।

#### लमजुङ

अनेरास्ववियु (क्रान्तिकारी) लमजुङको १६औं जिल्ला सम्मेलन हजारौं विद्यार्थी तथा आम जनसमुदायको उपस्थितिमा यही माघ ४ र ५ गते सम्पन्न भएको छ ।

अखिल (क्रान्तिकारी) लमजुङका संयोजक शिव अधिकारीको अध्यक्षतामा र सदस्य अप्सरा ढकालको संचालनमा भएको उद्घाटन समारोहलाई प्रमुख अतिथि संगठनका केन्द्रीय सचिवालय सदस्य तथा गण्डक क्षेत्रीय संयोजक विन्दमान विष्टले उद्घाटन मन्तव्यसहित सम्बोधन गर्नुभएको थियो । सदस्य दिलमाया माजकोटीले स्वागत गर्नुभएको उक्त कार्यक्रमलाई विशेष अतिथि ने.क.पा.(माओवादी) लमजुङका इन्चार्ज क. अजितले सम्बोधन गर्नुभएको थियो ।

सम्मेलनको बन्दसत्रबाट शिव अधिकारीको अध्यक्षतामा १३ सदस्यीय नयाँ लमजुङ जिल्ला समिति चयन गरियो । नवगठित समितिका अन्य पदाधिकारीहरूमा उपाध्यक्ष दिलमाया मजाकोटी, सचिव टुकराज तमु, सहसचिव अप्सरा ढकाल, कोषाध्यक्ष गजबहादुर तमु, सदस्यहरूमा मणिराम घिमिरे, सूर्य अछामी, उत्तरसिंह तामाङ, दिलिप तमु, भुवन तमु, सन्तोष न्यौपाने, रिता अधिकारी हुनुहुन्छ ।

#### कास्की

अनेरास्ववियु (क्रान्तिकारी) कास्किको १६औं जिल्ला सम्मेलन "सामन्ती निरंकुश राजतन्त्रका विरुद्ध संयुक्त विद्यार्थी आन्दोलन, लोकतान्त्रिक गणतन्त्रको पक्षमा १६औं ऐतिहासिक जिल्ला सम्मेलन" भन्ने मूल नाराका साथ यही मंसीर १ र २ गते हजारौं विद्यार्थीहरू माझ सम्पन्न भयो ।

अखिल (क्रान्तिकारी) कास्कीका संयोजक मदन आलेको अध्यक्षता र सदस्य कुमार तिवारीको संचालनमा भएको सम्मेलनको उद्घाटन समारोहका प्रमुअ अतिथि संगठनका केन्द्रीय सचिवालय सदस्य सैलेन्द्र घिमिरे हुनुहुन्थ्यो । सदस्य लोकराज आचार्यले स्वागत गर्नु भएको उक्त कार्यक्रमलाई विशेष अतिथि ने.क.पा.(माओवादी)

कास्कीका सेक्रेटरी क.सन्देश तथा अन्य जबसका जिल्ला अध्यक्षहरूले सम्बोधन गर्दै सम्मेलनको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो ।

सम्मेलनको बन्दसत्रमा करिब ५०० प्रतिनिधि, पर्यवेक्षकहरूको बीचबाट मदन आलेको अध्यक्षतामा १७ सदस्यीय (२ जना जेलमा) नयाँ कास्की जिल्ला समिति चयन गरियो । नवगठित समितिका अन्य पदाधिकारीहरूमा उपाध्यक्ष कुमार तिवारी, सचिव लोकराज आचार्य, सहसचिव प्रतीक्षा पराजुली, कोषाध्यक्ष शासा पराजुली, सदस्यहरूमा अमरदीप पराजुली, सगीत बानियाँ, प्रकाश बराल, राजु बराल, सिर्जना पण्डित, बाबुराम अधिकारी, जीवन अधिकारी, सन्तोष आचार्य, हरिबहादुर नेपाली, नवराज भण्डारी (जेल), शोमकान्त पौडेल (जेल) विष्णु भयारी हुनुहुन्छ ।

**पाल्पा**

अनेरास्ववियु (क्रान्तिकारी) पाल्पाको १०औं जिल्ला सम्मेलन पुस १४-१५ गते भव्यतापूर्वक सम्पन्न भएको छ । केन्द्रीय सदस्य शरद वलीले उद्घाटन गर्नुभएको सम्मेलनले राजु थापाको अध्यक्षतामा १७ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ ।

## मेची-कोशी क्षेत्र

**अभियान निर्देशिका**

विचार, राजनीति, संगठन र संस्कृतिमा क्रम भंग गरौं !, सम्झना जनसम्वन्ध सुदृढीकरण तथा प्रतिरोध अभियान भव्यताका साथ सफल पारौं !!

१. यो अभियान सामान्यतया सम्पूर्ण विद्यार्थी शहीदहरू र विशेषत: २०६१ फाल्गुण २२ गते बाहुनीमा शहादत प्राप्त गर्नुहुने हाम्रो संगठनका बै.के.सदस्य सम्झना चौधरी (सरस्वती) को स्मृतिमा चल्नेछ, जसले त्याग, तपस्या र बलिदानका क्रान्तिकारी धारालाई स्थापित गर्नको लागि सबैखाले गलत विचार, आदत, संस्कार आदिको विरुद्धमा निर्मम संघर्ष सञ्चालन गर्नेछ । अत: यो अभियान सुदृढीकरण तथा सुद्धीकरण अभियान समेत हुनेछ ।
२. यो अभियान अघिल्लो ढेड महिना (चैत्र २४ सम्म) कोशीको पहाडमा केन्द्रित र तराई तथा अन्य क्षेत्रमा विकेन्द्रित रूपमा चल्नेछ । त्यसपश्चात सो केन्द्रीकृत अभियानको नयाँ समीक्षा, नयाँ संश्लेषण, नयाँ अनुभव, नयाँ विधिसहित केन्द्रित रूपमा चल्नेछ । त्यस चरणमा नेतृत्व अभियान टोली तराईमा केन्द्रित हुनेछ । यो दोस्रो चरणलाई उत्कर्षको रूपमा लगिनेछ जसको अभिव्यक्ति तराई/शहरी क्षेत्रबाट हुनेछ ।
३. यस क्षेत्रीय अभियानको केन्द्रीकृत समूहमा सामान्यतया क्षेत्रीय संयोजक, एकजना उपक्षेत्रीय संयोजक, पहाडी ४ वटा जिल्लाका अध्यक्षसहित ५/५ जनाको टिम र तराईका ३ जिल्लाबाट २/२ जनाको टिम (अध्यक्ष बाहेक) केन्द्रित गरिनेछ । सामान्यत: तराई र अन्य जिल्ला (मेचीका २ जिल्ला) मा र विशेषत: तराईका ३ जिल्लामा नियमित १ जना सी.सी.एम. (क्षेत्रीय तथा उपक्षेत्रीय Model Campus केन्द्रित) र सम्बन्धित जिल्लाका अध्यक्षलगायत जिल्लाको त्मक परिचालन हुनेछ । यसको मुख्य काम तराईका क्षेत्रीय तथा उपक्षेत्रीय Model Campus हरू र अन्य Campus हरूमा संगठनको जालो फिजाउनु हुनेछ (अघिल्लो डेढ महिना वा चैत्र २४ भित्रमा) ।
४. पछिल्लो डेढ महिनामा तराईका र अन्य क्षेत्रमा निर्मित संगठन सुदृढ गर्दै बदलिएको परिस्थिति अनुकुल त्यसको व्यापक परिचालन गर्ने र समग्रमा अभियान उत्कर्षमा पुऱ्याउने योजनामा जाने छ । अत: योजनाको उत्कर्ष तराईमा केन्द्रित हुनेछ वा उत्कर्षको नेतृत्व तराईले गर्नेछ ।
५. अभियान टिम एक विशेष कार्यदलको रूपमा हुनेछ । जससँग एक सांस्कृतिक प्लाटुन नियमित रहनेछ । जो आफ्नो विशेषतासहित अभियानको योजनामा सहभागी हुनेछ ।
६. अभियान विशेष कार्यदल निश्चित उद्देश्य प्राप्तिको लागि स्थानीय जिल्ला पार्टीको नेतृत्वसहित अन्य जनशक्तिसाग युनिफाइड भएर जुट्नेछ ।
७. यो अभियान अघिल्लो डेढ महिना (चैत्र २४ भित्र) संगठन केन्द्रित र पछिल्लो डेढ महिना (चैत्र २४ ताका) संघर्ष केन्द्रित हुने गरी चलाइनेछ ।
८. आर्थिकबारे: यो अभियान जनसम्वन्ध सुदृढीकरणसाग सम्वन्धित भएकाले लजिष्टिक र विशेष काम बाहेक अन्य सवालहरूमा जननिर्भर रहने विधि अपनाइनेछ ।
९. अभियानको मुख्य उद्देश्यहरू:

क) पछिल्लो (चैत्र २४ ) डेढ महिनाको उत्कर्षको चरणको लागि वैचारिक, राजनैतिक, संगठनात्मक, संघर्ष सम्वन्धी र प्राविधिक तयारी गर्नु ।

ख) दुश्मनको ढाडमा टेकेर टाउकोमा प्रहार गर्ने कार्यदिशाको अनुरूप हुने गरी संगठन निर्माण र परिचालनको विधि विकास गर्दै विद्यार्थी आन्दोलनको नयाँ कार्यदिशाको खोजी गर्नु ।

ग) विचार, राजनीति, संगठन र संस्कृतिमा क्रम भंग गर्दै त्यसलाई नयाँ उचाइमा सुदृढ गर्नु ।

घ) विद्यार्थी शक्तिलाई (संगठनलाई) मिलिट्यान्ट बनाउने र तीन महिनाभित्रमा एक कम्पनी पूर्णकालीन मिलिसिया निर्माण गर्ने ।

ङ) जनशक्तिको सापेक्षित केन्द्रीकरण गरी संगठित जनसमुदायद्वारा संघर्ष, सुदृढ संगठन र व्यवस्थित परिचालनको विधि अनुसार एक शिक्षणसंस्था एक सुदृढ इकाई, एक एकाई एक मिलिसिया कम्पनी निर्माण गर्ने ।

च) कठोर मेहनतका साथ संगठन निर्माण गर्ने । २०,००० नयाँ सदस्यता वितरण गर्ने ।

१०. सहायक उद्देश्यहरू:-

क) संगठन परिचालन विधिलाई सरल, चुस्त, गतिशील र नियमित बनाउने ।

ख) ब्यापक पूर्णकालीन उत्पादन (गाउँमा) र सहरमा सशक्त परिचालनलाई केन्द्रविन्दु बनाउने । यसको मतलब सहरबाट ध्न उत्पादन नै नगर्ने र गाउँमा संगठन परिचालन नै नगर्ने भन्ने चाहिँ होइन ।

ग) संयुक्त मोर्चा निर्माण गरी निरंकुशता विरुद्ध आन्दोलनलाई अझ सुदृढ र सशक्त बनाउने । यसको लागि निरन्तर पहल गर्ने ।

घ) अभियानप्रतिको बुझाइ स्पष्ट पार्न नियमित प्रशिक्षण सञ्चालन गर्ने ।

ङ) शैक्षिक सरोकारवालाहरूको बीचमा गणतान्त्रिक बझिलअभ बनाउने र निरंकुशतन्त्र विरुद्ध आन्दोलन सशक्त पार्ने ।

च) तराईमा प्रत्येक जिल्लामा १/१ वटा व्यवस्थित अन्तरक्रिया गर्ने । पहाडमा यसलाई अझ वृहत् बनाउने ।

११. अभियान समूह परिचालन विधि:

क) अभियानलाई चुस्त बनाउन आवश्यकीय विभाग विशेषत: सूचना संचार, मेडिकल आदि गठन गरी परिचालन गर्ने ।

ख) आत्मालोचना र आलोचनाको विधि प्रयोग गर्दै अभियान विशेष कार्यदल र संगठनमा शुद्धिकरण र सुदृढीकरणको प्रक्रियालाई तीब्र पार्ने । यो प्रक्रियाद्वारा अभियान विशेष कार्यदललाई समेत सुद्धिकरणको नयाँ उचाइमा उठाउने ।

ग) श्रम शिविर सञ्चालन गर्ने । जस्तै: वृक्षरोपण, सरसफाई आदि ।

घ) सामान्यत: परिचालन विधिलाई मोर्चावद्ध र विशेषत: चलायमान बनाउने ।

ङ) सबै तहका समितिहरूमा र समूहमा संमेत जनवादी विधि/पद्धतिलाई प्रयोग र स्थापित गर्ने ।

च) विकेन्द्रीकृत-केन्द्रीकृत-उत्कर्षको प्रक्रियालाई नियमित गर्ने ।

छ) बदलिँदो परिस्थिति, आवश्यकता र आत्मगत अवस्थालाई दृष्टिगत गर्दै अभियानलाई प्रभावकारी बनाउन विभिन्न विधि/पद्धतिको प्रयोग गर्दै अघि बढ्ने ।

१२. विभिन्न विषयहरूमा छलफल, बहस र अन्तर्क्रिया चलाई अभियान विशेष कार्यदल र अन्य क्षेत्रको वैचारिक स्तरलाई माथि उठाउने ।

### क्षेत्रीय भेला सम्पन्न

वर्गसंघर्ष र अन्तरसंघर्षको आवश्यकतालाई महसुस गर्दै हाम्रो ऐतिहासिक तेस्रो क्षेत्रीय भेला महान् तथा गौरवशाली पार्टी ने.क.पा. (माओवादी) मेची-कोशी क्षेत्रीय ब्यूरो कार्यालयको तर्फबाट RBM तथा कोशी उपब्यूरो इन्चार्ज क. अपारको विशेष उपस्थिति, अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय सचिव कञ्चन खनालको प्रमुख आतिथ्यमा र क्षेत्रीय संयोजक सी.पी. कडरियाको अध्यक्षतामा पार्टीको केन्द्रीय दस्तावेज तथा विद्यार्थी संगठनको केन्द्रीय योजनाको सारगर्भित भाव सम्प्रेषणसहित देहाय बमोजिम क्षेत्रीय समन्वय समितिको गठन गर्दै (माघ ४-५ गते २०६२) सम्पन्न भयो । जसको संयोजकमा सी.पी. कडरिया (केन्द्रीय सचिवालय सदस्य), सदस्य: जितेस योञ्जन केन्द्रीय सदस्य, रञ्जित तामाङ (वैकल्पिक केन्द्रीय सदस्य, पुष्पराज तिम्सिना, निरु खनिवडा, डम्बर लुइंगेली, ढकेन्द्र भट्टराई, प्रविण मिश्र, शम्भु थापा रशिवकुमार पयाङगू (लिम्बू) रहनु भएको छ भने पछि २ थपिने छ ।

भेलापश्चात ६-७ संगठनका सचिव कञ्चन खनालको उपस्थिति र क्षेत्रीय संयोजक सी.पी. कडरियाको अध्यक्षतामा तेस्रो क्षेत्रीय भेलापछिको प्रथम पूर्ण बैठकले विभिन्न संगठनात्मक र संघर्षसम्बन्धी योजना बनाएको छ-

सामान्यतया: ज.ब.स.को महत्त्वलाई बुझ्ने सम्बन्धमा क्षेत्रभरि नै केही समस्या रहे । केन्द्रीय योजनाअन्तर्गत अघि बढेको बैकुण्ठ स्मृति संगठन सुदृढीकरण एवं विस्तार अभियान क्षेत्रभरि ज.व.स. र सिंगो आन्दोलनलाई बुझ्ने र ग्रहण गर्ने सम्बन्धमा देखा परेका विभिन्न समस्याहरूका बावजुत पनि यो अभियानले लक्ष्यमा पुग्ने प्रयत्न गऱ्यो ।

सम्झना जनसम्बन्ध सुदृढीकरण तथा प्रतिरोध अभियान भव्यताका साथ सफल पारौँ !! भन्ने मूल नाराका साथ फागुन १४ गतेदेखि सम्झना जनसम्बन्ध सुदृढीकरण तथा प्रतिरोध अभियान ३ महिना सञ्चालन गर्ने निर्णय गरियो । निम्न अभियान निर्देशिकाका आधारमा अभियान सञ्चालन गरिने छ ।

**संगठनात्मक कार्य:** माघ १८/१९ तेह्रथुम जिल्ला भेला, २२ गते धनकुटा सम्मेलन, १६/१७ झापा सम्मेलन र बाँकी जिल्लाहरूमा सम्मेलन भर्खरै भइसकेकोले विस्तारित बैठकद्वारा जिल्ला पुनर्गठन गर्ने र फागुणभरिमा भेला/सम्मेलन, गठन/पुनर्गठनका क्रम सम्पन्न गर्ने ।

हाम्रो संगठनका एक जना क्षेत्रीय सदस्य सचिव रहने र नेविसघ, संयोजक रहने गरी हामीसहित छ विद्यार्थी संगठनबीच संयुक्त संघर्ष समिति निर्माण भएको छ । १०औं हजारको संयुक्त जनप्रदर्शन सम्पन्न भयो । जसका अन्य संघ/संगठनका केन्द्रीय सदस्यहरूसमेतको उपस्थिति थियो । संयुक्त विज्ञप्ति र संयुक्त कार्यक्रम समेत बनेका छन् ।

## सेती-महाकाली क्षेत्र

### क्षेत्रीय स्कूल सम्पन्न

हाम्रो संगठनको इतिहासमा आफ्नै व्यानरमुनि पहिलो स्कूल ऐतिहासिक रुपले सेती-महाकालीमा सम्पन्न भएको छ । सुदूरपश्चिम सेती-महाकाली क्षेत्रीय समितिको आयोजनामा भाद्र १० गतेदेखि एक हप्तासम्म चलेको स्कूलमा क्षेत्रभरिका ११ वटै जिल्ला र भेरी-कर्णालीबाट अभियानमा आउनु भएका ३०० जना साथीहरुको सहभागितामा सम्पन्न स्कूल उद्घाटन, प्रशिक्षण, स्कुल र समापन गरी चार चरणमा सम्पन्न भएको थियो । ऐतिहासिक स्कूलको उद्घाटन केन्द्रीय अध्यक्ष लेखनाथ न्यौपानेले मैनबत्ती बालेर गर्नु भयो भने संचालन केन्द्रीय सदस्य खड्क सेजुवाल र सभापतित्व क्षेत्रीय संयोजक रमेश मल्लले गर्नु भएको थियो । स्कूल उद्घाटन कार्यक्रमका अन्य अतिथिहरुमा उपाध्यक्ष रामदीप आचार्य, सचिवालय सदस्य कमल शाही, पार्टी ब्यूरो सदस्य अखण्ड र दीकपाल, चुरे जिल्ला सचिव संघर्ष हुनुहुन्थ्यो । विचार निर्माणको प्रश्नलाई शीर्षस्थानमा राख र यसैका लागि अधिकतम समय खर्च गर भन्ने प्रचण्डपथीय बुझाइअनुसार शुरु भएको स्कूलमा २ घण्टाको एक घण्टी र १ दिनमा ४ घण्टीको समयतालिका बनाएर चलाइएको थियो । जसमा विचार निर्माणको सवाल र संगठन संचालन विधि, आगामी योजना र विद्यार्थी आन्दोलनको इतिहास



*ऐतिहासिक प्रथम स्कूलको उद्घाटन*

र शैक्षिक आन्दोलनका एजेण्डाहरुबारे केन्द्रीय अध्यक्षले, दर्शनशास्त्रमा केन्द्रीय उपाध्यक्षले, अर्थशास्त्रमा क.दीकपालले र वैज्ञानिक समाजवादमा रमेश मल्ल, कमल शाही र खड्क सेजुवालले स्कूल चलाउनु भएको थियो । हरेक दिन साँझ प्रश्नउत्तर एवं समीक्षा सम्पन्न गर्दा विषयको स्पष्टताका लागि थप सहयोगी बनेको अनुभूति सहभागी प्रशिक्षार्थीहरुको थियो ।

**अछाम**

- अन्तरक्रिया, छलफल जिल्लाभरि सम्पन्न ।
- विद्यार्थी सभाद्वारा विद्यार्थी व्यापक रुपमा परिचालन गरियो ।
- लोकतान्त्रिक गणतन्त्रको विषयमा जिल्लाभरि अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- मार्क्सवादका ३ संघटक अंगका विषयमा उच्च मा.वि.र मा.वि.मा स्कूलिङ सम्पन्न । विद्यार्थीलाई वैचारिक, राजनैतिक स्तर विकासमा महत्वपूर्ण उपलब्धी । जसका कारण अन्य विद्यार्थी संगठनलाई छलफल बहसमा सजिलै पराजित गर्न सफल ।
- जिल्लाभरि समिति गठन प्रक्रियामा प्रतिस्पर्धाका बीचबाट निर्वाचन सम्पन्न भयो, आन्दोलनमा सक्रिय सदस्यहरु निर्वाचनमा विजय भए ।
- जिल्ला समिति २७ जनाको, कलाकार टिम व्यापक निर्माण गरिएको छ ।

**बाजुरा**

- सबै एरियाहरुमा भेला र सम्मेलन सम्पन्न ।
- प्रशिक्षण र अन्तरक्रिया जिल्लामा १/१ वटा सम्पन्न ।
- सदरमुकामभन्दा बाहिरका विद्यालयमा समिति निर्माण र परिचालन गर्न सफल ।
- जिल्ला समिति १२ जना, पूर्णकालिन ९ जना, १ जनाले आत्मसमर्पण ।
- राजनीतिक वैचारिक छलफल-बहसमा कमी ।

**डोटी**

- ६ वटा एरियामा भेला/सम्मेलन सम्पन्न ।
- मा.वि.र उच्च मा.वि.स्तरमा अन्तरक्रिया सम्पन्न ।
- क्याम्पस पढ्ने विद्यार्थीको एरिया प्रशिक्षण सम्पन्न ।
- जिल्ला समिति १२ जनाको र जिल्लामा शुद्धीकरण बैठक सम्पन्न ।
- परिचालित संगठन १३७/संगठित सदस्य- १३३४ । १८ जना पूर्णकालिन सदस्य, गण्डक अभिगानमा १ जना ।
- जिल्लामा २ पटक सडकमा जनप्रदर्शन सम्पन्न हजारौं विद्यार्थीको सहभागीता
- सदरमुकाम घेराबन्दी दुश्मन हायल-कायल ।
- जिम्मेवारीबोधको अभाव ।

**बझाङ**

- जिल्ला र एरियाका बैठक सम्पन्न ।
- अन्तरक्रिया, छलफल, भेटघाट सम्पन्न ।

- जिल्ला समितिमा ८ जना, १ जना गिरफ्तार र सांस्कृतिक टिम २ वटा ।
- संविधान सभाको चुनाव गर लोकतान्त्रिक गणतन्त्रको स्थापना गर भन्ने नारासहित जिल्लाभरिबाट हजारौं विद्यार्थीद्वारा सदरमुकाम घेराबन्दी ।

**बैतडी**

- १५ वटा एरिया समितिमा भेला सम्मेलन सम्पन्न । जिल्ला स्तरीय स्कुलिङ सम्पन्न ।
- जिल्लाव्यापी छलफल र अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- विद्यार्थी सभा जिल्लाव्यापी सम्पन्न ।
- दुश्मनका क्याम्पभन्दा बाहिरका हाम्रा संगठनहरु क्रियाशील भइरहेका छन् ।
- जिल्ला समिति २३ जनाको, मिलिसियाको कम्पनी स्तरमा फर्मेशन निर्माण ।
- प्रस्तावित विद्यालयहरुका सम्पूर्ण शिक्षक विद्यार्थीले सदरमुकाम घेराबन्दी । दुश्नमले बाटोमा रुख तेर्साएर पर्खाल बनाएर रोक्न खोज्यो तर पनि उ असफल भयो र विद्यार्थीले सदरमुकाम घेराबन्दी गर्न सफल भए ।

**दार्चुला**

- अन्तरक्रिया, छलफल सम्पन्न भएको छ । बैठक जिल्लास्तर र एरियास्तरमा सम्पन्न गरिएको छ ।
- जिल्ला समिति २३ जनाको छ र १ जनाले गद्दारी गर्‍यो । युद्धकै बेला १ जना जिल्ला समिति सदस्य हर्कसिंह धामीको शहादत भयो ।
- जिल्ला समितिले विद्यार्थीहरुको ड्रेसमा एक रुपता ल्याउनका लागि रातो सर्ट र कालो पाइन्ट कायम गरिएको छ ।
- संविधानसभाको चुनाव गर, लोकतान्त्रिक गणतन्त्रको स्थापना गर भन्ने नारासहित विद्यार्थीद्वारा सदरमुकाम घेराबन्दी भयो ।
- सुदृढ संगठन निर्माण गरी प्रतिरोध क्षमताको विकास गराउन सकिएन ।

**डडेल्धुरा**

- वैकुण्ठ स्मृति अभियान दुई समूहमा संचालन गरियो ।
- सामूहिक रुपमा पुर्णकालिन हुनेमा जिल्लाभरि प्रतिस्पर्धा चल्यो जसबाट २० जना पूर्णकालिन भए ।
- जिल्ला भेला, एरिया भेला सम्पन्न, अन्तर्क्रिया कार्यक्रम सम्पन्न ।
- सयौं विद्यार्थीलाई सडकमा उतार्न सफल भइयो ।

**चुरे जिल्ला**

- जिल्लाको बैठक सम्पन्न, बुद्धिजीवी-शिक्षकहरुसँग भेटघाट, छलफल सम्पन्न ।
- प्रतिस्पर्धाका बीचबाट चुनाव गरी विद्यालयस्तरीय समिति निर्माण ।
- सांस्कृतिक कार्यक्रम सम्पन्न ।

- क्याम्पस पढ्ने विद्यार्थीसँग अन्तर्क्रिया, भेटघाट सम्पन्न । शिक्षक-अभिभावक जिल्ला शिक्षा कार्यालयमा डेलिगेशन जाने काम सम्पन्न ।
- जिल्ला समिति ९ जनाको , नयाँ पूर्णकालिन १० जना ।

**कैलाली**

- १० वटा एरियामा भेला सम्पन्न भएका छन् ।
- कार्तिक २३ गते पुरानो संविधानको मलामी जुलुस सम्पन्न, २६ गते जिल्लाव्यापी अन्तरक्रिया सम्पन्न
- जिल्लाव्यापी ८ हजार विद्यार्थी र कर्मचारीबीच छलफल अन्तरक्रिया सम्पन्न ।
- जिल्ला समिति १५ जना, एरिया समिति १० वटा, क्याम्पस समिति ४ वटा बोर्डिङमा २ वटा, जम्मा संगठन- ७० र संगठित सदस्य ६३० । १५ जना पूर्णकालिन ।
- महंगी विरुद्ध ट्याङ्कर कब्जा गरी १० हजार लि.मट्टितेल जनतामा वितरण ।
- अनैतिक सम्बन्ध कायम गर्ने शिक्षक र छात्रालाई कार्वाही
- दुई जना विद्यार्थी गिरफ्तार ।

**कञ्चनपुर**

- जिल्लामा हाम्रो संगठनलाई स्थापित गर्न सफल भइयो ।
- अरु विद्यार्थीले हाम्रो संगठनप्रति आशा गरेका छन् ।
- जिल्लाको बैठक सम्पन्न एरियास्तरको भेला सम्पन्न भएका छन् ।
- जिल्ला समिति १३ जनाको ।
- कार्तिक २२ गते नागरिक तथा नैतिक शिक्षा खारेज गरियो ।
- समुदायमा हस्तान्तरण गरिएका विद्यालयको सम्झौता खारेज गराउन सफल भइयो ।
- अन्तर्क्रिया र छलफल जिल्लाव्यापी सम्पन्न भएको छ ।

## राप्ती विशेष क्षेत्र

सामन्ती सत्ताले नेपाली विद्यार्थीमाथि लादेको पुरानो शिक्षा प्रणालीको विकल्प निशुल्क, सर्वसुलभ, वैज्ञानिक, व्यावहारिक र रोजगारमूलक अर्थात जनवादी शिक्षा प्रणाली हाम्रो अभिष्ट लक्ष्य हो । यसको प्राप्तिको लागि हजारौं हजार नेपाली विद्यार्थीहरुले बलिदानीपूर्ण संघर्ष गरी रगतले इतिहास लेखेका छन् । आज शहीदको रगतको जगमा केन्द्रीय आधारइलाकाभित्र नमूना जनवादी विद्यालयको स्थापना भएका छन् र जनवादी शिक्षाको अभ्यास भइरहेको छ । ती विद्यालयहरुमा शहीदका सपना मुस्कुराइरहेका छन्, जसको संरक्षण, विकास र विस्तार गर्नको लागि आवश्यकता परे रगत र पसिना खर्च गर्ने प्रतिबद्धतासहित नमुना स्कुलको व्यवस्थापकीय सुधार र शैक्षिकस्तर बृद्धिको लागि सहयोग गर्ने निर्णय भएको छ ।

नेपाली विद्यार्थीमाथि जर्वजस्त लादिएको अर्धसामन्ती र अर्ध औपनिवेशिक शिक्षा प्रणालीको मारमा परेका छन् । परीक्षा नजिकिदै छ, अव्यवहारीक र अवैज्ञानिक शिक्षा प्रणाली, गुणस्तरहीण व्यवस्थापन, बोझिला पाठ्यपुस्तक, चरम गरिबी र भाडाका शाही जत्थाद्वारा शैक्षिक क्षेत्रमा मच्चाउने आतंक विरुद्ध संघर्ष गर्नु नेपाली विद्यार्थीहरुको नियति बनेको छ । हाम्रो क्षेत्र आदरणीय गुरुवर्गहरुमा विनम्रतापूर्वक अनुरोध गर्दछ कि तपाइहरुको क्षमता र दक्षतालाई ट्युसनको व्यापारमा होइन न्यूनतम पारिश्रमिक लिएर विद्यार्थीको सहुलियतको लागि अतिरिक्त कक्षा संचालनमा प्रयोग गरिदिनुहोस ।

केन्द्रीय आधारइलाकाभित्र आगामी पुसदेखि फागुन मसान्तसम्म ७५ हजार सदस्यता नवीकरण तथा वितरण गर्ने, इकाइदेखि जिल्ला तहसम्म प्रतिस्पर्धात्मक प्रणालीद्वारा नेतृत्वको छनौट गर्ने र कलेजमा संगठनको सुदृढीकरणको लागि विषेश कार्यक्रम संचालन गर्ने योजना बनेको छ ।

पुरानो शैक्षिक क्यालेण्डरमाथिको हस्तक्षेप, विद्यालय सामुदायिकीकरण कार्यक्रमको खारेजी, सामन्ती, भक्त नागरिक तथा नैतिक शिक्षाको खारेजी तथा तथाकथित राष्ट्रवादी शिक्षाको बहसलाई ध्वस्त पार्ने आन्दोलनमा सहभागिताको लागि सम्पूर्ण आन्दोलनरत विद्यार्थी संगठन, शिक्षकवर्ग, अविभावकवर्ग, संचारकर्मी, मानवअधिकारकर्मी र आम न्यायप्रेमी विद्यार्थी साथीहरुमा हाम्रो क्षेत्र जोडदार आग्रह गर्दछ ।

**रुकुम**

**राजनैतिक कार्य**

- ४१औं विद्यार्थी दिवसको अवसरमा बैकुण्ठ स्मृति संगठन सुदृढीकरण तथा विस्तार अभियानको क्षेत्रीयस्तरको उद्घाटन कार्यक्रममा जिल्लाबाट ५०० भन्दा बढी विद्यार्थी शिक्षकहरुलाई परिचालन गरी सहभागी गराइयो ।
- अभियानलाई जिल्लाको २ कमाण्डमा विद्यार्थी प्रदर्शन--सभाहरुमार्फत् २ नं. कमाण्डको मावि सिम्लीमा २५ सय विद्यार्थी-शिक्षकहरु र १ नं. कमाण्डको रुकुमकोटमा ९ सय विद्यार्थीहरुको सहभागितामा क्रमशः जेठ २० गते र २४ गते उद्घाटन गरियो ।
- वर्तमान परिस्थिति हाम्रो दायित्व र शैक्षिक क्षेत्रका समस्याहरु विषयक अन्तर्क्रिया जिल्लाको ११ वटा स्थानमा गरी करिब ५ हजार विद्यार्थी शिक्षकहरुसँग औपचारिक रुपले संगठनको नीति योजना सम्प्रेषण गर्ने काम भयो ।
- जिल्लाका सबै मावि, उमावि र निमाविहरुमा कलाश-प्रशिक्षण, इकाइ प्रशिक्षण, लाइन प्रशिक्षण आदि संचालन गरी नीति योजना सम्प्रेषण र नयाँ सम्बन्ध स्थापित गर्ने काम भएको छ ।

**संगठनात्मक कार्य**

- जिल्लाका १९ वटा एरियालाई २ कमाण्डमा विभाजन गरी केन्द्रिकृत रुपमा अभियान संचालन गरी संगठन निर्माण, विस्तारमा जोड दिइएको थियो, जसअनुसार अहिले हाम्रो जिल्लामा २५६ वटा संगठनहरु रहेका छन् भने सदस्यता संख्या २५२२ जनाको रहेको छ ।
- "शाही निरंकुशताको विरुद्ध र लोकतान्त्रिक गणतन्त्रको पक्षमा सशक्त आन्दोलन, शैक्षिक प्रत्याक्रमणसहित १९औं रुकुम

जिल्ला सम्मेलन" भन्ने उद्घोषका साथ ०६२ असोज ६-८ गते नेपाल राष्ट्रिय निमावि पोखरा दुलीमा संगठनको केन्द्रीय सचिवालय सदस्य पूर्णबहादुर सिंहको प्रमुख आतिथ्यमा जिल्लाभरिका सबै एरिया, इकाइ, मावि, उमाविबाट ३७५ जनाभन्दा बढी प्रतिनिधि-पर्यवेक्षकहरुको सहभागितामा १९औं सम्मेलन ऐतिहासिक रुपले सम्पन्न भएको छ ।

- २१औं शताब्दीको जनवादको अभ्यास गर्दै नयाँ नेतृत्व चयन भयो । १९ वटा एरियालाई पाँच मतदान केन्द्रमा विभाजन गरिएको थियो । ४१ जना उम्मेदवारको प्रतिस्पर्धामा २७ जना निर्वाचनबाट विजयी र ४ जना मनोनित गरी इलम रेग्मीको अध्यक्षतामा ३१ सदस्यीय जिल्ला समिति चयन भएको छ, जसको उपाध्यक्ष शिवकुमार गौतम, सचिव उमेश पुन, सहसचिव रविना राना, कोषाध्यक्ष उषाकिरण पुन र सदस्यहरु जनक पुन, अनिता पुन, सपना वली, मदन देवकोटा, हरिभक्त खड्का, मनोज रोका, रविन शाह, हस्तबहादुर रावत, नीमबहादुर देवकोटा, ओमप्रकाश पुन, शान्ति पुन, धौलागिरी वली, भावना वि.सी., तुलसा शर्मा, विमल पुन, सूर्यकुमारी पुन, मदनकुमार शाह, संगीत वि.क., संगीता पुन, निर्मला वि.सी,.नन्दकुमार घर्ती, कविता विष्ट, विना बुढा, दीपेन्द्र बुढा, गोविन्द पुन, प्रकाश के.सी रहनु भएको छ ।

**संघर्ष**

- तीन 'स' आम हड्तालको अवसरमा सदरमुकाम वरिपरि दौड जुलुस, नारा वालिङ गर्ने र खलंगा नाकाबन्दी गर्ने काम भयो ।
- पाठ्यपुस्तक र विद्यालयमा राखिएका कथित शाही परिवारका फोटाहरु च्यात्ने, जलाउने र शिक्षा मन्त्रालयमा पठाउने काम भयो ।
- जिल्लाको कथित सुरक्षा फौजको तारवारभित्र रहेका वोर्डिङहरुलाई बन्द गर्न दबावमूलक पत्राचार गर्ने काम भएको छ ।
- संगठनले तय गरेको शैक्षिक क्यालेण्डरलाई सबै विद्यालयमा लागु गरिएको छ ।
- जिल्लाका प्रमुख बजार र विद्यालयहरुमा संगठनका नारा वालिङ व्यानर, झण्डा र होर्डिङ बोर्डहरु राखिएको छ ।
- अर्घाखाँचीका अध्यक्ष केशव शर्माको श्रद्धाञ्जली सभाहरु जिल्लाका २ कमाण्डमा सम्पन्न भएका छन् ।
- नयाँ जनवादी शिक्षाको अभ्यास गर्न मोडेल २ को महत गाजसमा श्रावण १ गतेदेखि ३ ठाउँमा जनसाक्षारता अभियान शुरु गरिएको थियो, जसमा विद्यार्थीहरु ७५ जना रहेका थिए ।
- कथित शाही परिवारको नामबाट चलिरहेका विद्यालयका साइनबोर्ड हटाइएको छ र सम्बन्धित विद्यालयका लेटरप्याड र छापहरु मंसिरसम्म जलाउने योजना रहेको छ ।

## सल्यान

**राजनैतिक कार्य-** आन्तरिकरुपमा बैकुण्ठ स्मृति अभियानको सही बुझाई र कार्यान्वयनको निम्ति केन्द्रीय समितिबाट तयार गरिएको प्रतिवेदन एवं क्षेत्रले तयार गरेको अभियानको ठोस कार्ययोजनालाई अभियानकर्मीले अध्यपन गर्ने तथा छलफल गर्ने ध्ययले प्रकाशन गरी वितरण गरियो ।

राजनैतिक कार्यलाई शाही निरंकुशतन्त्रका विरुद्ध र लोकतान्त्रिक गणतन्त्रको पक्षमा अभिमत संकलन, जनपरिचालन एवं अभियानको लक्ष्य, उद्देश्य पुष्टि गर्नेध्ययले मावि, उमाविहरुमा अन्तर्क्रिया, कोणसभा, स्कुलसभा, कोठे सभालाई जिल्लाव्यापी तीव्र गरियो । जिल्लाका ३ कमाण्डमा गरिब ६ हजार विद्यार्थी-शिक्षक एवं जनसमुदायलाई नारा-जुलुससहित परिचालित गरियो । पछिल्लो चरणसम्म आइपुग्दा दशैं विदामा घर भेटघाटमा आएका क्याम्पस र १०+२ का विद्यार्थीहरुसँगको परिचयात्मक अन्तर्क्रिया कार्यक्रम जिल्लाको ३ कमाण्डमा सम्पन्न गरियो ।

अभियानको सुरुदेखि अन्त्यसम्म अन्य विद्यार्थी संगठनलाई शाही निरंकुशतन्त्रको विरुद्ध र लोकतान्त्रिक गणतन्त्रको पक्षमा संयुक्त आन्दोलन एवं सहकार्यको निम्ति आग्रह गर्ने प्रक्रिया जारिरहयो । विषेशगरी जिल्लाको अस्तित्वमा रहेका अनेरास्ववियू (एमाले) र ने.वि.सं.(प्रजातान्त्रिक) सँग प्रत्यक्ष, पटक-पटक छलफल, भेटघाट गरियो ।

**संघर्ष-** मुख्यगरी राजनैतिक संघर्षमा शाही निरंकुशतन्त्रको विरोध र भण्डाफोर एवं शैक्षिक संघर्षमा, निजीरकण र सामूदायिक विद्यालयको अवधारणामा केन्द्रीय संघर्ष कार्यक्रममा प्रभावकारी हस्तक्षेप, अनिश्चितकालिन मेची-महाकाली शैक्षिक नाकावन्दी र तीन 'स' हड्तालले राख्यो ।

शाही निरंकुशतन्त्रका विरुद्धमा केन्द्रित गरिएको संघर्ष सम्पूर्ण पाठ्यपुस्तबाट शाही परिवारका फोटोहरु च्यात्ने, नारा जुलुससहित जलाउने, सामन्ती राजतन्त्रको व्यापक भन्डाफोर गर्ने कार्यलाई जिल्लाव्यापी गरियो । शाही परिवारका नामबाट राखिएका शिक्षण संस्थाका नाम परिवर्ततन गर्ने प्रक्रियाको थालनी भयो । बोर्डहरु फ्याँक्ने र नाम परिवर्तन गर्ने आदि गरियो । सम्पूर्ण शिक्षण सस्थाबाट पुरानो झण्डा र शाही परिवारका फोटोहरु जलाउनुका साथै शाही परिवारका तस्वीरहरु बिक्री वितरण र प्रदर्शनमा रोक लगाइयो । विद्यालयकै नाम परिवर्तन गर्न नमान्ने पंचेहरुको आड लिएर चलाउन खोज्ने त्रिभुवन जनता मा.वि.खलंगामाथि चेतावनीस्वरुप कारवाही गरिएको छ ।

**संगठनात्मक विवरण-** विषेशगरी आन्तरिक रुपमा संगठन सुदृढ गर्नु नै अभियानको एक महत्त्वपूर्ण लक्ष्य भएकाले जिल्लाका ५०० संगठनहरु निर्माण गर्ने ध्ययका साथ संगठनात्मक गतिविधिलाई अगाडि बढाइयो । विगतमा गठन-विगठन फेरि गठन अपरिचालित संगठनात्मक संरचनाभन्दा माथि उठ्ने ध्ययले पुराना संगठनलाई नवीकरण गर्दै अरु नयाँ संगठनहरु निर्माण गर्दै अगाडि बढाइयो जसअनुसार जिल्लाभरि संगठनात्मक विवरणलाई तल प्रस्तुत गरिएको छ-

एरिया समिति १७ वटा, उमावि इकाइ २ वटा, मावि इकाइ २३ वटा, निमावि इकाइ १९ वटा, विद्यार्थी मिलिसिया २१ वटा, कलाकार टिम ३० वटा, बाल इकाइ २७ वटा, कक्षा इकाइ ११७ वटा, सहइकाइ १४ वटा, खेलकुद समिति ३ वटा, टोल इकाइ ७६ वटा र सम्पर्क समिति ६ वटा गरी जम्मा ३५५ वटा संगठन रहेका छन् ।

"शाही निरंकुशतन्त्रका विरुद्ध शैक्षिक प्रत्याक्रमण, लोकतान्त्रिक गणतन्त्रको पक्षमा ११औं जिल्ला सम्मेलन !!", भन्ने नारासहित आश्विन १४-१६ गते ऐतिहासिक रुपमा ११औं सल्यान जिल्ला सम्मेलन सम्पन्न भयो । ६०० प्रतिनिधि-पर्यवेक्षकको सहभागितामा जनवादी प्रक्रियाले तिलकराज भण्डारीको अध्यक्षतामा २५ सदस्सीय जिल्ला समिति निर्वाचित गऱ्यो, जसको उपाध्यक्ष दुर्गाबहादुर बुढाथोकी, सचिव दीपक शर्मा, सहसचिव संगीता विश्वकर्मा, कोषाध्यक्ष तेजविक्रम वली, सदस्यहरु मोतिकला बस्नेत, तिलक घर्ती, कमला ओली, भरत बुढाथोकी, निर्मला ओली, विमला शर्मा, निर्मल कुँवर, घनेन्द्र कुँवर, वेदप्रसाद वाँठा, पूर्णबहादुर ओली, टोपेन्द्र पुन, डिल्ली विश्वकर्मा, रवीन्द्र विष्ट, डम्मर पुन, राजीव बुढाक्षेत्री, टीका के.सी, मदन वस्नेत, गोविन्द खड्का, धर्म के.सी. र तिला ओलीलगायत रहनु भएको छ । जिल्ला सम्मेलनमा सदरमुकामबाहेक सबै मावि, उमावि र एरियाबाट प्रतिनिधित्व गरेका थिए ।

**जनसाक्षर अभियान–** क्षेत्रीय समितिको ठोस निर्णयअनुसार जनसाक्षारता अभियानलाई समयमै सञ्चालन गर्ने र व्यवस्थित ढंगले संचालन गर्नेमा समस्या रहे तापनि भाद्र २७ गतेदेखि नमुना एरिया वाफुखोलामा जनसाक्षार अभियान सुरु गरियो ।

सर्वप्रथम निरक्षरता तथ्यांक संकलन कार्यमा १०७४ जना जनपरिचालन समिति गठन गरिएको छ । जसमा– भर्ना भएको संख्या ६५२, नियमित अध्ययनरत ३०९, अहिलेसम्मका सामान्य लेखपढ गर्नसक्ने १६० जना, जम्मा जनशिक्षालय ३९ वटा, जम्मा जनशिक्षक परिचालन ६५ जना रहनु भएको छ ।

**विविधः–** अभियानकै क्रममा शहीद, सेना र कार्यकर्ता परिवारमा भेटघाट एवं केन्द्रित र विकेन्द्रितरुपमा जनसेवाका कामकाजलाई पनि विगतको तुलनामा विकास गरियो । विषेशगरी शहीद परिवारमा जनसेवाका कामकाजलाई प्राथमिकता दिइयो ।

## रोल्पा

"शाही फासीवाद र पुरानो शिक्षा प्रणालीका विरुद्ध जुझारु आन्दोलन ! लोकतान्त्रिक गणतन्त्र र जनवादी शिक्षाको लागि १६औं रोल्पा जिल्ला सम्मेलन !!" भन्ने मूल नाराका साथ यहीं २०६२ माघ ७-९ सम्म मा.वि. घर्तिगाउँमा जिल्लाका ११ वटा एरीया, २२ वटा मावि र २ वटा उमाविका २०० जना प्रतिनिधिको सक्रिय सहभागितामा रोल्पाको १६औं जिल्ला सम्मेलन ऐतिहासिक र शानदार ढंगले सम्पन्न भएको छ ।



*रोल्पा जिल्ला सम्मेलनमा बायाँबाट क्रमश रमेश मल्ल, रत्न महरा, पूर्णसिंह*

कार्यक्रमका प्रमुख अतिथि संगठनका केन्द्रीय कार्यालय सदस्य रमेश मल्ल हुनुहुन्थ्यो भने अन्य अतिथिहरुमा सचिवालय सदस्य पूर्णबहादुर सिँह, केन्द्रीय सदस्य रत्न महरा, जनादेशका सम्पादक हिरामणी दुःखी, ने क पा (माओवादी) रोल्पा जिल्ला सेक्रेटरी क. कमल हुनुहुन्थ्यो ।

सम्मेलनको बन्दसत्रले निर्वाचन प्रक्रियाद्वारा २३ निर्वाचित (२९ जनाको उम्मेदवारी दर्ता भएकोमा) ४ मनोनित गरी २७ सदस्यीय सशक्त रोल्पा जिल्ला समिति निर्माण गऱ्यो । जसको अध्यक्ष बसन्त थापामगर, उपाअध्यक्ष मुक्ति डाँगी, सचिव तुकमान महरा, सहसचिव विवश थापा मगर, कोषाध्यक्ष मिनाकुमारी थापा क्षेत्री, सदस्यहरु चन्द्रप्रकाश बन्दीपुरे, दीपेश पुन, अजय घर्ती, चेतनविक्रम पुन, शोभा ओली, रीता घर्ती, मिलन पुन, श्याम घर्ती, भरत श्रेष्ठ, जयबहादुर घर्ती, दलप्रसाद बुढा, हिमसरा बुढाथोकी, वेटरजँग कुँवर, पहलमान घर्ती, धनेश थापा, छविलाल घर्ती, चन्द्रज्योति डाँगी, सन्दीप डाँगी, बलप्रसाद डाँगी, विर्मा थापा, मल्लिता पुन र हरिहर सेतिमहर (हाल तुल्सीपुर कारागार) रहनु भएको छ ।

## प्यूठान

"सामन्ती राजतन्त्रका विरुद्धमा विद्रोहको आह्वान, जनवादी शिक्षा र गणतन्त्र प्राप्तिको लागि १४औं जिल्ला सम्मेलन" भन्ने नारासहित ०६२ असोज ७-९ गते करिब २२० प्रतिनिधिबीच प्यूठानको १४औं जिल्ला सम्मेलन शानदार रुपमा सफल भयो । प्रमुख अतिथि केन्द्रीय प्रदीप वली हुनुहुन्थ्यो भने अन्य अतिथिहरुमा केन्द्रीय सदस्य रत्न महरा, जनसत्ताबाट क. दीपक के.सी. र पार्टी प्रतिनिधिको रुपमा क. वस्ती हुनुहुन्थ्यो ।

नवनिर्वाचित २२ सदस्यीय जिल्ला समितिको अध्यक्षमा विश्वबन्धु थापा, उपाध्यक्ष राजेन्द्र रावत, सचिव राधा जी.सी., सहसचिव रमेश जी.सी., कोषाध्यक्ष कृष्णा पाण्डे, सदस्य प्रमोद थापा, दुर्गा पोखरेल, हुमबहादुर पुन, दीपक पुन, रमेश राना , झविलाल पुन, पवित्रा रिजाल, प्रदीप गुरुङ्ग, किशोर कुँवर, सागर रोका, अर्जुन जी.सी, भक्तबहादुर थापा, अर्जुन जी.सी., सर्मिला के.सी., माया गिरी, सीताराम पोखरेल रहनु भएको छ ।

**साक्षरता कक्षा** : ०६२ श्रावण ३० गतेबाट ५० जना प्रशिक्षार्थीहरुबीच २ महिनाको समयसम्मको साक्षरता कक्षा संचालन भएको थियो । चिठी लेख्नेदेखि लिएर व्यावहारिक जीवनमा आइपर्ने हिसाबहरु गर्न सक्ने स्तरमा प्रशिक्षार्थीहरुम विकास भएका थिए । अनेरास्ववियू (क्रान्तिकारी) को क्षेत्रीय समितिले बनाएको योजनाअनुसार नै यो साक्षरता कक्षा शुरु गरिएको थियो ।

**अन्तर्क्रिया/छलफल–** "वर्तमान सन्दर्भ र शैक्षिक क्षेत्रका समस्याहरु" विषयक १ दिने अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

एसएलसी परीक्षा विद्यार्थीको पायक पर्ने ठाउँमा गर्नुपर्ने माग राख्दै आएको हाम्रो संगठनले नागरिक समाज, मानवअधिकारवादी संगठन र पत्रकारबीच छलफल गरेको छ । एसएलसी परीक्षा केन्द्रलाई सैन्य घेराबाट बाहिर ल्याउनको लागि सहमती भएको छ । एसएलसी परीक्षा चैत्र १४ गतेदेखि शुरु हुँदैछ ।

**स्वविय–** स्वर्गद्वारी बहुमुखी क्याम्पस प्यूठानको १ मात्र क्याम्पस हो । हाल करिब ३०० विद्यार्थीले अध्ययन गर्ने यो क्याम्पसमा मानविकी, व्यवस्थापन र शिक्षा शास्त्रका कक्षाहरु संचालन छन । हालै यहाँ ५ वर्षपछि राजतन्त्रविरोधी सबै विद्यार्थीहरुको समावेशीय स्वविय निर्माण भएको छ ।


**शैक्षिक तथ्याङ्क फाराम** : क्याम्पसमा पढ्नेहरुको जिल्लाव्यापी रेकर्ड ल्याउनको लागि क्षेत्रले निर्माण गरेको शैक्षिक तथ्याङ्क फारम अहिले भर्ने काम तीव्र रुपमा भइराखेको छ ।

हाल जिल्लामा संगठनको सदस्यता वितरण र संगठन निर्माण गर्ने काम तीव्र रुपमा भइराखेको छ । चैत्रसम्ममा करिब ५००० सदस्यता वितरण गरिने योजना रहेको छ । पाठ्यपुस्तकमा राखिएका शाही परिवारका हजारौं फोटाहरु च्यातिएका छन् ।

## भेरी-कर्णाली क्षेत्र

### क्षेत्रीय स्कूलिङ सम्पन्न

क्षेत्रव्यापी १० वटै जिल्ला समितिलाई जम्मा गरी २०६२ असोज २ देखि एकहप्तासम्म चलेको क्षेत्रीय स्कूलिङ्ग (प्रशिक्षण) कार्यक्रम सम्पन्न भयो । शैक्षिक आन्दोलनका १२ बुँदा, विद्यार्थी आन्दोलनको इतिहास, दर्शन, वैज्ञानिक समाजवाद, राजनैतिक अर्थशास्त्र, सैन्य विज्ञान, ने.क.पा.को इतिहास विषयमा



*अध्ययनमा व्यस्त स्कूलका विद्यार्थीहरु*

क्रमश लेखनाथ न्यौपाने, रामदीप आचार्य, कमल शाही, रमेश मल्ल र नरेन्द्र न्यौपानेले प्रशिक्षकको भूमिका निर्वाह गर्नुभएको उक्त स्कूल विद्यार्थी आन्दोलनकै एक महत्वपूर्ण स्कूलिङ कार्यक्रमको सभापतित्व कमल शाहीले गर्नु भएको थियो । प्रमुख अतिथि र अतिथिहरु क्रमशः लेखनाथ न्यौपाने, रामदीप आचार्य, रमेश मल्ल र खगेश्वर के.सी. हुनुहुन्थ्यो । नरेन्द्र न्यौपानेले संचालन गर्नु भएको उक्त कार्यक्रममा अनिल शर्माले स्वागत मन्तव्य राख्नु भएको थियो । २०० जना प्रतिनिधि सहभागी उक्त स्कूलमा विद्रोही सांस्कृतिक परिवारले विभिन्न समयमा सास्कृतिक झलकहरु पनि प्रस्तुत गरेको थियो । स्कूलको लगत्तै पछाडि सम्पन्न क्षेत्रको बैठक संगठनका केन्द्रीय अध्यक्ष लेखनाथ न्यौपानेको विशेष उपस्थितिमा सम्पन्न भयो ।

केन्द्रीय समितिको विस्तारित बैठकदेखियता क्षेत्रीय समितिका ४ वटा पूर्ण बैठकहरु सम्पन्न भए । पहिलो बैठक निजीकरण र व्यापारीकरण विरोधी संघर्ष केन्द्रित, दोश्रो बैठक मेची-महाकाली शैक्षिक नाकाबन्दी तथा बैकुण्ठ स्मृति संगठन सुदृढीकरण तथा विस्तार अभियान केन्द्रित, तेस्रो बैठक आन्तरिक समीक्षा, योजनाको सम्प्रेषणमा बैठकको योगदान महत्वपूर्ण रहयो ।

### डोल्पा

डोल्पा जिल्लाको तेस्रो सम्मेलन २०६२ भदौ ५ मा ५०० प्रतिनिधि विद्यार्थीहरुको उपस्थितिमा कालिका मावि डोल्पामा एक भव्य समारोहबीच समुद्घाटन भयो । २०० जना प्रनितिधिहरुको बीचमा सम्पन्न बन्दशेषनले बागबहादुर बुढाको अध्यक्षतामा ११ सदस्यीय जिल्ला समिति चयन गरेको छ । हिमाली जिल्ला डोल्पाको विद्यार्थी आन्दोलनलाई घनिभूत पार्ने र सिङ्गो विद्यार्थी आन्दोलनमा अग्रगति प्रदान गर्नको लागि यो सम्मेलनले नीति तथा कार्यक्रम तय गऱ्यो । सम्मेलनको समाप्तिसँगै जिल्ला समितिको बैठक सम्पन्न भयो । बैठकले सुदृढ संगठन र व्यवस्थित परिचालनको ठोस विधि, आधार क्षेत्रमा विद्यार्थी आन्दोलनको स्वरुप र आगामी कामको उद्देश्य र रुपरेखा पनि तयार गऱ्यो ।

### सुर्खेत

सुर्खेत जिल्लाको १७औं सम्मेलन संगठनका केन्द्रीय अध्यक्ष लेखनाथ न्यौपाने, उपाध्यक्ष रामदीप आचार्य, भेक संयोजक र सेम संयोजक क्रमश कमल शाही र रमेश मल्लको उपस्थितिमा आनन्द उच्च मावि गुमीमा हजारौं विद्यार्थी तथा जनसमुदायहरुबीचमा उद्घाटन सम्पन्न भयो । असोज १७ र १८ गते सम्पन्न बन्द शेषनमा संगठनका केन्द्रीय अध्यक्ष तथा उपाध्यक्षले प्रशिक्षण राख्नु भएको थियो । २५० जना प्रतिनिधि समावेश उक्त बन्द शेषनले गंगाराम तिमिल्सेनाको अध्यक्षतामा २१ सदस्यीय जिल्ला समिति चयन गऱ्यो ।

### जिल्लास्तरीय स्कूलिङ

क्षेत्रीय स्कूलको भावलाई तलसम्म लैजाने उद्देश्यसहित क्षेत्रीय समितिको बैठकले तय गरेको कार्यक्रमलाई जिल्ला जिल्लामा दृढतापूर्वक कार्यान्वयन गरियो । जुम्ला, कालिकोटमा स्कूलिङ्ग सम्पन्न भयो । हुम्ला, मुगु, डोल्पा जाजरकोट, सुर्खेत, दैलेख, बाँके+बर्दिया, विशेष जिल्लाहरुमा प्रशिक्षणात्मक तरिकाबाट स्कूल चलाउँदा सही दृष्टिकोण निर्माण गरी अगाडि बढ्न मद्दत गऱ्यो । सारत क्षेत्रीय स्कूलिङ्गको भावलाई इकाइसम्मै जोड्ने सन्दर्भमा सफलिभूत भयो ।

### बैकुण्ठ स्मृति अभियान

केन्द्रीय समितिको विस्तारित बैठकद्वारा तय गरिएको ४ महिने अभियानलाई क्षेत्रमा केन्द्रित रुपमा संचालित गरियो । केन्द्रित रुपमा जाजरकोट जिल्ला अध्यक्ष नयनबहादुर रानाको कमाण्डमा १० जना सहभागी १ टिम सेती-महाकाली क्षेत्रमा क्रियाशील भयो । क्षेत्रभित्र डोल्पा जिल्ला अध्यक्ष बागबहादुर बुढा, जुम्ला जिल्ला सचिव रिता शाही, जाजरकोट जिल्ला समिति सदस्य धनबहादुर पुनको कमाण्डमा ३ वटा टिम क्रियाशील रहयो । जिल्ला जिल्लामा अध्यक्षहरुको कमाण्डमा जिल्ला समिति पूरै अभियानमा सहभागी भयो । शिक्षण संस्थाहरुसँग प्रत्यक्ष जोडिएर विद्यार्थीहरुलाई संगठित र परिचालित गर्ने, संघर्षका कार्यक्रमहरुमा सहभागी गराउने, नारा, जुलुस ऱ्याली निकाल्ने, मास लिडरको निर्माण गर्ने सन्दर्भमा अभियान अत्यन्तै सान्दर्भिक रहयो । सेती-महाकाली क्षेत्रबाट मनिराज बरालको कमाण्डमा १ टिम भेकमा आएर अभियानलाई गति प्रदान गऱ्यो । विगत लामो समयदेखि शिक्षण संस्थाबाट कट्न सक्ने खतरालाई अभियानले राम्रोसँग चिर्दै शिक्षण संस्थासंग जोडिन पुगेको निष्कर्ष निकाल्यो ।

### अन्तर्क्रिया तथा छलफल

यो अवधिमा निजी विद्यालयसँग सम्बन्धित प्याब्सन, एनप्याब्सनहरुसँगको अन्तर्क्रिया र समझदारीहरु भए । विशेष उल्लेखनीय समझदारीहरुमा आन्दोलनको स्थगनको प्रक्रियामा ५ बुँदे सहमति भयो । विभिन्न समयावधिमा सामन्ती सत्ताको विरुद्ध दबाब ऱ्याली गर्ने सहमति अनुरुप कार्यान्वयन भए । सामुदायिक विद्यालयहरुसँग एक अन्तर्क्रिया कार्यक्रम पुस २२ गते बर्दियामा सम्पन्न भयो र ५ बुँदे सहमति गरियो । जसको सारमा सामुदायिक विद्यालयलाई सार्वजनिक विद्यालयमा रुपान्तरण गर्न केन्द्रिकृत रुपले दवाव दिने र चरणबद्ध आन्दोलन घोषणा गर्ने उद्देश्यसहित आन्दोलनको नेटवर्क गठन गरियो ।

**संयुक्त बैठक**

विभिन्न समयमा अनेरास्ववियू, अनेरास्ववियू (एकीकृत) सँग एकल रुपमा बैठक सम्पन्न भयो । बर्दियामा माघ ७ गते अखिल (क्रान्तिकारी), ने.वि.संघ र अनेरास्ववियूबीच एक संयुक्त बैठक सम्पन्न भयो । बैठकले निम्नअनुसारका ३ बुँदे सहमति पत्र जारी गऱ्यो । (क) सामन्ती राजतन्त्र विरुद्धको आन्दोलन अगाडि बढाउन एकआपसमा नियमति सम्पर्क र समन्वय गर्ने । (ख) कथित नगर निर्वाचनलाई ध्वस्त पार्न आ-आफ्नो तरिकाले शसक्त आन्दोलन केन्द्रित गर्ने । (ग) मातृ पार्टीहरुबीच भएका १२ बुँदे र बर्दियाको सन्दर्भमा भएका ३ बुँदे सहमतिलाई कडाइपूर्वक कार्यान्वयन गर्ने ।

-----------------------------------

भर्खरै अखिल (क्रान्तिकारी) गोरखा र धादिङ जिल्ला सम्मेलन सम्पन्न भएका छन् । केन्द्रीय कोषाध्यक्ष युवराज चौलागाईले उद्घाटन गर्नु भएको सम्मेलनले क्रमशः बन्दना पाण्डे र सुशीला थापाको अध्यक्षतामा जिल्ला समितिहरु निर्माण गरेको छ । ◆

## बैकुण्ठको हत्यामा ............

बहिनीमध्ये १ दाजु (अर्जुन पोखरेल) २०६० मंसिर-पौषदेखि बेपत्ता हुनुहुन्छ । साथै दिदी कौशल्या पोखेल पनि शाही जल्लादहरूले यो लेख लेख्दासम्म सार्वजनिक गरेका छैनन् ।


सानै उमेरदेखि विद्रोही स्वभावका क. वैकुण्ठ स्कूले जीवनदेखि नै अखिल (क्रान्तिकारी) प्रति झुकाव भएको इमानदार र मेहनती विद्यार्थी हुनुहुन्थ्यो । क्याम्पस पढ्दा सरस्वती क्याम्पसको इकाई सदस्य, अध्यक्ष हुँदै २०५७ को अन्त्यतिरबाट पूर्णकालीन हुनुभयो । २०५८ को श्रावणमा अखिल (क्रान्तिकारी) काठमाडौं जिल्ला सदस्य तथा पार्टी एरिया सदस्य हुनुभयो । २०५८ को वार्ता समयमा उहाँ र म एउटा काममा सँगै सरिक भएका थियौं । उक्त घटना अहिले पनि मलाई याद आइरहेको छ । त्यतिखेर उपत्यकामा नक्कली माओवादी भन्दै चन्दा असुल गर्ने एउटा गिरोहलाई गिरफ्तार गर्न गएका थियौं । उहाँ दुश्मनप्रति धेरै आक्रामक देखिनु हुन्थ्यो । त्यतिखेर उहाँले प्रदर्शित गरेको साहस र रणकौशल हेर्दा मलाई लाग्यो उहाँ एक परिपक्व नेता भइसक्नु भएछ ।

२०५८ मंसिरमा युद्धविराम भंग भयो, संकटकाल लगाइयो, त्यतिखेर धेरै साथीहरू गिरफ्तार पर्नुभयो । त्यसबाट म पनि अछुतो रहन सकिन । ०५९ श्रावणमा म पनि गिरफ्तार परी जेलमा नै हुँदा उहाँको कार्यक्षेत्र फेरिएछ । पत्रिका मार्फत् थाहा पायौं ०५९ भाद्रदेखि उहाँ ललितपुर जिल्लाको संयोजक हुनुभएछ । मंसिरदेखि पार्टी जिल्ला सदस्य, २०६० असारमा सम्पन्न संगठनको १६औं राष्ट्रिय सम्मेलनपछि बैकल्पिक केन्द्रीय सदस्य हुनुभएको थियो ।

२०६० को भाद्रमा युद्धविराम भंग भएपछि लामो समय हाम्रो भेट भएन तर पछि हाम्रो संगठनको उपकेन्द्रको बैठक २०६० कै चैत्रमा मकवानपुरको एउटा गाउँमा भएको थियो । एक हप्ता लामो बसाइमा हामीले शहरी आन्दोलनको समस्या, चुनौती र सम्भावनाबारे लामो छलफल गरेका थियौं । त्यतिबेला उहाँको कार्यक्षेत्र बाहिर भए तापनि उहाँ भ्यालीको आन्दोलन, त्यहाँ भएको क्षतिबारे चिन्तित हुनुहुन्थ्यो । महासचिव पूर्ण पौडेलदेखि निवर्तमान महासचिव हिमाल शर्मासम्म बेपत्ता साथीहरूबारे हामीहरू छलफल गर्थ्यौं र उहाँहरूको जीवनी लेखेर प्रकाशन गर्ने योजना बनाउँथ्यौं । यसरी त्यो बैठक सकिएपछि हामी दह्रिला हात मिलाएर विदा भएका थियौं । उक्त भेट र बैठक नै उहाँ र मेरी अन्तिम भेट र अन्तिम बैठक हुन पुग्यो ।

यसरी नेपाली क्रान्तिकारी विद्यार्थी आन्दोलनका एक होनहार योद्धा र लाखौं विद्यार्थीहरूको जुझारु नेता, दुश्मनप्रति अत्यन्तै आक्रामक तर जनता र मित्रहरूसित मिलनसार, हाम्रो संगठनका केन्द्रीय नेताको २०६१ असार ३१ गते धादिङको गुम्दी गाविसमा कायरतापूर्वक हत्या गर्छन् र उहाँ हामीसँग भौतिक रूपमा सदाका लागि विदा हुनुभयो ।

क.बैकुण्ठ पोखरेल र भरत ढुंगाना नुवाकोट जिल्लाका दुई नक्षत्र हुनुहुन्छ । भरत ढुंगाना पनि हाम्रो पार्टीका उपक्षेत्रीय ब्यूरो सदस्य तथा अखिल नेपाल किसान संगठनका केन्द्रीय सचिवालय सदस्य हुनुहुन्थ्यो । रणनैतिक प्रत्याक्रमणको तयारीको चरणमा प्रतिक्रियावादी शाही सरकारले हत्या गरेर ढल्नै लागेको, मक्किएको पुरानो सत्ता जोगाउने दिवास्वपना देखेको होला । उनीहरूको सपना हावाले उडाउने छ, बालुवामा मिल्नेछ । हामी उहाँहरूको बलिदानलाई कत्ति पनि खेर जान दिनेछैनौं । अन्तिम जीत नहुन्जेल र एकमुट्ठी प्राण रहेसम्म निरन्तर निरन्तर लडिरहनेछौं । उहाँहरूको सपना पूरा गर्नेछौं । उहाँहरूको शहादत प्राप्त गरेको १ वर्ष पुरा गरेको यो गौरवपूर्ण दिनमा म उहाँहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । क. बैकुण्ठ पोखरेल र क. भरत ढुंगाना अमर रहून । वीर शहीद लालसलाम । *३१ असार २०६२*

# केन्द्रीय कार्यालयद्वारा जारी वक्तव्यहरू

१. २८ भाद्र ०६२

### विषय : संघर्षको कार्यक्रम घोषणा

सबै राजनीतिक आन्दोलन त्यसमा पनि अग्रगमनका लागि चलेका राजनीतिक आन्दोलनमा युवा विद्यार्थी समुदायको भूमिका असाध्यै महत्वपूर्ण हुने गरेको इतिहास हामी सबैको सामु खडा छ। यतिबेला फेरि एकपटक नेपाली युवा विद्यार्थीहरू राजनीतिक आन्दोलनमा होमिएर नयाँ इतिहास निर्माण गर्ने महत्वपूर्ण ठाउँमा दृढ संकल्पका साथ उभिनु परेको छ। आफ्नै रगत पसिनाबाट आफ्नो इतिहास लेख्ने यो राजनीतिक अभियानमा व्यक्तिगत सबै चीज छाडेर सम्पूर्ण व्यक्ति सडकमा ओर्लनु परेको छ र बाघझैं गर्जदै फासिवादका किल्लाहरू खरानी बनाउने गरी तागत पोख्नु परेको छ। युगीत यो आवश्यकताप्रति गम्भीर बन्दै आ-आफ्नो भूमिका निश्चित गर्दै शिक्षण संस्थाबाट सडकमा निस्कन सम्पूर्ण विद्यार्थी शिक्षकलाई हाम्रो संगठन अपिल गर्दछ।




*बर्दिया (२८ भाद्र ०६०)मा पत्रकार सम्मेलन गर्दै बायाँबाट उपाध्यक्ष रामदीप आचार्य, अध्यक्ष लेखनाथ न्यौपाने, कार्यालय सदस्य रमेश मल्ल*

गत माघ १९ गतेको शाही कूसँगै सामन्ती अधिनायकवादी सत्ताले अग्रगमनका स्वरहरू बन्द गर्ने दुस्प्रयास गर्दैछ। लोकतान्त्रिक गणतन्त्रका पाइलाहरूलाई प्रतिबन्ध गर्ने मुर्खता गर्दैछ र गणतन्त्रवादी नेता, कार्यकर्ता र जनतालाई गिरफ्तार गर्ने, यातना दिने, जेल हाल्ने, बेपत्ता बनाउने र हत्यासम्मको अपराधमा चुर्लुम्म डुबेको छ। परिवर्तनका संवाहक नेपाली जनताको रगतले लत्पतिएको उसको खुनी अनुहार उसैको काल बन्ने निश्चित छ। किनभने राजनीतिक पार्टीहरू एवं विद्यार्थी समुदायले एकीकृत तागत निर्माण गर्दै त्यो खुनी बादशाहलाई घोडाबाट खसाल्ने अभियानमा आफूलाई होमिसकेका छन्। तर संयुक्त कार्यनीतिक मोर्चा औपचारिक हिसाबले बन्न अझै बाँकी छ।

सामन्ती अधिनायकवादको विरुद्ध एकातिर सबै गणतन्त्रवादी वा राजतन्त्रविरोधी विद्यार्थी संगठनहरू गणतन्त्रमा पुग्ने उद्देश्यका साथ एउटै मोर्चा निर्माणमा जुट्न आवश्यक छ भने अर्कोतिर राजनीतिक पार्टीहरूलाई एउटै मोर्चामा अझ छिटो ल्याउन र निर्णायक आन्दोलनको नेतृत्व गर्ने वातावरण निर्माण गर्नु पनि विद्यार्थीहरूको राजनीतिक जिम्मेवारीभित्रै पर्छ। त्यसकारण सम्पूर्ण विद्यार्थी समुदायले नयाँ इतिहास निर्माणको यो गम्भीर र चुनौतीपूर्ण मोडमा पढाइ, परीक्षा र व्यक्तिगत जीवनतिर होइन, राजतन्त्रका सबै जरा उखेलेर गणतन्त्र स्थापनाका लागि चलाइएको राजनीतिक आन्दोलनमा सक्रियतापूर्वक सहभागी बन्नैपर्छ।

संसदीय दलहरू र नागरिक समाजसँग संयुक्त कार्यनीतिक मोर्चा बनाउने उद्देश्य एवं देश र जनताको परिवर्तन र शान्तिप्रतिको गहिरो आकांक्षाको सम्मान गर्दै देश र जनताप्रति अझ उत्तरदायी बन्दै ने.क.पा.(माओवादी) ले एकतर्फी गरिएको ३ महिने युद्ध विरामको हामी स्वागत मात्रै गर्दैनौं सर्वहारा मुख्यालयले गरेको सबै निर्देशनहरूलाई आत्मसात् गर्ने र व्यवहारमा उतार्ने प्रतिबद्धता समेत व्यक्त गर्दछौं। युद्धविरामलाई शाही सत्ताधारीहरूले विरोध गर्नु उनीहरूको धर्म भयो तर अरु कसैले पनि युद्धविरामलाई शंकाको आँखाले हेर्ने होइन कि शान्ति विरोधी, युद्धविराम विरोधी र जनभावना विरोधी शाही सत्ता र शाही सेनाका सबै हर्कतहरू जस्तै यही बेला गाउँ-गाउँ पस्ने आफ्नो उपस्थिति जनाउने एवं जनदमन गर्ने कामलाई दिनानुदिन बढाएको छ-को भण्डाफोर गर्दै तीव्र राजनीतिक आक्रमण गर्न जरुरी हुन्छ। यसका लागि तपाईं पत्रकारहरू, मानवअधिकारवादीहरू एवं कानुन व्यवसायीहरूको महत्वपूर्ण भूमिका रहनु पर्दछ।

देशको राजनीतिक स्थिति ठीक यसरी अगाडि बढेको बेला अग्रगामी राजनीतिक निकास र अन्तरिम सरकार, संविधान सभाको निर्वाचन (लोकतान्त्रिक गणतन्त्र) मूर्ततातिर अगाडि बढाउने हाम्रो पहिलो कार्यसूची साथै निम्न उद्देश्यहरू पुरा गर्ने गरी संघर्षको एउटा श्रृंखला घोषणा यसै कार्यक्रममार्फत् गर्दछौं। यो कार्यक्रम २ महिने (असोज, कार्तिक) समयको हुनेछ। संयुक्त संघर्षका मूर्त पहल एवं त्यसभन्दा अगाडि समझदारी, सहमति र एकले घोषणा गरेको संघर्षलाई अर्कोले सहयोग, सहभागी हुने र देशव्यापी संघर्ष उठाउने उद्देश्यमा बुझ्न र कार्यान्वयन गर्न मातहतका सबै समितिलाई निर्देशन गरिन्छ भनेसबै शैक्षिक जगत लगायत सबैको सहयोग र संलग्नताको लागि पुनः अपिल गरिन्छ।

**उद्देश्यहरू**

- राजतन्त्रको उन्मूलन एवं गणतन्त्रको स्थापना।
- गिरफ्तारपछि बेपत्ता पारिएका हाम्रो संगठनका केन्द्रीय सदस्यहरू रामचन्द्र अधिकारी (चितवन), प्रकाश पौडेल (मोरङ) को सार्वजनिक गर्न एवं बन्दी सबै विद्यार्थी नेता-कार्यकर्ताहरू रिहाइ गर्ने।
- पेट्रोलियम पदार्थमा गरिएको चर्को मूल्य बृद्धि फिर्ता गर्न।
- शाही परिवारका फोटाहरू पाठ्यपुस्तकबाट च्यात्न, पोल्न र बहिष्कार गर्न।
- विद्यालय समुदायलाई हस्तान्तरण गर्ने कार्यक्रम खारेज गर्न।
- शाही परिवारका नाममा नामांकन गरिएका शिक्षालय मुख्यतः अब उच्च शिक्षालयको नाम परिवर्तन गर्न।

**संघर्षका कार्यक्रमहरू**

- १५ असोजसम्म व्यापक प्रचार-प्रसारमा लाग्ने (भित्ते लेखन, पर्चा वितरण, पोष्टर, ब्यानर आदि)
- १५-३१ असोजसम्म शैक्षिक क्षेत्रसँग सम्बन्धित संघ/संगठन (विद्यार्थी, शिक्षक, प्राध्यापक, अभिभावक) र व्यक्तिहरूसँग तलदेखि माथिसम्म संयुक्त छलफल, अन्तर्क्रिया, गोष्ठी र पिंढी सभाद्वारा संयुक्त मोर्चा निर्माण गर्न पहल गर्ने। साथै समुदायलाई विद्यालय हस्तान्तरण कार्यक्रम फिर्ता लैजान सम्बन्धित विद्यालयलाई जानकारी गराउने।

o १ कार्तिकदेखि समुदायलाई हस्तान्तरण गरिएको विद्यालय प्रशासन (प्र.अ.अफिस) मा तालाबन्दी गर्ने तर पढाइमा अवरोध नगर्ने ।
o दशैं-तिहारको अवधिमा मट्टितेलका ट्याङ्कर कब्जा गर्ने र जनतालाई वितरण गर्ने ।
o आजैको मितिदेखि पाठ्यपुस्तकमा छापिएका कथित शाही परिवारका फोटा च्यात्ने, पोल्ने, बहिष्कार गर्ने र त्यस्ता पुस्तक नबेच्न पुस्तक पसलेलाई आग्रह गर्ने ।
o सर्वपक्षीय विद्यार्थी, शिक्षक सहमतिमा शाही परिवारका नाममा नाम राखेर चलाइएका शिक्षण संस्था (अब मुख्यत: उच्च शिक्षाभित्र) को नाम परिवर्तन गर्ने ।
o १-२० कार्तिकसम्म सडकमा प्रदर्शनलाई केन्द्रित गर्ने । एकल वा संयुक्त तालमेलमा ।
o २० कार्तिकमा केन्द्रित प्रदर्शन र सभा मार्फत् चिनियाँकाजी स्मृति दिवस मनाउने ।
o २१-२२ कार्तिक देशव्यापी ज्ञानेन्द्र पारस एवं प्यारजंगको पुत्लादोहन गर्ने एवं मशाल जुलुस प्रदर्शन गर्ने ।
o २३ कार्तिक (उसको संविधान दिवस) केन्द्रित रूपमा पुरानो संविधानको मलामी जुलुससहित दाहसंस्कार गर्ने र उक्त कार्यक्रममा सम्पूर्ण जनतालाई सहभागी हुन आह्वान गर्ने ।
o २३ गते साँझ ५-७ बजे देशव्यापी ब्ल्याक आउट गर्ने ।
o २४ कार्तिकदेखि पछि पार्टीले बनाएको संघर्षका कार्यक्रममा सबै ढंगबाट सहभागी बन्ने ।

**लेखनाथ न्यौपाने**
**अध्यक्ष**
**अखिल (क्रान्तिकारी) केन्द्रीय समिति**

## २. ३ पुस २०६२

### विषय : जनआन्दोलनको घोषणा

आन्दोलनको मुख्य नारा-

युवा विद्यार्थी गर्जियो, होशियार शाही फासिवाद !
सामन्ती राजतन्त्र ढालिन्छ, गणतन्त्र नेपाल जिन्दावाद !

सहायक नारा-

उदाउँदो गणतन्त्रलाई रातो सलामी !
सामन्ती राजतन्त्रका हामी मलामी !
शाही चुनाव-मुर्दावाद !!

प्रिय पत्रकार मित्रहरू,

२३७ वर्षदेखि लगातार नेपाली जनताको रगत, पसिना चुसेर ढाडिएको सामन्ती राजतन्त्रको विरुद्ध यतिबेला इतिहासकै सबैभन्दा घनीभूत, सबभन्दा संगठित र सबैभन्दा आक्रोशपूर्ण राजनैतिक आन्दोलन उठ्दैछ । शाही वंशका पारिवारिक मुर्ख सेना युद्धउन्मादीसँगै झन् पटमुर्ख बन्दै आफ्नो काल निम्त्याउँदै छन् भने यसको तागतमा टिकेको सामन्ती राजतन्त्रको जग इतिहासमै सबैभन्दा कमजोर बनेर हल्लिरहेको छ । साम्राज्यवादी र विस्तारवादी शासकहरूले दिएको फौजी सहयोगले नेपाली जनता र जनताले चलाएको न्यायपूर्ण आन्दोलनको हत्या गरेर सत्ता टिकाउने ज्ञानेन्द्र शाहीको योजना बेकार साबित यसकारण पनि भयो उसलाई विष्णुको अवतार मान्दै सबैप्रकारको सहयोग गर्दै आएका बुर्जुवा प्रजातन्त्रवादी शक्तिहरू समेत पूर्ण प्रजातन्त्रका लागि ने.क.पा.(माओवादी)सँग मोर्चा कायम गर्ने र नयाँ राजनैतिक इतिहासको सुरुवात गर्ने सहमतिमा क्रियाशील छन् । यद्यपि विदेशी दबाव वा ज्ञानेन्द्र शाहीको प्रलोभनको विरासतबाट पूर्णत: मुक्त हुन्छन् कि हुँदैनन् ? यसको अन्तिम फैसला हेर्न भने हत्तारिनु जरुरी छैन तर सचेत भने बन्नैपर्छ । त्यसकारण वर्तमानको विशिष्ट राजनीतिक अवस्थामा सामन्ती राजतन्त्र ढालेर लोकतान्त्रिक गणतन्त्र मार्फत् नयाँ राजनीतिक प्रणालीको स्थापना अनिवार्य आवश्यकता बनेको छ ।

नयाँ सम्भावनासहित उपरोक्त विकसित राजनीतिक अवस्थामा विवेक र आवेगका धनी हामी युवा विद्यार्थीहरूको भूमिका स्वत: बढेको छ । एकातिर खुट्टा कमाउने र घुर्कीबाट ज्ञानेन्द्रलाई सहमतिमा ल्याउन खोज्ने एवं सम्झौतामा नै भविष्य देख्नेहरू विरुद्ध दृढतापूर्वक चोर औंला उठाउनु आवश्यक छ भने अर्कोतिर लोकतान्त्रिक गणतन्त्र (पूर्ण प्रजातन्त्र) का लागि पढाइ, परीक्षा र व्यक्तिगत जीवन त्यागी सडक बाघको भूमिका निर्वाह गर्नुपर्ने छ । यसरी मात्रै सामन्ती राजतन्त्रको काल आँधीहुरी भएर आउनेछ र हामी युवा विद्यार्थी उसको मलामी बन्न पाउनेछौं । यो आँधीहुरी गाउँबाट शहरतिर, जिल्लाबाट राजधानीतिर र राजधानीका सडक र गल्लीबाट दरबारतिर सोभिने छ । यो नै अबको क्रमभंगको राजनीतिक आँधी हुनेछ । अब शैक्षिक पतनामा पढाइ र व्यक्तिगत भविष्यका सपना सजिने छैनन्, बरु सामन्तवादको टाउको फोर्ने र जरा उखेल्ने योजना बुनिने छ । यसरी मात्रै खन्चुवा राजतन्त्र विरुद्धको विद्रोह संगठित हुनेछ र छालमय गतिमा दरबारतिर अघि बढ्ने निश्चित छ ।



*मकवानपुर (३ पुस ०६०)मा पत्रकार सम्मेलनमा वक्तव्य वाचन गर्दै अध्यक्ष लेखनाथ न्यौपाने साथमा केन्द्रीय सदस्य ललित प्रसाद*

इतिहास र वर्तमानले सुम्पेको यो दूरगामी जिम्मेवारी पुरा गर्ने संकल्पका साथ जनआन्दोलनको आँधीहुरीको शृंखला हालै सम्पन्न हाम्रो संगठनको केन्द्रीय समिति सचिवालयको बैठकले तय गरेको छ । विगतमा चलाइएका दुईवटा संगठनात्मक योजना (कमल-पसिन्द संगठन विस्तार तथा सुदृढीकरण अभियान र बैकुण्ठ स्मृति संगठन सुदृढीकरण तथा विस्तार अभियान) बाट आर्जित बल र सम्पूर्ण युवा विद्यार्थीहरूको सहभागितामा राजतन्त्र विरुद्ध र गणतन्त्रको पक्षमा उठाइने जनआन्दोलनमा हामी सम्पूर्ण रूपले हेलिनेछौं । यही मर्म र उचाइका साथ सम्पूर्ण विद्यार्थी संगठनहरू, राजनीतिक पार्टीहरू एवं सबै तह र तप्काका जनसमुदायलाई लोकतान्त्रिक गणतन्त्रको आन्दोलनमा सहयता गर्दै सहभागी हुन आह्वान गर्दछौं । आन्दोलनको केन्द्र शहर, सडक, सदरमुकाम र मुख्यत: राजधानी बन्नेछ । हाम्रो संगठन जनसंगठन भएकोले हाम्रो आन्दोलनको स्वरूप बैधानिक, खुल्ला र जनआन्दोलन स्वत: हुनेछ ।

**पौष (प्रचारात्मक महिना)**

o उत्तम भित्ते लेखनका लागि पूर्व पश्चिम र उत्तर-दक्षिण सडक एवं शिक्षण संस्थाका भित्ताहरूलाई गणतान्त्रिक भित्ता घोषणा गर्दै कब्जा गर्ने ।

- o हाते पोष्टर, प्रेस पोष्टर देशव्यापी टाँस्ने, बुसर एवं तल्ला समितिले अपिल प्रकाशित गरी जनताबीचमा जाने ।
- o विद्यार्थीबीचमा कक्षा सभा, शिक्षकबीचमा अफिस सभा र किसानहरूबीचमा पिंढी सभा संचालन गर्ने ।
- o व्यानर र झण्डाले शिक्षण संस्थाहरू रातामै बनाउने ।
- o कथित नगरपालिकाको चुनावमा विद्यार्थीका आफ्ना अभिभावकहरूलाई उम्मेदवार नबन्नका निम्ति घरघरबाट अभियान छेड्ने ।
- o कथित चुनावको मतदान केन्द्र शिक्षण संस्थामा राख्न नदिन सम्भावित सबै उपाय प्रयोग गर्ने ।
- o शैक्षिक सरोकारवालाहरूको राष्ट्रिय गोलमेच भेला बोलाउने ।

**माघ (आन्दोलनात्मक महिना)**

- o शाही चुनावको कुनै औचित्य नभएको भन्दै हाँसोमा उडाइदिन देशव्यापी रूपमा माघ २ गते हाँसो जुलुस निकाल्ने ।
- o चुनावका उम्मेदवारलाई जहाँ भेटिन्छ त्यहीं कालोमोसो दल्ने, जुत्ताको माला लगाउने र ढ्याङग्रो ठोकेर टोल घुमाउने ।
- o हरेक जिल्ला र क्षेत्रले संयुक्त जबसको आयोजनामा जनप्रदर्शनलाई सडकमा केन्द्रित गर्ने ।
- o माघ १९ गते ज्ञानेन्द्र-पारसको बुख्याँचा बोकेर जनप्रदर्शन गर्ने, सबै सहभागीले चप्पलले बुख्याँचा गोद्ने र धुलो बनाउने ।
- o माघको अन्तिम साता जनप्रदर्शन र जनआन्दोलनलाई उत्कर्षमा पुऱ्याउने ।
- o सात दल, माओवादी, अन्य विद्यार्थी संगठनलगायत जनपक्षीय संगठनहरूले आयोजना गरिएको सबै कार्यक्रमलाई भव्य बनाउन सहयोग र समर्थन गर्ने ।

**फागुन (उत्सव, दिवस र जनआन्दोलनको तयारी महिना)**

- o फागुन १ गते आ-आफ्ना शिक्षण संस्थामा सरसफाई कार्यक्रम अनिवार्य राख्ने, तोरन टांग्ने र सबै शिक्षण संस्थामा जनयुद्ध दिवस उत्सवको रूपमा मनाउने ।
- o फागुन ७ गते दिउँसै मसाल जुलुस प्रदर्शन गर्ने ।
- o फागुन १४ गते बलिदान दिवस, १४-२१ गते शहीद सप्ताहअन्तर्गत अतिरिक्त क्रियाकलाप मार्फत् विद्यार्थीबीचमा जाने । २१ गते सुखानी दिवसको रूपमा मनाउने ।
- o फागुन २४ गते बेनोज स्मृति दिवस मनाउने ।

**चैत्र (जनआन्दोलनको महिनाको रूपमा लैजाने)**

**अन्य कार्यक्रमहरू**

- o समुदायलाई हस्तान्तरण गरिएका विद्यालयहरू तुरुन्त फिर्ता गराउने जारी कार्यक्रम यथावत राख्दै फिर्ता नजाने विद्यालयका हेडमास्टर र व्यवस्थापन समितिका अध्यक्षहरूलाई राजीनामा दिन लगाउने ।
- o पाठ्यक्रममा राखिएका शाही फोटाहरू अभियानको रूपमा च्यात्ने र पोल्ने ।
- o शाही पारिवारिक सेनामा भर्ना भएका आफ्ना अभिभावकहरूलाई विद्यार्थी मार्फत फिर्ता बोलाउने ।
- o केन्द्रदेखि जिल्लासम्म संयुक्त संघर्षका लागि भेंटघाट, छलफल र अन्तर्क्रिया गर्दै संयुक्त मोर्चा निर्माणमा हाम्रो तर्फबाट विनम्रतापूर्वक अधिकतम प्रयास गर्ने ।

अभिवादन सहित !

**लेखनाथ न्यौपाने**
**अध्यक्ष**
**अखिल (क्रान्तिकारी) केन्द्रीय समिति**

## ४. १९ माघ ०६२

निरंकुश शाही सत्ताका विरुद्ध जनआन्दोलनको देशव्यापी आँधीबेहरी सिर्जना हुन लागिरहेको बेला ज्ञानेन्द्र शाहीद्वारा शाही सम्बोधनका नाममा आज प्रसारित वक्तव्यले नेपाली जनताको मुक्ति र प्रगतिको चाहनाका विरुद्ध दरबारिया षड्यन्त्रलाई झन् स्पष्ट पारेको छ । शाही सत्ता विरुद्धको जनआन्दोलनलाई अझ व्यापक, घनीभूत र निर्णायक बनाउन अब ढिलाइ गर्नु हुँदैन । अनेरास्ववियु (क्रान्तिकारी) हत्यारो ज्ञानेन्द्र शाहीको जनविरोधी सत्ता विरुद्ध एकीकृत जनआन्दोलन उठाउन संयुक्त विद्यार्थी आन्दोलनका लागि सम्पूर्ण जनपक्षीय विद्यार्थी संगठनलगायत सबैसँग पुनः आग्रह गर्दछ ।

संयुक्त संघर्षको युगीन आवश्यकताका बीच त्यस प्रकारको वातावरण परिपक्व बनिरहेकै बेला शाही सत्ताद्वारा कब्जामा लिइएका अनेरास्ववियुका अध्यक्ष खिमलाल भट्टराई, ने.वि.संघका सभापति महेन्द्र शर्मालगायत देशैभरिका विभिन्न जनसंगठन र पार्टीहरूका गिरफ्तार नेता-कार्यकर्ताहरूको तत्काल रिहा गर्न चेतावनी दिन चाहन्छौं । मध्ययुगीन बर्बरताको बीचमा कैदी बनेको मुलुकलाई पूर्णतः मुक्त नगरेसम्म यस्ता प्रक्रियाहरूको अन्त्य नहुने हुँदा संघर्षकै बीचबाट आफ्ना नेता-कार्यकर्ताहरूलाई छुटाउँदै साँचो अर्थको प्रजातन्त्र स्थापना गर्ने आन्दोलनमा एकीकृत रूपमा सहभागी हुन हामी सम्बन्धित सबैमा जोडदार आग्रह गर्दछौं ।

क्रान्तिकारी अभिवादनसहित ।

**लेखनाथ न्यौपाने**
**अध्यक्ष**
**अखिल (क्रान्तिकारी) केन्द्रीय समिति**

## ५. ५ फागुन ०६२

### विषय : स्ववियु निर्वाचन सम्बन्धमा ।

पंचायती व्यवस्थाविरुद्ध लड्ने र राजनीतिक अधिकार प्राप्त गर्ने संघर्षको साझा विद्यार्थी मंचको रुपमा स्थापित गौरवपूर्ण संस्था स्ववियुप्रति हाम्रो संगठन जहिले पनि सम्मान गर्छ । यसको ऐतिहासिक चरित्र अनुरुपको राजनीतिक गतिविधि गर्नका लागि उक्त साझा मञ्चलाई संचालन गर्न चाहनछ । तर वर्तमान राजनीतिक संघर्षको पृष्ठभूमिमा स्ववियु निर्वाचनको जुन हल्ला गरिएको छ, यसको कुनै औचित्य नभएको प्रस्ट पार्दै फागुन १६ गते गरिने भनिएको स्ववियु निर्वाचन सम्बन्धमा हाम्रो संगठनको निम्नानुसारका धारणाहरु सार्वजनिक ग र्न यो वक्तव्य जारी गरिएको छ ।

१. शाही सत्ताले विद्यार्थी आन्दोलनमाथि तीव्र दमन गरिरहेको छ । कैयौं विद्यार्थीहरुको हत्या गऱ्यो, कैयौलाई बेपत्ता बनाएको छ र सयौं सयौंलाई क्याम्पस-क्याम्पसबाटै गिरफ्तार गर्ने र थुन्ने काम गर को छ । गिरफ्तार सम्पूर्ण विद्यार्थीहरुको रिहा नहुँदासम्म निर्वाचनमा जान सक्ने अवस्था रहँदैन । त्यसकारण सबै विद्यार्थी नेता-कार्यकर्ताहरुको रिहाई हुनुपर्छ । रिहा नहुँदासम्म रिहाइकै लागि संघर्षमा केन्द्रित बन्नुपर्छ न कि निर्वाचनतिर ।

२.स्ववियु निर्वाचनको बलियो प्रतिस्पर्धी संगठन अखिल (क्रान्तिकारी) माथि प्रतिबन्ध लगाएको अवस्था अहिले पनि छ । जसको कारण क्याम्पसभित्र मुख्यतः निर्वाचनमा खुला ढंगले सहभागी बन्न सक्ने स्थिति छैन । यो अवस्थामा निर्वाचन गराउनु भनेको घोर अवैधानिक काम गर्नु हो । त्यसकारण संबन्धित प्रशासनले अखिल (क्रान्तिकारी) ले निर्वाचनमा जाने सहज वातावरण निर्माण

नगर्दै निर्वाचनको प्रक्रिया अगाडि बढाउँछ भने उसका लागि यसको मूल्य निकै महंगो बन्ने निश्चित छ । साथै अन्य विद्यार्थी संगठनहरुले पनि अखिल (क्रान्तिकारी) बिनाको स्ववियु निर्वाचनको सपना देख्नु कुनै पनि हालतमा वस्तुवादी सपना बन्न सक्दैन ।

३. वर्तमान राजनीतिक संकटको निकास लोकतन्त्रवादीहरुको एकताबाट मात्रै निस्कन सक्छ । यही निष्कर्षको माग आन्दोलनले गरेको बेला अवैधानिक स्ववियु निर्वाचनले उपरोक्त संकटलाई कसरी सहयोग पुऱ्याउन सक्छ ? शाही सत्ता चाहन्छ, आफू विरुद्धको विद्यार्थी आन्दोलन अन्तर विद्यार्थी संगठनमा रुपान्तरित होस् तर हामी चाहन्छौं शाही सत्ता विरुद्ध लड्ने सबै लोकतन्त्रवादी विद्यार्थीहरुबीचमा साझा मोर्चा निर्माण होस् र यही मोर्चाको सहमतिका आधारमा स्ववियु संचालन गरियोस् ताकि शाही सत्ता विरुद्ध परिचालित तागत, खण्डित नहोस् । त्यसकारण स्ववियुलाई राजा विरोधी मोर्चा बनाउने गरी अगाडि बढ्न सबै विद्यार्थी संगठनलाई अपिल गर्दछौं ।

४. स्ववियु निर्वाचन सम्बन्धी जुन विधि र प्रक्रिया छ त्यसप्रति हाम्रो पूर्ण असहमति छ । स्ववियु निर्वाचनमा मतदाताहरुले मत दिने विचारको आधारमा बनाइनुपर्छ नकि व्यक्तिको आधारमा । त्यसकारण व्यक्ति चुनाव लड्ने होइन, व्यक्तिलाई उभ्याउने होइन, संगठनहरुले चुनाव लड्ने व्यवस्था बनाउनु पर्छ । यसरी जाँदा जुन संगठनले जति मत पाउँछ त्यसको आधारमा आफ्ना प्रतिनिधिहरु स्ववियुमा पठाउने र उनीहरुको बैठकले मुख्य पद विभाजन गर्ने एवं सम्बन्धित सदस्यले बदमासी गरेको खण्डमा संगठन जिम्मेवार हुनुपर्ने प्रक्रियाबाट नजाँदासम्म स्ववियु मोजमस्ती गर्ने, वर्गउत्थान गर्ने र गुण्डागर्दी गर्ने थलो बनिरहन्छ । त्यसकारण पनि संगठनहरुको नाममा मतदान गर्न पाउने नयाँ विधि निर्माण गर्न सबै पक्षसँग हाम्रो संगठन आग्रह गर्दछ ।

**लेखनाथ न्यौपाने**
**अध्यक्ष**
**अखिल (क्रान्तिकारी) केन्द्रीय समिति**

## ६. संयुक्त प्रेस वक्तव्य

नेपाली जनताले आफ्नो भाग्यको फैसला आफैले गर्न पाउने सुदिन नजिकिरहेको बेला आम उत्पीडित जाति, लिंग, वर्ग, क्षेत्रहरू असाध्यै खुशी र उत्साहित बनिरहेका छन् । ने.क.पा.(माओवादी)ले ४ महिने युद्धविराम गरी राजनीतिक निकासको लागि अघि सारेको लोकतान्त्रिक गणतन्त्रको नाराले त झन् आम बुद्धिजीवी, मानवअधिकारवादी, शिक्षक, महिला, विद्यार्थी, पत्रकार, मजदुर, राष्ट्रिय-अन्तर्राष्ट्रिय बौद्धिक व्यक्तित्वलगायत तमाम नेपाली जनता वर्षायामको भेलझैं उर्लिरहेका छन् । देश पूरै लोकतन्त्रमय बनिरहेको छ । शान्तिपूर्ण राजनीतिक निकासका निम्ति सात संसदीय दल र माओवादीबीच १२ बुँदे सहमति भई सहकार्यमा अगाडि बढिरहेको बेला निरंकुश हत्यारा शाही फासिवादी सत्ता भने निरन्तर आफ्नो सक्कली खुनी अनुहार प्रदर्शन गरिरहेको छ । शान्तिपूर्ण राजनीतिक निकासका सबै ढोकाहरू बन्द गरेर जनतालाई खाए खा, नखाए घिच भनेझैं चुनावको नाटक मञ्चन गरेको छ ।

निभ्ने बेलाको बत्ती चहकिलो बल्छ भनेझैं छोटिएको आफ्नो आयुलाई लम्ब्याउन र सत्ताको मह चाटिरहन झन्पछि झन् श्रृंखलाबद्ध हत्या र दमन बढाइरहेको छ । युद्धविरामकै बेला दर्जनौंको हत्या, गिरफ्तारी, बेपत्ता भइरहेको छ । यसै क्रममा जनताका लोकप्रिय एवं जिम्मेवार नेता तथा जनमुक्ति सेना, पाँचौं डिभिजन कमाण्डर किमबहादुर थापा (क.सनिल) र क.निर्ममको हेलिकोप्टरबाट बमवारी गरी कायरतापूर्ण ढंगले गरिएको हत्या, जात्राको निहुँ बनाई भक्तपुरको नगरकोटमा १२ जना निशस्त्र जनताको हत्या र हालै रोल्पामा गरिएको अपरेशनले शाही सत्ताद्वारा युद्धविरामको उत्तर दिइसकेको कुरा दिनको घामजस्तै छर्लङ्ग भइसकेको छ ।

ज्ञानेन्द्र शाहीले हत्या र दमनद्वारा सत्ता टिकाइराख्ने नीति अपनाएकोले ने.क.पा.(माओवादी) पुनः युद्धमा फर्कन बाध्य भएको छ । देश र जनताको स्थितिलाई मध्यनगर गरी ने.क.पा. (माओवादी), बृहत राष्ट्रिय राजनीतिक सम्मेलन आयोजक समिति र जनमुक्ति सेना, नेपालले घोषणा गरेको संघर्षको कार्यक्रमहरू समयसान्दर्भिक भएकोले अखिल नेपाल महिला संघ (क्रान्तिकारी), अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) एवं अखिल नेपाल ट्रेड युनियन महासंघ केन्द्रीय समितिको तर्फबाट संयुक्त रूपमा पूर्ण समर्थन र ऐक्यबद्धता जाहेर गर्दै दृढ कार्यान्वयनको लागि सम्पूर्ण तहका समितिहरूलाई निर्देशन गरिन्छ । साथै सात संसदीय दलहरूले तय गरेको निरंकुश राजतन्त्र विरुद्धको कार्यक्रमलाई समर्थन गर्दै सहयोग गर्न पनि निर्देशित गरिन्छ । त्यसरी नै आम न्यायप्रेमी जनसमुदायहरूलाई उक्त कार्यक्रममा सहयोग र सहभागी हुँदै निरंकुश राजतन्त्र विरुद्ध लोकतान्त्रिक गणतन्त्रको पक्षमा विद्रोहको आँधीबेहरी श्रृष्टि गर्न र कथित नगरपालिका निर्वाचनको बहिष्कार गर्दै संविधानसभाको निर्वाचनको आधार तयार पार्न हामी संयुक्त रूपमा हार्दिक अपिल गर्दछौं ।

*२२ पुस २०६२*

जयपुरी घर्ती
अध्यक्ष, अ.ने.म.संघ (क्रान्तिकारी) केन्द्रीय समिति ।
लेखनाथ न्यौपाने,
अध्यक्ष, अनेरास्ववियु (क्रान्तिकारी) केन्द्रीय समिति ।
शालिकराम जम्कट्टेल
अध्यक्ष, अखिल नेपाल ट्रेड युनियन महासंघ केन्द्रीय समिति ।

## ७. संयुक्त वक्तव्य

यतिबेला देश र जनता दिगो शान्तिको लागि शान्तिविरोधी सामन्ती राजतन्त्र जसले विगत २३७ वर्षदेखि देश र जनताको रगत र पसिना चुसेर स्वयं देश र जनताविरुद्ध अपराध गर्दैछ- को विरुद्ध अन्तिम विद्रोहको झण्डा उठाइसकेका छन् । हाम्रा सन्तानहरूले यो स्तरको आन्दोलन अब कहिल्यै संचालन गर्न नपरोस् भन्ने उद्देश्यका साथ अहिलेको पुस्ता अनिवार्य रूपमा राजतन्त्र विरुद्धको आन्दोलनमा सहभागी बन्नैपर्छ र भएको पनि यस्तै छ । नेपाली जनताले एक चक्की सिटामोल खान नपाएर ज्यान गुमाउन बाध्य भइरहेको बेला ६३ करोड रूपैया खुवाएर कथित राष्ट्र प्रमुखलाई हामीले किन पालिरहने ? मूर्ती चोर्ने, कालो पदार्थको व्यापार गर्ने, सडकमा हिडेका संगीतकारदेखि ट्याक्सी ड्राइभरसम्मको हत्या गर्ने, आफ्नै दाजुको वंशनास गर्ने ज्ञानेन्द्र-पारस मण्डलीले हाम्रो आन्दोलनलाई आतंककारी र हामीलाई बाटो बिराएकाहरू भनेर जसरी एकोहोरो चिच्याइरहेको छ, हामी चुनौती दिन्छौं र भन्छौं अक्षम्य अपराधको हिसाब किताब आन्दोलनबाटै चुक्ता गर्ने छौं । किनभने २१औं शताब्दीमा पनि सत्रौं शताब्दीको शासन लाद्ने तानाशाह जसले हाम्रा हजारौं सहयोद्धाहरूको रगत पिएको छ । कैयौंलाई बेपत्ता बनाएको छ । सयौंलाई बन्दी बनाएको छ । त्यसकारण हरेक नेपाली नागरिकले राष्ट्रप्रमुख चुन्ने र चुनिन पाउने राजनीतिक अधिकार

प्राप्तिको लागि यसको बाधक राजतन्त्रको चिहान अनिवार्य खन्नैपर्छ । सामन्ती राजतन्त्रलाई चिहानमा नपुर्दासम्म न शान्ति प्राप्त हुन्छ न त संकटपूर्ण राजनीतिले नयाँ निकास नै पाउँछ र न प्राप्त राजनीतिक अधिकारको रक्षा नै हुन सक्छ ।

२३७ वर्षदेखि सत्तामा बसेर रंजाइ गरेको सेतो हात्तीलाई रछ्यानमा मिल्काउनका लागि लोकतान्त्रिक गणतन्त्रवादी शक्तिहरू एकै ठाउँमा उभिन अनिवार्य हुन्छ । जब एउटै नारा र एउटै कार्यक्रम बन्छ तब मात्रै संयुक्त तागत निर्माण हुन्छ । यही बुझाइका साथ ने.क.पा.(माओवादी) र सात संसदीय दलहरूबीचमा १२ बुँदे सहमति बन्यो । जसले जनतामा ठूलो उत्साह ल्यायो र देशैभरि जनसागर सडकमा देखियो । जनताको नयाँ माग र अपेक्षा भनेको माओवादी र संसदीय दलबीचमा;माथि उठेको अर्को नयाँ सहमति होस् । राजतन्त्रविरोधी आन्दोलनको नेतृत्व संयुक्त कार्यक्रममार्फत् होस् भन्ने छ तर जनताको अपेक्षाअनुरूप परिणाम आउन सकिरहेको छैन । हामी भन्छौं जनताको चाहनालाई कसैले पनि नजरअन्दाज गर्न मिल्दैन । यदि राजतन्त्र प्रजातन्त्रको बाधक भएको सबैको निष्कर्ष हो भने किन विलम्ब भइरहेको छ अगाडि बढ्न ? किन अनावश्यक शंका र अविश्वास व्यक्त गर्छन एक आपसमा पार्टीहरू ? हाम्रा यिनै प्रश्नहरूको जवाफ हामीले खोजिरहेका छौं । हामी नेताहरूलाई आग्रह गर्दछौं- खुट्टा दह्रोसँग टेक्नुहोस्, तपाईहरूका साथ लाखौं जनताहरू आइसके । यदि कसैले संयुक्त तागत निर्माणबिना नै राजतन्त्रको अन्त्यको सपना देखेको छ भने र खाली १-२ वटा जुलुस र सभाले मात्रै राजतन्त्र भाग्छ भन्ने सोचिएको छ भने त्यो दिवासपना हुनेछ । त्यसकारण हामी आग्रह गर्दछौं, छिटोभन्दा छिटो माओवादी र संसदीय दलबीच अर्को नयाँ समझदारी बनाउनका लागि लागिपरौं । पार्टीहरूले छिटोभन्दा छिटो संयुक्त आन्दोलनको नेतृत्व गरुन, हामी हाम्रो सम्पूर्ण तागत त्यहीं केन्द्रित गर्नेछौं । साथै संसदीय दल निकट जबसहरूलाई पनि हामी आह्वान गर्दछौं, संयुक्त तागत निर्माणका लागि पार्टीमुखी मात्रै नबनी नयाँ ढंगबाट सोचौं । आन्दोलनले गरेको मागलाई सम्मान गर्ने हिम्मत गरौं ।

उपरोक्त सन्दर्भमा सामन्ती राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि ने.क.पा.(माओवादी), जनमुक्ति सेना नेपाल र संयुक्त क्रान्तिकारी जनपरिषद्द्वारा चैत्र २१ गतेदेखि अनिश्चितकालीन राजनैतिक हडतालसहितको २ महिने (फागुन-चैत्र) संघर्षको कार्यक्रम घोषणा भएको छ । हामी निम्नानुसारका संगठनहरूले घोषित सबै संघर्षका कार्यक्रमको जोडदार समर्थन गर्दै आफू मातहतका सबै संगठनहरूलाई उपरोक्त योजनामा सम्पूर्ण रूपले केन्द्रित हुन विशेष निर्देशन गर्दछौं । साथै मजदुर, किसान, महिला, विद्यार्थी, शिक्षक, बुद्धिजीवी, सांस्कृतिककर्मी, पत्रकार एवं सम्पूर्ण तह र तप्काका जनसमुदायमा अपिल गर्दछौं, नयाँ नेपाल निर्माणको यो ऐतिहासिक घडीमा व्यक्तिगत कामलाई थाती राख्दै आ-आफ्ना पेशाका औजार लिएर सडकमा निस्कौं । एकीकृत तागत निर्माण गरौं । सामन्ती राजतन्त्रलाई सधैंका लागि चिहानमा पुरौं । अनि मात्र देशले गणतन्त्रको काँचुली फेर्नेछ ।

*११ फागुन २०६२*

मणि थापा
अध्यक्ष, अखिल नेपाल जनसांस्कृतिक संघ, केन्द्रीय समिति ।
शिवराज गौतम
अध्यक्ष, अखिल नेपाल किसान संघ (क्रान्तिकारी) केन्द्रीय समिति ।
जयपुरी घर्ती
अध्यक्ष, अखिल नेपाल महिला संघ (क्रान्तिकारी) केन्द्रीय समिति ।
शालिकराम जम्कट्टेल
अध्यक्ष, अखिल नेपाल ट्रेड युनियन महासंघ, केन्द्रीय समिति ।
कोमलनाथ बराल
अध्यक्ष, नेपाल राष्ट्रिय बुद्धिजीवी संगठन केन्द्रीय समिति ।
गुणराज लोहनी
अध्यक्ष, अखिल नेपाल शिक्षक संगठन, केन्द्रीय समिति ।
लेखनाथ न्यौपाने
अध्यक्ष, अनेरास्ववियु (क्रान्तिकारी) केन्द्रीय समिति ।

◆

## अखिल ज्ञानमा सच्चाएर पढ्न अनुरोध

| क्र.सं. | पेज | लाइन | भएको | हुनुपर्ने |
|---|---|---|---|---|
| १. | ३ | ४ | १९६७ | १८६७ |
| २. | ३ | ८ | १९६८ | १८६८ |
| ३. | ४ | १५ | Rivolutionary | Revolutionary |
| ४. | ३९ | २५ | ५ पुस ०५८ | ५ पुस ०५७ |
| ५. | ४० | २ | ५ पुस ०५८ | ५ पुस ०५७ |
| ६. | ४० | १२ | लक्ष्मण गिरी | लक्ष्मण जोशी |
| ७. | ४७ | २० | मैदान रेजिना | मैदानरी रेजिडा |
| ८. | ४७ | २६ | All | All नचाहिने |
| ९. | ४७ | ११ | पशुपति-महासचिव | सचिव |
| १०. | ६९ | | विस्फोट | विस्फोटन |
| ११. | ११५ | २२ | १८९४ | १८९३ |
| १२. | ११९ | ३३ | ०५१ सेक्रेटरी | २०४८ सेक्रेटरी तथा आरवीएम |
| १३. | १५५ | १ | असोज ६ | असोज ८ |

## जानकारीका लागि

बेपत्ता पारिनु भएका कमरेडहरूका आफन्तहरू अथवा जानकारी राख्ने कमरेडहरूले संबन्धित हाम्रो जिल्ला समितिसँग सम्पर्क राखी सूचना उपलब्ध गराउन अनुरोध गरिन्छ । साथै बेपत्ता परिवार समाजको केन्द्रीय कार्यालय काठमाडौंको इमेल ठेगाना bepattaa@yahoo.com वा फोन ०१-२१७३५७३ र फ्याक्स ०१-४२४८८७९ मा सम्पर्क राख्न पनि हामी आग्रह गर्दछौं ।

## नेपालमा डाक्टरी पढाइ कति महंगो ?


*डाक्टरी पढाइसँग पैसाको मोलतोल र पैसा नहुने गरिबका सन्तानहरुको डाक्टरी पढ्ने कल्पना। यी दुईको मेल त्यति नै असम्भव छ, जति असम्भव नदीका दुई किनारको मिलनमा छ। त्यसकारण डाक्टर बन्ने क्षमता दिमागमा हुँदैन, दुई नम्बरी गरेर हाम्रा बाहरुले कमाइदिएको अकूत सम्पत्तिमा हुन्छ भन्ने स्पष्ट चित्र तलको तथ्यांकले देखाउँछ। तेज दिमाग भएको निम्नवर्गीय किसानको सन्तानले डाक्टर पढ्नका लागि १७ लाख रुपैया कहाँबाट जुटाउन सक्ला ? कल्पनामा पनि अट्न सक्दैन। गरिबका सन्तान नपढाउनका लागि खोलिएका मेडिकल कलेजहरुलाई हामी गरिबका सन्तानहरुले के गर्ने ?*

| क्र.सं. | मेडिकल क्याम्पसहरु | कार्यक्रम | खर्च जम्मा शुल्क | कोटा | सम्बन्धन |
|---|---|---|---|---|---|
| १. | चिकित्सा शास्त्र अध्ययन संस्थान महाराजगञ्ज | MBBS | ७०,००० (नेपालीलाई)<br>३०,००० $ (विदेशी) | ६० | त्रि.वि.(आंगिक) |
| २. | काठमाडौं मेडिकल कलेज, सिनामंगल | MBBS | १५,५०,००० (नेपाली/विदेशीलाई भा.रु.) | १०० | का.वि. |
| ३. | नेपाल मेडिकल कलेज, जोरपाटी | MBBS | १६,५०,००० (नेपाली/विदेशीलाई भा.रु.) | १०० | का.वि. |
| ४. | नेपालगञ्ज मेडिकल कलेज, चिसापानी | MBBS | १५,००,०००।- (नेपाली/विदेशीलाई भारु.) | १०० | का.वि. |
| ५. | मणिपाल मेडिकल कलेज, पोखरा | MBBS | २० देखि २५ लाख | १०० | का.वि. |
| ६. | कलेज अफ मेडिकल साइन्स, भरतपुर | MBBS | १५ लाख | १०० | का.वि. |
| ७. | (क) युनिभर्सल मेडिकल कलेज, भैरहवा | MBBS | १३ लाख | १०० | त्रि.वि. |
| | (ख) डेन्टल विङ्ग, भैरहवा | BDS | | ४० | त्रि.वि. |
| ८. | नेशनल मेडिकल कलेज, वीरगञ्ज | MBBS | १५ लाख नेपाली/विदेशीलाई भारु.) | ६० | त्रि.वि. |
| ९. | पिपुल्स डेन्टल कलेज, काठमाडौं | BDS | १० लाख (नेपाली, भारतीयलाई ८लाख भारु.)<br>१७ लाख $ अन्य विदेशीलाई | ४० | त्रि.वि. |
| १०. | स्कूल अफ साइन्स, धुलिखेल | MBBS | १२ लाख | ४५ | का.वि.(आंगिक) |
| ११. | (क) वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान | MBBS | २ लाख ४५ हजार नेपाली | ६० | स्वायत्त |
| | (ख) कलेज अफ डेन्टल सर्जरी, धरान | BDS | ५५ हजार $ विदेशी | ४० | स्वायत्त |

## दक्षिण एशियामा सैन्यीकरणको बृद्धि


| | भारत | पाकिस्तान | बंगलादेश | श्रीलंका |
|---|---|---|---|---|
| नियमित सैन्य | १२ लाख ३६ हजार | ६ लाख २० हजार | १ लाख ३० हजार | १ लाख १५ हजार |
| जगेडा सैन्य | ५ लाख ३५ हजार | ५ लाख १३ हजार | | ४२ हजार |
| अर्धसैन्य बल | १० लाख ९० हजार | ५ लाख ८८ हजार | ६६ हजार २ सय | ८८ हजार ६ सय |
| मुख्य ब्याटल टैंक | ३४१४ वटा | २३०० वटा | २०० वटा | २५ वटा |
| सेल्फ प्रोपेल्ड आर्टिलरी | १८० वटा | २४० वटा | | |
| मोटार (८१ एम.एम.) | १००० वटा | १२०० वटा | ५० वटा | ४२४ वटा |
| कम्ब्याट एयर क्र्याफ्ट | ७३८ वटा | २५३ वटा | ८३ वटा | २६ वटा |
| फाइटर एयर क्र्याफ्ट | ३३० वटा | ११२ वटा | | |
| फाइटर इन्सेप्टर | ३६८ वटा | १९२ वटा | ८३ वटा | |
| ट्रान्सपोर्ट एयर क्राफ्ट | ११२४ वटा | २१६ वटा | ३ वटा | ३२ वटा |
| ट्याङकर | ६ वटा | | | |
| युद्ध हेलिकोप्टर | १६५ वटा | २५ वटा | २७ वटा | ३४ वटा |
| आर्मड हेलिकोप्टर | १०६ वटा | ९ वटा | | १९ वटा |
| गाइडेड मिसाइल | ८ वटा | | | |
| मिसाइल | २३ वटा | ५ वटा | | |
| सब मेरिन | १६ वटा | १० वटा | | |
| माइन भेसल्स | १८ वटा | ३ वटा | | |
| नेभल एयरक्राप्ट | २७ वटा | ५ वटा | | |

# लाल सलाम !



वेनोज अधिकारी


कमल पौडेल


पसिन्द्र पटेल


वैकुण्ठ पोखरेल


उर्मिला अधिकारी


जयबहादुर चन्द


किशोर वस्नेत


विष्णु चौलागाईं


टासी लामा

## बलिदान राष्ट्रका लागि

**सूचना** : जनयुद्धले एक दशक पुरा गरेको सन्दर्भमा हाम्रो संगठनले शहीद र बेपत्ता साथीहरुको फोटो एल्वम निकाल्ने विशेष योजना बनाएको छ । त्यसैले सबै समितिहरुले जिल्लाका शहीद र बेपत्ता साथीहरुको फोटो, जन्म, शहादत र बेपत्ता मिति एवं जिम्मेवारी उल्लेख गरी केन्द्रीय कार्यालयको ठेगाना sangeen_2040@yahoo.co.in मा अनिवार्य पठाउन निर्देशन गरिन्छ ।